CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिकला

(लक्षणसहित प्राचीन नेपाली मूर्तिहरू)

प्रा. गोविन्दप्रसाद भट्टराई



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. D[illegible] by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्तिकला

(लक्षणसहित प्राचीन नेपाली मूर्तिहरू)

लेखक

प्रा. गोविन्दप्रसाद भट्टराई (झाँगाझोलीय)

(प्र. गो. भ. वा.)

१८/५८ महाराजगञ्ज

काठमाडौं, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशिका :

इल्या भट्टराई
१८/५८ महाराजगञ्ज
काठमाडौं नेपाल ।

सर्वाधिकार : लेखकको अधीन

मूल्य : २५।– रू.

२०४१।६।१८
विजयादशमी

आवरणशिल्पी :

मोहनमूर्ति पन्त

मुद्रक :
लुष प्रेस
ख–१, ३७३
बानेश्वर ।
काठमाडौं–१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

प्राचीनकालदेखि नै नेपालले वैदिक हिन्दूसंस्कृति अपनाई आएको छ । यस संस्कृतिमा वेदमा पूर्ण विश्वास छ । आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनै थरी उन्नतिको वर्णन वेदमा पाइन्छ । आधिदैविक उन्नति सबै उन्नतिको साधन हो, चारै पुरुषार्थ आधिदैविक उन्नतिको आश्रयबाट पाउन संभव छ भनी मानेका छन् । यसका निमित्त सगुणोपासना गर्नुपर्छ । सगुणोपासना भनेको मूर्तरूपको उपासना हो । सगुणोपासनामा नाम, रूप, गुणको महिमा जानेर वैदिक देवतामध्ये कुनै एकको उपासना गरिन्छ । मूर्तिपूजा वेदमा पनि बताएको छ भन्ने कुरा मूलबाट नै यथार्थरूपमा अवगत हुनेछ ।

देवता मनुष्यका सुखकारक छन् । अतः मनुष्यले देवताको उपासना गर्नुपर्दछ भनी मन्त्रब्राह्मणात्मक[1] वेद, उपनिषद्, पुराण आदिमा बताएको छ । प्रारम्भमा मनःस्थिर गराउने अभ्यास गर्न सगुणोपासना गर्नु अत्यावश्यक छ । नाना थरी फलको कामनाले पनि सगुणोपासना गरिन्छ । त्यसैले प्राचीन परंपरा अनुसार पुराणहरूमा नानाथरी देवताहरूको लक्षण बताएको छ । र तदनुरूप नै देव मूर्तिहरू बन्न गएका छन् । लक्षण नजान्नेले कुनै पनि देवमूर्ति चिन्न सक्दैनन् । जयवागेश्वरी-का वासुदेवका मूर्तिहरू, चाँगुको सप्तावतारको मूर्ति, महाविष्णु भनी मानिएको चाँगुकै चतुर्मुख विष्णुको मूर्ति, भिन्नाभिन्नै किसिमले अस्त्र लिएका विष्णुका नै नाना मूर्तिमा कुन कुन भेद पर्दछन् भन्ने र सूर्य मूर्तिका साथमा अरू कुन कुन मूर्ति रहेका छन् भन्ने कुराको आजसम्म कसैले पनि उल्लेख गरेको देखिएन । उल्टो यथार्थ लक्षण नजान्नाले एक थरी मूर्तिलाई अर्कै थरी नाम दिएको पनि पाइयो । यथार्थ लक्षण नजान्नाले नै यस्तो हुन गएको हो । त्यसैले लक्षण मिलाएर मूर्ति चिन्नका निमित्त यो ग्रन्थले ठूलो सहायता गर्नेछ भन्ने ठानेको छु ।

---

१. ऋग् १०।६४।२, ऋग् १।२७।१३, ऋग् ५।४०।८, ऋग् ९।९७।१३, ऋग् १०।६५।१५, अथर्व १५।५।२, अथर्व १९।२७।१, शत. ब्रा. ३।५६।१।२४, शत. ब्रा. १।८।२।१४ आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन कालमा नेपालमा साधा पत्थरमा मूर्तिको भावना गरेर पूजा गरिन्थ्यो भन्ने कुरा प्राचीन मन्दिरमा रहेका साधा पत्थरका देवताहरूबाट थाहा पाइन्छन् । टुडालदेवी, भद्रकाली, (लुमडी) कुमारी आदि देवीहरू यसका प्रमाण हुन सक्छन् । धेरै जतिका कुलदेवता यस्तै रूपमा अद्यापि पूजित छन् । लिच्छविकाल देखि मात्र नेपालमा विशेष गरेर उपत्यकामा र त्यसको वरिपरिको क्षेत्रमा शास्त्रीय लक्षण अनुसारका मूर्तिहरू बन्न लागेका हुन् । त्यसअघि नेपालमा वैदिक यज्ञयागादिको, साधा पत्थरका मूर्तिको र शिवलिङ्गको बाहुल्य थियो । अर्वाचीन समयमा ता प्रशस्त मात्रामा बनेका शिवलिङ्गका मन्दिरहरूले र अरू देवदेवीका मन्दिरहरूले गर्दा नेपालले मन्दिरै मन्दिरको देश भन्ने प्रसिद्धि पाएको छ । यी मन्दिर र मूर्तिहरूले नेपालको धर्म र संस्कृतिलाई प्रकाश दिएका छन् र आर्य हिन्दूराष्ट्र नेपालको गौरव बढाएका छन् ।

नेपालका मूर्तिका विषयमा देश विदेशका विद्वान्हरूले लेखेका लेखहरूको र इतिहास अभिलेखहरूको पनि आश्रय लिएर यो पुस्तक लेखिएको छ । विशेष रूपमा नेपाल उपत्यकाका धेरै जसो प्रसिद्ध मन्दिरमा र कुना काप्चामा रहेका मन्दिरहरूमा समेत स्वयं गएर हेरी हरएक मूर्तिको लक्षण शास्त्रीय लक्षणसँग भिडाई मूर्ति चिन्ने र चिनाउने प्रयास गरेको छु । साथै उपत्यका बाहिरका अधिराज्यका विभिन्न भागमा रहेका मूर्तिहरूको पनि यथासंभव विवेचना गरेको छु ।

संभवतः लक्षण मिलाएर मूर्ति चिन्ने प्रयास गरी लेखिएको, नेपाली मूर्तिकला विषयको यो पहिलो पुस्तक हो । विना स्रोत र साधनले यस किसिमको पुस्तक लेखन तम्सिदा परिआउने कठिनाईको अनुभव गर्नु हुने विज्ञ पाठक समक्ष यसमा भएका त्रुटिमा क्षमा याचना गर्दछु र यस विषयमा चाख राखी अध्ययन गर्ने पाठकवर्गमा यस ग्रन्थले सन्तुष्टि दिन सकेमा म आफ्नो प्रयास सफल सम्झनेछु । यसमा रहेका चित्रहरू पुरातत्त्व विभागको सौजन्यबाट प्राप्त भएकाले उक्त विभाग-प्रति आभार व्यक्त गर्दछु ।

अन्तमा पादटिप्पणीमा उल्लेख गरिएका यो पुस्तक लेखन सहयोग पुऱ्याउने ग्रन्थ, ग्रन्थकर्ता र विभिन्न विद्वान् लेखकहरूमा पनि आभार व्यक्त गर्दछु ।

गोविन्दप्रसाद भट्टराई (काँगाक्षोलीय)
(प्र. गो. द. वा.)
१८/५८ महाराजगञ्ज, काठमाडौं नेपाल

२०४१।६।१८ विजयादशमी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

विषय	पृष्ठ
१. परमेश्वर	१
२. अवतारवादको बीज	३
३. त्रिमूर्ति	४
४. ब्रह्मा	५
५. विष्णु	११
६. चारनारायण	१४
७. हाँडीगाउँका सत्यनारायण	१८
८. नारायणहिटी नारायण	१९
९. अष्टभुजी विष्णु	२३
१०. चतुर्मुखी विष्णु	२४
११. व्यूहमूर्ति	२५
१२. शेषशायी विष्णु	२७
१३. दशावतार	३३
१४. त्रिविक्रम	४१
१५. चौबीस अवतार	५०
१६. विष्णुका आयुध आदि	५९
१७. विष्णुका परिवार	६०
१८. लक्ष्मीनारायण	६७
१९. हरिहर	६८
२०. विश्वरूप	६९
२१. महादेव	७१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पृष्ठ
२२. पशुपतिनाथ	७६
२३. महादेवका भेदहरू	७८
२४. महादेवका शक्तिहरू	८१
२५. शिवको युगलस्वरूप	८३
२६. अर्धनारीश्वर	८५
२७. भैरव आदि	८७
२८. गणेश	८८
२९. कुमार आदि	९०
३०. सूर्य	९३
३१. सौरजगत्का अरू ग्रहहरू	१०५
३२. दशदिक्पाल	१०७
३३. अष्टनाग	११५
३४. अश्विनीकुमार	११७
३५. शक्तिहरू	११७
३६. महिषासुरमर्दिनी	१२३
३७. परिशिष्ट (गुह्यकालीसमेत चार भगवतीहरू)	१२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशाय नमः

मूर्तिकला

(लक्षणसहित प्राचीन नेपाली मूर्तिहरू)

१. परमेश्वर

ब्रह्मणोऽनन्तरूपस्य ब्रह्मविष्णुशिवात्मकम् ।
वक्ष्ये मूर्तिकलातत्त्वं लक्ष्यलक्षणसंयुतम् ॥

सम्पूर्ण श्रुति–स्मृति–पुराणादिको सिद्धान्तअनुसार परमेश्वर निर्गुण निराकार सर्वत्र व्याप्त सच्चिदानन्द स्वरूप छन् । त्यो परमेश्वरको सर्वव्यापकता र सच्चिदानन्दस्वरूपताका विषयमा वेदमा पुरुषसूक्त हिरण्यगर्भसूक्त अस्यवामीय सूक्त आदिमा र ब्राह्मण उपनिषदादि श्रुतिमा प्रशस्त वर्णन गरेको पाइन्छ । तिनीहरूकै आधारमा पुराणादिमा पनि निरूपण गरिएको छ । तर परमेश्वरको स्वरूप के कस्तो छ यो कुरा देवतालाई[१] पनि थाहा छैन भने त्यस्तो स्वरूप अरू कसले देख्ने ? त्यसैले अमूर्तस्वरूपबाट कुनै कर्म नहुने हुनाले कर्ममा प्रवृत्त गराउन मूर्तिको सृष्टि गर्छु भन्ने अमूर्तस्वरूप परमेश्वरबाट विचार भयो र सगुणस्वरूप विष्णुको सर्वप्रथम सृष्टि भयो भनी वराह[२] विष्णु[३] आदि पुराणमा बताएको छ । त्यसैले परमेश्वरको अलक्ष्य र लक्ष्य दुइ किसिमको स्वरूपको पुराणादिमा वर्णन गरेको छ । विष्णुधर्मोत्तर[४]अनुसार अलक्ष्यस्वरूप प्रकृति हो र लक्ष्यस्वरूपचाहिं विकृति हो । प्रकृतिमा ज्ञानयोग रहन्छ विकृतिमा कर्मयोगको प्राधान्य रहन्छ । त्यसैले ज्ञानयोगको भन्दा कर्मयोगको महिमा बढी छ । भनेको पनि छ—

क्रियायोगः[५] कथं सिध्येद्गृहस्थादिषु सर्वदा ।
ज्ञानयोगसहस्राद्धि कर्मयोगो विशिष्यते ॥

---

१. यत्तस्य परमं रूपं तन्न पश्यन्ति देवताः । अस्मदादिस्वरूपेण पूरयन्ति ततो धृतिम् । विष्णु धर्मोत्तरे मत्स्ये, अग्निपुराणे च । २. वराह अ. ३१ । ३. विष्णु १।१२।३८ । ४. वि. ध. ३।४६।२,३ । ५. मत्स्य २५८।१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मयोगका निमित्त लक्ष्यस्वरूपको आवश्यकता पर्छ। फिन भने निर्गुण निराकार परमेश्वरमा आफ्ना भावनाअनुसारको स्वरूपको तर्जुमा गरी पाषाण काष्ठ आदिको मूर्ति निर्माण गराएर भक्तहरू आफ्नो आत्मा सन्तुष्ट पार्दछन्।

वराह[1] पुराणमा पनि यही अनुकूल वर्णन छ। शास्त्रमा अमूर्तस्वरूप ईश्वर-लाई बुझाउन मुख्यरूपमा ब्रह्म पुरुष विराट् विष्णु यज्ञ आदि व्यापक अर्थ भएका शब्दको प्रयोग गरेको पाइन्छ। व्यावहारिक दृष्टिले उपासना गर्न सजिलोका निमित्त आदिकालका ऋषिहरूले परमेश्वरका नाना सगुणस्वरूपको भावना गरेको कुरा वेदमा पनि पाइन्छ। ब्रह्माजीको ब्रह्मा ब्रह्मणस्पति प्रजापति हिरण्यगर्भ आदिको रूपमा वर्णन छ। ब्रह्मा दुइ बाहुका छन्। त्यस्तै विष्णु[2] पनि दुइ बाहुकै छन्। धनु र बाण धारण गर्ने रुद्र[3] पनि दुइ बाहुका छन् र बाहुमा वज्र धारण[4] गर्ने इन्द्र पनि दुइ बाहुका छन्। ऋग्वेद आदिमा वर्णन गरिएका अरू विभिन्न देवताहरू पनि उत्तम प्रकृतिका मनुष्य जातिकै जस्तो व्यवहार गरेका पाइन्छन्। ऋग्वेदमा[5] भनेको छ— परमेश्वर एक छन्, तर क्रान्तदर्शी विद्वान् परमेश्वरको अनेक स्वरूपको भावना गर्दछन्। यसै गरी अरू वेदमा पनि बताएको छ। यसरी निर्गुण परमेश्वरको एकतामा अनेकता ल्याएको छ। वेदकै आधारमा नाना देवतावादको उत्पत्ति भयो र ब्रह्मा विष्णु रुद्र शक्ति आदिको सगुण उपासना र मूर्ति पूजाको प्रथा चल्यो। मूर्तिको रचना खालि भक्तहरूको आत्मसन्तुष्टिका निम्ति मात्र गरिएको भावना-त्मक कुरा हो भन्ने—

यादृग्विधा[6] वा मनसः स्थैर्यसन्तोषकारिका।
नृसिंहवामनादीनां तादृशी कारयेद् बुधः॥

यस उक्तिबाट बुझिन्छ। अर्थात् जस्तो मूर्तिमा मन स्थिर भएर लाग्न सक्छ र आत्मसन्तुष्टि हुन्छ, त्यस किसिमको नृसिंह वामन आदिको मूर्ति बनाउनू। पहिले पहिले काठको मूर्ति बन्दथ्यो भन्ने कुरा ऋग्वेदको[7] उक्तिबाट थाहा पाइन्छ। यो मन्त्र नै मूर्तिपूजाको बीज हो भन्ने विभिन्न विद्वान्को[8] मत छ। काष्ठमूर्तिको परम्परा भारतको जगन्नाथजीको मूर्तिमा अद्यापि छँदैछ। वैष्णव सम्प्रदायले भारतमा प्रवेश गरेपछिको संभवतः यो पहिलो मूर्ति हो। वैष्णव सम्प्रदायको प्रचार प्रसारमा यस क्षेत्रको ठूलो हात छ भन्ने कुरा त्यहाँको माहात्म्य र महा-प्रसादको सर्वोपयोगिताले जनाउँछ।

---

१. वराह ३३ अ। २. शु. य. ५।१९। ३. शु. य. १६।१–१६। ४. यजुः १७।३८। ५. ऋग् १० मं ११४ सू. ४,५ मं। ६. वि. ध. ९९ अ.। ७. ऋग् ३।४।२२।२९। ८. रामगोविन्द त्रिवेदी – ऋग् अनुवाद पृ. ५०८।२३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्ति रचना गर्दा सुन, चाँदी, तामा, पित्तल, पत्थर, काठ, माटोको, लेखेको, वा जुनसुकै धातु वा वस्तुको आफ्नो क्षमताले भ्याउने किसिमको मूर्ति बनाउनु भन्ने विष्णुधर्मोत्तरको[१] उक्ति छ।

२. अवतारवादको बीज

अवतारवादको बीज ऋग्वेदादि[२] वेदमा र ब्राह्मणादिमा पनि अनेक स्थलमा पाइन्छन्। पुराणमा ती नै कुरा विस्तारपूर्वक वर्णन गरेको छ। वेदमा परमपद-दाताको[३] रूपमा विष्णुदेव देखिन्छन्। उनी विभिन्न पराक्रमशाली परमपददाता र धनधान्यपूर्ण हस्त आदिको रूपमा वर्णित छन्। पछि अरू अरू विकासको क्रममा विष्णुको मूर्तिको भावनामा पनि विकास भयो र पहिले श्यामवर्णका दुइ बाहुका[४] र गदा र चक्र धारण गर्ने विष्णु बने जुन भावना भयबाट निवृत्त हुन गरियो।

व्यापक निराकार केवल चैतन्यात्मक विष्णुले अणुरूपले यो सम्पूर्ण जगत् ढाकेका छन्। उनी सर्वत्र अनुस्यूत र अनुप्राणित छन्। यथार्थरूपमा उनको स्वरूप विश्वात्मा हो र विश्वदेखि भिन्न उनको अर्को कुनै मूर्त स्वरूप छैन। सम्पूर्ण विश्व जसले व्याप्त गरेको छ, त्यही विष्णुतत्त्व[५] हो। त्यस तत्त्वले आफ्नो प्रभाव[६] र स्वरूपद्वारा विश्व व्याप्त गरेको छ। ती नै विष्णु नारायण[७] पनि हुन्। त्यो विष्णु तत्त्व कोटियौं कल्पमा पनि कहिल्यै नाश हुँदैन। त्यसैले त्यस तत्त्वलाई अविनाशी तत्त्व भन्छन्। ती नै कालमा स्थावर जङ्गमात्मक जगत् त्यस तत्त्वद्वारा व्याप्त छ भनी सबै शास्त्रमा बताएको छ। वेदमा वर्णित विष्णु त्रिविक्रम स्वरूप मानिएका छन् र अवतारवादको मूल नै त्यही वर्णन हो भनी मानिएको छ। चारै वेदमा त्रिविक्रमावतारको साङ्केतिक मन्त्र पाइन्छन्। जस्तै—

(क) विष्णुले एक्लै एकत्र अवस्थित[८] र अतिविस्तीर्ण लोकत्रय तीनचोटिको पादक्रमद्वारा नापे।

(ख) त्रिविक्रमावतारमा विष्णुले एउटै पाउले सम्पूर्ण जगत् आक्रान्त गरे।

---

१. वि. ध. ९९ अ.। २. ऋग् १।१।२२।१६–२७। ऋग् १।१।१५४।१–३, ३।३।५४।१४, ८।१२।२७, ऐतरेय ब्रा. ६।१५ शत. ब्रा. १।२।५ आदि। ३. यजुः ६।५ ऋग् १।१।२२।५,६, १।१।१५४।५। ४. मत्स्य. २५८ अ.। ५. विष्णु पु. ३।१।३६–४५। ६. वि. पु. २।३०। ७. वराह ४।६। ८. ऋग् १।१।२२।१७,१८। ऋग् १।१।१५४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) विष्णुले वामनावतारमा आफ्ना तीन पाउद्वारा तीनै लोक नापे, आदि ।

ऋग्वेदको ऐतरेय ब्राह्मणको ६।१५ मा यस सन्दर्भमा अरू केही विस्तार गरेर भनेको छ—

देव र असुरका बीच जब संसारको बाँडफाँड हुन लाग्यो, त्यस बेलामा इन्द्रले भनें– आफ्नो तीन चोटिको पादक्रमणद्वारा विष्णुले जति जमीन नाप्तछन् त्यति देवताको र बाँकी असुरको हुनेछ । यो निर्णयमा असुर पनि सहमत भए । पछि पादक्रमद्वारा विष्णुले जगत् व्याप्त गरे ।

शतपथब्राह्मणको १।२।५ अनुसार वामनरूप विष्णुले शयन गर्दा जति जमीन ढाकिन्छ त्यति देवताको र बाँकी असुरको हुनेछ भनी असुरले भने । यस कुराको अनुमोदन देवताले गरे र विष्णुले शयन गरी सबै जगत् ढाकेर सबै जगत् देवतालाई दिएका हुन् ।

पुराणमा यही कुरा विस्तृतरूपमा वर्णन गरेको छ । वेदको मन्त्र र ब्राह्मण भागहरूमा त्रिविक्रमस्वरूप विष्णुको उल्लेख पाए जस्तै वराह आदि अवतारको संकेत पनि वेदमा पाइन्छ । अमूर्तस्वरूप परमेश्वरले[1] अमूर्तबाट कुनै कर्म नहुने देखेर सृष्टि स्थिति संहारको क्रमिक परंपरा चलाउन त्रिमूर्ति[2] (ब्रह्मा विष्णु रुद्र) रूप धारण गरेका छन् । वराह पुराणमा[3] तथा विष्णुधर्मोत्तरमा[4] पनि यो कुरा छ । त्रिमूर्तिमा ब्रह्मा, विष्णु र रुद्र पर्दछन्—

(३) त्रिमूर्ति—

(क) ब्रह्मा
(ख) विष्णु
(ग) रुद्र

ब्रह्मस्वरूप परमेश्वरले त्रिमूर्ति धारण गरेको संकेत—

इदं विष्णुर्विचिक्रमे त्रेधा निदधे पदम्

यस वैदिक मन्त्रबाट पनि पाइन्छ । अर्थात् अमूर्तस्वरूप परमेश्वरले सृष्टि

१. वि. पु. १।९ । २. पाद्मक्रियायोग ख. २।६ । ३. वराह ३१ । ४. वि. ध. ३।४४।१–२१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिति संहारको क्रमका विषयमा सर्वप्रथम ब्रह्मा विष्णु र रुद्रको सगुण तीन पद धारण गरे ।

सृष्टिको आदिमा संपूर्ण जगत् सृष्टि गर्ने इच्छाले महाविष्णुले दायाँ अङ्गबाट ब्रह्माको, बायाँ अङ्गबाट विष्णुको र मध्य अङ्गबाट रुद्रको सृष्टि स्थिति संहारका निमित्त सृष्टि गरेका छन् । त्यसैले एउटै ईश्वर आफ्ना इच्छाले तीन रूप धारण गरेर सृष्टि स्थिति संहार गर्दछन् भनी बताएको[1] छ । त्रिमूर्तिमध्ये पहिलो मूर्ति ब्रह्माजीको, दोस्रो मूर्ति विष्णुको र तेस्रो मूर्ति रुद्रको हो ।

(क) ब्रह्माजी–

त्रिमूर्तिमध्ये पहिलो मूर्ति ब्रह्माजीको वर्णन सम्पूर्ण[2] वेद ब्राह्मणादि र पुराणादिमा पनि पाइन्छ । ऋग्वेद १।१८।१–९ मा १।४०।१–८ मा २।२३, २४ मा २।२५,२६,३२ मा ४।५०।८ मा ब्रह्मणस्पतिको र ब्रह्माजीको उल्लेख छ । ब्रह्मणस्पति र ब्रह्मा एउटै हुन् । यसै गरी प्रजापतिको रूपमा पनि ब्रह्माको वर्णन ऋग्वेदमा छ ।

शुक्लयजुर्वेदको २४।२९,३०,३१ मा प्रजापतिका निम्ति भाग छुट्याएको छ र २२।५ मा प्रजापतिमा विशेष वीर्य (पराक्रम) को उक्ति गरेको छ । त्यसको महीधरभाष्यमा– प्रजापतिर्वैदेवानां वीर्यवत्तमः (प्रजापति नै सबै देवतामध्ये शक्तिशाली छन्) भनी १३।१२।५ श्रुति प्रमाण दिएको छ । प्रजापतिले समुद्रमाथि पृथिवीको स्थापना गरेको उक्ति शु. य. १३।१७ मा छ र शु. य. १०।२० मा विश्वको सृष्टि स्थिति संहार सबै कुरा प्रजापतिबाट नै हुःछ भनी बताएको छ । शु. य. २९।११ मा प्रजापतिको तपस्याद्वारा अग्निको उत्पत्तिको उल्लेख छ, तथा ३५।६ मा प्रजापतिले सबै पाप नाश गरून् भनी प्रार्थना गरेको छ । यसै गरी अथर्ववेद ब्राह्मण आरण्यक आदिमा प्रजापति ब्रह्मा ब्रह्मणस्पति आदि नाम पाइन्छन् र यी शब्दद्वारा परमेश्वरलाई नै बुझाएको छ । तथा सम्पूर्ण जगत्का स्वामी ब्रह्मा नै हुन् भनी मानेको छ ।

यसरी ब्रह्मा, ब्रह्मणस्पति, स्रष्टा, धाता, विधाता, हिरण्यगर्भ आदि वैदिक नामद्वारा उनी प्रसिद्ध छन् । जुनसुकै वैदिक कर्मकाण्डमा सर्वप्रथम ब्रह्माजीको नै पूजा हुन्छ । यज्ञ यागादिमा पनि सर्वप्रथम ब्रह्माजीलाई नै हवनको भाग प्रदान गरिन्छ । त्यो वैदिक विधि अद्यापि छँदैछ ।

---

१. पाद्म क्रिया. ख. २।६ । २. वि. ध. ३।४४।५–८ । ऋग्वेद ९।९६।६। १०।८५।१ शु. य. ३०५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन समयमा ब्रह्माजीको पूजा उत्तर हिमालयदेखि सुदूर दक्षिणसम्म गरिन्थ्यो । त्यसैले यी क्षेत्रमा अहिलेसम्म पनि उनका मूर्ति पाइन्छन् । नेपालमा पनि स्मार्त धर्मबमोजिम देवताहरूको पूजा हुन्थ्यो । तदनुसार नै तेस्रो शताब्दी-तिरका लिच्छवि वंशका राजाले आफू स्वयं वैष्णव भए तापनि नेपाली जनतालाई रिझाउन प्रधान रूपमा ब्रह्माजीको स्थापना गरी उनको दायाँपट्टि शिवजीको र शिवजीको दायाँपट्टि विष्णुको, अनि ब्रह्माको र विष्णुको माझमा देवीको समेत चतुर्मूर्तिको निर्माण गर्न लगाए । त्यो मूर्ति अहिले राष्ट्रिय नाचघरको प्राङ्गणमा ठूलो जलहरीमाथि उभिएको अवस्थामा छ । यो मूर्ति तेस्रो शताब्दीको मानिएको छ । यस्तै अर्को आठौं नवौं शताब्दीको चतुर्मूर्ति साँखु शहरको ईपा टोलमा छ । चारकुने जलहरीमाथि गोलाकार लिङ्गको वरिपरि ब्रह्मा, विष्णु, शिव र अर्ध-नारीश्वर छन् । जुन बेला यी मूर्ति बने होलान् त्यस बेला चारै सम्प्रदायका मानिस यी मूर्तिका वरिपरि बसेर पूजा[1] गर्दा होलान् ।

भारतमा पनि मथुरामा कुषाणकालका ब्रह्माका मूर्ति प्रशस्त पाइन्छन् । गुप्त-कालमा पनि ब्रह्माजीको पूजा हुन्थ्यो । मध्यकालसम्म पनि यिनको पूजा चल्दै आएको थियो । पछि शिव र विष्णुका दुइ मतको बाहुल्यले गर्दा ब्रह्माजीले झूटो बोलेकाले उनीलाई शाप परेको भनी झूटो काल्पनिक कथा जोडी ब्रह्माको पूजा व्यवहारबाट हराउँदै गयो । यसमा शैव र वैष्णव सम्प्रदायको प्रभाव परेको छ । तर यज्ञ यागादिमा अहिलेसम्म पनि ब्रह्माजीको पूजा हुन्छ र मुख्य रूपमा ब्रह्माजी-लाई नै ब्रह्मणे स्वाहा, प्रजापतये स्वाहा, भनी हवनको भाग दिइँदैछ । तर पनि शैव र वैष्णवको भयले नै त होला– प्रजापतिलाई हवन दिंदा घ्यूले मात्र मनमनै हवन गर्ने चलन अद्यापि छँदैछ । ब्रह्माको र विष्णुको वैरभाव देखाउनमा शैवको भन्दा वैष्णवहरूको नै-बढी प्रभाव परेको कुरा पौराणिक अनुसन्धानबाट स्पष्ट हुन्छ । धन्य छ सम्प्रदायवालाहरूको चर्तिकला !

जुन ब्रह्माजीबाट रुद्रको उत्पत्ति भयो, ती नै रुद्रको एक शान्त अवस्थाको शिवमूर्तिसँग ब्रह्माको वैरभाव देखाउनु तथा जुन परमेश्वररूप ब्रह्मले त्रिमूर्ति ब्रह्मा, विष्णु, रुद्र स्वरूप धारण गरे, अर्थात् ब्रह्मबाट नै विष्णुको उत्पत्ति भयो । ती नै ब्रह्माजीसँग विष्णुको वैरभाव देखाउनु उपजीव्य विरोध हुन्छ । यस्तो कुराको विचारै नगरी सम्प्रदायवालाहरूले आ–आपना साम्प्रदायिक ग्रन्थहरूमा जुन भाँडभैलो देखाए त्यो निन्दनीय कुरा हो ।

---

१. प्राचीन मूर्तिकलाको इतिहास पृ. १३१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै कुराको पनि उत्पादनमा त्याग तपस्या पूर्वकको ठूलो परिश्रम गर्नुपर्छ। त्यसैले ब्रह्माजीको तपस्वीको रूपमा वर्णन गरेको छ। ब्रह्माजीको नाना स्वरूपको वर्णन पाइए तापनि मुख्य रूपमा प्रसिद्ध तीन किसिमका स्वरूपको लक्षण शास्त्रहरूमा गरिएको छ। ती तीन रूप हुन्—

(१) मुख्य ब्रह्मा
(२) प्रजापति ब्रह्मा
(३) लोकपाल ब्रह्मा

(१) मुख्य ब्रह्मा

सौम्य (शान्तमूर्ति) चतुर्मुख, पद्मासन गर्ने, सधैं सन्तुष्ट, कृष्णमृगचर्मधारी जटा पालेका, चतुर्बाहु, सातओटा हाँसको रथमा विराजमान, बायाँ बाहुमाथि दायाँ बाहु राखेका, अर्को दायाँ बाहुमा रुद्राक्षको माला र अर्को बायाँ बाहुमा कमण्डलु लिएका, पुरुषोचित सर्वभूषणयुक्त, सर्वलक्षणसम्पन्न, ध्यान गरेर आँखा चिम्लिरहेका जनै लाएका ब्रह्माजी गराउनू भन्ने विष्णुधर्मोत्तरमा छ।[1]

त्यहीं उक्त लक्षणयुक्त मूर्तिको बायाँ काखमा रुद्राक्षको माला धारण गर्ने आदित्यको जस्तो वर्णकी सावित्रीलाई लिएको वर्णन पनि छ।

अग्निपुराणमा[2] चतुर्बाहु, लम्बोदर, लामो दारी गरेका, जटाधारी, हंसवाहन, दायाँ बाहुमा जपमाला र सुरो, बायाँ बाहुमा कमण्डलु र आज्यस्थाली लिने, बाँया र दायाँ सरस्वती र सावित्रीलाई साथमा लिएका ब्रह्माजीको वर्णन छ।

मत्स्यपुराण[3] अनुसार हंसारूढ वा कमलासन, चतुर्मुख, चतुर्बाहु, बायाँ बाहुमा कमण्डलु र दायाँ बाहुमा सुरो लिने, शुक्लाम्बर वा मृगचर्मधारी, जनै लाएका, नजीकैमा आज्यस्थाली र चार वेद लिने, बायाँ दायाँ सावित्री र सरस्वतीले युक्त, अगाडिपट्टि ऋषिहरूलाई लिने ब्रह्माजी देखिन्छन्।

(२) प्रजापति ब्रह्मा

पद्मपत्रको[4] आसन गर्ने, चतुर्मुख, ब्रह्मा र उनको बायाँ काखमा आदित्य वर्णकी रुद्राक्षको माला लिएकी धर्मज्ञा सावित्री रहून्, अरू सबै विष्णुधर्मोत्तरकै लक्षण गराउनू भनी प्रजापति ब्रह्माको लक्षणमा बताएको छ।

---

१. वि. ध. ४४।५–८। २. अग्नि ४९।११–१५। ३. मत्स्य २६०।४०–४४। ४. हेमाद्रि व्रतखण्ड १ अ.।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) लोकपाल ब्रह्मा

यी लोकपाल ब्रह्मा दशदिक्पालमध्ये एक र ऊर्ध्वदेशका स्वामी हुन् । त्यसैले वैदिक कर्मकाण्डमा "ऊर्ध्वायै दिशे नमः" भनी प्रयोग गरेको पाइन्छ ।

लोकपाल ब्रह्मा[1] हंसवाहन चतुर्मुख गराउनू । अथवा एकमुख चतुर्बाहु पनि लोकपाल ब्रह्मा छन् । यिनका चार बाहुमा अक्षमाला, पुस्तक, पद्म र कमण्डलु हुन्छन् । यिनका साथमा चतुर्मुखी सावित्रीको पनि स्थापना गर्नू । यस मूर्तिको श्रोत्रियका घरमा स्थापना गर्नु विशेष हितकर छ भनी मानिएको छ ।

यी ब्रह्माहरूमध्ये प्रजापति ब्रह्माले विश्वामित्र आदि सप्तऋषि, बालखिल्य आदि आठ ऋषि, भृगु आदि नौ ऋषि र अङ्गिरा आदि दश ऋषिको उत्पत्ति गरेको उल्लेख[2] वेदमा छ। त्यसैले यिनलाई प्रजापति ब्रह्मा मानेको हो ।

बृहत् हुनाले र वर्धनशील हुनाले उनको नाम ब्रह्मा[3] भएको हो । उनको "परमेष्ठी"[4] यो नाम वैदिक मन्त्रमा छ । वायुपुराणमा ब्रह्मा नै सहस्राक्ष, सहस्रपाद, सहस्रशिर भएका व्यापक बृह्मतत्त्व हुन्, उनी नै जलशायी नारायण बन्दछन् भनी लेखेको छ । जललाई नारा भन्दछन् र नारामा शयन गर्ने हुनाले ब्रह्मालाई नारायण भनेको हो भनी यसरी बताएको छ—

> एकार्णवे जगत्यस्मिन्न प्राज्ञायत किञ्चन,
> तदा स भगवान् ब्रह्मा सहस्राक्षः सहस्रपात् ।
> सहस्रशीर्षा पुरुषो रुक्मवर्णो ह्यतीन्द्रियः
> ब्रह्मा नारायणाख्यः स सुष्वाप सलिले तदा ।

यस्ता वर्णन पुराणमा प्रशस्त पाइन्छन् । यस उक्तिबाट ब्रह्मा नै परब्रह्म परमेश्वर र नारायण विष्णु हुन्, ब्रह्मा र विष्णुमा भेद छैन, यौटै हुन् भन्ने स्पष्ट देखिन्छ । पछि सम्प्रदायमा लागेका वैष्णव क्षत्रिय राजाहरू आफू ज्ञानीको ढोंग रच्न लागे, कर्मकाण्डप्रधान, वैदिककर्म बहुव्ययसाध्य र बहुकष्टसाध्य पनि संझन लागे र वैदिक कर्मलाई होच्याउन लागे । अनि ब्राह्मणको र क्षत्रियको परस्परमा मनोमालिन्य हुन लाग्यो र ब्राह्मणको सम्बन्धले गर्दा ब्रह्माजीबाट विष्णुलाई अलग्याएर छुट्टै विष्णु मान्न लागेर ब्रह्माजीलाई होच्याउन लागे । त्यसैको फलस्वरूप ब्रह्माजी अपूज्य बन्न गए अनि यो वैष्णव योग क्षत्रियहरूको एकलौटि भयो, त्यही

---

१. हेमाद्रि व्रतखण्ड १ अ. । २. ऋग्वेद १०।२७।१५ । ३. पाद्मक्रियायोग ख. २।६ । ४. शु. य. १५।५८ । त्यहीं ८।५४ । त्यहीं १५।६४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा श्रीकृष्णले श्रीमद्भगवद्गीतामा[1] अर्जुनलाई बताउनुभएको छ। रुक्माङ्गद अम्बरीष आदि पौराणिक राजाहरूको कथाले पनि यही कुरा जनाएको छ। तर याज्ञिक ब्राह्मणहरूले ब्रह्माको पूजा कहिल्यै पनि छोडेका छैनन्।

जुन अवस्थामा भारत र नेपालमा कुनै विशेष सम्प्रदाय थिएन र वैदिक कर्मकाण्डको मात्र प्राधान्य थियो। त्यस बेला बृह्माजीको विशेष पूजा हुन्थ्यो र साथैं ऋषिहरूको पनि पूजा हुन्थ्यो। लिच्छविकालका अभिलेखमा वैदिक याज्ञिक विप्रसेन, ब्राह्मण ध्रुवसेन, ब्राह्मण वृद्धिसेनले र याज्ञिक वेदभट्टले वैशम्पायनको कारणपूजाका निमित्त गूठी राखेको उक्ति खपिच्छेको वसन्तदेवका पालाको अभिलेख लि. अ. सं. २८ बाट थाहा हुन्छ। नेपालमा पाइएका ब्रह्माजीका प्राचीन मूर्तिहरू कुनै दुइ बाहुका र कुनै चार बाहुका छन्। वेदमा सबै देवताहरू दुइ बाहुकै मानिएकाले वैदिक परंपराअनुसार दुइ बाहुका र पौराणिक लक्षणअनुसारका मूर्ति पनि विभिन्न समयका नेपाली याज्ञिक विद्वान्हरूले बनाउन लगाएर प्रतिष्ठा गराएका होलान्। तीं मूर्तिमध्ये—

(१) पशुपति द्यौपाटनको जयबागेश्वरीको उत्तरपट्टि चारमुख दुइ बाहुको जपमाला र कमण्डलु लिएको पद्मासन गरेको छैटौं शताब्दीको भनी मानिएको सुन्दर र भव्य ब्रह्माजीको मूर्ति छ।

(२) पशुपतिनाथको दक्षिणपट्टि लिच्छविकालको चतुर्बाहु, लक्षणअनुसारको मूर्ति छ। त्यो मूर्ति मुख्य ब्रह्माको हो।

(३) राष्ट्रिय संग्रहालयमा सिम्रौन गढको तेह्रौं शताब्दीको भनी मानिएको द्यौपाटनकै जस्तो मूर्ति छ।

(४) पाटन गैह्रीधाराको चतुष्कोण आकारमा कुँदिएको सूर्यमूर्तिको साथमा ब्रह्माजीको मूर्ति छ।

(५) अभिलेखसहितको चापागाउँको दुइ बाहुको छैटौं शताब्दीको भनी मानेको ब्रह्माको मूर्ति।

(६) पशुपति बागमती पारी मृगस्थली जाने बाटोको सिंढीको भित्तामा चतुर्बाहु सानो ब्रह्माजीको मूर्ति।

(७) राष्ट्रिय नाचघरको आँगनमा चतुर्मूर्तिमध्ये मुख्य प्रधान देवको रूपमा ब्रह्माजी र

---

१. श्रीमद्गीता ४।१–३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(८) साँखु इपाटोलमा चतुर्मूर्तिमध्ये मुख्यरूपमा ब्रह्माजीको मूर्ति समेत पाइएका छन् ।

अन्यत्र पनि अरू विष्णु, शिव आदि देवताहरूको मन्दिर वरिपरि परिवारको रूपमा ब्रह्माजीका मूर्ति पाइन्छन् । ब्रह्माजीका अरू विभिन्न नाम र त्यसको व्युत्पत्ति शास्त्रमा यसरी गरिएको छ ।

(१) बृंहति वर्धयति प्रजा इति ब्रह्मा, वा वर्धते इति ब्रह्मा । अर्थात् प्रजा बढाउने हुनाले वा स्वयं वर्धनशील हुनाले परमेश्वरको नाम ब्रह्मा भएको हो ।

(२) आत्मभू– स्वयं उत्पन्न भएकोले वा परमात्माबाट उत्पन्न भएकाले आत्मभू ।

(३) देवताहरूमध्ये सबैभन्दा श्रेष्ठ वा जेठो हुनाले सुरज्येष्ठ ।

(४) परमेष्ठी– सबैभन्दा माथिको लोकमा रहने हुनाले, चिदाकाशमा अवस्थित हुने हुनाले वा परब्रह्मपदमा विराजमान हुने हुनाले परमेष्ठी ।

(५) पितामह– सम्पूर्ण लोकका पितृहरूको, मरीचि आदि ऋषिहरूको र अर्यमा आदि दिव्य पितृको पनि पिता हुनाले पितामह ।

(६) हिरण्यगर्भ[१] स्वरूप परमेश्वर हुनाले हिरण्यगर्भ ।

(७) लोकेश– सम्पूर्ण लोकका स्वामी हुनाले लोकेश ।

(८) स्वयंभू– स्वयं उत्पन्न भएकाले स्वयंभू ।

(९) चारै दिशामा वा सर्वत्र मुख गरेर सबैतिर व्यापक स्वरूपले हेर्ने बोल्ने जान्ने हुनाले चतुरानन ।

(१०) धाता– सबैलाई धारण पोषण गर्ने हुनाले धाता ।

(११) अब्जयोनि– कमलबाट उत्पन्न भएकाले अब्जयोनि ।

(१२) द्रुहिण– दुष्टहरूको संहार गर्ने वा संसारवृक्षको आत्मज्ञानद्वारा नाश गर्ने ।

(१३) विरञ्चि– यो विश्व ब्रह्माण्डको रचना गर्ने ।

(१४) कमलासन– कमलको आसन गर्ने ।

(१५) स्रष्टा– यो विश्व ब्रह्माण्डको सृष्टि गर्ने ।

---

१. मनु, शु. य. १३।४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१६) प्रजापति– संपूर्ण स्थावर जङ्गमात्मक जगत्को स्वामी ।
(१७) विधाता– हरएक सृष्टि जगत्को विधान गर्ने ।
(१८) विश्वसृट्– विश्वको सृष्टि गर्ने ।
(१९) विधि– विश्वको सृष्टि गर्ने, त्यसका निमित्त उपयुक्त सबै सामग्रीको उत्पादन गर्ने, सबै नियम अनुशासन आदिका निमित्त विधान प्रदान गर्ने इत्यादि ।

पवित्र पुण्यकीर्ति परब्रह्म परमेश्वर ब्रह्माजीका अनन्त नाम पाइन्छन् । ब्रह्माजीका नामका साङ्केतिक मन्त्रहरू सम्पूर्ण वेद ब्राह्मण आरण्यक उपनिषद्हरूमा पाइन्छन् तथा मुख्य रूपमा शुक्लयजुर्वेदमा[1] पनि अनेकौं मन्त्र छन् । भारतवर्षका सबैभन्दा प्राचीन र पूज्य देवता ब्रह्माजी हुन् ।

(ख) विष्णु

विष्णुदेव आदिनारायण मानिन्छन् । उनी श्वेतद्वीपमा शशिवर्ण चतुर्भुज-रूपमा, क्षीरसमुद्रमा शेषशायीरूपमा नानाथरी वैकुण्ठमा नाना स्वरूपमा विराजमान विष्णु श्रुतिसार सर्वस्व छन् । श्रुतिले उनको स्तुति गरेको छ । श्रुतिहरू उनकै निःश्वासबाट उत्पन्न भएका छन् । विष्णु नै यज्ञका होता ऋत्विक् यजमान अग्नि र उपकरण हुन् । यज्ञद्वारा उनै यज्ञ पुरुषको यजन हुन्छ । जगत् पालनका निमित्त उनै विष्णु शङ्ख चक्र गदा पद्म चतुर्भुज मेघश्याम स्वरूपले शेषशय्यामा विराजमान हुन्छन् र उनको नाभिबाट पद्म, पद्मबाट ब्रह्माजी उत्पन्न भै उनले पद्मकल्पमा आफू बसेको पद्मपत्रमा नाना लोकको कल्पना गरे भनी वर्णन गरेको छ ।

मधुकैटभलाई मारेर ब्रह्माजीको र श्रुतिको उद्धार गर्ने, नाना अवतार धारण गरी पृथ्वीलाई भारमुक्त गराउने, शङ्करलाई भस्मासुरबाट बचाउने, त्रिपुरको रसकूप पान गरेर त्रिपुरारि (शङ्कर) लाई विजयी गराउने ती विष्णुका नाम गुणको वर्णन पुराणहरूमा मुक्तकण्ठले गरेको छ । तर सम्प्रदायपूर्वकको वैष्णव मत थिएन । साझा विष्णु थिए र सबैका उपास्य थिए । ती नै ब्रह्मस्वरूप विष्णुबाट धारण गरिएका त्रिमूर्ति (ब्रह्मा विष्णु महेश्वर) ले परस्परमा एकले अर्काको सहयोगद्वारा सृष्टि स्थिति संहारको परंपरा चलाएका छन् ।

नहि वैष्णवता तत्र संप्रदायपुरःसरा

यस उक्तिले पनि विष्णु सबैका पूज्य थिए, तर सम्प्रदायपूर्वकको वैष्णव मत

---

१. शु. य. १९।५; १३।३, ३४।५८, ३०।५, २३।७८, ७।४७ आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएन भन्ने कुरा सिद्ध हुन्छ। द्वापरको अन्त्यमा सम्प्रदायपूर्वकको वैष्णवमत त श्वेतद्वीपबाट भगब्राह्मण झिकाई कृष्णका छोरा साम्बले प्रचार प्रसार गराएका हुन भन्ने कुरा पुराणहरूमै[1] बताएको छ। स्मार्तधर्मले चाहिं पाञ्चायन देवतामध्ये कुनै एकलाई विष्णु मानेर नैष्ठिकरूपले आराध्य देव गराउने कुराको आदेश मानव जातिलाई दिएको छ।

श्रुतिप्रतिपाद्य विष्णु आफ्नो योगमायाद्वारा जगत्को उत्पत्ति स्थिति र प्रलयका निमित्त ब्रह्मा, विष्णु र रुद्र तीन रूपमा व्यक्त भएको कुरा माथि परिसकेको छ। सम्पूर्ण जगत्को स्थिति (बन्दोवस्त) पूर्वकको पालन (संरक्षण) गर्ने कार्यको भार विष्णुले लिएका छन्। किन भने परमेश्वर (महाविष्णु) बाट विष्णुको उत्पादन नै यसै कार्यका निम्ति भएको हो। जगत्को संरक्षण गर्नलाई पूर्णशक्तिको आवश्यकता पर्छ र उच्चकोटिको व्यक्तित्व पनि चाहिन्छ। त्यसैले विष्णुको अति उच्चकोटिको व्यक्तित्व र वैभवसम्पन्नता प्रदर्शित गरिएको छ र विष्णुका बाहुहरू चारै दिशातिर फैलिएका छन् र चार बाहुमा अलौकिक शक्ति-सम्पन्न चार अस्त्रशस्त्रको रूपमा शङ्ख चक्र गदा पद्म रहेका छन्। जगत्को संरक्षणका निम्ति जस्तोसुकै अवस्था भोग्नु परे तापनि नेतृत्व गर्ने व्यक्तिले त्यसमा सदा तत्पर रहनुपर्छ भन्ने कुराको द्योतन गराउन विष्णुले नाना रूप र अवतार धारण गरेका छन् भन्ने कुरा शास्त्रमा प्रतिपादन गरेको छ। तदनुसार पुराणहरूमा नाना रूपका विष्णुका नाना मुख बाहु व्यूह आदिको वर्णन छ जस्तै—

(क) दुइभुजी विष्णु।
(ख) चतुर्भुजी विष्णु।
(ग) अष्टभुजी विष्णु।
(घ) चतुर्मुख विष्णु।
 १. माधवादि
 २. वासुदेवादि
(ङ) व्यूहमूर्ति (वासुदेवादि चतुर्व्यूहमूर्ति)।

(क) दुइभुजी विष्णु

एकवक्त्रो द्विबाहुश्च गदाचक्रधरः प्रभुः।

यो विष्णुधर्मोत्तरको र हेमाद्रि व्रतखण्ड १ अ. को उक्तिअनुसार एकमुख र दुइ बाहुका विष्णु छन्। यो वर्णन वेदको आधारमा गरिएको भए तापनि वेदका विष्णुका दुइ बाहुमा वसु पूर्णपात्र छन्। यहाँ त्यसबाट विकास भएर विष्णुका

---

१. साम्ब पु. ३ अ, भविष्य पु. १३९ अ. नारदपुराण, विष्णुधर्मोत्तर आदि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ बाहुमा संरक्षणको भार सुम्पेर संरक्षणको उपयोगी अस्त्रशस्त्रको रूपमा गदा र चक्र धारण गराएको छ। यो लक्षणअनुसारको मूर्ति नेपालका प्रसिद्ध विष्णु मन्दिरमा पाइँदैनन् तापनि अरू कुनै देवमन्दिरमा परिवारको रूपमा रहेको विष्णु-मूर्तिमा यस्तो लक्षण पाउन सकिन्छ।

दुइभुजी शेषशायी विष्णु आर्यघाटको घाट लागेका विरामी राख्ने पाटीको भित्तामा छन्।

(ख) चतुर्भुजी विष्णु

चतुर्भुजी विष्णुको जति पनि वर्णन छ ती सबैमा शङ्ख चक्र गदा पद्मधारीको नै उल्लेख छ। कहीं कहीं शङ्ख चक्र गदा तीन बाहुमा लिएको उल्लेख छ। पद्म-चाहिं पछि आएको हो, पद्मको स्थानमा पहिले अभयमुद्रा थियो भनी मानेको छ। तर प्रायः विष्णुको सामान्य लक्षण नै चतुर्भुजी र शङ्ख चक्र गदा पद्मधारी हो।

विष्णुधर्मोत्तरअनुसार[1] एक मुख चतुर्बाहुको शान्त सुन्दर मेघ जस्तो श्याम वर्णको सबै भूषण लगाएका विशेषरूपमा कुण्डल बाजू वनमाला कौस्तुभमणि बाला किरीट र जनै धारण गरेका माथिल्लो दायाँ बाहुमा फुलेको कमल तल्लो बाहुमा गदा, बाया माथिल्लो बाहुमा शङ्ख र तल्लो बाहुमा चक्र लिएको विष्णुको मूर्ति बनाउनू। चामर ग्राहिणी स्त्रीको रूपमा गदा र चामरग्राही पुरुषको रूपमा चक्र गराउनू भनी रूपक व्यवहार पनि देखाएको छ। यसबाट विष्णुका बाहुमा गदा र चक्रको नित्य सम्बन्ध देखाएको देखिन्छ।

विष्णुधर्मोत्तरमै[2] अर्को ठाउँमा बायाँ बाहुमा गदा र शङ्ख दायाँ बाहुमा चक्र र पद्म गराउनू भनेको छ।

स्मरणीय छ— नेपाल अधिराज्यका लिच्छविकालका विष्णु मूर्तिहरू यही दोस्रो लक्षणअनुसार बनेका छन्।

मत्स्यपुराणमा– दायाँ बाहुमा तलमाथि गदा र पद्म, बायाँ बाहुमा माथि तल शङ्ख र चक्र गराउनू, कृष्णावतारमा चाहिं गदा बायाँ बाहुमै रहनुपर्छ, अरू शङ्ख चक्रचाहिं जहाँ राखे पनि हुन्छ। पृथ्वीलाई पाउमुनि र प्रणाम गरिरहेका गरुडलाई बायाँपट्टि वा अगाडि राख्नू। बायाँपट्टि बाहुमा कमल लिएकी लक्ष्मी गराउनू भनेको छ।

नेपाल उपत्यकाका चाँगुनारायण, इचङ्गुनारायण, हाँडीगाउँका सत्यनारायण, नारायणहिटीका नारायणका मूर्तिहरू विष्णुधर्मोत्तरको दोस्रो लक्षण र मत्स्यपुराणको

---

१. वि. ध. ३।८५।१२–१४। २. वि. ध. ९९ अ.।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षण समेत संग्रह गरी बनेका छन्। ग्राहको उद्धार गर्ने गजेन्द्रमोक्ष श्रीहरिको गरुडवाहन मूर्तिको प्राधान्य यहाँ छ। यसबाट आफूलाई आपत्‌बाट उद्धार गराउन गजेन्द्र मोक्ष श्रीहरिको स्वरूप विष्णुको मूर्ति स्थापना भएको बुझिन्छ। उपत्यकाका नारायणहरू यस प्रकार छन्—

(१) चाँगुनारायण
(२) इचङ्गुनारायण
(३) विशङ्खुनारायण
(४) शेषनारायण
} चार नारायण
(५) हाँडीगाउँका नारायण
(६) नारायण हिटीका नारायण

(१) चाँगु नारायण—

चाँगुनारायण आदि चार नारायणको स्थापना लिच्छविवंशका राजा हरिदत्तले गरेका हुन्। इचङ्गुनारायणनेरको ने. सं. ३२० को विजय कामदेवका पालाको अभिलेखमा राजा हरिदत्तले स्थापना गरेको कुरा परेको छ। केवलपुरको लि अ. १०९ सं. को अभिलेखमा पनि वसुराजले इचङ्गुनारायणको कारण पूजाका निमित्त गुठी आदि मिलाई दिएको कुरा छ। वंशावलीअनुसार वसुराज (वसुदत्त) हरिदत्तका छोरा हुन्। इचङ्गुको ३२० लि सं. को अभिलेखमा "श्री हरिद्रत्त भूपतिकृतं नारायणं" भन्ने स्पष्ट उल्लेख छ। गोपालवंशावलीमा "राजा श्री हरिदत्त वर्मा वर्ष १६ (४) तेन हि चतुःशिखरप्रदेशे भगवत विष्णुभट्टारकस्य देवालयं संपूर्णं कृतवानितुं" भनी लेखेको छ। राजा हरिदत्तले वि. सं. ३०० तिर स्थापना गरिएका चारनारायणमध्ये चाँगुनारायणको विशेष महत्त्व छ। त्यहाँका विभिन्न कलात्मक मूर्तिहरू हेर्न विदेशी पर्यटकहरू विशेष अभिरुचि लिएर त्यो दोलाद्रिशिखर (चाँगुको पहाड) मा चढ्दछन्।

चाँगुनारायणको मूर्ति गरुडासन छ। त्यसैले तिनीलाई गरुडनारायण पनि भन्दछन्। पहिले स्थापना गर्दा चाँपको रूखमुनि स्थापना गरिएकोले तिनीलाई चम्पकनारायण पनि भन्छन्। विशङ्खुनारायण र शेषनारायणदृष्टि दृष्टि दिंदा चाँगुनारायणको र इचङ्गुनारायणको पनि पहिले साधारण पत्थरमा नारायणको स्थापना र प्रतिष्ठा भएको थियो भन्ने अनुमान हुन्छ। पछि उनका उत्तराधिकारी मध्ये कुनै लिच्छविवंशका राजाले (संभवतः मानदेवले) मूर्तिको निर्माण गर्न लगाई त्यहीं स्थानमा स्थापना गरे होलान्। पछि जनरुचि बढ्दै गयो, अनि त्यहाँ अरू पनि विभिन्न मूर्तिहरू स्थापित हुँदै गए। मन्दिर पनि विशेष सुन्दर बन्यो। त्यहाँका तोरणमूर्तिहरूबाट त्यस्तै प्रतीत हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य चाँगुनारायणका चार बाहुमध्ये दायाँ बाहुमा माथि तल क्रमैले चक्र र मणि (कमलको गट्टा), बायाँ बाहुमा माथि र तल क्रमैले गदा र शङ्ख छन्। वैष्णवधर्मको बीजारोपणको संकेत दिन फुलेको कमल नदेखाएर कमलको गट्टा लिएको यहाँ देखाएको छ। कहिलेकहीं विष्णुको बाहुमा फुलेको कमलको सट्टा नफुलेको कमल (कोपिला) र बीजकोष पनि रहँदो रहेछ भन्ने कुरा यसबाट बुझिन्छ।

नारायणको बायाँपट्टि कमलासना लक्ष्मी र दायाँपट्टि हंसवाहना सरस्वती छन्। नारायणको र गरुडको मूर्ति सुवर्णमय छ। पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएकाले अंशुवर्मालि पछि जीर्णोद्धार गरेको कुरा लि. अ. सं. ७६ बाट थाहा पाइन्छ।

ढलोटका लक्ष्मी र सरस्वतीका मूर्तिमा सुनको मोलम्वा लगाइएको छ। चाँगुनारायणको तोरणमा माथि गरुडवाहन अष्टबाहु नारायण र अगल बगलमा लक्ष्मी सरस्वती छन्, ती पछिका हुन्। चाँगुनारायणका अगल बगलमा चतुर्बाहु द्वारपाल जय विजय छन्।

मन्दिरको बाहिरी तोरणद्वारमा छ बाहुका गरुडमाथि विराजमान पाँच शिर दश बाहुका नारायण छन्। यो कल्पना प्रधान पछिको निर्माण हो।

मन्दिरको वायव्य कोणमा चाँगुनारायणकै सकलको मूर्ति छ। यो मूर्ति नेपाली दश रुपैयाँको नोटमा पनि अङ्कित छ।

उत्तरपट्टि पनि चाँगुनारायणकै जस्तो दायाँ बायाँ लक्ष्मी गरुड रहेको प्राचीन मूर्ति छ।

त्यहींनेर अर्को खिएको लक्ष्मीनारायणको मूर्ति छ।

चाँगुनारायणको मन्दिरको ईशानकोणमा चतुर्मुख विष्णुको मूर्ति छ। त्यस मूर्तिको पूर्वपट्टि एकमुख समेत गरेर पञ्चमुख गराएको छ तापनि त्यसमा बाहु र चिह्न केही छैन। त्यो खाली विष्णुको मूर्तिको प्रतीक मात्र हो। त्यहाँका पूजा-हारीका अनुसार ती महाविष्णु हुन्। हुन पनि पूर्वमुख महाविष्णुको प्रतीक र अरू चारमुख मध्ये—

सौम्यन्तु[१] वदनं पूर्वं नारसिंहं तु दक्षिणम्,
कापिलं पश्चिमं वक्त्रं तथा वाराहमुत्तरम्।

यस उक्तिअनुसार माथिल्लो मुख पूर्वमुख हो र त्यो माधवको मुख हो।

---

१. वि. ध. ३।४४।४–१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तलको पश्चिममुख कपिलको, दक्षिण मुख नृसिंहको र उत्तरको मुख वराह अवतारको प्रतीक हो। त्यसैले यो मूर्ति माधवादि चतुर्मुख विष्णुको हो।

ईशानपट्टि दायाँ माथि तल चक्र गदा र बायाँ माथि तल शङ्ख र पद्म लिने गरुडवाहन विष्णु छन्।

पूर्वपट्टि मुख्य नारायण जस्तै अर्को गरुडवाहन विष्णुको मूर्ति छ।

दक्षिणपट्टि बाह्र बाहु र सात शिरको बायाँ काखमा लक्ष्मी लिएको सप्तावतारको संयुक्त मूर्ति छ। त्यसमा वराह र नृसिंहको मुख स्पष्ट देखिएकोले मत्स्य कूर्म, बुद्ध र कल्की बाहेक अरू वराह, नृसिंह, वामन, परशुराम, दत्तात्रेय, दाशरथि राम र कृष्ण यी सात अवतारको संयुक्त मूर्ति हो। ब्रह्मपुराणमा[१] यी नै सात अवतार पाइन्छन्। दक्षिणपट्टि दिग्गजमाथि कूर्म, कूर्ममाथि शेषशायी विष्णु उनीमाथि पृथिवी, पृथिवीमाथि विश्वरूप, विश्वरूपको पाउ नागहरूले समाइएको अनन्त शिरको अनन्त शोभाशाली अद्भुत किसिमको विश्वरूपको मूर्ति छ। जो अति कलात्मक पनि छ।

नैऋत्यकोणमा नृसिंहको तथा त्यहीं त्रिविक्रमको मूर्ति छ। तिनीहरूको प्रसङ्ग पछि बताइने छ।

मानदेवले चढाएको गरुडध्वजको स्तम्भ भाँच्चिएर बनेको दुइ टुक्रामध्ये तल्लो भाग जहाँको तहीं छ। माथिल्लो अभिलेख समेतको भाग मन्दिरको पश्चिम ढोकाको दायाँपट्टि ठडयाइएको छ। त्यसका तीन पाटामा मानदेवको अभिलेख कुँदिएको छ। अर्को खण्डित स्तम्भमा पनि अभिलेख छ।

स्तम्भ भाँच्चिई माथिबाट खस्ता शिर चिरिएको गरुडध्वजको गरुडको मूर्ति नारायण मन्दिरको पश्चिम ढोकाको सामुमा छ।

दायाँपट्टिको भाँच्चिएको अभिलेख समेतको गरुडध्वजको स्तम्भमा गरुडको सट्टामा अहिले चक्र र गदा छन्। बायाँपट्टिको त्यस्तै अर्को स्तम्भमा शङ्ख र पद्म छन्।

मन्दिरको आग्नेय कुनामा नवदुर्गाको मन्दिरमा नवदुर्गा छन्।

चाँगुनारायणको मन्दिरबाहिर भित्तामा दुइतिर राधा र रुक्मिणी लिएको मुरलीमोहनको मूर्ति छ र मन्दिरको भित्तामा चतुर्बाहु विष्णुका विभिन्न मूर्ति छन्।

पश्चिम ढोकाको सामु राजा जयभूपाल मल्ल र रानी भुवनलक्ष्मीको दुइटा धातुका मूर्ति छन्।

---

१. ब्रह्म पु. ७१।२७–२९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाँगुनारायणको मन्दिर वरिपरि रहेका अभिलेखहरूमध्य १ मानदेवको २ निरपेक्षको ३ शिवदेवअंशुवर्माको ४ अंशुवर्माको ५ विष्णुगुप्तको र ६ वलदेवका पालाको अभिलेखहरू विशेष उल्लेखनीय छन् ।

त्यहीं तिलमाधवको मूर्ति पनि छ ।

(२) इचङ्गुनारायण

चारनारायणमध्ये दोस्रो मूर्ति इचङ्गुनारायण हो । यिनको चतुर्बाहु गरुड-माथि उभिएको मूर्ति अति सुन्दर र आनन्ददायक छ । दायाँ बाहुमा माथि र तल चक्र र पद्म, बायाँ बाहुमा माथि र तल गदा र शङ्ख छन् ।

बाहिर ईशान कुनामा अर्को नारायणको मूर्ति छ. । यो मूर्ति इचङ्गुबाट बाढीले बगाएर शुभाभगवती नेर विष्णुमतीको बगरमा ल्याएको थियो । विष्णु-मतीमा स्नान गर्न आएका शिवानन्द राजोपाध्यायले ने. सं. ६६३ मा भेट्टाएर फेरि इचङ्गुनारायणकै अगाडि लगी स्थपना गरेका हुन् भनी सुधार कार्य विवरणमा लेखिएको छ । यस मूर्तिको बायाँ माथि र तल चक्र र गदा, दायाँ माथि र तल शङ्ख र पद्म छन् । यो मल्लकालको मूर्ति हो ।

इचङ्गुको दक्षिणपूर्वमा आदेश्वर महादेवको प्रसिद्ध प्राचीन शिवलिङ्ग छ, त्यसको ईशान कुनामा बायाँ माथि र तल गदा र शङ्ख, दायाँ माथि र तल चक्र र पद्म लिएको लिच्छविकालको विष्णु मूर्ति छ ।

त्यहीं दुइ बाहुका मुरलीमोहनको मूर्ति पनि छ ।

आग्नेय कुनामा बायाँ माथि र तल चक्र र शङ्ख दायाँ माथि र तल गदा र पद्म लिएको विष्णुमूर्ति छ ।

पश्चिमपट्टि भूमि र लक्ष्मीले सहितको बायाँ माथि र तल गदा र चक्र दायाँ माथि र तल पद्म र शङ्ख लिएको विष्णुमूर्ति छ ।

पश्चिमपट्टि नै बायाँ बाहुमा शङ्ख र चक्र, दायाँ बाहुमा पद्म र गदा लिएका विष्णु छन् ।

(३) विशङ्खुनारायण

विशङ्खुनारायणको विशेष उल्लेखनीय मूर्ति छैन । एउटा ओडारमुनि काठमाडौंमा स्थापित कुमारी जस्ता स-साना पत्थरमा विष्णु लक्ष्मी सरस्वती गरुड मानेर पूजिएका ४/५ मूर्ति देखिन्छन् ओडारको भित्ता पनि कुनै मूर्तिको भावनाले कुँदिए जस्तो देखिन्छ । चिन्न सकिंदैन । संभवतः राजा हरिदत्तले पहिले यस्तै किसिमको पत्थरमा चारै नारायणको स्थापना गरेका थिए । पछि नगरको सामी·

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यले जनताको रुचि बढ्दै गएको देखेर पछिका लिच्छवि राजा मध्ये कुनैले इचङ्गुमा र चाँगुमा मूर्तिको निर्माण गरी स्थापना गरे। तर दुर्गम स्थल र नगर-बाट टाढा पनि परेकाले विशङ्खुको र शेषनारायणको पहिलेकै स्थापित मूर्ति नै कायम रहन गयो। त्यसैले विशङ्खुमा विशेष उल्लेखनीय कुनै अरू मूर्ति छैन। ओडारभित्र सामान्य पत्थरमा नै नारायण मानी पूजा हुन्छ।

(४) शेषनारायण

फर्पिङमा शेषशायी विष्णुको भावना गरेर चेप्टो पत्थरमा रेखाङ्कन गरी शेषशायी विष्णुको स्थापना गरिएको छ। त्यसमा पनि विशेष उल्लेखनीय अरू लक्षण पाइँदैन। त्यहीं चेप्टो पत्थरमा अद्यापि शेषनारायणको पूजा चलिरहेको छ। त्यस मूर्तिको पश्चिमपट्टि दायाँ बाहुमा माथि र तल चक्र र पद्म, बायाँ माथि र तल गदा र शङ्ख लिएको सुन्दर विष्णुको मूर्ति उभिएको छ। यो मूर्ति पछिको हो।

यो मूर्ति समेत गरी चारै नारायणको नेपालमा ठूलो प्रसिद्धि छ। कार्तिक-शुक्ल एकादशीका दिन चारनारायणको ठूलो मेला लाग्छ। त्यस दिनमा श्रद्धालु भक्तहरूको एकै दिनमा चारनारायणको दर्शन गर्ने प्रथा अद्यापि छँदैछ।

(५) हाँडीगाउँका सत्यनारायण

सत्यनारायण भनी मानिएको हाँडीगाउँको लक्षणअनुसारको विष्णुको मूर्ति पनि लिच्छविकालकै हो। सत्यनारायण मन्दिरको गरुडध्वजको पूर्वपाटामा व्यासजीको स्तुति भएको अभिलेख समर्पण गर्नेको समय मानदेवको लगत्तै पछिका वसन्तदेवका पालाको[1] हो भनी मानिएको छ। तर विष्णु मूर्ति कसका पालामा बनेको हो; त्यसको प्रमाण पाइँदैन। वैदिक याज्ञिक विप्रसेन, ब्राह्मण ध्रुवसेन, ब्राह्मण वृद्धिसेन र याज्ञिक वेदभट्टले द्वैपायन व्यासका चेला वैशम्पायनको कारण पूजाका निमित्त गूठी राखिएको उक्ति खपिच्छेको वसन्तदेवका पालाको अभिलेख लि. अ. सं. २८ मा मुद्रित छ। वसन्तदेवका पालामा वैदिक कर्मकाण्डी विद्वान्-हरूले वैदिक महर्षिहरूलाई पुज्दथे। त्यसमा पनि व्यासजीलाई चतुर्बाहु विष्णुकै अवतार मानी उनीलाई गरुडध्वज अर्पण गरेको जस्तो छ। यस अभिलेखबाट मानदेव वसन्तदेवका पालासम्म लिच्छवि राजाहरू वैष्णव भए तापनि नेपालमा

१. लिच्छविकालका अभिलेख सं. ३५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक यज्ञयागादिको परंपरा विशाल रूपमा प्रचार प्रसार भै नै रहेको थियो र त्यस बेलासम्म नेपालीहरू सबै याज्ञिक वैदिक कर्मकाण्डका अनुयायी थिए भन्ने कुराको जोडदार समर्थन हुन्छ। यो मूर्ति मानदेवभन्दा अघिको नै हो। त्यसै ठाउँमा मानदेवका छोरीका छोरा भारविले धारा पनि बनाइदिएको उल्लेख लि. अ. ४१ सं मा मुद्रित छ। त्यो ठाउँ लिच्छवि राजाहरूको राजधानी हुनाले विशेष महत्त्वपूर्णको छ।

यस मूर्तिको पनि चाँगुनारायणकै जस्तो दायाँ माथि र तल चक्र र पद्म, बायाँ माथि र तल गदा र शङ्ख छन्।

(६) नारायणहिटीका नारायण

यो नारायणस्थानको परिधि ५० हातको छ र चौकोण परेको छ। बीचमा भव्य र सुलुक्क परेको गगनचुम्बी मन्दिरको गजूरमा सुवर्ण कलश र सुवर्ण चक्र छन्। मन्दिरभित्र मध्य भागमा चतुर्भुजी विष्णुको मूर्ति छ। त्यस मूर्तिका चतुर्बाहु मध्ये– दायाँ माथि र तल चक्र र पद्म, बायाँ माथि र तल गदा र शङ्ख छन्। मूर्ति करीब डेढ हातको छ।

मन्दिरको अगाडि ठूलो गरुडको मूर्ति छ। त्यो मूर्ति राजा प्रताप मल्लले हनुमान् ढोका दरबार बनाई त्यसभित्रको सुन्दरीचोकमा कालीयदमन गर्ने मुरलीमोहन श्रीकृष्णका साथ स्थापना गरेकोमा गरुडलाई त्यहाँ राख्ता अफाप भएको अनुभव गरी त्यहाँबाट त्याई ने. सं. ८८२ मा यहाँ स्थापना गरेको हो। यो वर्तमान मन्दिर श्री ५ रणबहादुरको[1] शासनकालमा धौकलसिंह बस्नेतले बनाएका हुन्। यो कुरा त्यहाँ रहेको वि. सं. १८५० को वाणीविलासको शिलापत्रबाट थाहा पाइन्छ।

मन्दिरको दक्षिणपट्टि हनुमान्जीको मूर्ति छ।

नैऋत्यपट्टि लक्ष्मीलाई काखमा लिएको दायाँपट्टि भूमिलाई लिएको मुख सबै ताछिएको गरुडासन विष्णुको मूर्ति छ।

अमलाको रूखमुनि मुरलीमोहन श्रीकृष्णको मूर्ति।

चक्र, पद्म, गदा, शङ्खधारी अर्को विष्णु मूर्ति।

अष्टभुजा भगवती।

लक्ष्मीनारायण।

---

१. सुधार कार्य विवरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमपट्टि हरिहर ।
राधा, रुक्मिणीसहित मुरलीमोहन श्रीकृष्ण ।
चतुर्भुजा सरस्वती ।
चक्र, पद्म, गदा, शङ्खधारी अर्को नारायण मूर्ति ।
ईशानपट्टि षोडशभुजा महिषासुरमर्दिनी आदि छन् ।

नारायणहिटी धारो माथि (माळको मूलधारामा)

सात शिरको नागमाथि विराजमान गरुडवाहन विष्णुमूर्तिको दायाँ माथि तल चक्र र शङ्ख बायाँ माथि तल गदा र पद्म छन् ।

दायाँपट्टिको धारामा अष्टबाहु शास्त्रोक्त अस्त्र शस्त्र युक्त गरुडवाहन लक्ष्मी नारायण ।

बायाँपट्टिको धारोमा छ बाहुका लक्ष्मीनारायण (दुइ मूर्ति) ।

भित्तामा पुनः लक्ष्मीनारायणका दुइ मूर्ति ।

धारादेखि पश्चिमपट्टि दायाँ, बायाँ, माथि, तल क्रमैले पद्म, शङ्ख, गदा चक्रधारी जय विजयसहितको शेष माथि उभिएको विष्णु मूर्ति र अर्को–

चक्र, पद्म, गदा, शङ्खधारी लक्ष्मीनारायणको मूर्ति समेत छन् ।

नारायणहिटीका नारायणको स्थापना र नारायणहिटी धाराको र पोखरीको निर्माण राजा विक्रमसेनले आफूलाई राजतिलक दिने महाराज धर्मागतको नामबाट गराएका हुन् भनी सुधार कार्य विवरणको पृ. ८५ मा सोमनाथले लेखेका छन् । धर्मागत र विक्रमसेनका कुरा ऐतिहासिक तथ्यमा आधारित छैन र यो कुरा लिच्छविकालसँग सम्बद्ध भए जस्तो लाग्दैन । वैशालीबाट आई वैशालीका नामबाट नेपाल उपत्यकामा विशालनगरको स्थापना गरी राज्य गर्ने किरातविजयी लिच्छवि राजा धर्मदत्त र मानदेवका पिता धर्मदेव यी दुइ राजा धर्म शब्द अगाडि लागेका छन् । आदि लिच्छवि राजा धर्मदत्तको पालामा कुनै विष्णु मूर्ति बनेका छैनन् । धर्मदत्तभन्दा तीन शय वर्षभन्दा पनि पछिका उनका वंशज हरिदत्तले वि. सं. ३०० तिर मात्र नेपाल उपत्यकामा विष्णुमूर्तिको स्थापना गरेका छन् । तसर्थ नारायणहिटीको नारायणको स्थापना र नारायणहिटी धाराका साथको विक्रमादित्यसँग संबद्ध किंवदन्तीको घटना धर्मदेव र मानदेवसँग संबद्ध भए जस्तो छ । किन भने यसैसँग मिल्दो जुल्दो मानदेवको जीवनी विषयको गोपालवंशावलीको उक्तिबाट थाहा पाइन्छ । यो नारायणको मूर्तिको स्थापना र नारायणहिटी धाराको र कुण्डको निर्माण पनि लिच्छवि राजामध्ये कुनै एकले संभवतः धर्मदेवले नै गराएका हुन् । त्रिविक्रमको मूर्तिनिर्माणको र स्थापनाको प्रसङ्गबाट पनि यही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुराको अनुमान हुन्छ । यो कुराको संक्षिप्त विवरण त्रिविक्रमको प्रसङ्गमा दिइने छ र विशेष उल्लेख प्रज्ञा वर्ष ९ अं. ४ सं. ३४ मा प्रकाशित छ ।

नेपाल उपत्यकाका अरू विभिन्न विष्णु मूर्तिहरू

बूढानीलकण्ठ पश्चिम विष्णुपादुकाको द्रङ्गभित्र नारायणस्थान थियो भनी लि. अ. पृ. २१९ मा छ । जयवागेश्वरी अगाडि द्यौपाटनमा—

(१) लक्ष्मीभूमिसहितको दायाँ वायाँ माथि तल क्रमैले चक्र पद्म गदा शङ्ख-धारी गरुड वाहन विष्णुमूर्ति ।

(२) जयवागेश्वरी अगाडिको पत्थरको कलात्मक मन्दिरमा चारैतिर छ वाहुका गरुडवाहन विष्णुका मूर्तिहरू ।

(३) त्यहीं अर्को कलात्मक पत्थरको मन्दिरको वाहिरपट्टि गदा चक्र पद्म शङ्खधारो विष्णुको मूर्ति ।

(४) त्यहीं धारानेर लक्ष्मी भूमिसहितको चक्र पद्म गदा शङ्खधारी ।

(५) त्यहीं अर्को ताछिएको विष्णुको मूर्ति पनि छन् ।

श्रीपशुपतिनाथजीको मन्दिरको वरिपरि

(१) पशुपतिबाट आर्यघाट ओर्लनेनेर भित्तामा ।

(२) पशुपति मन्दिरको नैऋत्य कुनामा ।

(३) पशुपति मन्दिरको वायव्य कुनामा ।

(४) पशुपति मन्दिरको आग्नेयकुनामा वत्सलादेखि उत्तर सात शिरको नागमा उभिएको चतुर्वाहु विष्णु ।

(५) पशुपति मन्दिरको दक्षिणपट्टि सत्तलमुनि तथा

(६) पशुपति मन्दिरको वरिपरि विभिन्न विष्णु मूर्ति छन् । ती मध्ये प्रायः बायाँ बाहुमा गदा र शङ्ख तथा दायाँ बाहुमा चक्र र पद्म लिएका गरुड लक्ष्मी सहितका र कुनै मूर्ति शङ्ख, पद्म, गदा, चक्रधारी छन् र यी मूर्तिमध्ये कुनै लिच्छविकालका कुनै मल्लकालका र कुनै अझ पछिका पनि छन् ।

गौरीघाटपट्टि

(१) गौरीघाटको पश्चिम कुनामा राजेन्द्रविक्रमको शिलालेखनेर भित्तामा चक्र पद्म गदा शङ्खधारी दायाँपट्टि गरुड भएको विष्णुमूर्ति ।

(२) गौरीघाटका हनूमान्देखि पश्चिमपट्टि चक्र पद्म गदा शङ्खधारी गरुड वाहन लक्ष्मीनारायणको संयुक्त मूर्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) गुह्येश्वरीघाटमा पनि विभिन्न विष्णुमूर्ति छन् ।

अरू विभिन्न मूर्तिहरू

(१) मच्छेगाउँमा प्रसिद्ध मत्स्यनारायणको मूर्ति छ । यो मत्स्यावतारक प्रतीक हो ।

(२) शुभाभगवतीको दक्षिणपट्टि चक्र गदा शङ्ख पद्मधारी मूर्ति छ ।

(३) भक्तपुरमा प्रसिद्ध तिलमाधव विष्णुको मूर्ति छ ।

(४) लिच्छविकालको १०२ सं. को अभिलेखअनुसारको नक्साल ढुंगेधारा को विष्णुमूर्ति हाल राष्ट्रिय संग्रहालयमा ।

(५) का. इ. ब्रह्मटोलमा लि. अ. ४३ सं. को अभिलेखसमेतको विष्णुमूर्ति ।

(६) लेंले सरस्वतीस्थानको दक्षिणपट्टि ।

(७) थानकोटका आदिनारायण ।

(८) ज्ञानेश्वरको चौबाटोदेखि दक्षिण चौरमा लि. अ. १०५ अनुसारको लिच्छविकालको विष्णुमूर्ति ।

(९) काठमाडौं गद्दीबैठकअगाडि मन्दिरमा चतुर्भुजी गरुडवाहन र अगाडि हात जोरेको ठूलो गरुड मूर्ति ।

(१०) काठमाडौं जैंशीदेवल जाने बाटोमा अटकनारायण नामको मूर्ति ।

(११) जैंशीदेवल तल चार नारायण नामले प्रसिद्ध विभिन्न मूर्ति ।

(१२) चार नारायणमध्ये एक नारायणको मूर्ति किलागलमा ।

(१३) गद्दीबैठकअगाडि यौटा सानो मन्दिरमा विष्णुमूर्ति ।

(१४) नारायण नामले प्रसिद्ध मूर्ति लगनमा ।

(१५) हृषीकेश नामले प्रसिद्ध मूर्ति रिडीमा ।

(१६) कुंभेश्वरको आँगनमा विष्णु ।

(१७) नक्सालमा विष्णु ।

(१८) दशौं शताब्दीका विभिन्न विष्णुमूर्ति राष्ट्रिय संग्रहालयमा ।

(१९) हाँडीगाउँको धन गणेश मन्दिरमा ।

(२०) पाटन कसाइटोलमा समेत विभिन्न समयका विष्णुका मूर्तिहरू पाइन्छन् ।

विष्णुका वासुदेवादि र केशवादिका भेदले दुइ किसिमका चौबीस चौबीस व्यूहमूर्ति छन् । त्यसैले मूर्ति निर्माण गर्नेलाई कुनचाहिं मूर्तिमा श्रद्धा छ, त्यही अनुसारको अस्त्रशस्त्र विष्णुका बाहुमा राखिएका हुन्छन् । लिच्छवि राजाहरू गजेन्द्रमोक्ष गर्ने हरिका वा नृसिंहका भक्त हुनाले उनीहरूले चक्र पद्म गदा शङ्खधारी हरिरूप विष्णुको वा नृसिंहको मूर्तिको निर्माण गराए । कुनै मल्ल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरू नारायण नामका विष्णुका भक्त हुनाले पद्म शङ्ख गदा चक्रधारी विष्णुको मूर्ति बनाउने बने । कोही गदा चक्र पद्म शङ्खधारी हृषीकेश नामका विष्णुका उपासक बने र तदनुरूप मूर्ति बनाउन लगाए । यी चौबीस व्यूह मूर्तिको अस्त्रशस्त्र राख्ने क्रम हेमाद्रि व्रतखण्ड १ अ. मा र निर्णयसिन्धुको टीकामा दिएको छ । तिनीहरूमा विशेष श्रद्धा राख्नेले उक्त ग्रन्थ हेर्नु बेस हुन्छ । ग्रन्थ गौरवको भयले ती सबै मूर्तिको लक्षण यहाँ दिइएको छैन । जो भक्त जुन रूपका विष्णुका भक्त बने, त्यहीअनुसारको मूर्तिको निर्माण गराए । त्यसैले विष्णुका मूर्तिहरूमा अस्त्र शस्त्र राख्ने क्रम भिन्नाभिन्नै छ र भिन्न भिन्न स्वरूपका विष्णुका मूर्तिहरू नेपाल अधिराज्यभरि नै पाइन्छन् । ती मूर्तिमध्ये कुनैमा दक्षिणोर्ध्व क्रमले र कुनैमा दक्षिणाधः क्रमले अस्त्र शस्त्र रहेका छन् । कहीं भूमि, लक्ष्मीसहित र कहीं लक्ष्मी, सरस्वती लिएका विष्णु छन् । कसैको मतमा विष्णुका बाहुमा पद्म पछि मात्र स्थापना गर्ने चलन आएको भन्ने छ र पद्मको स्थानमा अभयमुद्रा छ । पुराणमा[१] श्वेतवर्णका चतुर्बाहु विष्णुको वर्णन पनि प्रशस्त पाइन्छ ।

(ग) अष्टभुजी विष्णु

पुराणमा अष्टबाहुका विष्णुको पनि वर्णन छ । सो अनुसारका विष्णुमूर्तिहरू नेपालमा पनि पाइन्छन् । अष्टभुजी विष्णु एक मुखका र चारमुखका गरी दुइ किसिमका छन् र दुवैथरी विष्णुका बाहुहरूमा भिन्नाभिन्नै अस्त्र शस्त्र हुन्छन् ।

(१) एक मुखका अष्टभुजी विष्णुको दायाँ माथिदेखि क्रमैले खड्ग, गदा, बाण र पद्म, बायाँ बाहुहरूमा माथिदेखि क्रमैले धनु, खेटक, शङ्ख र चक्र गराउनू भनी बताएको[२] छ ।

(२) कहीं अष्टबाहुहरूमा शङ्ख, पाश, बाण, धनु, मुसल, खड्ग, गदा र अंकुशधारी विष्णुको[३] वर्णन छ ।

(३) कहीं शङ्ख, चक्र, गदा, पद्म, धनु, बाणधारी विष्णु पाइन्छन्[४] भने–

(४) श्रीमद्भागवतको वैष्णव कवचमा शङ्ख, चक्र, चर्म, खड्ग, गदा, बाण, चाप, पाश धारण गरेका गरुडवाहन विष्णु छन् ।

यसरी विभिन्न अस्त्रशस्त्र लिएका अष्टभुजी विष्णुको वर्णन पाइन्छ । यी

---

१. गरुड ३०। ११,१२, ना. पञ्चरात्र २, गरुड .३१।९।१०, गरुड ३४ अ., गरुड ९२ अ., बृहन्नारदीय ५८।४।९, २. मत्स्य २५८।७।१, ३. बृहन्नारदीय ७०, १७२, १७३, ४. वायु पु. ५४।१७–१९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णनमध्येकै अस्त्र शस्त्र लिएको लक्ष्मीलाई काखमा लिएको अष्टबाहु विष्णुको मूर्ति शुभाभगवतीको दक्षिणपट्टिको स्थानमा छ । मन्दिरका तोरणद्वारमा ता चाँगु-नारायण आदि मन्दिरमा जहाँ तहीं पाइन्छ । कहीं छ बाहुको विष्णुको मूर्ति पनि देखिन्छ तापनि ती छ बाहुमध्ये नै अष्टबाहुको कल्पना गर्नुपर्छ, किन भने छ बाहुको विष्णुको वर्णन पाउन सकेको छैन । गरुडपुराण[1] अनुसार अष्टबाहु विष्णु विष्वक्सेन हुन् । चार दिशा र चार विदिशाका प्रतीक आठ बाहु हुन् तथा बल ज्ञान ऐश्वर्य र शक्तिका प्रतीक चार मुख हुन् भनी विष्णुधर्मोत्तरमा[2] बताएको छ ।

(घ) चतुर्मुख विष्णु

अष्टबाहु चतुर्मुख विष्णु दुइ किसिमका छन् ।

(१) माधवादि (चतुर्मुख विष्णु)
(२) वासुदेवादि ''

(१) माधवादि चतुर्मुख विष्णु

माधवादि चतुर्मुख[3] विष्णुको पूर्वपट्टि सौम्य (शान्त) माधवको मुख, दक्षिणपट्टि नृसिंहको मुख, पश्चिमपट्टि कपिलको मुख र उत्तरपट्टि वराहको मुख हुन्छ । यो लक्षणअनुसारको विष्णुमूर्ति चाँगुनारायणको ईशानपट्टि छ । त्यसको पूर्वपट्टि पाटाको मुख विष्णुको प्रतीकात्मक मूर्ति हो । त्यसमा बाहु छैनन् । पश्चिमपट्टि पाटाको दक्षिणपट्टि नृसिंहको मुख, उत्तरपट्टिको वराहको मुख, पश्चिमपट्टिको भावनात्मक कपिलको मुख हो र माथिल्लो पूर्वमुख भावनात्मक माधवको मुख हो । अर्थात् पूर्वपट्टिको एक्लो मुख महाविष्णुको र पश्चिमपट्टि पाटाको चतुर्मुख विष्णुको मुख हो । तीमध्ये माऊको मुख माधवको, माथिल्लो मुख कपिलको, दक्षिणको मुख नृसिंहको र उत्तरको मुख वराहको हो ।

भनेको पनि छ—

मुखाश्च कार्याश्चत्वारो बाहवो द्विगुणास्तथा,
सौम्येन्दुवदनं पूर्वं नारसिंहन्तु दक्षिणम् ।
कापिलं पश्चिमं वक्त्रं तथा वाराहमुत्तरम् ।

---

१. गरुड २९५ अ., २. वि. ध. ३।४४।४–१३, ३. हेमाद्रि व्रत ख. अ. १, वि. ध. ३।४४।४–१३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस मूर्तिमा चार मुख भएपछि आठ बाहु हुनुपर्थ्यो, आठ बाहु भने देखिँदैनन् । गरुडवाहन छन् र दायाँ माथि, तल चक्र र गदा, बायाँ माथि, तल शङ्ख र पद्म छन् । यिनीलाई त्यहाँका पूजारी महाविष्णु मान्दछन् ।

(२) वासुदेवादि (चतुर्मुख विष्णु)

वासुदेवादि चतुर्मुख विष्णुको शरीर यौटै हुन्छ । शिर र बाहु भने फरक हुन्छन्, यस मूर्तिको पनि बाहु आठओटै हुन्छन् चार मुखको नाम भिन्नाभिन्नै हुन्छ । जस्तै–

(क) वासुदेव
(ख) सङ्कर्षण
(ग) प्रद्युम्न
(घ) अनिरुद्ध

(क) वासुदेव श्यामवर्णका छन् उनको बाहुमा चक्र र शङ्ख हुन्छन् ।
(ख) श्वेतवर्णका सङ्कर्षणको बाहुमा मुसल र हलो हुन्छन् ।
(ग) दूर्वावर्णका प्रद्युम्नको बाहुमा धनु र बाण हुन्छन् ।
(घ) अनिरुद्धका बाहुमा चर्म र खड्ग हुन्छन् र उनी लालवर्णका छन् ।

अरू सबै आकार प्रकार वासुदेवकै जस्तो हुन्छ र सबै वनमाला लाएका छन् । भनेको पनि छ–

द्वौ द्वौ[1] भुजौ तु विज्ञेयौ प्रतिवक्त्रं महात्मनः,
वासुदेवस्य करयोर्विज्ञेयौ सूर्यरात्रिपौ,
सङ्कर्षणस्य करयोस्तथा मुसललाङ्गले ।
प्रद्युम्नस्य तथा ज्ञेयौ चापबाणौ महाभुजः
अनिरुद्धस्य विज्ञेयौ चर्मखड्गौ विचक्षणैः ।

(ङ) व्यूहमूर्ति

व्यूहमूर्तिमा (१) वासुदेवादि चतुर्व्यूहमूर्ति (२) वासुदेवादि चतुर्विंशति व्यूहमूर्ति (३) केशवादि चतुर्विंशति व्यूहमूर्ति, यसरी व्यूहमूर्ति तीन थरी छन् तापनि दुवैथरी चतुर्विंशति व्यूहमूर्तिलाई ग्रन्थगौरवको डरले छाडेर (१) वासुदेवादि चतुर्व्यूहमूर्तिको मात्र यहाँ विचार गरिन्छ ।

---

१. वि. ध. ३।४७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) वासुदेवादि चतुर्व्यूहमूर्ति

यो व्यूहमूर्तिमा चारौटै मूर्ति एकै स्थानमा हुन्छन् तापनि प्रत्येक मूर्तिमा चार बाहु हुन्छन् र ती बाहुहरूमा अस्त्रशस्त्र भिन्नाभिन्नै हुन्छन् । चतुर्मुख विष्णुमा चाहिं दुइ दुइ बाहु हुन्छन् र विशेष अस्त्रशस्त्र मात्र हुन्छन् । यही हो वासुदेवादि व्यूहमूर्तिमा र वासुदेवादि चतुर्मुख विष्णुमा भेद ।

वासुदेवादि व्यूहमूर्तिका पनि १ वासुदेव २ सङ्कर्षण ३ प्रद्युम्न ४ अनिरुद्ध यी चार भेद नै छन् । यीमध्ये वासुदेवको लक्षण–

(क) वासुदेव

एक मुख चार बाहुका सुन्दर पीताम्बरधारी श्यामवर्ण नाना भूषण भूषित वासुदेवको बायाँ पाउ पृथ्वीको बाहुमा र दायाँ पाउ एक बित्ता टाढा रहेको गराउनू । घुँडासम्मको धोती घुँडासम्मकै वनमाला नाभिसम्मको जनै, दायाँ माथिल्लो बाहुमा फुलेको कमल, बायाँ माथिल्लो बाहुमा शङ्ख, दायाँ तल्लो बाहुमा गदा र बायाँ तल्लो बाहुमा खड्ग गराउनू । देवीको आकारको गदाको र पुरुषको आकारको खड्गको शिरमा विष्णुको बाहु राखेको गराउनू ।

(ख) सङ्कर्षण

वासुदेव जस्तै सुन्दर तर श्वेतवर्ण र कालो वस्त्र सङ्कर्षणको गराउनू । गदा र चक्रको स्थानमा पुरुषाकार मुसल र हलो तथा दायाँ बायाँ माथिका बाहुमा फुलेको कमल र शङ्ख गराउनू ।

(ग) प्रद्युम्न

यी पनि वासुदेव जस्तै सुन्दर तर दूबो जस्तो वर्ण र सेतो वस्त्रका तथा चक्रको स्थानमा धनु र गदाको स्थानमा बाण (पुरुषाकार) होऊन् । दायाँ बायाँ माथिका दुइ बाहुमा फुलेको कमल र शङ्ख गराउनू ।

(घ) अनिरुद्ध

वासुदेव जस्तै सुन्दर लाल वर्ण र कोमल रक्त वस्त्रधारी प्रद्युम्नका बाहुमा चक्रको सट्टा चर्म (ढाल) र गदाको सट्टा खड्ग (पुरुषाकार) दायाँ बायाँ माथिका दुइ बाहुमा फुलेको कमल र शङ्ख गराउनू । अर्थात् वासुदेव बाहेक अरू तीन मूर्तिमा तलका बाहुमा मात्र अस्त्रशस्त्र फरक हुन्छन् माथिका बाहुमा ता वासुदेवकै जस्तो कमल र शङ्ख रहन्छन् । आयुधलाई पुरुषाकार गराउँदा नागकन्या आदिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्ति जस्तो गरी नाभिदेखि माथि मात्र मानवाकृति र तल आफ्नो जातीय स्वरूपकै गराउनुपर्छ । साथै चतुर्व्यूह मूर्तिमा ध्वजापताका पनि गराउनू ।[1]

(१) पूर्वोक्त लक्षणअनुसारको वासुदेवादि चतुर्व्यूहमूर्ति पशुपतिको जय-बागेश्वरी अगाडि छ । त्यहाँको सानो चारढोके मन्दिरमा चारै ढोका-तिर मुख गराई चार व्यूहमूर्ति स्थापना गरिएका छन् र पूर्वोक्त सबै लक्षण यसमा मिलेको छ ।

(२) त्यो मन्दिरभन्दा पश्चिमपट्टि ढुंगेधारानेरको मन्दिरको बाहिरपट्टि र मन्दिरको माथि पनि चतुर्व्यूहमूर्ति देखिन्छन् ।

लिच्छविकालमा नेपालमा वासुदेवको पूजाका निमित्त केही गूठी राखिदिएको उल्लेख[2] छ । लेलेको अभिलेखमा[3] वासुदेवका भक्त ब्राह्मणका नाममा गूठी राखिएको छ । यसबाट अंशुवर्माका पालामा नेपालमा प्रवेश गरेको वासुदेव सम्प्रदायले पछिसम्म पनि आफ्नो प्रभाव कायमै राखेको कुरा यी मूर्तिहरूले जनाउँछन् । ठिमी भेगमा यस्ता मूर्ति अरू पनि हुनुपर्छ, किनभने अंशुवर्माका पालामा वासुदेव सम्प्रदाय चलेको मुख्य थलो यहीं नै हो ।

वासुदेवादि चतुर्व्यूहमूर्ति छ छ मूर्तिका आदि मूर्ति हुन् । यी हरेक वर्गमा छ छ मूर्ति गरेर चौबीस मूर्ति हुन्छन् । त्यसैले—

आदिमूर्तिर्वासुदेवस्तस्मात्संकर्षणोऽभवत्,
संकर्षणाच्च प्रद्युम्नः प्रद्युम्नाम्नाच्चानिरुद्धकः ।

पहिलो षड्वर्गका आदिमूर्ति वासुदेव, दोस्रो षड्वर्गका आदि मूर्ति सङ्कर्षण, तेस्रो षड्वर्गका आदिमूर्ति प्रद्युम्न र चौथो षड्वर्गका आदि मूर्ति अनिरुद्ध हुन् भन्ने यस श्लोकको अर्थ हो । त्रिपाद्विभूतिमहानारायणोपनिषद्मा ता बत्तीस व्यूह-मूर्ति मानेको छ । यसै गरी अग्निपुराणको ४८ अ. मा र निर्णयसिन्धुको टीकामा केशवादि चतुर्विंशति व्यूहमूर्ति पनि मानिएको छ । वासुदेवादि व्यूहमूर्तिभन्दा केशवादि व्यूहमूर्ति प्राचीन हो । यसको विस्तृत वर्णन वैष्णवतत्त्वविवेचन नामको ग्रन्थमा गरेको छु, जुन ग्रन्थ प्रज्ञाप्रतिष्ठानमा छ ।

(च) शेषशायी विष्णु

सबै अवतारको मूल कारण शेषशायी विष्णु हुन् । नाराको अर्थ जल हो,

---

१. वि. ध. ३।८५, २. लि. अ. सं. १०१, ३. लि. अ. सं. ७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसमा निवास गर्ने हुनाले जलशायी विष्णुलाई नारायण भन्ने नाम दिइएको हो। महाप्रलयको अवस्थामा सम्पूर्ण जगत् जलमग्न थियो, त्यस जलमा एक नारायण मात्र शेषशायी बनी योगनिद्रामा निमग्न थिए। त्यसै बेला परमेश्वरलाई सृष्टि गर्ने इच्छा भयो र नारायणको नाभिबाट कमल, कमलबाट ब्रह्माजी उत्पन्न भए। ती नै नारायणले धर्मसंस्थापनार्थ नाना अवतार धारण गरी धर्मको संस्थापना र अधर्मको नाश गरेको वर्णन पाइन्छ। त्यसैले अवतारको प्रसङ्गमा पहिले शेषशायी विष्णुको विचार गर्नु प्रासङ्गिक देखिन्छ।

शेषशायी विष्णुको वर्णन प्रायः सबैजसो पुराणमा पाइन्छ। तर वर्णनमा विविधता छ– ब्रह्मवैवर्त पुराणको कृष्णजन्म खण्डमा[1] शान्त सरस्वतीकान्त लक्ष्मीले पाउ दाबिएका चतुर्बाहु शेषशायी विष्णुको वर्णन छ। विभिन्न अवस्थामा देवताहरूले आफ्नो दुःख निवेदन गर्न जाँदा बायाँ काखमा, छातीमा र पाउमुनि लक्ष्मी लिएका शेषशायी विष्णुको वर्णन छ।

राजा भागीरथले[2] पितृको उद्धारका निम्ति तप गर्दा लक्ष्मीलाई बायाँ काखमा लिई एक बाहुले आलिङ्गन गरी दुइ बाहुमा शङ्ख, चक्र र एक बाहु अभयमुद्रा गरेका शेषशायी विष्णुको ध्यान गरेका छन्। त्यस्तै वर्णन विष्णुधर्मोत्तर[3] मत्स्य[4] आदि पुराणमा पनि पाइन्छ। लक्ष्मीलाई छातीमा लिएको वर्णन विष्णुधर्मोत्तर[5], विष्णुपुराण[6] वराहपुराणमा[7] र अरू पुराणहरूमा पनि छ। लक्ष्मीलाई पाउमुनि लिएका श्वेतवर्णका शेषशायीको वर्णन मत्स्यपुराणका विभिन्न[8] ठाउँमा पाइन्छ। साधारण अवस्थामा फुलेको कमल लिएकी लक्ष्मीलाई बायाँ अङ्कपट्टि राख्ने विधान[9] छ।

मत्स्यपुराणमा[10] नै यौटा घुँडा खुम्च्याई अर्को पाउ लक्ष्मीको काखमा राखेका बाजू लाएको एउटा बाहु शेषनागको शरीरमा राखेका यौटा बाहुले कल्पवृक्षको पुष्प लिएका लक्ष्मीले पाउ दाबिएका शेषशायी छन्। मार्कण्डेयपुराणको चण्डी (सप्तशती) मा पनि शेषशायी विष्णु पाइन्छन्। बृहन्नारदीय[11] पुराणमा शेषशायी विष्णुलाई महाविष्णु मानेको छ। वायुपुराणमा[12] शेषशायीको मुहार-

---

१. कृ. ज. ख. ४।५२–५८, २. बृहन्नारदीय १४।४०, ३. वि. ध. ३। २८।२४, ४. मत्स्य २५८।१२, ५. वि. ध. ७४।६, ६. वि. पु. १।११४, ७. वराह २।२९।२१, ८. मत्स्य २२८।१२, ११९।३०, १५०।२१२, ९. मत्स्य २२८।१२, १०. मत्स्य ११९।३०, ११. बृ. ना. १४।४०, १२. वायु २४।९-१५, ६।२–५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाट श्रीहरिको प्रादुर्भाव हुन्छ र ती नै हरि अष्टबाहु बनी सृष्टि गर्छन् । ती नै हरि योगधारण गरेर शेषशायी बन्छन् र क्रीडार्थ नाभिबाट कमलको उत्पत्ति गर्छन् । कमलका साथ क्रीडामग्न ती हरिका समीपमा ब्रह्माजी आइपुग्छन् र नाना प्रश्न गर्छन् । यसै गरी ब्रह्मपुराण, कूर्मपुराण, हरिवंश आदिमा पनि वर्णन छ । यसरी शेषशायीको वर्णनमा विविधता पाइन्छ । वायुपुराणमा[१] शेषशायी विष्णु सुन जस्तो पीत वर्णका देखिन्छन् ।

नारदपञ्चरात्रमा[२] चाहिं महाविष्णुका हरएक रोमकूपमा असंख्य ब्रह्माण्ड छन् र महाविष्णु जलशायी बन्दा उनका प्रत्येक रोमकूपमा असंख्य जलराशि हुन्छ, जलमाथि महावायु, त्यसमाथि कच्छप, त्यसमाथि शेषनाग रहन्छन् । कच्छप माथिका शेषनाग कच्छपको अगाडि हात्तीमाथिको भुसुनुजत्रो देखिन्छन् । ती शेषमा सहस्र शिरमध्येको यौटा शिरको एक छेउमा विश्वको आधार बनेको डिम्भ छ । त्यो डिम्भ पनि शेषको त्यो शिरको एक छेउको अगाडि सूर्यको अगाडि सर्स्यूंको गेडा जत्रो देखिन्छ । ती विशाल स्वरूप महाविष्णु पनि श्रीकृष्णको सोह्र खण्डको एक खण्ड जत्रा मात्र छन् भनी भावनात्मक वर्णन गरिएको छ । उपनिषद् पुराण-हरूमा सबैभन्दा ठूला मानिएका महाविष्णु पाञ्चरात्रसम्प्रदायमा कृष्णका षोडशांश मात्र छन् । यो वर्णन गोलोकवासी कृष्णको हो, जसलाई वैष्णवसम्प्रदायमा सर्वोपरि स्थान छ ।

पूर्वोक्त वर्णनबाट विष्णु दुइ बाहुदेखि आठ बाहुसम्मका र नाना किसिमसँग लक्ष्मीलाई साथमा लिएका देखिन्छन् । कहीं शेषशायी विष्णु लक्ष्मीलाई साथमा नलिएका पनि छन् ।

शेषशायी विष्णुको लक्षण

जलको मध्यभागमा[३] फणाको मणिले झलमल शिर गरेका शेषनागको शरीरमा शयन गर्ने वा शेषमा विराजमान विष्णुको एक पाउ लक्ष्मीको काखमा र अर्को पाउ पूर्वोक्त पाउको घुँडामाथि गराउनू । एक बाहु नाभिमा र अर्को बाहु शिरमा तकिया गरेको बनाउनू । अर्को एक बाहुमा कल्पवृक्षको मञ्जरी र अर्को बाहु नाभिकमलमा रहेको गराउनू । शेषका समीपमा पुरुषाकार शङ्ख, चक्र, गदा, पद्म होऊन् भनेको छ । यस्तै लक्षण अन्यत्र[४] पनि छ र कथाको आधारमा लक्षण

---

१. वायु ७।६०–६१, २. ना. प. २।३९–४०, ३. वि. ध. ३।८१ ४. वि. ध. ३।८५,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनेको छ। त्यहीं अथवा भनी शेषशायी विष्णुका चार बाहुमा शङ्ख, चक्र, गदा, पद्म गराउनू भन्ने सामान्य लक्षण छ। यस उक्तिबाट शेषशायी विष्णु एक्लै रहेको पनि देखिन्छन्। त्यसैले–

एकार्णवे[1] तु त्रैलोक्ये ब्रह्म नारायणात्मकः
भोगशय्यां गतः शेते त्रैलोक्यग्रासबृंहितः[2]।

भन्ने उक्तिअनुसार वा

क्षीरोदवासिनं[3] देवं शेषभोगोरुशायिनम्,
पीतवस्त्रं चतुर्बाहुं शङ्खचक्रगदाधरम्।

यो ध्यानअनुसार नेपालमा शेषशायी विष्णुका मूर्तिहरू बनेका देखिन्छन्।

(छ) नेपाल उपत्यकामा शेषशायी मूर्तिहरू

१ बूढानीलकण्ठ नारायण, २ हनुमान्ढोकाका नारायण, ३ बालाज्यू उद्यानका नारायण, ४ पशुपतिनाथको मन्दिर पूर्वका नारायण, ५ पशुपति भस्मेश्वर घाटका नारायण, ६ पशुपति राजेश्वरी घाटका नारायण, ७ शुभाभगवतीदेखि दक्षिणपट्टिका नारायण, ८ आर्यघाटको घाट लगेका मानिस राख्ने पाटीको भित्ताका नारायण, ९ बत्सलानेर उठेका शेषशायी नारायण।

(१) बूढानीलकण्ठ नारायण

बूढानीलकण्ठका शेषशायीको नेपालमा बढी चर्चा छ। यो मूर्ति र हनुमान्ढोकाको शेषशायी मूर्ति लिच्छविकालमा राजा विष्णुगुप्तले निर्माण गर्न लगाई स्थापना गरेका हुन् भन्ने कुरा लिच्छविकालका अभिलेख संग्रहको ११७ र ११८ संख्याको भीमार्जुनदेव विष्णुगुप्तको यङ्गालहिटीको र भृङ्गारेश्वरको अभिलेखबाट र गोपालवंशावलीबाट थाहा हुन्छ। बूढानीलकण्ठका नारायणलाई बूढानीलकण्ठ किन भन्दछन्, यस विषयमा विभिन्न मत मतान्तर सुनिन्छ। मेरो विचारमा उक्त मूर्ति स्थापना भएको जमीन नीलकण्ठ नामका बूढाको थियो। मूर्ति स्थापना भए-

---

१. वि. पु. ११३, २. तीनैलोक पानीले एकै छत भएको बेलामा नारायण नाम गरेका ब्रह्मा तीनै लोक ग्रास गरी शेषको शय्या गरी सुते। ३. क्षीरसागरमा शेषको शरीरमा शयन गर्ने पीताम्बरधारी चतुर्बाहुमा शङ्ख, चक्र, गदा धारण गर्ने नारायणको म ध्यान गर्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि सर्वप्रथम वैष्णव बनी ती नै नीलकण्ठ बूढा पूजाआजाको प्रबन्धक बने। त्यस भेकमा तिनले ठूलो प्रसिद्धि पनि पाएका थिए। त्यसैले त्यो गाउँको नाम ती नीलकण्ठ बूढाको नामबाट रहन गयो। किन भने यहाँ पूज्य पूजकका बीच अभेद सम्बन्ध भएको देखिन्छ। बूढानीलकण्ठले पूजिएका नारायण भन्ने अर्थमा बूढानील-कण्ठ हुन गएको हो। अथवा "बूढानीलकण्ठ गाउँका नारायण", यसमा गाउँका वा ठाउँका भन्ने पद लोप भएर बूढानीलकण्ठ मात्र रहन गएको हो। अथवा नीलकण्ठ बूढाले त्यो गाउँ बसालेको पनि होला। अहिले पनि व्यक्ति विशेषका नामबाट रहेका गाउँहरू प्रशस्त पाइन्छन्। यहाँ नारायण स्थापना हुनु अघि यो ठाउँको नाम नरसिंह स्थान थियो, नृसिंहको मूर्ति थियो। हाल नारायण पञ्चायत भए जस्तै यहाँ पहिले नरसिंह पाञ्चाली थियो भन्ने कुरा अभिलेखबाट र गोपाल वंशावलीबाट समेत थाहा पाइन्छ। अरू कुराबाट शेषशायी नारायणसँग बूढानीलकण्ठको कुनै सम्बन्ध हुन सक्तैन। दक्षिणकोलि ग्रामका बासिन्दाले र भृङ्गारक ग्रामका पाञ्चालिकहरूले आश्चर्यजनक मूर्ति वनाउन सहयोग गरी ढुङ्गा तानी ल्याइदिएकाले तिनीहरूलाई राजाबाट केही निगाहा भएको कुरा उक्त अभिलेखमा परेको छ। गोपालवंशावलीमा भने उत्तरपर्वतको फेदीमा नरसिंह स्थानमा विष्णुगुप्तले जल-शयनमूर्तिको स्थापना गरे भनी यौटा जलशायीको मात्र उल्लेख गरेको छ।

यो मूर्ति खुला फाँटको बीचमा सुन्दर जलाशयमा एघार शिरको शेषनागमाथि उत्तानो गरी शयन गरेको अतिशय सुन्दर भव्य विशाल मूर्ति छ। यस मूर्तिका चार बाहुमध्ये–

दायाँ बाहुमा माथि र तल चक्र र पद्मकोश (कमलको गट्टा) छन्। बायाँ बाहुमा माथि र तल गदा र शङ्ख छन्। एक पाउ अर्को पाउमाथि स्वस्तिकाकार छ। तलाउको रचना नारायणको मूर्तिको छाया पानीमा देखिने गरी गराइएको छ। वरिपरि भित्तामा नाना नारायणका अवतार र देवदेवीका मूर्ति छन्।

(२) हनुमान्ढोका दरबारभित्रका शेषशायी

यो शेषशायी मूर्ति बूढानीलकण्ठको शेषशायी मूर्तिभन्दा पनि भव्य मनोहर र विशाल छ। अगाडि ठूलो गरुडमूर्ति (गरुडध्वज मूर्ति) छ। तर त्यो मूर्ति राजा प्रताप मल्लले दरबार बनाएर भित्र पारिएकाले धेरै अघिदेखि नगरको केन्द्रस्थलमा रहेको भए तापनि त्यो मूर्तिको दर्शन गर्नुबाट जनसाधारणले वञ्चित रहनुपरेको छ। हाल ता विशालबजार बनेर पानीको निकास समेत थुनिई सधैं पानी जमिरहने हुन जाँदा गरुडध्वजमा हात जोरिरहेको गरुडको मूर्ति बाहेक अरू केही पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिदैन, नारायणको मूर्ति पानीले ढाकिइरहेको छ र बाहेर पनि दर्शन पाइँदैन। कुनै बेला पानी तानेर सफा गरको समयमा दर्शन पाइन्छ। त्यसैले जनसम्पर्कबाट अलगिएको त्यो मूर्तिका विषयमा उपत्यकावासीमा पनि कमै ज्ञान छ। यो मूर्ति पनि राजा विष्णुगुप्तले नै निर्माण गर्न लगाई स्थापना गरेका हुन्। बूढानीलकण्ठ विष्णुको स्थापनाको एक वर्षपछि यस मूर्तिको स्थापना भएको हो। सो कुरा पूर्वोक्त अभिलेखबाट थाहा पाइन्छ।

यो नारायणको मूर्ति तेह्र शिरको विशाल शेषनागमाथि विराजमान छ। बूढानीलकण्ठका शेष एघार शिरको र यहाँको शेष तेह्र शिरको हुनुबाट नै यस मूर्तिको विशालता सिद्ध हुन्छ। मूर्तिको सबै आकारप्रकार एउटै छ। अगाडिपट्टि अग्लो गरुडध्वजमा हात जोरेर विष्णुपट्टि फर्केका गरुड छन्। वरिपरि नाना अवतारको र देवदेवीका मूर्ति छन्। अस्त्र शस्त्र बूढानीलकण्ठकै जस्तो गरी लिएको छ।

यो हनुमान्ढोका दरबारभित्र नाना देवदेवीका अनेकौं मूर्ति छन्। प्रायः चोटा कोठा सर्वत्र नै मूर्ति नै मूर्ति छन्। प्रायः सुन्दरीचोकमा विष्णुका र अवतारका नाना मूर्ति र नासलचोकदेखि पूर्वपट्टि देवीका नाना प्रकारका मूर्ति छन्। बूढानीलकण्ठका र हनुमान्ढोकाका शेषशायीका जस्ता ठूला शेषशायीका मूर्तिहरू भारतभरि नै कहीं पनि छैनन्।

(३) बालाज्यूका शेषशायी

यो नारायणको मूर्ति बालाज्यू उद्यानको उत्तर पश्चिम भागमा विराजमान छ। माथिका दुइ नारायणको मूर्तिभन्दा निकै सानो भए पनि यो मूर्ति भव्य आनन्दप्रद र विशेष आकर्षक छ। पछि यहाँ बाईसधारा र हाल महेन्द्र पार्क समेत बन्न गएकाले यो मूर्तिका साथ जनताको सम्पर्क दिनानुदिन बढ्दै गइरहेको छ।

मूर्ति विशेषज्ञहरूका अनुसार यो मूर्ति पनि लिच्छविकालकै हो। यो मूर्ति नौ शिरको शेषनागमाथि विराजमान छ। मूर्तिको स्थापना गर्दा जलाशयको भावना मात्र गरिएको देखिन्छ। सानो जलाशयमा कहिलेकहीं मात्र पानी देखिन्छ। अस्त्र शस्त्र माथिकै क्रमले रहेका छन् र मूर्ति चतुर्बाहु नै छ। त्यस मूर्तिको वरिपरि अरू नाना मन्दिर र मूर्ति पनि छन्।

अरू माथि उल्लिखित पशुपति प्रदेशका चार र गुभाभगवतीदेखि दक्षिणपट्टिका एक समेत सबै ससाना शेषशायीका मूर्तिहरू पनि चतुर्बाहु र शङ्ख, चक्र,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गदा, पद्मधारी नै छन्, नेपाल उपत्यकाका कुनै पनि शेषशायीका मूर्तिहरू लक्ष्मीलाई साथमा लिएका छैनन् ।

अंशुवर्माको हाँडीगाउँको अभिलेखमा भुम्भुक्किका जलशयन देवताको उल्लेख भएकोबाट बूढानीलकण्ठको र हनुमान्ढोकाको शेषशायीको स्थापनाभन्दा अघि नै भुम्भुक्किका जलशयनमूर्ति थियो भन्ने स्पष्ट हुन्छ । त्यस मूर्तिका निमित्त भाग वा गूठी राखिदिएको उल्लेख लि. अ. सं. ७७ को अंशुवर्माको अभिलेखमा छ। त्यसको धेरै पछि मात्र बूढानीलकण्ठ र हनुमान्ढोकादरबारभित्रका शेषशायीको स्थापना भएकोबाट यी दुइ मूर्तिबाहेक पूर्वोक्त छ मूर्तिमध्ये कुनै एक भुम्भुक्किका जलशयन मूर्ति हो वा अर्को कुनै पुरिएको मूर्ति कहीं होला, त्यो छुट्याउने साधन केही छैन । तर योभन्दा अघि पनि नेपालमा अर्को जलशयन मूर्ति थियो भन्ने कुराचाहिं निश्चित छ । बत्सलानेरको उठेको शेषमा विराजमान मूर्तिलाई कोही लक्ष्मणको मूर्ति पनि भन्छन्, तर ती पनि शेषशायी नारायण नै हुन् ।

(ज) दशावतार

यो अवतारक्रमबाट विकासप्रक्रिया र सर्वजीवमा ईश्वरभावको संकेत मिल्दछ । ज्ञानीहरू संपूर्ण जीवमा ईश्वर भाव राख्तछन् । तदनुसार नै कीट पतङ्ग-देखि लिएर ब्रह्मसम्ममा विष्णुको भावना गरी नाना अवतारको कल्पना गरिएको छ । तदनुसार कहीं दश अवतारको र कहीं चौबीस अवतारको वर्णन पाइन्छ । जुन सुकै पनि ऐश्वर्यले युक्त, शोभाले युक्त र शक्तिले युक्त चर वा अचर वस्तु छ, त्यो वस्तु मेरो तेजको अंशबाट नै उत्पन्न भएको हो भन्ने श्रीमद्भगवद्गीता १०।४१ को उक्तिबाट पनि विशिष्ट शक्ति सम्पन्न र ऐश्वर्य सम्पन्न प्राणीमा ईश्वरभाव राखेको पाइन्छ । त्यही कुरा यो अवतारवादबाट खुल्दछ ।

१. मत्स्य–

प्रलयकालमा अगाध जलराशिमा डुबेको वेदको उद्धार गर्नु मत्स्यावतारको प्रयोजन हो भनी विष्णुधर्मोत्तर[1] पुराणमा लेखेको छ । अरू मत्स्य आदि पुराणमा प्रलयकालमा सत्यव्रत (श्राद्धदेव) मनुलाई रक्षा गरेको र हयग्रीव नामको असुरलाई मारी वेदको उद्धार गरेको कथा छ । मत्स्यावतारको सिङमा सबै औषधिसहितको नाउ बाँधेर श्राद्धदेव मनुले औषधिको रक्षा गरेका छन् । त्यसैले मत्स्यावतारको विशेषता नै सिङ भएको माछा हो ।

---

१. वि. ध. ३।८४।५८–५९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शतपथब्राह्मणको जलप्लावन कथाले देवसृष्टिको विनाशमा र मनुद्वारा भएको मानव सृष्टिको निर्माणमा मत्स्यले विशेष रूपमा सहायता गरेको देखाएको छ। अतः सृष्टिनिर्माणमा मत्स्यको विशेष महत्त्वपूर्ण स्थान छ। ब्राह्मणवर्णित मत्स्यको कथाको आधार ऋग्वेदमा पनि पाइन्छ। किन भने नारायणको सम्बन्ध पानीसँग छ र सबै जलरूप सृष्टिमा जीवात्माको रूपमा केवल नारायण (जल-निवासी प्राणी) मत्स्यको अस्तित्व मात्र बाँकी रहन्छ। त्यसैले मत्स्यलाई नारायण भनेर आदिकालका मानवजातिले माने। शतपथको जलप्लावन[१] कथामा मत्स्यले मनुको रक्षा गरेको छ। त्यसै मत्स्यलाई पुराणमा अवतारमा गणना गरिएको छ। जैमिनीयब्राह्मणमा पनि मत्स्यको कथा छ। प्राचीनकालमा समुद्रमा डुब्नै लागेको श्राद्धदेव मनुको डुङ्गा ठूलो सिङ्गे माछाको सिङमा अड्केकोले मनुको जीवन रक्षा भयो। अनि मनुका निमित्त त्यो माछो ईश्वर नै भयो। त्यसै आधारबाट मत्स्यावतारको कल्पना भयो। मत्स्यावतारको नामबाट मत्स्यपुराण बनेको छ।

मत्स्यावतारको लक्षण

मत्स्यकै जस्तो स्वरूप भएको विशेषरूपमा सिङ भएको मत्स्यावतारको रूप गराउनू भन्ने विष्णुधर्मोत्तरमा[२] छ। मत्स्यपुराणमा[३], अग्निपुराणमा[४] र हेमाद्रि व्रतखण्डमा[५] पनि यस्तै लक्षण बताएको छ।

नेपाल उपत्यकामा मत्स्यनारायणसँग मत्स्यावतारको सम्बन्ध गराएको छ। अन्यत्र पनि परिवारको रूपमा मत्स्यावतारको मूर्ति पाइन्छ।

२. कूर्म–

वेद ब्राह्मणभाग शतपथ (जैमिनीय) मा कूर्मको कथा पाइन्छ। यसमा प्रजापतिले सृष्टिका निमित्त कूर्मको स्वरूप लिएका छन्। पुराणहरूमा विस्तृत रूपमा कूर्मको कथा छ। समुद्र मथन गर्दा विष्णुले कूर्मको स्वरूप धारण गरी आफ्नो पिठ्यूँ एक लाख योजनको बनाएर मन्दराचल धारण गरेका छन्। अर्को पौराणिक कथाअनुसार पृथ्वीको सृष्टि भएपछि पृथ्वीलाई स्थिर राख्न भगवान्ले कच्छप रूप धारण गरी पृथ्वीलाई पिठ्यूँमा राखेर समुद्रमा डुब्नुबाट बचाएका छन्। कूर्मावतारको नामबाट कूर्मपुराण पनि बनेको छ।

---

१ शत ब्रा. १।८।१।१–२, २. वि. ध. ८४।५८–५९, ३. मत्स्य २६०। ३९, ४. अग्नि ४९।१, ५. हे. व्र. १ अ.,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मत्स्य केवल जल निवासी प्राणी र कूर्म जलस्थल दुवैमा रहने हुनाले मत्स्यको अपेक्षा कूर्ममा जीव सृष्टिको केही विकास भएको देखिन्छ। घाम, पानी, सर्दी, गर्मी सबै सहन सक्ने र शरीरमा केही काठिन्य हुनु पनि मत्स्यको भन्दा कूर्मको विशेषता हो।

कूर्मको लक्षण

कूर्मावतारको स्वरूप कूर्मकै जस्तो गराउनू भनी पुराणहरूमा[1] बताएको छ। नेपालमा प्राचीन विष्णुका मन्दिरमा कूर्मको मूर्ति पाइन्छ।

३. वराह

विष्णुले वराह अवतार लिएको कथाको बीज ऋग्वेद, यजुर्वेद, अथर्ववेदमा पनि पाइन्छ, त्यसैले यस कथाको बीज श्रुतिमा प्रशस्तै छन्। ऋग्वेद ८।७७।१०।८ मा विष्णुले एमुष वराहसँग क्षीरपाक (खीर) हरण गरेका छन्। अथर्ववेद परिशिष्टमा वराहलाई वर्षाको सूचक मानेको छ। ऋग्वेद ९।९७।७।८ मा वराहको र सोमको सम्बन्ध बताएको छ। अथर्व १२।१।४८ मा पृथ्वीको र वराहको सम्बन्ध देखाएको छ। शु. य. ३७।७ को मन्त्रको अर्थ गर्दा उव्वट महीधर दुवैले र सायणले समेत वराह अवतार (वराहकल्प) को समयको पृथिवीको परिमाण बताएको हो भनी मानेका छन् र "वराह उज्जधान इति श्रुतेः" भनी श्रुतिको प्रमाण दिएका छन्। ऋग्वेद १।१५४।६ मा गिरिष्ठ र कुचरको सामर्थ्यबाट वराह र नृसिंहका अवतारको संकेत बुझिन्छ भन्ने व्याख्याकारहरूको मत छ। ऋग् १।११४।५ मा रुद्रलाई बुझाउन वराह शब्दको प्रयोग भएको छ। निरुक्त नैगमकाण्ड ५।१।४ मा मोथे खाने जन्तुलाई वराह भनेको छ। मेघ, अङ्गिरस र असुरलाई बुझाउन पनि वराह शब्दको प्रयोग ऋग्वेदमा[2] छ। सर्वप्रथम वराह अवतारसँगको परिचय शतपथमा[3] छ। त्यहाँ वराहले पृथिवीलाई जलबाट माथि उठाएको छ। तैत्तिरीयसंहिता[4]–तैत्तिरीयब्राह्मणमा[5] पनि वराहको कथा छ। शतपथमा[6] र अथर्ववेदमा वराहसँग पृथिवीले प्रेम गरेको छ। पुराणमा समुद्रमा डुबेकी पृथिवीलाई उद्धार गर्ने चिन्तामग्न ब्रह्माजीले छिउँ गर्दा उनको नाकको

---

१. वि. ध. मत्स्य, अग्नि, हेमाद्रिमा पूर्वोक्त प्रकरणमा नै। २. ऋग् १०।१।७ तथा १०।६७।७, ३. शत. ब्रा. १४।१।२।११, ४. तै. सं. ७।१।५ ५. तै. ब्रा. १।१।३, ६. शत. ५।४।३।१९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्वालबाट अङ्गुष्ठजत्रो उज्वल सेतो वराह शिशु निस्क्यो र आकाशमा विराजमान भएको देखियो । ऋषिहरूका साथ ब्रह्माजी यो घटना देखेर आश्चर्यचकित भए । हेर्दा हेर्दै छिनभरमा त्यो वराह हात्तीजत्रो भयो झन् झन् बढ्दै मेघ जस्तो गर्जना गर्दै समुद्रमा प्रवेश गऱ्यो र समुद्रबाट बायाँ दाँतले पृथिवीलाई उद्धार गर्न लाग्यो । यो देखेर हिरण्याक्ष दैत्य वराहमाथि जाइलाग्यो । वराह अवतार विष्णुले त्यसका साथ युद्ध गरी त्यसलाई मारे । यो श्वेतवराहकल्पको[१] सृष्टि हो । त्यही सृष्टिकी पृथिवी अद्यापि छन् भनी मानेको छ ।

वराह अवतारको लक्षण

विष्णुधर्मोत्तरमा दायाँ तल माथिका बाहुमा चक्र पद्म, बायाँ माथि तल शङ्ख र गदा गराउनू, अथवा स्थापनाकर्ताका इच्छाले जुन जुन बाहुमा जुन जुन अस्त्र शस्त्र राखे पनि हुन्छ, अथवा कपिल मुनिको जस्तो ध्यानावस्थाको मूर्ति गराउनू वा दुइ बाहुको पिण्ड दिन लागेको वा जमीन खन्न लागेको वराहको मूर्ति बनाउनू भनेको छ ।

वराहपुराणमा[२] बायाँ दाह्रा उठाएर बायाँपट्टि नै मुख फर्काई जगत् हेर्न लागेको वर्णन छ । मत्स्यपुराणमा[३] धनु, चक्र, खड्ग, गदा धारण गरेको चतुर्बाहु वा पद्म र गदा मात्र धारण गरेको दुइ बाहुका वराहको वर्णन छ । दुइ बाहुको मूर्तिमा बायाँ कुहिनामाथि पृथिवी धारण गरेको, तीखो दाह्रा र उठेको नाक भएको, दायाँ हात कटिमा राखेको, कूर्ममाथि एक पाउ र शेष नागमाथि अर्को पाउ राखेको वर्णन छ ।

विष्णुधर्मोत्तरको अपामार्जन ध्यानमा ठूलो शरीर ठूलो दाह्रा गरेका पाताल-बाट पृथ्वीलाई उठाएर दुवै बाहुले आलिङ्गन गर्दै शिर सुँघेका घुँडामा बाहु राखेका वराहको वर्णन छ ।

अग्निपुराणअनुसार[४] मनुष्यको शरीर वराहको मुख गरेका, दायाँ बाहुमा माथि तल गदा चक्र, बायाँ बाहुमा शङ्ख लक्ष्मी वा पद्म लिएका बायाँ कुहिनामाथि श्री, पाउमुनि भूमि, र अनन्त लिएका वराह गराउनू । अथवा आलीढ[५] स्थानमा रहेको

---

१. हिन्दू संस्कृति विशेषाङ्क पृ. ७९८, २. वराह ८६ अ., ३. मत्स्य २६०।३९, ४. अग्नि. ४९।१, ५. दुवै पाउ पाँच वित्ता फरकको, घुँडा अगाडि उठेको पैताला पछाडि गएको एक पाउ र पछाडि औंला फर्केको अर्को पाउ गरी टेक्नु आलीढ स्थान हो । नाट्यशास्त्र १०।६७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दर फणायुक्त चतुर्भुजी हलो, मुसल दुइ बाहुमा लिएका र दुइ बाहु जोरेका शेषनागमाथि विराजमान गराउनू । वराहको बायाँ बाहुमाथि हात जोरेकी दुइ बाहुकी भूमि रहून् । भूमि रहेको बाहुमा शङ्ख, र अरू बाहुहरूमा पद्म, चक्र र गदा धारण गरेको गराउनू । अथवा चक्रले हिरण्याक्षको शिरच्छेदन गर्न बाहु उठाएका वा त्रिशूल उठाउने हिरण्याक्षका अगाडि खडा भएका वराहको मूर्ति गराउनू भनेको छ । हेमाद्रि व्रतखण्डमा पनि विष्णुधर्मोत्तरकै उद्धरण दिएको छ । जहाँतहीं नाना प्रकारले वर्णन गरिएको यो वराह अवतार धेरै प्राचीन प्रतीत हुन्छ । वराहको नामबाट वराहोपनिषद् र वराहपुराण पनि छ ।

मत्स्य र कूर्म अवतारपछि खालि स्थलमा मात्र निवास गर्ने पशुजाति वराह अवतारको वर्णनद्वारा स्थलमा मात्र निवास गर्ने जीवसृष्टिको सुरुवातको सूचना गरेकाले प्राणी सृष्टिको क्रममा अरू विशेष विकास भएको देखिन्छ ।

वराह क्षेत्र र त्यहाँका मूर्तिहरू

नेपाल अधिराज्यको वराहक्षेत्र वराह अवतार विष्णुको उत्पत्तिको मुख्य थलो मानी प्रायः सबै पुराणमा वर्णन गरेको छ । कोका र कोशीको सङ्गमस्थलको त्यो वराहक्षेत्रको परिधि बीस कोसको छ भनी बताएको छ । त्यहाँ धेरै प्राचीन वराहका मूर्ति छन् । नेपाली जातिमध्ये प्रायः धेरैका कुलदेवता पनि वराह नै भएकोबाट पनि नेपालीहरू धेरै अघिदेखि वराहलाई मान्दथे भन्ने कुरा सिद्ध हुन्छ । त्यहाँ वराहका अनेकौं मूर्ति छन् । तीमध्ये आदिवराह, भूवराह आदि चार मूर्ति धेरै प्राचीन हुन् । गुप्त सं. १६५ को अभिलेखमा वर्णित श्वेतवराहस्वामी र कोकामुख-स्वामी संभवतः ती नै चार मूर्तिमध्ये नै छन् । यसबाट वराहक्षेत्रका आदिवराह र भूवराह आदि मूर्तिहरू गुप्तकालभन्दा पनि प्राचीन प्रतीत हुन्छन् । ती मूर्तिहरू किरात-कालका हुन् । त्यहाँका वराहका मूर्तिहरू दुइ बाहुका र कुहिनामाथि पृथिवी लिएका छन् । यस्तै मूर्तिहरू नेपाल उपत्यकामा र पूर्व पश्चिम भागमा पनि प्रशस्त पाइन्छन् । यसको विस्तृत विवेचन प्रज्ञा वर्ष ८ अङ्क २ पृष्ठ ९६ मा गरेको छु ।

वराहका अरू प्रसिद्ध मूर्तिहरू

(क) धूमवराह

यो मूर्ति काठमाडौंको धूमवाराहीमा छ । यो मूर्ति गोपालवंशावलीअनुसार भूमिगुप्तले स्थापना गरेको हो र लिच्छविकालको हो । आदिकालमा भूमिगुप्तकै नामबाट भूमिवराह भनी यिनको नामकरण गरिएको थियो । पछि भूमिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धबाट धरणीवराह पनि भन्न लागे । भूमिवराह भन्दा भन्दै यस मूर्तिको नाम धूमवराह हुन गयो । अनि धूमवराह भएको नगरी हुनाले धूमवाराही यो स्त्रीलिङ्गी नाम रहन गयो ।

यो मूर्ति दुइ बाहुको छ, शरीर मनुष्यको मुख वराह भएको त्यस मूर्तिले जनै धारण गरेको छ । बायाँ बाहुमा चक्र र त्यसै बाहुको कुहुनामा पृथिवी धारण गरेको दायाँ बाहु कम्मरमा राखेको, बायाँपट्टि नै मुख फर्काएको, बायाँ पाउ पाँच शिरको शेषनागमाथि र दायाँ पाउ कच्छपमाथि राखेको यो मूर्ति मत्स्यपुराणको पूर्वोक्त लक्षणमा कर्ताको इच्छाले अस्त्र शस्त्र राखिएको छ । विष्णुधर्मोत्तरमा स्वेच्छाले अस्त्र शस्त्र राखे पनि हुन्छ भनी बताएको कुरा माथि नै परिसकेको छ ।

(ख) बूढानीलकण्ठस्थानको वराह

बूढानीलकण्ठस्थानको पश्चिमोत्तर कुनाको चतुर्बाहु वराहको मूर्ति विष्णुधर्मोत्तरको लक्षणसँग मिल्दो छ । यस मूर्तिको बायाँ माथिल्लो बाहुमा शङ्ख छ, त्यसैको कुहुनुमाथि पृथिवी छन् । बायाँ तल्लो बाहुमा गदा छ, दायाँ बाहुमा माथि तल पद्म र चक्र छन् र चक्र लिएको बाहु कम्मरमा छ ।

(ग) बृहदाध्यात्मिक परिषद्को छिडीमा (मृगस्थलीमा) एक हात जतिको वराह छ । त्यस वराहको दुइ बाहुमध्ये एक बाहु टुटेको छ र एक बाहु कम्मरमा छ ।

(घ) पश्चिम तनहूँमा छान्दीवराहको मूर्ति छ । त्यो अति प्राचीन मानिन्छ ।

४. नृसिंह–

वेदको मन्त्रभागमा कहीं पनि नृसिंहको स्पष्ट उल्लेख पाईंदैन । खालि कुचर र गिरिष्ठ शब्दको आधारमा नृसिंहको वर्णन गरेको हो भनेर व्याख्याकारले मानेका छन् । उपनिषद्मा, पञ्चरात्रमा र तन्त्रशास्त्रमा भने नृसिंहको वर्णन प्रशस्त छ । त्यहाँ क्षीरसमुद्रमा विराजमान नृसिंहको वर्णन छ । पुराणमा पनि कहीं कहीं त्यस किसिमका नृसिंहको वर्णन छ तापनि अवतारको प्रयोजन हिरण्यकशिपुलाई नाश गरी देवताहरूको र प्रह्लादको रक्षा गर्नु नै मानिएको छ । यस किसिमको वर्णनद्वारा मत्स्य, कच्छप र वराह यी तीन पशुयोनिजन्दा केही विकसित पशुयोनि र मानवयोनिको साङ्कर्य देखाएकोबाट पशुयोनिभन्दा केही माथि उठेको पशुवत् मानवयोनिको उत्पत्तिक्रमको संकेत मिल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नृसिंहको लक्षण

विष्णुधर्मोत्तर पुराणअनुसार स्कन्ध कटि ग्रीवा पीन, (मोटो) मध्यभाग कृश, सिंहको मुख मनुष्यको शरीर गरेका, कृष्णवस्त्रधारी, तेजोमण्डलयुक्त, सर्वभूषणभूषित, अग्निको ज्वालाजस्तो जगर गरेका, तीखा नङग्राले हिरण्यकशिपुको छाती फोर्ने नील वर्णका घुंडामा हात राखेका नृसिंह विष्णुधर्मोत्तरमा छन् ।

त्यहीं अथवा भनी सिंहासनमा विराजमान गदा मस्तक शङ्ख पद्मधारी चतुर्बाहु पृथ्वीका बाहुमा पाउ राखेको वा शङ्ख चक्र गदा पद्मधारी चतुर्बाहु तेजोमण्डलयुक्त उभिएको मूर्तिको पनि लक्षण छ ।

वि. ध. को अपामार्जनध्यानमा माथिकै जस्तो वर्णनमा बायाँ काखमा लक्ष्मी लिएको विशेषता छ । मत्स्यपुराणमा अष्टबाहु भयङ्कर सिंहकै मुख बाएका ठूला आँखा, ठूलो ठाडो बाक्लो जगर भएका हिरण्यकशिपुको छाती फोर्ने नृसिंह र आन्द्रो निस्केको रगत वमन गर्ने भ्रूकुटी बङ्ग्याएको वा नृसिंहसँग युद्ध गरिरहेको खड्ग र खेटक धारण गर्ने हिरण्यकशिपु र देवताले स्तुति गरिएका नृसिंह बनाउनू भनेको छ ।

अग्निपुराणको लक्षणमा मुख बाएका, बायाँ काखमा हिरण्यकशिपुलाई राखेर उसको छाती फोर्ने, माथिका दुइ बाहुमा चक्र र गदा लिएका वा चतुर्बाहुमध्ये माथिका बाहुमा चक्र र शङ्ख लिएका तलका दुइ बाहुले हिरण्यकशिपुको छाती फोर्ने नृसिंह बनाउनू भन्ने छ।

(क) चाँगुनारायणको नैऋत्यकोणको नृसिंहको मूर्ति विष्णुधर्मोत्तरको दुवैथरी लक्षण र अरू पुराणको लक्षण समेत संग्रह गरी कथाको समेत आधारमा दुइ बाहुले हिरण्यकशिपुको छाती फोरिरहेको र तल्ला दुइ बाहुले मस्तक र गदा लिएको छ ।

(ख) गौरीघाटको नृसिंहको मूर्ति वि. ध. अपामार्जन ध्यानअनुसार लक्ष्मी लिएको छ र तान्त्रिक प्रभाव पनि परेको छ ।

(ग) हनुमान् ढोका नासलचोकको नृसिंह–मूर्ति वि. ध. को पहिलो लक्षण सँग मिल्दो छ । यो मूर्ति विशेष सुन्दर भव्य र ठूलो छ ।

(घ) त्यहीअनुसारको नृसिंहको मूर्ति ललितपुर दरबारमा र भक्तपुर दरबारमा पनि छ ।

(ङ) देउपाटनको जयवागेश्वरी स्थानको उत्तरपट्टि चतुर्बाहु जयविजयलाई साथमा लिएको चतुर्बाहु शङ्ख चक्र गदा पद्मधारी नृसिंहको मूर्ति छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(च) कृष्णागण्डकीको सिरान मुक्तिनाथमा रानीच्याङभित्र काठमाडौंका काल भैरव जत्रा ठूला मानिस जत्रा र ससाना अनेक नृसिंहका मूर्ति पाइन्छन् ।

(छ) वीरगञ्ज पिपरामठमा नृसिंहको मूर्ति छ र त्यसका निम्ति त्यहाँ गुठी पनि छ । नेपाल अधिराज्यमा अन्यत्र पनि खोजी गरे प्रशस्त नै नृसिंहका मूर्ति पाइएलान् ।

५. वामन–

वामनावतारको कथाको बीज चारै वेदमा पाइन्छ । वेद (ब्राह्मण) भागमा अङकुराएको र पुराणमा मौलाएको र फुले फलेको कथामा बलि नामका दानव राजको शासनकालमा देवताहरूलाई धेरै कष्ट भयो र विष्णुले वामन अवतार धारण गरी बलिलाई छलेर सम्पूर्ण पृथिवी दानमा लिई देवतालाई दिएका छन् । अर्धपशु र मानवरूप योनिपछि बाउन्ने रूपको मानवको कल्पनाले मानव–योनिको प्रथम–चरणको प्रारम्भमा मानव अति दीन हीन र अति सानो स्वरूपमा उत्पन्न भएको थियो भन्ने सङ्केत मिल्दछ र यही नै मानवयोनिको प्रथम चरणको उत्पत्ति हो भन्ने पनि बुझिन आउँछ ।

वामनको लक्षण–

छत्र र दण्ड लिएको दुइ बाहुको वा चतुर्बाहुको वामनको मूर्ति बनाउनू भन्ने अग्निपुराणमा[१] लेखेको छ ।

कुब्जुक्क परेको, मोटो, दण्ड लिएको, पाठ गर्दै हिंड्ने, दूबो जस्तो वर्णको, कृष्णमृगचर्मधारी बाउन्ने आकारको वामनको मूर्ति बनाउनू भन्ने विष्णुधर्मोत्तरको मत छ ।

विष्णुधर्मोत्तरकै अपामार्जन ध्यानमा सुन्दर, बाउन्ने, चाँदीको भिक्षापात्र लिएको, दायाँ बाहुमा दही र बायाँ बाहुमा अमृतपूर्ण कलश लिएको वामनको वर्णन छ ।

लिच्छविकालको अभिलेखअनुसार साँखु ढुगाहिटी टौलको सडकपूर्व गैह्रीधाराको ईशान कुनाको देवताको पादपीठमा कुँदिएको अभिलेखबाट वामनदेवले संवत् ४६० मा वामनरूप विष्णुको पूजाका निमित्त गुठी राखिदिएका छन् । यसबाट साँखुमा वामनको मूर्ति थियो भन्ने बोध हुन्छ । तर हाल त्यहाँ त्यो मूर्ति

---

१. अग्नि. ४९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइँदैन । लिच्छविकालका अभिलेखसंग्रहअनुसार अन्यत्र पनि वामनको मूर्ति भएको संकेत पाइन्छ । विभिन्न देवताको परिवारको रूपमा वामनको मूर्ति खोजी गरेमा अन्त पनि पाइन संभव छ । त्रिविक्रमका साथमा रहेको वामनको मूर्ति भने त्रिविक्रमका मूर्ति भएको ठाउँमा पाइन्छ । त्यो कुरा तलबाट थाहा हुनेछ ।

५. (ख) त्रिविक्रम–

एउटै विष्णुको अवतारमा वामन र त्रिविक्रम पर्दछन् । बलिसँग छलपूर्वक दान लिउञ्जेल वामन र दान लिइसकेपछि तीनलोक ढाक्न विष्णुले त्रिविक्रमस्वरूप लिएका छन् । त्रिविक्रमको वर्णन सबै वेदमा छ भनी माथि बताइसकेको छ । अग्नि, वायु, सूर्यरूपले तीनलोक ढाक्ने, पाद (किरण) द्वारा स्वर्ग अन्तरिक्ष र पृथिवी तीनै लोक ढाक्ने, तीनै लोकमा पाद (पाउ वा किरण) द्वारा आफ्नो विक्रम (पराक्रम) फैलाउने, तीनै लोकमा आफ्नो प्रभाव वा किरण फैलाएर आफ्नो पराक्रम व्यक्त गर्ने आदि अर्थ वैदिक मन्त्रहरूको गरिएको छ । तर ब्राह्मण आरण्यक र संहिताहरूमा विष्णुले अनेक रूपमा असुरहरूलाई छलेर पृथ्वी ग्रहण गरी पछि स्वरूप बढाएर तीनै लोक ढाकेको वर्णन छ । त्यसैले त्रिविक्रमको अर्थ तीनै लोकमा आफ्नो प्रताप, प्रभाव र पराक्रम फैलाउने नै गर्नुपर्छ ।

लक्षण

ब्रह्माण्ड आक्रमण गर्न तत्पर, विकट स्वरूपका, यौटा बाहु पादपार्श्वमा र अर्को बाहु माथि लगेका त्रिविक्रम, उनीमुनि बायाँ बाहुले कमण्डलु र दायाँ बाहुले छाता लिने, निदाउरो अनुहारका वामन र वामनको नजीकै झारी लिने राजा बलि, तिनलाई बाँध्न लागेका गरुड बनाउनू भन्ने मत्स्यपुराणको[१] उक्ति छ । यसमा दुइ बाहुका त्रिविक्रम देखिन्छन् ।

विष्णुधर्मोत्तरमा ब्रह्माण्ड आक्रमण गर्न तत्पर, एक पाउ तल र एक पाउ माथि लगेका विकट मूर्तिका माथितिर मुख लगेका ठूला ठूला नेत्रले हेर्ने मेघ जस्तो वर्णका दण्ड, पाश, शङ्ख, चक्र, गदा धारण गर्ने (आठ बाहुका) त्रिविक्रमको मूर्ति बनाउनू भनेको छ ।

त्रिविक्रमका मूर्तिहरू नेपाल उपत्यकामा पाँचोटा प्रसिद्धिमा आएका छन् । ती हुन्—

---

१. मत्स्य २६०।३६–३९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) लाजिम्पाटमा
(ख) तिलगङ्गामा
(ग) चाँगुनारायणस्थानमा
(घ) फर्पिङमा
(ङ) पाटन भण्डारखालमा

यी सबै मूर्तिहरू मत्स्यपुराण र विष्णुधर्मोत्तरपुराणअनुसार र कथा समेतको आडमा बनेका छन् । यी मूर्तिमध्ये लाजिम्पाटको र पशुपति बागमतीपारी तिलगङ्गाको नजीक खेतको समेत दुइ मूर्ति लिच्छवि राजा मानदेवले एकै दिन स्थापना गरेको कुरा मानदेवको संवत् ३८९ को अभिलेखबाट थाहा पाइन्छ। ती दुवै अभिलेख लि. अ. संग्रहमा प्रकाशित छन् । ती अभिलेखमा आफ्नो भलो चाहने आमा राज्यवतीको पुण्यवृद्धिका निम्ति पवित्र विचार भएका, दानी राजा मानदेवले सुन्दर मन्दिर बनाई सुरमुनिसहितका त्रिविक्रमस्वरूप विष्णुको विधिपूर्वक स्थापना गरेको उल्लेख गरिएको सुन्दर एक श्लोक संस्कृतमा छ । अभिलेखको क्रममा सूक्ष्म भिन्नता भए जस्तै मूर्ति निर्माणक्रममा पनि गूढ अभिप्राय लुकेको छ ।

पूर्व वयमा र मध्यवयमा ज्ञानाज्ञानबाट हुन गएको पाप नाश होस् भन्ने चाहनेले कार्तिक मार्ग पौषको त्रैमासिक व्रत बसेर त्रिविक्रमको मूर्ति स्थापना गर्नू भन्ने विष्णुधर्मोत्तरको वचन छ । गोपालवंशावलीमा मानदेवले अज्ञानवश पितृवध गरेको कुरा लेखिएको छ । त्यही अज्ञानवश भएको पितृवधको प्रायश्चित्तका निमित्त आमा राज्यवतीको प्रेरणाले मानदेवले त्रिविक्रमको मूर्तिको स्थापना गरेको हुन सक्तछ । अरू तीन मूर्तिमध्ये चाँगुनारायणको र फर्पिङका दुइ मूर्ति पनि लिच्छविकालकै हुन् र जानी नजानी गरिएको पापनाश गर्न स्थापना गरिएका हुन् । यी दुवै मूर्तिको अभिलेख पाइएको छैन । पाटन भण्डारखालको मूर्तिचाहिं पछि मल्लकालको हो ।

(क) लाजिम्पाटको त्रिविक्रममूर्ति

यस मूर्तिका आठ बाहु छन् । दायाँ माथिल्लो बाहुमा अस्त्र टुटेको छ । तल्लोमा पद्म र फन् तल्लोमा दण्ड छ । अफ तल्लो बाहु तिघ्रामाथि छ । बायाँ माथिल्लो बाहुमा चक्र र अरू दुइ बाहु टुटेका छन् र तल्लो बाहु छातीमा छ । दायाँ पाउ तलतिर गएको छ र नागकन्या र नागले समाएको छ, त्यसदेखि तल कछुवाको आकार छ । बायाँ पाउ आकाशतिर गएको छ र राक्षस जस्तोले समाएको छ, लक्षणमा नभएको त्यो पुरुष आकाशभैरव हो वा राहु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिविक्रममुनि दान लिने वामनरूप छन्, बलि राजा स्वयं झारीले जल हाल्दै सङ्कल्प गरिरहेका छन् । बलिको पछि रानी विन्ध्यावली बलिलाई छोइरहेकी छिन् । तिनीपछि अश्वमेधको मौलो र घोडा छन् । घोडाको नजीकको पुरुष पुरोहित हो, अर्को हात उठाउने मूर्ति शुक्राचार्यको हो र उनी हात उठाएर दान दिन निषेध गरिरहेका छन् । माथि गएको पाउमुनि उभिण्डो परेको त्रिशङ्कुको मूर्ति छ । माथि गएको पाउभाथि अन्तरिक्षमा दुइ देवमूर्ति पुष्पवृष्टि गर्ने देव गन्धर्व वा अप्सराका प्रतीक हुन् । बलिलाई बाँध्न लागेका गरुड हुनुपर्नेमा टुटेर हो कि छुटेर हो देखिंदैनन् । त्रिविक्रमका आठ बाहुले आठ दिशा र तल माथि गएका पाउले पाताल आकाश समेत दशै दिशा ढाकेको संकेत मिल्दछ । यो मूर्ति हाल राष्ट्रियसंग्रहालयमा छ ।

(ख) तिलगङ्गाको त्रिविक्रम मूर्ति–

यसमा पनि आठ बाहु नै छन् । बायाँ माथिल्लो बाहुमा चक्र छ र माथितिर गएको छ । त्यससुनि गदा छ र त्यसमुनिका दुवै बाहुका औंला टुटेकाले अस्त्र चिनिन्नन् । दायाँ तल्लो बाहु तिघ्रामाथि छ, अस्त्र छैन, त्यसदेखि माथिल्लो बाहुमा पद्म छ, अर्को बाहु काखी र छातीको बीचमा छ, अस्त्र देखिंदैन । अर्को बाहु तल-तिर गएको र टुटेको छ, अस्त्र देखिंदैन । यसमा घोडासँगै दान गर्न निषेध गर्ने दुइ गुरु पुरोहित हात उठाएका देखिन्छन् । यसमा माथिभन्दा एक मूर्ति बढी छ । अरू सबै लक्षण समान छन् ।

(ग) चाँगुको मूर्ति–

यस मूर्तिका आठ बाहुमध्ये तल तलका दुइ बाहु टुटेकाले फ्ट्ट हेर्दा छ बाहुको मूर्ति जस्तो देखिन्छ । बायाँ बाहुहरूमा माथिदेखि क्रमैले चक्र अभय र दण्ड, दायाँमा माथि पाश, बीचको बाहु काननेर छ र तल्लोमा गदा छ । यसमा त्रिविक्रमका बायाँपट्टि गरुड दायाँपट्टि लक्ष्मी छन् र तल्लो पाउ नागकन्या समेतका तीन मूर्तिले समाएका छन् । आकाशमा अप्सराहरू माला र फुल लिएर उडिरहेका छन् । माथि सूर्य चन्द्र पनि छन् र जम्मा सत्र मूर्ति देखिन्छन् । अरू लक्षण लाजिम्पाटकै जस्तो छ ।

(घ) फर्पिङको मूर्ति–

पहिले दक्षिणकाली जाने ओरालो माथिको खेतमा रहेको र हाल त्यहाँबाट ल्याई शेषनारायणस्थानमा राखिएको यो मूर्तिको आठ बाहुमध्ये बायाँ एक बाहु काननेर र अरू बाहुहरूमा क्रमैले दण्ड, शङ्ख र पाश छन् । दायाँ माथिल्लो बाहु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्जा फिंजाएर उठाएको छ, अरू बाहुहरूमा चक्र, गदा र पद्म छन् । यहाँ सबै मूर्ति र अस्त्र शस्त्र स्पष्ट छन् । अरू सबै लक्षण माथिकै जस्तो छ । यी मूर्तिहरूमा शास्त्रीय लक्षणका साथै कल्पनाको पुट समेत छ ।

(ङ) पाटन भण्डारखालको मूर्ति

यो मूर्ति मल्लकालिक हो । यसमा पनि माथिकै जस्तो गरी शास्त्रीय लक्षण, पौराणिक कथाको आधार र कर्ताको इच्छाअनुसार अस्त्र शस्त्र तथा विभिन्न अरू मूर्ति छन् र माथिको जस्तै अरू सबै आकार प्रकार छ । यो मूर्ति विशेष स्पष्ट छ । जानी नजानी हुन गएको पापप्रक्षालनका निमित्त प्राचीन परंपरालाई अँगालेर मल्ल राजाले यो मूर्तिको निर्माण गराएको देखिन्छ । यसको विस्तृत विवेचन प्रज्ञा वर्ष ९ अङ्क ४ मा गरेको छु ।

६. परशुराम

परशुरामको विषयमा वेद मन्त्रभागमा कुनै उल्लेख पाइँदैन । ऐतरेयब्राह्मण-मा भने "प्रोवाच रामो मार्गवेयो विश्वान्तरायः" भनी उल्लेख गरेको छ । तक्षशिला विश्वविद्यालय ईशाभन्दा एकहजार वर्ष पुरानो मानिन्छ, त्योभन्दा पनि धेरै अघिको छान्दोग्य उपनिषद्मा नाम लिइएका परशुराम धेरै प्राचीन प्रतीत हुन्छन् भन्ने अनुसन्धाताहरूको[१] विश्वास छ । परशुरामको नाम वेदकै ब्राह्मण भागमा देखिन्छ, तथा उपनिषद्मा पनि छ । श्रुतिमा, प्रसिद्धिमा आएका परशुराम दाशरथि रामका साथमा युद्ध गर्ने परशुरामभन्दा भिन्नै हुन् । किन भने परशुरामको नाम वेद (ब्राह्मणभाग) मा छ, दाशरथि रामको नाम छैन । त्यसैले परशुरामभन्दा दाशरथि राम धेरै नै पछिका हुन् । रामका पालाका परशुराम उनकै अनुयायी कुनै अर्कै व्यक्ति हुन् वा वैष्णवहरूले ब्राह्मणको पराजय देखाउन गरिएको काल्पनिक कथा हो ।

अविकसित मानवरूप वामनपछि केही विकसित क्रोधोन्मत्त बलवान् सुसंगठित पूर्ण मानवजातिको उत्पत्तिको संकेत यस अवतारबाट पाइन्छ । कथांश-अनुसार हैहयवंशी क्षत्रिय राजाहरूको अत्याचारले क्रुद्ध भएर परशुरामले एक्काईस चोटि निःक्षेत्रीय पृथिवी गरेका छन् । यिनको कथा सबै पुराणमा पाइन्छ । ब्राह्मणको र वैष्णव क्षत्रियहरूको विरोध पराकाष्ठामा पुगेको कुरा यस कथाले बुझाउँछ ।

---

१. महायात्रा भाग १–राङ्गेय राघव ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षण–

धनु, बाण, खड्ग र परशु धारण गर्ने परशुरामको मूर्ति बनाउनू भनी अग्निपुराणमा[1] छ । विष्णुधर्मोत्तरअनुसार[2] जटामण्डलयुक्त डरलाग्दा हातमा परशु लिएका कालो मृगचर्म लाएका परशुराम पाइन्छन् ।

परशुरामको मूर्ति परिवारको रूपमा पशुपतिको पूर्वपट्टि लस्करै रहेका देवताको पङ्क्तिमा छ । क्षत्रिय राजाहरू वैष्णव भएका र परशुराम क्षत्रियका विरोधी हुनाले अवतार मानेर पनि उनको मूर्ति वैष्णवराजाहरूले स्थापना गरेनन् होला ।

७. दाशरथि राम

दाशरथि रामको कथा प्रायः सबैले जाने सुनेका हुन्छन् । आजसम्मका पौराणिक राजाहरूमा दाशरथि राम जस्ता आदर्श राजा कोही देखिँदैनन् । आदर्श चरित्रले गर्दा नै रामका विषयमा लेखिएका रामायण सयकोटि छन् भनी मानिएको छ । यस मान्यताबाट रामका विषयमा अनन्त रचना भएका छन् भन्ने थाहा हुन्छ । परशुरामको धेरै कालपछि उनको जस्तो विचारधाराको व्यक्तिलाई दमन गर्ने सुमार्जित विचारधाराको आदर्श र सरल प्रकृतिको मानव जातिको उत्पत्तिको सङ्केत यस अवतारबाट पाइन्छ ।

लक्षण–

सम्पूर्ण राजलक्षणयुक्त द्विभुजी राम र भरत, लक्ष्मण, शत्रुघ्न पनि दुइभुजी राम जस्तै लक्षणयुक्त गराउनू । रामका शिरमा किरीट र अरू भाइ किरीटविहीन बनाउनू भन्ने वि. ध.[3] मा लेखिएको छ ।

अथवा–

धनु वाण वा खड्ग र शङ्ख लिने द्विभुजी रामको लक्षण अग्निपुराणमा[4] छ । अध्यात्म आनन्द आदि रामायणमा विष्णुकै जस्तो चतुर्भुजी शङ्ख चक्र गदा पद्म धारी राम पाइन्छन् । तदनुसार

(क) पशुपति वाग्मती पारी अगल बगलमा कुश र लव लिएको विष्णुकै जस्तो अस्त्र शस्त्र लिएको सुन्दर भव्य ठूलो रामको प्रसिद्ध मूर्ति छ । यो मूर्ति विष्णुगुप्तले स्थापना गरेको मानिएको छ[5] ।

---

१. अग्नि ४९, २. वि. ध. ३।९९, ३. वि. ध. ३।९९, हेमाद्रि व्रत ख. १ अ, ४. अग्नि ५९।६, ५. गोपालवंशावली ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) त्यहीं वरिपरि विभिन्न राममूर्ति छन् । ती मूर्तिहरू पछिका हुन् ।

(ग) जनकपुरमा प्रसिद्ध राम र जानकीको मूर्ति छ ।

उसो त नेपाल अधिराज्यभरि नै कहीं द्विभुजी कहीं चतुर्भुजी रामका मूर्ति पाइन्छन् । द्विभुजीमा धनु र वाण लिएका र चतुर्भुजीमा शङ्ख चक्र गदा पद्म लिएका मूर्ति छन् । रामका नाममा विभिन्न रामायण र उपनिषद् पनि बनेका छन् ।

८. (क) श्रीकृष्ण

श्रीकृष्ण दुइथरी छन् (१) धर्मका छोरा कृष्ण (२) वसुदेवका छोरा कृष्ण । धर्मबाट[1] दक्षप्रजापतिकी छोरीमा जन्मेका कृष्ण, हरि, नर, नारायण, चार छोरामध्ये कृष्ण र हरि दुवै भाइ योगेश्वर ऋषि मानिएका छन् । तीनै कृष्णलाई ऋग्वेदमा कृष्णनामका ऋषि मानेको छ । तीनै कृष्ण योगेश्वर हुन् । त्यसैको आधारमा वसुदेवका छोरा कृष्ण पनि योगेश्वर मानिन लागे र पछि योगेश्वर कृष्णको स्थान वासुदेव कृष्णले लिए । यो वासुदेव संप्रदायको फल हो । पछि ऋषि कृष्णको प्रसिद्धि लोपै भयो र धेरै प्रसिद्धिमा वासुदेव कृष्ण नै आए ।

संपूर्ण पुराण महाभारत आदिमा प्रसिद्ध वासुदेव कृष्णको कथा सबैलाई थाहै छ । वैष्णव संप्रदायमा पूर्ण अवतार मानी श्रीकृष्णको वर्णन गरिएको छ र उनको अति उच्च स्थान छ ।

रामको अवस्थाको मानवजातिको अपेक्षा श्रीकृष्णको अवस्थाको मानवजाति सम्पूर्ण ज्ञान–विज्ञान आदिको नानाथरी संसारी प्रपञ्चमा निपुण भइसकेको थियो र मानवोचित सबै गुण थिए भनी उत्तरोत्तर विकासक्रम देखाउनु नै कृष्णावतारको प्रयोजन हो ।

लक्षण–

नीलकमल[2] जस्तो वर्णका दुइ बाहुका सुदर्शन चक्र धारण गर्ने श्रीकृष्णको साथमा नीलो कमल लिएकी कृष्णकी शक्ति रुक्मिणीको मूर्ति गराउनू । चतुर्भुजी कृष्णको मूर्तिमा चाहिं गदा बायाँ बाहुमै हुनुपर्छ, शङ्ख र चक्र भने दक्षिणोर्ध्वकर-क्रमले जहाँ राखे पनि हुन्छ भनी बताएको छ । यो लक्षणअनुसारको मूर्ति नेपालमा

---

१. देवी भा. ४।५।१२, २. वि. ध. ३।९९, तथा हेमाद्रि व्र. ३ अ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उस्तो प्रसिद्ध छैन र उस्तो पाइँदैन । परिवारका साथका श्रीकृष्णको बाहुमा चक्र हुन्छ र उनी दुइ बाहुका नीलवर्ण हुन्छन् ।

८. (ख) गोपालकृष्ण

मुरली बजाइरहेको, मेघजस्तो श्यामवर्ण, मुजुरको प्वाँख शिरमा धारण गर्ने, दुइभुजी, उभिएको, गोपालको मूर्ति बनाउनू भनी बताएको[1] छ। कहीं वनमाला लाएको उल्लेख पनि छ । यही अनुसारको ध्यान स्तुति आदि श्रीमद्भागवत आदि पुराणमा पाइन्छ । त्यसैले गोपालस्वरूप श्रीकृष्ण ज्यादै प्रसिद्ध छन् र नेपाल अधिराज्यभरि नै त्यहीअनुसारका मूर्ति पाइन्छन् । तदनुसार–

(क) हनूमान्ढोकाको सुन्दरीचोकमा कालीयदमन गर्ने मुरलीमोहन गोपालकृष्णको मूर्ति ।

(ख) ललितपुर दरबारको सुन्दरी चोकमा ।

(ग) भक्तपुर दरबारमा ।

(घ) चाँगुमा ।

(ङ) आदेश्वरमा ।

(च) बूढानीलकण्ठको पूर्व पाटीको भित्तामा ।

(छ) त्रिपुरेश्वरमा, गोपालकृष्णका मूर्ति छन् तथा काठमाडौं र भक्तपुरमा अनेकौं कृष्णमूर्ति छन् ।

(ज) पाटनमा मल्लकालको प्रसिद्ध कृष्णमन्दिरभित्र सुन्दर गोपालकृष्णको मूर्ति छ। भव्य अतिसुन्दर धेरै कलात्मक त्यो कृष्णमन्दिर हेर्न विदेशी विद्वान् अनुसन्धाताहरू सधैं जस्तो आइरहन्छन् । पाटनमा गोपालकृष्णका अरू पनि प्रशस्त मूर्ति पाइन्छन् ।

(झ) शेषनारायणको बाहिरपट्टि फर्पिङमा मुरलीमोहन गोपालकृष्णको मूर्ति छ । साथमा रुक्मिणी र राधा छन्, साथैमा दुइटी नारीसहित हलो लिएको बलरामको मूर्ति पनि छ ।

(ञ) काठमाडौंबाट जैसीदेवल जाने बाटोमा मुरली बजाइरहेको अष्टबाहु श्रीकृष्णको मूर्ति छ । यो अष्टबाहु विष्णुको भावनात्मक कृष्णमूर्ति हो। श्रीमद्भागवतको वैष्णवकवचमा विष्णुको अष्टबाहुस्वरूपको

---

१. वि. ध. ३।९९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णन छ । तदनुसार नै त्यो मूर्ति बनेको हो । गोपालकृष्णका मूर्तिहरू नेपालका उपत्यका, पहाड, तराई मधेशभरि नै सर्वत्र पाइन्छन् ।

अंशुवर्माको पालामा नेपालमा वासुदेव संप्रदाय निकै चलेको थियो भन्ने कुरा ठिमीको र लेलेको अभिलेखबाट थाहा हुन्छ । वासुदेव र कृष्ण भन्नु एउटै भए पनि वासुदेव सम्प्रदायमा चतुर्व्यूह मूर्तिको बढी मान्यता छ । यो सम्प्रदाय पञ्चरात्रबाट आएको हो भन्ने कुरा व्यूहमूर्तिको प्रसङ्गमा बताइसकिएको छ ।

९. बुद्ध–

नेपाल देश बुद्धको जन्मभूमि हो र भारत बुद्धकी आमा मायादेवीको जन्मभूमि हो। त्यसैले नेपालमा जन्मेका बुद्धदेवको मावलीदेश भारतमा पनि नेपालमा जत्तिकै संमान छ । बुद्धको जन्मभूमि नेपाल भए तापनि कर्मभूमि (कर्मक्षेत्र) मावलीदेश भारत नै हो । उनले भारतमा बसेर नै बुद्धत्व प्राप्त गरे ।

नेपालका सपूत विष्णुका नवौं अवतार महात्मा गौतम बुद्धको नेपाल–भारतमा मात्र हैन, आधा विश्वमा नै ठूलो प्रसिद्धि र संमान छ । उनले अन्ताराष्ट्रिय देवताको आसन ग्रहण गरिसकेका छन् । शान्तिका अग्रदूत बुद्धदेवको मार्ग विश्वप्रसिद्ध धेरै राष्ट्रले ग्रहण गरेका छन् । नेपाल भारतमा केही मात्र बुद्धमार्गी रहन गएका भए तापनि चीन, तिब्बत, जापान, वर्मा, श्रीलङ्का, सिङ्गापुर, थाइलैण्ड, कम्बोडिया, कोरिया, इन्डोनेसिया, मङ्गोलिया मध्यएशिया आदि देशवासीहरू प्रायः बुद्धमार्गी छन् र उनलाई आफ्नो इष्टदेवताको रूपमा मान्यता प्रदान गर्छन् । भारतवर्षभरिकै अरू कुनै यस्ता देवता छैनन् जुन बुद्धको जस्तो यति ठूलो अन्ताराष्ट्रिय मान्यता पाएका होऊन् । भारतीय पुराणमा उनलाई एक अवतारको संज्ञा मात्र दिइएको छ, विशेष वर्णन पाइँदैन । तर बुद्धग्रन्थ, धम्मपद, जातक आदिमा बुद्धका विषयमा नाना कथानक पाइन्छन् । त्यसैले प्रसङ्गवश केही पुराणमा अवतारमा गणना गरिएका बुद्धको लक्षण गरिएको छ ।

लक्षण–

गेरुवा वस्त्र धारण गरी काँधमा चीवर लगाएका पद्मासन गरी ध्यान गर्ने दुइ बाहुका गौतम बुद्ध गराउनू भन्ने मत्स्यपुराणको[1] उक्ति छ ।

वरद र अभयमुद्रायुक्त पद्मासनस्थ बुद्ध दुइ बाहुका गराउनू भन्ने अग्नि[2] र वि. ध.[3] मा छ । पूर्वोक्त लक्षणअनुसारका बुद्धमूर्तिहरू नेपाल अधिराज्यभरि नै

---

१. मत्स्य २४८ अ., २. अग्नि. ४९।८, ३. वि. ध. ३।९९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छन् । विशेष गरेर स्वयम्भू, बौद्ध, महाबौद्ध, नाम्बुडा, काठेसिम्बु आदिमा ठूला ठूला बुद्धमूर्ति छन् । राष्ट्रिय संग्रहालयमा संगृहीत प्राचीन अर्वाचीन अनेकौं बुद्धमूर्ति देखिन्छन् । लुम्बिनीमा मायादेवीको मन्दिरमा बालक अवस्थाको सानो मूर्ति छ भने बाहिर नयाँ बनेका भवनमा यहाँ निर्मित र विदेशबाट ल्याई स्थापना गरिएका ठूला ठूला सुन्दर र भव्य मूर्ति छन् । लुम्बिनीकै जस्तो सर्वार्थसिद्ध (गौतम) को जन्मको नवौं शताब्दीका मूर्ति राष्ट्रियसंग्रहालयमा पनि छ । त्यहाँ नवौंदेखि सोह्रौं शताब्दीसम्मका अनेकौं मूर्ति छन् । हनूमान्ढोका दरवारको संग्रहालयमा पनि कयौं बुद्धमूर्ति दृष्टिगत हुन्छन् । मुक्तिनाथको रानीग्याङभित्र र अन्त पनि त्यस भेकमा ठूला ठूला बुद्धमूर्ति पाइन्छन् भने नेपाल उपत्यकाका तीनै सहरभरी नै साना ठूला हजारौं संख्यामा मन्दिर र मूर्ति भेटिन्छन् । नेपाल अधिराज्यभरी नै ठाउँ ठाँउमा ठूला ठूला गुम्बा मन्दिर र मूर्ति छन् । हालै पोखरामा सुन्दर गुम्बाभित्र सुन्दर ठूला ठूला बुद्धका मूर्ति देखिन आएका छन् । लिच्छविकालका अभिलेखहरूमा पनि बुद्धको र विशेष गरेर आर्यावलोकितेश्वरको चर्चा छ । उपत्यकामा बुद्धका नाममा विहार (वहाल) हजारौं संख्यामा बनेका छन् । अग्निपुराणमा[1] बुद्धलाई मोहस्वरूप मानेर वर्णन गरेको छ ।

१०. कल्की

मोहमार्गमा लागेको विश्व म्लेच्छमय भै वैदिक सनातन धर्म नष्ट भ्रष्ट भएको तथा महात्मा बुद्धले चलाएको शान्तिमार्गको अभियान अशान्तिमा परिणत भै सर्वत्र ज्यू ज्यानको असुरक्षाले गर्दा हाहाकार हुन लागेको अवस्थामा वीरकर्मद्वारा दुर्जनको संहार गरी सज्जनको संरक्षण पूर्वक धर्मको स्थापना गर्न तथा विश्वभरी नै शान्ति सुरक्षा कायम गरी मानवलाई मानव भएर बाँच्न र मानवोचित सबै कर्म सुचारु रूपले गर्न दिनु नै कल्की अवतारको प्रयोजन हो । कल्की याज्ञवल्क्यका पुरोहित हुन् भनी अग्निपुराणमा[2] बताएको छ ।

नेपालमा कल्कीको स्वतन्त्र मूर्ति र मन्दिर देखिएको छैन, दशावतारका मूर्ति भने ठाउँठाउँमा छन् । पशुपतिनाथको मन्दिर पूर्व लरकै स्थापित मूर्तिमध्ये पनि कल्कीको मूर्ति छ । अन्यत्र पनि परिवारको रूपमा घोडचढी खड्गधारी कल्की मूर्ति देखिन्छ ।

लक्षण–

क्रुद्ध घोडचढी नाङ्गो खड्ग लिएर उफ्राउँदै हिड्ने म्लेच्छको नाश गर्ने

---

१. अग्नि १७ अ., २. अग्नि १७।८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महावली द्विजाति कल्कीको मूर्ति दुइ बाहुको गराउनू भनी वि. ध. मा[१] लेखेको छ ।

म्लेच्छको विनाश गर्ने कल्की धनु र ठोक्रो लिएका दुइ बाहुका वा घोडचढी तरवार उफ्राउँदै हिंड्ने चार बाहुका शङ्ख चक्र र बाण धारण गर्ने बनाउनु भन्ने अग्निपुराणको[२] मत छ ।

अग्निपुराणमा दुइ अध्यायदेखि सत्र अध्यायसम्ममा यसै क्रमअनुसार दशावतारको कथा छ । ब्रह्मपुराण, विष्णुपुराण, महाभारतमा बाहेक अन्यत्र यही क्रम पाइन्छ । ब्रह्मपुराणमा १ जलशायी, २ कमलनाभ, ३ यज्ञवराह, ४ नृसिंह, ५ वामन, ६ दत्तात्रेय, ७ परशुराम, ८ राम, ९ कृष्ण, १० कल्की यसरी दशअवतारको गणना छ । महाभारतमा १ वराह, २ नृसिंह, ३ वामन, ४ परशुराम, ५ राम, ६ कृष्ण, ७ हंस, ८ कूर्म, ९ मत्स्य, १० कल्की यी दशअवतार छन् । यस्तै अरू पनि कुनै कुनै पुराणमा छ । बुद्धको नाम नभए जति पुराण बुद्धभन्दा अघिका मानिन्छन् ।

ब्रह्मपुराणको ७१ अ. मा वराह, नृसिंह, वामन, परशुराम, दत्तात्रेय, राम र कृष्ण यी सात अवतार मात्रको पनि वर्णन छ । तदनुसार यी सात अवतारको समूहात्मक मूर्ति चाँगुनारायणको दक्षिणपट्टि छ । त्यसमा सात शिर र बाह्र बाहु छन् । वराहको बाहु छैन ।

(ज) चौबीस अवतार–

यद्यद्विभूतिमत्सत्वं श्रीमदूर्जितमेव वा,
तत्तदेवावगच्छ त्वं मम तेजोंशसंभवम् ।

"यो विश्वमा जो जति चर वा अचर वस्तु ऐश्वर्य–धनधान्यादिले युक्त छ, अथवा कान्ति (शोभा) ले युक्त र शक्तिले युक्त छ, त्यो वस्तु मेरो तेजको अंशबाट उत्पन्न भएको हो भन्ने जान ।" यो उक्तिअनुसार जति पनि धनधान्यादिले परिपूर्ण वस्तु, सुन्दर वस्तु र शक्ति (प्रभुशक्ति) सम्पन्न वस्तु परमेश्वरकै अंश हुने हुनाले शक्तिसम्पन्न जुन जुन तत्त्व (प्राणी) छन् तिनीहरूलाई दश अवतार र चौबीस अवतारमा गणना गरिएको छ । ती दश अवतार पनि चौबीस अवतारभित्र नै पर्दछन् । तदनुसार चौबीस अवतारका क्रमको श्रीमद्भागवतमा पनि भिन्नता देखिन्छ । जस्तै—

---

१. वि. ध. ९९ अ., २. अग्नि. ४९।९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भागवत २।७ मा १ वराह, २ यज्ञ, ३ कपिल, ४ दत्तात्रेय, ५ सनत्-कुमार, ६ नारायण, ७ नर, ८ पृथु, ९ ऋषभदेव, १० हयग्रीव, ११ मत्स्य, १२ कच्छप, १३ नृसिंह, १४ हरि (गजेन्द्रमोक्ष), १५ वामन, १६ हंस, १७ वैवश्वत मनु, १८ धन्वन्तरि, १९ परशुराम, २० राम, २१ कृष्ण, २२ व्यास, २३ बुद्ध, २४ कल्की पर्दछन् ।

श्रीमद्भागवतम १।३ मा १ सनत्कुमार, २ वराह, ३ नारद, ४ नर, ५ नारायण, ६ कपिल ७ दत्तात्रेय, ८ यज्ञेश्वर ९ ऋषभदेव, १० पृथु, ११ मत्स्य, १२ कच्छप, १३ धन्वन्तरि, १४ मोहिनी, १५ नृसिंह, १६ वामन, १७ परशुराम, १८ व्यास, १९ राम, २० बलराम, २१ कृष्ण, २२ बुद्ध, २३ कल्की, २४ जल-शायी, छन् ।

श्रीमद्भागवत ६।८ अनुसार १ हरि, २ मत्स्य, ३ वामन, ४ त्रिविक्रम, ५ नृसिंह, ६ वराह, ७ परशुराम, ८ राम, ९ नारायण, १० नर, ११ दत्तात्रेय, १२ कपिल, १३ सनत्कुमार, १४ हयग्रीव, १५ नारद, १६ कूर्म, १७ धन्वन्तरि, १८ ऋषभदेव, १९ यज्ञ, २० बलराम, २१ शेष, २२ व्यास, २३ बुद्ध, २४ कल्की ।

यसरी तीन प्रकारले चौबीस अवतारको गणना गरिएको छ । यस क्रममा बलराम, नारद, मोहिनी र शेष चौबीस अवतारमा कहीं पर्दछन् कहीं पर्दैनन् । त्यसैले यी चार अवतारसमेत संग्रह गर्दा चौबीस अवतारदेखि बढी हुन आउँछन् तापनि प्रसिद्धिमा चौबीस अवतार नै छन् । त्यसैले ती सबैको लक्षण गरिएको छ । तीमध्ये दश अवतारको लक्षण माथि नै गरिसकिएको छ । बाँकी अवतार यस प्रकार छन्—

११. हंस–

हंसावतारको प्रसङ्ग सबै पुराणमा छ । सृष्टिक्रममा मत्स्य कूर्म हंस आदि-बाट प्राणीसृष्टिको विकास हुँदै गएको मानिएको छ । विष्णुधर्मोत्तर ३ खण्डको ३२७ अध्यायदेखि ३७२ सम्म हंसगीता छ । त्यसमा हंसावतारले ऋषिहरूलाई उपदेश दिएको वर्णन छ । मत्स्यपुराणमा हंसावतारले मार्कण्डेयलाई उपदेश दिएका छन् । श्रीमद्भागवत ११।४ मा पनि यो कुरा छ । श्रीमद्भागवत ११।१३।१५–४२ मा हंसावतारले ब्रह्मालाई र सनत्कुमारलाई उपदेश दिएको कुरा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षण–

हंसो मत्स्यस्तथा[1] कूर्मः कार्यास्तद्रूपधारिणः

यस उक्तिबाट हंसको जस्तै हंसावतार विष्णुको मूर्ति बनाउनू भन्ने कुरा सिद्ध हुन्छ । नेपालमा खास हंसावतारको मन्दिर भएको कुरा थाहा छैन । कुनै अङ्गदेवताको रूपमा कहीं मूर्ति हुनु संभव छ ।

१२. नर–

धर्मबाट दक्षप्रजापतिकी छोरीमा जन्मेका कृष्ण, हरि, नर, नारायण चार भाइमध्ये नर र नारायणले बदरीकाश्रममा तप गरेको कथा छ । जन्मान्तरमा नारायण कृष्ण र नर अर्जुन बनेको उल्लेख छ । तीमध्ये नरको लक्षण यस प्रकार छ ।

लक्षण–

दुइभुजी महाबली[2] दूबो जस्तो वर्णको (श्याम वर्णको) नरको मूर्ति गराउनू भन्ने वि. ध. मा छ । नेपालमा परिवार देवताको रूपमा नरको मूर्ति पाउन संभव छ ।

१३. नारायण

नीलो कमल जस्तो चतुर्बाहु[3] नारायणको मूर्ति गराउनू भन्ने ग. पु. मा छ । नेपालमा चतुर्बाहु नारायणका मूर्ति प्रशस्त छन् । यो कुरा माथि नै बताइसकिएको छ ।

१४. हयग्रीव–

ब्रह्माजीको स्तुतिबाट प्रसन्न भएर हयग्रीवको स्वरूप धारण गरी नासाविवरबाट चारै वेद उत्पन्न गराउने हयग्रीवको वर्णन श्रीमद्भागवत २।७।११ मा छ । अन्यत्र दैत्यहरूले हरण गरेको श्रुतिको उद्धारका निमित्त ब्रह्माजीको प्रार्थनाले हयग्रीवको स्वरूप धारण गरी दैत्यहरूलाई नाश गरेर श्रुतिको उद्धार गरेका छन् ।

लक्षण–

शङ्ख, चक्र, गदा, पद्म धारण गर्ने सेतो वर्णको किरीट कुण्डल र वनमालाधारी चतुर्भुज हयग्रीवको मूर्ति गराउनू । अथवा पृथिवीका[4] बाहुमा पाउ राखेका

---

१. वि. ध. ३ खण्ड, २. वि. ध. ३, ३. गरुड पु. ३४ अ., ४. वि. ध. ३, हेमाद्रिव्रतखण्ड १ अ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णवस्त्रधारी हयग्रीवको मूर्ति अष्टबाहुको गराउनू र तलका चार बाहुमा शङ्ख, चक्र, गदा, पद्म र माथिका चार बाहुमा देहधारी चारवेदसहितका चार बाहु हयग्रीवका शिरमाथि गराउनू भन्ने वि. ध. मा लेखेको छ ।

अग्निपुराणअनुसार[1] शङ्ख, चक्र, गदा र वेद लिएका, बायाँ पाउ शेषमा र दायाँ पाउ कूर्ममा राखेका हयग्रीव पाइन्छन् । हयग्रीवोपनिषद्मा शङ्ख, चक्र, महामुद्रा र पुस्तक लिएका चतुर्बाहु हयग्रीव छन् । कमण्डलु र त्रिदण्ड लिने दुइ बाहुका हयग्रीव पनि मानिएका छन् ।

(१) हाँडीगाउँका धनगणेश मन्दिरमा लक्षणअनुसारको हयग्रीवको मूर्ति छ ।

(२) लैनसिंह बाङदेलका अनुसार हयग्रीवका ढलोटका प्राचीन मूर्ति पनि पाइन्छन् ।

(३) पशुपतिनाथदेखि पूर्वपट्टि लस्करै स्थापित मूर्तिमध्ये पनि हयग्रीवको मूर्ति छ ।

(४) टेकुको नवदुर्गाको मन्दिरको तोरणद्वारमा पनि हयग्रीवको मूर्ति अङ्कित छ ।

(५) अरू प्रसिद्ध मन्दिरहरूमा पनि अङ्गदेवताको रूपमा हयग्रीवको मूर्ति पाइन्छ ।

१५. कपिल–

कर्दमऋषिबाट देवहूतिमा जन्मेका सांख्ययोगाचार्य कपिलदेवको कथा प्रायः सबै पुराणमा छ । यिनले भक्तियोगयुक्त सांख्ययोगको उपदेश गरेका छन् ।

लक्षण–

यौटा बाहुले कमण्डलु लिने, एक बाहु काखमा राखेका, अरू दुइ बाहुमा शङ्ख चक्र लिएका, पद्मासन गरी तप गर्ने, आँखा चिम्लेर समाधिमा तल्लीन, जटाधारी, मृगचर्म लाएका, दाह्री पालेका, यज्ञोपवीतयुक्त भई महापद्मकलिकामा विराजमान, कपिलको मूर्ति गराउनू भन्ने वि. ध. को र हेमाद्रिको मत छ ।

---

१. अग्नि. ४९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा कपिलदेवको मुख्य मन्दिर र मूर्ति भएको थाहा छैन, अङ्गदेवताको रूपमा कहीं मूर्ति हुनु सम्भव छ। कपिलदेवले आमा देवहूतिलाई उपदेश दिएर पुलहाश्रममा (कृष्णागण्डकीको तटप्रदेशमा) आई तप गरेको कुरा देवीभागवत ४।१९ मा र अन्यत्र पनि छ। त्यसैको आधारबाट कपिलवस्तु नामकरण भएको छ। कपिलवस्तुको अर्थ कपिलदेवको वासस्थान हो। त्यो प्रदेश नेपाल अधिराज्यको लुम्बिनी अञ्चलमा छ। त्यहाँ पनि मूर्ति र मन्दिर भएको भने थाहा छैन।

१६. व्यास

वेदको विभाग गर्ने, अठार पुराण र अठार उपपुराण, महाभारत र वेदान्त सूत्र (ब्रह्मसूत्र) आदिका कर्ता व्यासजीलाई विष्णुको अवतारको रूप मानेको छ। यिनको कथा सबै पुराणमा छ।

लक्षण–

दुब्ला[१], काला, कैला जटा गरेका, पुस्तक र जपमाला दुइ बाहुमा लिने व्यासजी बनाउनू र सुमन्तु, जैमिनी, पैल र वैशम्पायन चार शिष्य उनको अगल बगलमा राख्नू भनेर लक्षण गरेको छ।

व्यासजीको स्तुति भएको अभिलेख हाँडीगाउँको सत्यनारायणस्थानको गरुडध्वजमा छ। यसबाट व्यासजीलाई नै चतुर्बाहु विष्णु मानेको वा व्यासजीको मूर्ति पनि त्यहाँ थियो होला भन्ने अनुमान हुन्छ। हाल त्यहाँ व्यासजीको मूर्ति पाइँदैन। दमौलीमा व्यासगुफा र व्यासको मूर्ति छ।

१७. धन्वन्तरि

समुद्रमथन गर्दा अमृतपूर्ण घडा दुइ बाहुमा लिएर उत्पन्न भएका धन्वन्तरि विष्णुको अवतार मानिएका छन्।

लक्षण–

दुवै बाहुले[२] अमृतपूर्ण कलश लिने, दुइ बाहुको, सुन्दर मूर्ति गराउनू भनी वि. ध. मा छ। उक्त लक्षणअनुसारको सुन्दर भव्य मूर्ति धोपाटनको जयवागेश्वरी अगाडि सडकको उत्तर किनारामा छ। अन्यत्र पनि परिवारको रूपमा यिनको मूर्ति हुनु सम्भव छ।

---

१. वि. ध. ३ ख. र हेमाद्रि व्र. अ. १, २. त्यहीं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८. दत्तात्रेय

भगवान् विष्णुले अत्रि ऋषिलाई दिइएका विष्णुका अंश पुत्र हुनाले यिनलाई दत्तात्रय भनेको हो। यी ठूला योगी, ज्ञानी र जिज्ञासु छन्। दत्तात्रेयका चौबीस ओटा गुरुको कथा श्रीमद्भागवतमा छ। यिनको कथा प्रायः सबै पुराणमा छ। जाबालोपनिषद्मा र दत्तात्रेयोपनिषद्मा पनि यिनको वर्णन छ। प्रह्लाद, अलर्क आदिलाई यिनले तत्त्वज्ञानको उपदेश दिएका छन्। उनी अवधूतभेषका छन् र उनको नामबाट दत्तात्रेय सम्प्रदाय पनि चलेको छ। यस सम्प्रदायलाई अवधूत सम्प्रदाय भन्दछन्।

लक्षण–

गौरवर्ण, जटाधारी[1], शान्त, तपस्वी, मध्यम मोटाइका दत्तात्रेय गराउनू। अथवा काखमा लक्ष्मी लिएका, दुइ बाहुका दत्तात्रेय गराउनू भनी बताएको छ।

नेपाल भक्तपुरमा दत्तात्रेयको प्रसिद्ध मूर्ति छ। तथा चापागाउँ यकुटोलको गणेशस्थानदेखि दक्षिणको जलद्रोणीमा पनि यिनको मूर्ति छ। दक्षिणभारतमा यिनको उपासनाको व्यापक प्रचार छ।

१९. भगवान् यज्ञेश्वर

महर्षि रुचिकी पत्नी आकूतिबाट प्रकट भएर अग्निहोत्र महायज्ञको स्थापना गर्ने हुनाले यिनलाई यज्ञ वा यज्ञेश्वर मानेको हो भनी लेखेको[2] छ।

लक्षण–

यज्ञका सामग्री नै यज्ञेश्वरको स्वरूप[3] हो।

२०. बलराम–

श्रीकृष्णका दाज्यू बनेर अवतार ग्रहण गर्ने श्रीबलरामको कथा प्रायः सबैले जानेका छन्। बालककालदेखि नै श्रीकृष्णका सहयोगी बनी साथसाथै क्रीडारत यिनी सबै पुराणमा पाइन्छन्।

---

१. वि. ध. ३ ख. र हेमाद्रि व्र. अ. १, २. हिन्दू संस्कृति पृ. ८०७, ३. वि. ध. ३ ख., हे. व्र. अ. १।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षण–

हलो मुसल लिने, कुण्डलधारी, श्वेतवर्ण, कृष्णाम्वरधारी, मदले आँखा घुमाउने, बलराम गराउनू भन्ने वि. ध.[१] मा लेखेको छ।

अग्निपुराणअनुसार[२] धनु बाण वा खड्ग शङ्ख वा गदा हलो लिने दुइभुजी वा बाँया माथि र तल हलो र शङ्ख, दाँया माथि र तल मुसल र चक्र लिने शान्त र गौरवर्ण नीलो वस्त्रधारी लामा कानका बलराम छन्।

(१) ललितपुरको रातोमच्छिन्द्रनाथको मन्दिरनेर।
(२) जयवागेश्वरी अगाडि चतुर्व्यूहमूर्तिमध्ये।
(३) शुभाभगवतीको दक्षिणपट्टि।
(४) शेषनारायणको अगाडिको तलाउनेरको कृष्णमन्दिरमा समेत दुइभुजी र चतुर्भुजी यिनीका मूर्ति छन्।

२१. हरि (गजेन्द्रमोक्ष)

आधिदैविक जगतमा हरिमेधा नामका ऋषिकी पत्नी हरिणीका गर्भबाट जन्मग्रहण गर्ने भगवान् हरिले ग्राहका फन्दाबाट गजेन्द्रलाई मोक्ष गराएको कथा पुराणमा छ। गजेन्द्रमोक्षस्तोत्र श्रीमद्भागवतमा र महाभारतमा प्रसिद्ध छ। हरिमेधा ऋषिका पुत्र हुनाले नै यिनलाई हरि भनेको हो।

लक्षण–

गरुडवाहन, चतुर्बाहु, शङ्खचक्रगदापद्मधारी, तलाउबाट चक्रले ग्राहको मुख काटी गजेन्द्रलाई छुटाउन लागेको यिनको मूर्ति गराउनू भन्ने लक्षण[३] छ।

१ चाँगुनारायण, २ इचङ्गुनारायण, ३ नारायणहिटीनारायण आदि नेपाल उपत्यकाका प्रसिद्ध सबै नै गरुडवाहन नारायण यी नै गजेन्द्रमोक्ष गर्ने हरि (नारायण) हुन्। आफूलाई आपत् विपतबाट उद्धार गराउन कर्ताले यो मूर्तिहरूको स्थापना गरेका हुन्।

२२. सनत्कुमार–

देवर्षि भनी मानिएका नारद ऋषिलाई श्रीमद्भागवतको उपदेश दिने, सनत्-

---

१. वि. ध. ३, २. अग्नि ४९, ३. श्रीमद्भागवत ८।१।३, ८।४।३३ र महाभारत शान्तिपर्व।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारसंहिता नामको धर्मशास्त्र ग्रन्थका कर्ता ज्ञानमार्गका प्रवर्तक सनत्कुमार वैष्णवशिरोमणि मानिन्छन् । त्यसैले यिनीलाई पनि वैष्णवाचार्यहरूले अवतारमा गणना गरेका छन् ।

लक्षण–

सधैं पाँच वर्षका[1] बालक जस्ता, ब्रह्मचारी भेषका, दुइ बाहुका, जनै धारण गर्ने असाधारण तपस्वी सनत्कुमारको वर्णन पाइन्छ ।

२३. नारद

वैष्णवतन्त्रशास्त्र, पाञ्चरात्रका र वैष्णवधर्मका प्रवर्तक र प्रचारक, महती नामको वीणा हातमा लिई बजाउँदै र गाना गर्दै हिंड्ने, देवर्षि भनी मानिएका जनै धोती उपर्ना धारण गर्ने नारद दुइ बाहुका गराउनू[2] ।

२४. ऋषभदेव

नाभि नामका राजाकी रानीको कोखबाट ऋषभदेवजीको प्रादुर्भाव भयो । यिनको अलौकिक शक्तिदेखि लज्जित भएका देवराज इन्द्रले यिनलाई आफ्नी जयन्ती नामकी छोरी दिएर यिनको विवाह भयो । यिनका सय पुत्र भए । तीमध्ये जेठा छोरा भरतलाई राजपाठ दिएर आफू वानप्रस्थी बनी नेपालको रिडीमा आई तप गर्न लागे । आखिरमा उन्मत्त अन्ध जड बधिर जस्तो बनी अवधूतको भेषमा रहन लागे । जैनधर्म यिनलाई प्रथम तीर्थङ्कर मान्दछ, उनैको आचारको व्याख्या पछिका जैनाचार्यले गरे । यिनको कथा श्रीमद्भागवतको पञ्चमस्कन्धमा र अन्यत्र पनि पाइन्छ ।

लक्षण–

सम्पूर्ण राजलक्षणयुक्त, अवधूतको चरित्र र भेषका, जटा पालेका, उन्मत्त अन्ध जड बधिर जस्ता, मौनी, नाङ्गा, सुतेको सुत्यै खान पान शौचादि गर्ने यिनको वर्णन छ ।

२५. पृथु–

वेन नामका राजाको दुराचारले सन्तप्त पृथिवीका सम्पूर्ण प्रजामा हाहाकार

---

१. श्रीमद्भागवत २।७।१६, २. श्रीमद्भागवत १।३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन लाग्यो । ऋषिहरू क्रुद्ध भएर शापद्वारा वेनको नाश गरेर वेनको नै शरीर मथन गरी दायाँ बाहुबाट पृथु र बायाँ बाहुबाट अर्चि प्रकट भए । वेनको पापद्वारा अन्नादि उत्पादनमा अक्षम भएकी पृथिवीको दोहन गरेर पृथुले पृथिवीबाट पुनः सबै चीजको उत्पादन गरे । पृथुले पृथिवीलाई छोरी माने । त्यसै बेलादेखि भूमिको नाम पृथिवी भयो । वर्तमान जगत्को संस्कृति र सभ्यताको जन्म पृथुले गराएका हुन् भनी मानेको छ ।

लक्षण–

धनुमा बाण चढाउँदै पृथिवीमा प्रहार गर्न लागेका, कामेको गोरूप धारिणी भूमिले हात जोरिएका, सम्पूर्ण राजलक्षणयुक्त दुइ बाहुका राजर्षि पृथुको वर्णन छ ।

२६. मोहिनी–

समुद्र मथन गर्दा निस्केको अमृतमा विवादग्रस्त देवता र असुरका बीचमा सुन्दरी स्त्रीको स्वरूपमा प्रकट भई असुरलाई मोहित पारी देवतालाई अमृत पिलाएर अजरामर गराउने महादेवलाई पनि मोहित गराउने मोहिनी अवतारको वर्णन[1] छ ।

लक्षण–

विष्णुधर्मोत्तरमा[2] सर्वाभरणभूषित बायाँ बाहुमा अमृतको घडा लिएको, सुन्दरी स्त्रीको स्वरूप गरेको मोहिनीको वर्णन छ ।

२७. वैवस्वत मनु

मत्स्यावतारले उद्धार गरिएका सत्यव्रत वा श्राद्धदेव नै अर्को कल्पमा वैवस्वत मनु बनेका छन् । इक्ष्वाकु राजा यिनैका दश पुत्रमध्ये एक पुत्र हुन्, राम पनि यिनैका वंशज हुन् । वर्तमान मनुस्मृति यिनैको कृति हो, जसको मूलाधार प्राचीन मानव धर्मसूत्र थियो । मनुस्मृति धर्मशास्त्र र समाजशास्त्र समेत हो । यिनको उल्लेख ऋग्वेदमा पनि छ ।

लक्षण–

राजलक्षणयुक्त[3], जटा, रुद्राक्षमाला र कमण्डलु लिने, बुढ्ा, तेजस्वी र तपस्वी यिनको स्वरूप गराउनू ।

---

१. श्रीमद्भागवत, २. वि. ध. ३।७०, ३. त्यहीं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२८ शेष–

यिनलाई अनन्त पनि भन्दछन् । यिनी अधोदिशाका स्वामी मानिन्छन् । जलमग्न पृथिवीमा जलमाथि विराजमान शेषनागको शय्या गरी शेषशायी विष्णु प्रकट भएको कथा पुराणहरूमा छ ।

लक्षण–

रक्तवर्ण, सेतो कमलको माला लाउने, हजार शिरका, शिरमा कमल धारण गर्ने अनन्त वा शेषको मूर्ति गराउनू[1] भनी विश्वकर्म शास्त्रमा लेखेको छ ।

पूर्वोक्त अट्ठाईस मूर्तिमध्ये सनत्कुमार, नारद, पृथु, र शेष यी चार अवतारको लक्षण विष्णुधर्मोत्तरमा छैन । त्यसैले यी चार अवतार बाहेक अरू चौबीस अवतार सर्वसम्मत छन् । कहीं नरनारायण यौटै अवतार मानेर ध्रुवका निम्तिका गरुडवाहन विष्णुलाई चौबीस अवतारमा गणना[2] गरेको छ ।

(क) विष्णुका आयुधहरू

शङ्ख–पाञ्चजन्य	—	पञ्चजन नामको दैत्यको अस्थिबाट बनेको शङ्ख ।
चक्र–सुदर्शन	—	सहस्रधारयुक्त चक्का भएको चक्र ।
गदा–कौमोदकी	—	कुको अर्थ विष्णु हो र उनलाई मोदक (खुशी) गराउने अति प्रिय गदा ।
खड्ग–नन्दक	—	सबै देवतालाई हर्ष गराउने खड्ग ।
धनु–शार्ङ्ग	—	सिङबाट बनेको धनु ।

विष्णुका आभूषणहरू

मणि-कौस्तुभ	—	समुद्र मथन गर्दा उत्पन्न भएको मणि ।
चिह्न–श्रीवत्स	—	सेतो रौंको भँवरी वा क्रुद्ध दुर्वासाको पादघातको चिह्न हो भन्ने मुकुटको मत अमरकोशको सुधा टीका-मा र टिप्पणीमा देखाएको छ ।
माला–वनमाला	—	आपादपद्मं या माला वनमालेति सा मता, (अमर सुधा ११ पृ.) पत्रपुष्पमयी माला वनमालेति कीर्तिता (मल्लीनाथ)

१. हेमाद्रि व्र. ख. १ अ. पृ. १३९, २. हिन्दू सं. विशेषाङ्क ७८८।७९६–८१२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजानुलम्बिनी माला सर्वर्तुकुसुमोज्वला,
मध्ये स्थूलकदम्बाढचा वनमालेति कीर्तिता ।
(हरिवंश विष्णुपर्व, गीता प्रेस पृ. २४३)

यी उक्तिहरू अनुसार पाउसम्म लर्केको वा पात, फूल मिलाई उनिएको वा घुंडासम्मको बीच बीचमा कदमको फूल उनिएको बाह्रमासे फूलको माला वनमाला हो ।

सहयोगीहरू — सारथी–दारुक । मन्त्री–उद्धव । वाहन–गरुड ।
अश्व — शैव्य, सुग्रीव, मेघपुष्प, बलाहक (रथका अश्वहरू) ।
पार्श्ववर्ती — जय, विजय आदि ।

(ञ) परिवार–

(१) लक्ष्मी
(२) सरस्वती
(३) पृथिवी
(४) रुक्मिणी
(५) सत्यभामा
(६) गरुड
(७) हनूमान्
(८) कामदेव
(९) बलराम
(१०) प्रद्युम्न
(११) अनिरुद्ध

(१) लक्ष्मी

लक्ष्मीको वर्णन वेद (मन्त्रभाग ब्राह्मणभाग), उपनिषद्, पुराण, तन्त्रहरू सबैमा प्रशस्त पाइन्छ । श्री र लक्ष्मी दुइ परमेश्वरका पत्नी भनी बताएको[१] छ । ऋग्वेदमा श्रीसूक्त र लक्ष्मीसूक्त प्रसिद्ध[२] छ । सुवर्णादि धनका साथमा श्रीको र शोभा सौभाग्य आदिका साथमा लक्ष्मीको सम्बन्ध बताएकाले श्री र लक्ष्मी दुइ मूर्ति वेदमा भिन्नाभिन्नै मानिएका देखिन्छन् । एतावता श्री र लक्ष्मीको सुवर्ण, पद्म र बिल्वका साथ घनिष्ठ सम्बन्ध बुझिन्छ । यी दुइको पुराणमा भिन्नाभिन्नै लक्षण गरेको छ ।

लक्ष्मीको उत्पत्ति समुद्रमथन गर्दा क्षीर समुद्रबाट भएको हो भनी मानिएको छ र यिनी विष्णुपत्नी हुन् भन्ने कुरा वेदादिमा प्रसिद्ध छ । तिनको लक्षण यसरी गरेको छ ।

(क) द्विभुजा दिव्यस्वरूपा[३] कमल धारण गरेकी सर्वाभरणभूषिता शुक्लवस्त्र

---

१. शु. य. ३१।२२, २. ऋग्. परिशिष्ट, ३. वि. ध. ३।८२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धारण गरेकी, गोरो वर्ण र असाधारण सुन्दर स्वरूपकी लक्ष्मी विष्णुका साथ गराउनू ।

लक्ष्मीको मात्र छुट्टै मूर्ति बनाउँदा चतुर्भुजा, शुभ्रसिंहासनस्थिता लक्ष्मीलाई सुन्दर अष्टदल कमलको कर्णिकामा विराजमान गराउनू । दायाँ बाहुको केयूर लाउने स्थानमा लामो डाँठको सुन्दर फुलेको कमल अडेको गराउनू । बायाँ बाहुमा अमृतको कलश र अरू दुइ बाहुमा बिल्व फल र शङ्ख गराउनू । लक्ष्मीको पछाडि-पट्टि दुइ हात्तीले दुइतिरबाट सुवर्ण कलशले स्नान गराएको र शिरमा सौभाग्यको चिह्न सुन्दर विकसित पद्म गराउनू ।

अथवा शङ्ख र पद्म धारण गरेको, लालवर्णको, सर्वाभरणभूषित, उठेको लक्ष्मीको मूर्ति गराउनू र अगल बगलमा दायाँ दुइ बाहु शिरमा राखेका र बायाँ दुइ बाहुमा खड्ग धारण गरेका दुइ विद्याधरले दर्शन गरिरहेका र लक्ष्मीका समीपमा सुन्दर, सुभूषित, राज्यलक्ष्मी, स्वर्गलक्ष्मी, ब्रह्मलक्ष्मी र जयलक्ष्मीको मूर्ति गराउनू । लक्ष्मी रहेको कमल केशवको स्वरूप हो । केशव विना लक्ष्मी एक छिन पनि रहन सक्तिनन् । त्यसैले लक्ष्मीलाई कमलको आसनमा विराजमान गराउनू । कमलासनाको अर्थ केशवको काखमा लक्ष्मी रहेको गराएको हो भनी बताएको[१] छ ।

मत्स्यपुराणमा[२] लक्ष्मीको दायाँ बाहुमा कमल, बायाँ बाहुमा बिल्वफल धारण गरेको दुइ बाहुको, पछाडि दुइतिरबाट दुइ हात्तीले सुवर्णका झारीले स्नान गराएको, पार्श्ववर्ती नारीले चमर हम्केको, सिंहासनमा पद्ममाथि विराज-मान लक्ष्मीको मूर्ति बनाउनू भनेको छ ।

अग्निपुराणमा पनि यस्तै लक्षण गरेको छ ।

हेमाद्रिमा[३] (क) लक्ष्मी र (ख) श्री यी दुइथरी मूर्तिको लक्षण यसरी बताएको छ ।

(क) महालक्ष्मी– महालक्ष्मीको दायाँ तल्लो बाहुमा पात्र, माथिल्लोमा गदा, बायाँ माथिल्लो बाहुमा खेटक र तल्लोमा श्रीफल (बिल्वफल) लिएको गराउनू ।

---

१. वि. ध. ३।८२, २. मत्स्य १६१।४–४६, ३. हेमाद्रि व्र. ख १ अ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) श्री– नवयौवनको, पुष्ट गाला, लाल ओष्ठ, कुञ्चित आँखीभौं, पुष्ट उन्नत स्तन गरेकी, मणिको कुण्डल लगाएकी, मण्डलाकार मुहारको स्यूँधोमा सिन्दूर, बिन्दी, पद्म, स्वस्तिक र शङ्ख धारण गरेकी, कुण्डलाकार अलकले सुशोभित, कञ्चुक हार र हात्तीसूँढे दुइ बाहुमा केयूर, कटक लगाएकी, बायाँ बाहुमा पद्म दायाँ बाहुमा बिल्वफल, कटिमा मेखला लाएकी, तप्त काञ्चन जस्तो वर्णकी, उत्तम भूषण र वस्त्रले सुशोभित, पद्मासन गरेकी, दुइतिरबाट दुइ हात्तीले सुनका झारीले स्नान गराइएकी, अरू दुइ हात्तीले सुनकै झारीले पाउ धोइएकी, पार्श्वमा चमर धारिणी नारीहरू भएकी, लोकेश्वर, गन्धर्व, गुह्यकहरूले स्तुति गरिएकी, सुन्दर श्रीको मूर्ति बनाउनू भनेको छ ।

(१) विष्णुका साथको लक्ष्मीको मूर्ति नेपाल अधिराज्यमा विभिन्न स्थानमा पाइन्छन् । .

(२) पाँचौं शताब्दीको पद्महस्ता लक्ष्मीको मूर्ति राष्ट्रियसंग्रहालयमा छ ।

(३) गजलक्ष्मीको मूर्ति पाटन च्यासलहिटीमा छन् (हात्तीले सेवा गरिएकी लक्ष्मीलाई गजलक्ष्मी भन्छन्) । यिनी नै श्री हुन् ।

(४) श्री (लक्ष्मी) का मूर्ति हाँडीगाउँमा र तिलौराकोटमा छन् । यी मूर्ति पहिलो शताब्दीका मानिन्छन् ।

(२) सरस्वती

यिनको वर्णन सबै वेदमा पाइन्छ । ऋग्वेदमा विद्याधिष्ठात्रीको[1] रूपमा, धनाधिष्ठात्रीको रूपमा र नदीको रूपमा पनि सरस्वतीको वर्णन पाइन्छ । यजुर्वेदमा[2] अश्विनीकुमारका साथमा रहेर यिनी धन र सुन्दरस्वरूपको निर्माण निर्माण गर्दछिन् भनी बताएको छ । अर्को ठाउँमा[3] सरस्वतीलाई अश्विनीकुमारकी पत्नी मानी वर्णन गरेको छ । पुराणमा आएर सरस्वतीको आधिदैविक अवस्थाका नाना रूप मानिएको छ र मुख्य रूपमा विष्णुकी पत्नी मानेको छ ।

लक्षण–

सबै भूषणले युक्त, चतुर्बाहु, दायाँ बाहुमा पुस्तक र जपमाला, बायाँ बाहुमा

---

१. ऋग् १।८९।३, ५।६१ मा सरस्वतीसूक्त, ७।२।८, ७।३६।७, ५।४२।१२, १०।६५।१, १०।७७।८, १०।७५।५, २. यजुः १९।८३, ३. १९।९४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीणा र कमण्डलु धारण गरेकी, श्वेतवर्णकी, उठेको सरस्वतीको मूर्तिको वर्णन वि. ध.[1] मा छ। त्यहीं[2] अर्को ठाउँमा अक्षमाला, त्रिशूल, पुस्तक र कमण्डलु लिएको चतुर्बाहु मूर्तिको वर्णन छ। अग्निपुराणमा[3] पनि यस्तै लक्षण छ।

उपत्यकाका सरस्वतीमूर्तिहरू

(१) लेलेको प्रसिद्ध सरस्वतीमूर्ति।
(२) लाजिम्पाटमा प्रसिद्ध नीलसरस्वती।
(३) स्वयम्भूको प्रसिद्ध सरस्वती।
(४) नारायणहिटी नारायणस्थानको सरस्वती।
(५) पशुपतिको वत्सलानेरको मूर्ति। (दुइ बाहुको)
(६) टुपेकको मूर्ति।
(७) महाङ्कालस्थान अगाडि भित्ताको मूर्ति।
(८) बोडेको सरस्वतीमूर्ति।
(९) दुम्जा कुशेश्वरको सरस्वतीमूर्ति।
(१०) दोलखा भीमेश्वरमा र
(११) मूलकोट बालुकेश्वरमा।

तथा अधिराज्यभरी नै मुख्य रूपमा र परिवारको रूपमा सरस्वतीमूर्ति पाइन्छन्। विष्णुका साथमा अगल बगलमा लक्ष्मी र सरस्वती रहेको मूर्ति चाँगुनारायण आदिमा देखिन्छन्।

(३) पृथिवी–

पृथिवीलाई माता[4] र आकाशलाई पिता मानेर वेदमा वर्णन गरिएको छ। यिनको वर्णन सबै वेदमा छ। ऋग्वेदको पृथिवीसूक्त प्रसिद्ध छ। पृथिवीको प्राकृतिक स्वरूपलाई आधिदैविक रूप दिएर पृथिवीकी अधिष्ठात्री देवी मानी सगुणोपासना पनि चलाएर तदनुसारको स्वरूपको वर्णन पुराणहरूमा छ। त्यहाँ विष्णुलाई पतिको रूपमा र पृथिवीलाई पत्नीको रूपमा वर्णन गरेको छ। यसमा वेदको पिता द्यौको प्रतीकात्मक मूर्ति विष्णु र माताको प्रतीकात्मक मूर्ति पृथिवी हुनाले यी दुइको पतिपत्नीभाव कल्पना गरिएको हो।

---

१. वि. ध. ८३।३४, २. वि. ध. ३।७०, ३. अग्नि. ५० अ., ४. ऋग्वेद १।५९।१६०, १।१८५, ४।५६ आदि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षण–

सुगाको जस्तो हरियो वर्णकी, दिव्यभूषणयुक्त, चतुर्बाहु, श्वेतवस्त्रा, रत्नपात्र, सस्यपात्र, औषधिपात्र र पद्म बाहुहरूमा लिने, चारोटा दिग्गजको पीठमा विराजमान सर्वौषधियुक्ता, श्वेतवर्णकी पृथिवीको मूर्ति बनाउनू भन्ने वि. ध. मा छ।

नेपालमा विष्णुका साथमा पृथिवीका मूर्ति चाँगु, इचङ्गुनारायणका समीपमा विष्णु मूर्तिका साथमा र अन्यत्र पनि छन्। भूमिको छुट्टै मन्दिर र मूर्ति मेरो दृष्टिमा परेको छैन।

(४) रुक्मिणी

कृष्णावतारका विष्णुकी शक्ति रुक्मिणी मानिन्छिन्। यिनको वर्णन कृष्णका प्रसङ्गका सबै पुराणमा पाइन्छन्।

लक्षण–

दुइ बाहुकी नौलो कमल लिएकी, श्यामवर्णकी रुक्मिणी बनाउनू भनी वि. ध. मा लेखेको छ। रुक्मिणीको मूर्ति फर्पिङको कृष्णमन्दिरमा र अन्यत्र पनि कृष्णका साथमा छ।

(५) सत्यभामा

सत्यभामा पनि कृष्णकी शक्ति हुन्। उनको प्रसङ्गले श्रीकृष्णले स्वर्गमा गई इन्द्रका साथमा युद्ध गरेर पारिजात हरण गरेको कथा छ।

लक्षण–

सुन्दरी, गरुडमाथि चढेकी, दुइ बाहुकी, पारिजातको मञ्जरी लिएकी, यिनको लक्षण वि. ध. मा छ।

फर्पिङको कृष्ण मन्दिरमा कृष्णका साथमा यिनको मूर्ति छ। अन्यत्र पनि कृष्णका साथ यिनको मूर्ति पाइन्छ।

(६) गरुड

यिनको वर्णन सबै वेदमा पाइन्छ। ऋग्वेदमा सुपर्णसूक्त पनि छ। पुराणमा गरुड विष्णुका बाहन मानिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्षण–

पन्ना जस्तो[१] हरियो वर्ण, लाटोकोसेरोको जस्तो नाक, गोल नेत्र र मुख, गिद्धको जस्तो पाउ, तेजिला पखेटा भएको, सियूर नभएको छाता र पूर्ण कुम्भ दुइ बाहुमा लिएको, दुइ बाहु जोरेको, चतुर्बाहु, लामो पेटको, सर्वाभरणभूषित गरुडको वर्णन वि. ध. मा छ। अर्को ठाउँमा दुइ बाहुको र दुवै बाहु जोरेको, टुक्रुक्क बसेको लक्षण छ। यही दोस्रो लक्षणअनुसारका गरुडका मूर्तिहरू नेपालमा पाइन्छन्।

नेपालमा गरुडका मूर्तिहरू

(१) चाँगुनारायण अगाडि।
(२) नारायणहिटीका नारायण अगाडि।
(३) काठमाडौं गद्दीबैठकका नारायण सामु।
(४) मखन टोलमा।
(५) शिखरनारायण अगाडि।
(६) पशुपतिको राममन्दिर अगाडि।
(७) इचङ्गुनारायण अगाडि।
(८) विशङ्खुनारायणको तल।

र नेपालका सम्पूर्ण विष्णुमन्दिरमा गरुडको मूर्ति पाइन्छ।

(७) हनूमान्

यी रामका परमभक्त छन्। यिनको कथा रामको कथाका प्रसङ्गमा सर्वत्र पाइन्छ।

लक्षण–

बाहुमा वज्रधारण[२] गर्ने, आफ बसेको आश्रमको आफैं पीडा गर्ने हनूमान् दुइ बाहुका छन्।

यिनका मूर्तिहरू

(१) हनूमान्ढोका अगाडि।
(२) हनूमान्ढोकाको घण्टा अगाडि।

---

१. वि. ध. ३।५४, २. अग्नि. ५१।१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) पशुपतिका रामचन्द्र अगाडि ।

(४) पशुपतिको पश्चिमढोका अगाडि ।

(५) गौरीघाटमा ।

(६) नारायणहिटीका नारायणको दक्षिणपट्टि ।

(७) फर्पिङको कृष्णमन्दिर अगाडि ।

(८) जनकपुरका राममन्दिरहरूमा र

(९) प्रायः नेपालका विष्णु र राम मन्दिरमा सर्वत्र छन् ।

(८) कामदेव

अति सुन्दर, अष्टबाहु[१], शङ्ख, पद्म, चाप, बाण चार बाहुमा र अरू चारै बाहु रतिका कुचकुम्भमा राख्ने, रति, प्रीति, शक्ति र मदशक्ति यी चार सुन्दरी पत्नीले सहित तथा मकरकेतु र पञ्चबाणले युक्त, दायाँपट्टि संकर्षण, बायाँपट्टि वासुदेवको मूर्ति भएको कामदेवको मूर्ति बनाउनू भनी वि. ध. मा बताएको छ ।

मत्स्यपुराणमा[२] पार्श्वमा मकरध्वज र अश्वमुख रहेको, दुइ बाहुको, दायाँ बाहुमा पुष्प बाण र बायाँ बाहुमा पुष्पकै धनु लिएको, दायाँपट्टि भोजनपात्र लिएकी प्रीति र बायाँपट्टि विछयौना ठीकठाक गर्न लागेकी रतिलाई साथमा लिएको, सधैं कामातुर पार्श्वमा जलवापी र नन्दन वन भएको, खिस्स हाँसिरहेको कामदेवको मूर्ति बनाउनू भनेको छ ।

(१) नेपाल उपत्यकामा हनूमान्ढोकाको सुन्दरीचोकमा ।

(२) भक्तपुर दरबारको सुन्दरीचोकमा ।

(३) ललितपुर दरबारको सुन्दरीचोकमा र

(४) जयवागेश्वरीको सुनधाराको जीर्णोद्धार भएको ठाउँमा कामदेवका मूर्ति छन् ।

(९) बलराम, प्रद्युम्न र अनिरुद्ध

चतुर्व्यूह मूर्ति बाहेक श्रीकृष्णका परिवारमा रहेका बलराम, प्रद्युम्न र अनिरुद्ध यी सबै दुइ बाहुका छन् । तदनुसारको बलरामादिको वर्णन चौबीस अवतार अन्तर्गत नै गरिएकोछ ।

---

१. वि. ध. ३।७३, २. मत्स्य. २६१।५३--५७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुका युगल मूर्ति–

(१) लक्ष्मीनारायण

संयुक्त दिव्यरूप दक्षिणपट्टि विष्णु, बायाँपट्टि लक्ष्मी रहेको, लक्ष्मीको दायाँ बाहुले विष्णुको गलामा आलिङ्गन गरेको, लक्ष्मीको बायाँ बाहुले कमल लिएको, विष्णुको बायाँ बाहु लक्ष्मीको पेटमा रहेको गराउनू। लक्ष्मी सबै भूषणभूषित, बत्तीसलक्षणयुक्त होउन्। समीपमा चामरग्राहिणी, सिद्धिदेवी, बायाँपट्टि लक्ष्मीमुनि गरुड र हार र केयूरधारी बाउन्ने दुइ पुरुष शङ्ख र चक्र धारण गरेर विष्णु-लक्ष्मीका नगीचमा रहुन्। नजीकमा उपासक रशना, योगपट्ट, शिखा र अञ्जलि-युक्त ब्रह्माजी र शिवजीको पनि स्थापना[१] गर्नू।

उक्त लक्षणअनुसारका मूर्तिहरू नेपालमा कुनै कुनै मात्र छन्। धेरैजसो मूर्तिमा सबै लक्षण मिल्दैन। ती मूर्ति यी हुन्–

(१) नारायणहिटी नारायणस्थानमा।
(२) नारायणहिटी धारावरिपरी।
(३) गुह्येश्वरी घाटमा।
(४) मृगस्थलीमा।
(५) गौरीघाटमा।
(६) धौपाटनमा।
(७) पशुपति सप्तमातृकानेर।
(८) राजेश्वरी घाटको नवदुर्गानेर।
(९) पशुपति मन्दिरवरिपरि।
(१०) तेह्रौं शदीको रा. सं. को लक्ष्मी, भूमिसहित।
(११) चाँगुनारायण आदि स्थानमा।
(१२) पशुपति मन्दिरभित्र ३ फुटे मूर्ति।
(१३) पाटन दक्षुतःक्याटोलको मूर्ति।
(१४) भक्तपुर धूपिघाटको महादेव मन्दिरमा।
(१५) हनुमान्ढोका तलेजूनेरको पिपल बोटमुनि।
(१६) पाटनकै क्याटोलमा दुइतले मन्दिरभित्र।
(१७) भक्तपुर दत्तात्रेय मठनेर।

---

१. हेमाद्रि व्र· ख. १ अ.,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१८) पाटनको संग्रहालयमा ।

(१९) रष्ट्रियसंग्रहालयमा ।

यस्तै अन्यत्र पनि युगलमूर्ति पाइन्छन् ।

स्मरणीय छ यीमध्ये तीन फुटे लक्ष्मीनारायणका मूर्तिहरू मल्लकालिक मानिएका छन् ।

(२) हरिहर–

दायाँ आधामा[१] श्वेतवर्ण त्रिशूलधारी वृषभयुक्त शिवको मूर्ति र बायाँ आधामा नीलवर्ण चक्रपद्मधारी गरुडयुक्त विष्णुको मूर्तिलाई हरिहर भन्दछन् भन्ने वि. ध. मा लेखेको छ ।

अग्निपुराणमा[२] यस मूर्तिलाई हरिशङ्कर मानेको छ र यस्तो लक्षण गरेको छ- दायाँपट्टि त्रिशूल र ऋष्टि, बायाँपट्टि गदा र चक्र धारण गर्ने, गौरी र लक्ष्मी सहित रुद्र र केशवका चिह्नयुक्त हरिशङ्करको मूर्ति गराउनू भनेको छ ।

मत्स्यपुराणमा[३] यस मूर्तिलाई शिवनारायण मानेको छ र यस्तो लक्षण गरेको छ– बायाँ आधामा माधव, दायाँ आधामा शिव, विष्णुका बाहुमा मणि, केयूर र शङ्ख चक्र, वा चक्रको सट्टा गदा गराउनू, तथा आधा भाग कटिभूषण पीताम्बरधारी र मणिभूषित पाउ होस् । दायाँ आधामा अर्धचन्द्र जटा, सर्पको जनै, माला, हार धारण गरेको र दायाँ बाहु वरमुद्रायुक्त र बायाँ बाहु त्रिशूलयुक्त, आधा कटिप्रदेश बाघको छाला लाएको र मणिरत्नले युक्त, पाउमा नागको कल्ली लाएको मूर्ति समेत गरी शिवनारायणको मूर्ति गराउनू ।

लक्षणअनुसारका हरिहर र शिवनारायणका मूर्ति नेपालमा यस प्रकार छन्–

(१) राष्ट्रिय संग्रहालयमा (लि. कालका) ।

(२) पशुपति दक्षिणढोकाको नजीक ।

(३) मृगस्थलीमा ।

(४) नारायणचौरमा (लि. कालको) ।

(५) पाटन सौगटोलमा (लि. कालको) ।

---

१. हेमाद्रि व्रत ख. १ अ., २. अग्नि. ४९।२४, ३. मत्स्य २६०। २१–२७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) नारायणहिटी नारायणस्थानमा ।
(७) बालाजूको शितला मन्दिर अगाडि (लि. कालको) ।
(८) अन्यत्र पनि हरिहरका मूर्ति पाइन्छन् ।

पशुपतिको देउपाटनको स्वामीवार्तको[1] अभिलेखमा शङ्करनारायणको उल्लेख छ । यो मन्दिर गचाननी भन्ने ठाउँमा छ । त्यहाँ अभिलेख समेतको शङ्कर-नारायणको मूर्ति छ । शङ्करनारायण भन्नु र शिवनारायण भन्नु एउटै हो ।

(३) विश्वरूप

विश्वरूपको वर्णन सम्पूर्ण वेद (मन्त्रभाग), ब्राह्मण, उपनिषद् र पुराणमा छ । ब्रह्मा, विष्णु, रुद्र सबै त्रिमूर्तिकै वर्णनमा विश्वरूप पाइन्छन् । तर पनि मुख्य रूपमा (क) हरिशङ्करको रूपमा, (ख) सर्वदेवमयको रूपमा दुइ किसिमको लक्षण पाइन्छन् ।

(क) हरिशङ्कर[2] विश्वरूप

चक्र, खड्ग, मुसल, अंकुश, शङ्ख, शार्ङ्ग, गदा, पाश, तोमर, लाङ्गल, परशु, दण्ड, क्षुरिका, चर्म, क्षेपण, शक्ति, शूल, शरहरू धारण गर्ने, पद्म र वीणा बाहुमा लिएका, लक्ष्मी र सरस्वतीका साथमा विराजमान, बीस बाहु र चारमुखका विश्वरूप दायाँपट्टि गराउनू । बायाँपट्टि त्रिनेत्र (शिव) र तिनको बायाँपट्टि शयन गरेका लक्ष्मीले पाउ दाबिएका र विमलादिले स्तुति गरिएका शेषशायी नारायण र उनको नाभिपद्ममा ब्रह्माजी गराउनू भनी हेमाद्रिमा बताएको छ ।

(ख) सर्वदेवमय विश्वरूप

विष्णुधर्मोत्तर[3] अनुसार पहिले चतुर्मुख विष्णुका चारमुख, त्यसपछि ईशान मुख बाहेक महेश्वरका चार मुख, तीमाथि ब्रह्माजीको चार मुख र त्यसपछि ती मुखहरूको वरिपरि र माथितिर समेत विभिन्न अरू देवदेवीका जति दृष्टि, बाहु पाउ र जे जस्तो स्वरूप छ ती सबै थरी स्वरूपको मुख पनि गराउनू । त्यस्तै अरू नाना स्वभावका, नाना मुखका, शान्त, भयङ्कर, बीभत्स र सुन्दर मुख गरेका, जति सत्त्व छन्, ती सबै थरीको मुख पनि गराउनू । विश्वरूपका कतिपय बाहुहरू नृत्यशास्त्रमा बताए बमोजिमका अभिनय मुद्रायुक्त र कतिपय बाहुहरू सबै

१. लि. अ. सं. ५०, २. हेमाद्रि व्रत. १ अ., ३. वि. ध. ३।८३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमका अस्त्र शस्त्रले युक्त, कतिपय बाहुहरू यज्ञसामग्रीले युक्त, कतिपय बाहुहरू वाद्यभाण्डयुक्त, कालदण्डयुक्त, शिल्पभाण्डयुक्त र सर्वभूषणयुक्त गराउनू । विष्णुलोक, शिवलोक, ब्रह्मलोक, आदिलोक र त्यहाँ भएका शोभाको र त्रैलोक्यमा जे जति कुराको वर्णन शास्त्रमा छ, ती सबैको यथासंभव दिग्दर्शन गराउनू ।

सर्वमय विश्वरूपका मूर्तिहरू

(१) चाँगुको मूर्ति ।
(२) मृगस्थलीको मूर्ति ।
(३) पशुपतिको मूर्ति ।
(४) चावेल कुटुवहालको मूर्ति ।

(१) चाँगुको विश्वरूपको मूर्ति चाँगुनारायणको दक्षिणपट्टि छ । मूर्ति खुला ठाउँमा छ । त्यस मूर्तिमा क्रमशः विष्णुका चार मुख, महेश्वरका चार मुख र र ब्रह्माजीका चार मुख छन् । त्यसपछि माथि र वरिपरि यथासंभव सबै देवदेवी र विभिन्न जातका प्राणीको मुख भएको भव्य र सुन्दर शैलीको मृगस्थलीको मूर्तिको अपेक्षा धेरै सानो भए पनि चमत्कारपूर्ण शैलीको मूर्ति छ ।

(२) मृगस्थलीको विश्वरूपको मूर्ति अति भव्य, सुन्दर र विशाल छ। त्यस मूर्तिको मन्दिर पनि सुन्दर र विशाल छ। यो मूर्ति विश्वरूप नामले सर्वत्र प्रसिद्ध छ। यति ठूलो विश्वरूपको मूर्ति भारतभरीमा पनि कहीं छैन । यस मूर्तिमा जो जति सकिंदो विश्वरूपको सम्पूर्ण लक्षण भरपूर भर्ने भरमग्दूर प्रयास भएको छ । श्रीमद्भगवद्गीतोक्त विश्वरूपको सम्पूर्ण लक्षण यसमा मिल्दछ ।

(३) पशुपतिको विश्वरूपको मूर्ति कहीं प्रसिद्धिमा आएको छैन, सम्भवतः कसैले चिनेको पनि होवोइन । यो मूर्ति पशुपतिनाथको मन्दिर पूर्वबाट आर्यघाट ओर्लने सिंढीको उत्तर कुनामा गुप्तेश्वर महादेवनेर छ । यो मूर्ति धेरै प्राचीन जस्तो भान पर्छ । धेरै खिएको अवस्थाको त्यो मूर्तिको तल चारमुख, बीचमा चारमुख र माथि चारमुख जस्तै आकार छ । त्यसैले ब्रह्मा, विष्णु, महेश्वरका मुखहरू मात्र सकिन्छ । सम्भवतः यति मात्रमा विश्वरूपको निर्वाह गरेको थियो कि वरिपरि अरू सस्ता मूर्ति पनि थिए, खिइसकेकोले थाहा पाउन सकिन्न ।

(४) चावेल कुटुवहालको विश्वरूपको मूर्तिको पनि तल चार मुख स्पष्ट देखिन्छन् । माथि अरू चार मुखको प्रतीक मात्र छन् । र त्यसमाथि अरू चार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुखको भावना गर्न सकिन्छ । नाना बाहुमा नाना अस्त्र शस्त्रको आकार पनि छ । यो मूर्ति उभिएको अवस्थामा छ ।

विश्वरूप परमेश्वरको व्यापक स्वरूपको प्रतीकात्मक मूर्ति हो । परमेश्वरको खास कुनै स्वरूप छ भने त्यो विश्वरूप नै हो । विश्वमा जति देवादि प्राणीजगत् र स्थावरादि अप्राणी जगत् जे जति देख्न र सुन्नमा आएका छन् ती सबै परमेश्वरको विश्वरूपमा पर्दछन् । विश्वरूप भन्नु नै स्थावर जङ्गमात्मक जगत्स्वरूप हो । त्यसैले ब्रह्मा, विष्णु वा महेश्वरको यथार्थ स्वरूप भनेको नै विश्वरूप हो । ब्रह्मा, विष्णु वा महेश्वर भनेको एउटै व्यापक अर्थबोधक ईश्वरवाचक शब्द हुन् । यसमा कुनै भेद छैन । पछि नामभेदबाट रूपभेद पनि मानिन लाग्यो र ब्रह्मा, विष्णु, महेश्वर भिन्नाभिन्नै देवता मानिन लागे र स्वरूपको आकार प्रकार पनि भिन्ना-भिन्नै मानिन लाग्यो । त्यसपछि ता सम्प्रदाय पनि चलेर गयो । त्यसमा पनि ब्रह्म सम्प्रदायपछिको सबैभन्दा प्राचीन सम्प्रदाय शैव सम्प्रदाय देखिन्छ ।

(ग) महादेव

शैव सम्प्रदायमा सबैभन्दा महान् देव (सबैभन्दा ठूला देवता) भन्ने मान्यताद्वारा महादेव यो नाम प्रसिद्धिमा आयो । भारतवर्षमा विशेष गरी नेपालमा ब्रह्मापछिका सबैभन्दा प्राचीन देवता महादेव हुन्, यद्यपि महादेव भन्ने नाम वेदमा पाइँदैन । यो पछि बनेको नाम हो, तथापि उनका वेदमा प्रसिद्ध नाममध्ये भव[१], रुद्र, शर्व, पशुपति, नीलग्रीव, शीतिकण्ठ, कपर्दी, सहस्राक्ष, शतधन्वी, गिरिशय, ह्रस्व, वामन, बृहत्, वर्षियान्, शम्भु, शङ्कर, शिव आदि नाम वेदमा पाइन्छन् । चारै वेदमा[२] रुद्रस्वरूपको वर्णन र उपासना विधि बताएको छ । शु. यजुःको सोह्रौं अध्यायमा महादेवका विश्वरूपको वर्णन छ । पुरुषसूक्तको अर्थ पनि स्थानअनुसार ब्रह्मा, विष्णु र रुद्र तीनोटैमा घटाएर वर्णन गरेको छ । यजुर्वेदको रुद्राध्याय रुद्रको उपासनामा प्रसिद्ध छ । त्यसमा सम्पूर्ण स्थावर जङ्गमात्मक जगत् सबै रुद्रकै रूप हो भनेर जाति गुण नामरूपात्मक जगत्को नाम रुद्रको नामसँग अभिन्न गराएर वर्णन गरेको छ । रुद्रका विषयमा चारै वेदमा तथा ब्राह्मण आरण्यकसंहिता उपनिषद् पुराण इतिहास तन्त्रशास्त्रहरूमा प्रशस्त उपासनाका विधि विधान पाइन्छन् ।

---

१. शु. य. १६।२८–४१, २. ऋग् १।४३।१–५, मं. १।११४, मं. २।३३ आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्कर अनादि मन, वचन र बुद्धिका अविषय छन् । कल्पभेदले निर्गुण, निराकार, परब्रह्मस्वरूप शङ्करको वेदमा नै पनि नीलग्रीव, शीतिकण्ठ, कपर्दी, शतधन्वी, गिरिशय आदि सगुणस्वरूपको नाम पाइन्छ । यसबाट वेदमा सगुण, निर्गुण दुवै स्वरूप मानिएको देखिन्छ । विष्णुलाई दुइ बाहुका र वसुपूर्ण बाहु मानेझैं महादेवलाई पनि रुद्ररूपदेखि भिन्न अवस्थामा बाहुमा हिरण्य लिने, हिरण्य[1] बाहु मानेको छ । वेदमा सबै देवताहरू आफ्ना उपासकको इच्छासिद्धिमा वसुपूर्ण बाहु हुन्छन् । कुनै कल्पमा स्वयम्भू, परमेश्वर ज्योतिर्लिङ्गको रूपमा कुनै कल्पमा अरू अरू प्रकारले आविर्भाव हुन्छन् । यसरी उनको आविर्भावको अनेकौं किसिमको वर्णन आधिदैविक जगत्मा कल्पभेदद्वारा भएको मानिएको छ । वस्तुतः एउटै ब्रह्म जगत्को सृष्टि, स्थिति र संहारका निम्ति ब्रह्मा, विष्णु र रुद्र रूप धारण गर्दछन् ।

वर्तमान सृष्टिको[2] आदिमा ब्रह्माजीले सर्वप्रथम मानसिक सृष्टि गरे । त्यसमा उत्पन्न भएका सनत्कुमारले अरू सृष्टि गर्ने कुरा अस्वीकार गरे । रिसाएका ब्रह्माजीको भ्रू मध्यबाट त्यो रिस नीललोहित कुमारको रूपमा प्रकट भयो । उत्पन्न हुने बित्तिकै ती पुरुष रुन लागे । त्यहीं रुनाका कारणबाट तिनको नाम रुद्र भयो । ब्रह्माजीले रुद्रलाई सृष्टि गर्ने आज्ञा दिए । रुद्रको स्वभाव अनुसार प्रेत, पिशाच, भैरव, विनायक, यातुधान, डाकिनी, शाकिनी, कुष्माण्ड, वेताल, योगिनी आदिको उनले सृष्टि गरे । यो विकट सृष्टि देखेर रुद्रलाई अरू सृष्टि गर्नुबाट रोकी ब्रह्माजीले तप गर्ने आज्ञा दिए । यसरी वर्तमान सृष्टिको क्रममा महेश्वरको रुद्र रूपको सृष्टि बताएको छ ।

शङ्करका विषयमा पुराणादिमा धेरै कुरा पाइन्छन् । उनको नाम, रूप र गुणको अनन्त वर्णन छ । कुन्दगौर शिव, नीललोहित रुद्र, महाज्वालाकार प्रलयङ्कर, महाकाल आदि उनका स्वरूप छन् । उनले समय समयमा अवतार धारण गरेर लोकमा शैवमतको स्थापना गरेका छन् । अघोर वामदेवादि रूपले शैवाचार्य भएर पृथिवीमा पदार्पण गरेका छन् । नैष्ठिक रूपले भगवान् शङ्करको आराधना कैयौं शैव सम्प्रदायमा भइरहेको छ ।

भारतवर्ष र भरतखण्डमा कुनै पनि हिन्दू जातिमा शङ्करको लिङ्गमूर्ति र पूजा नभएको स्थान पाइँदैन । हुन ता पञ्चमुखी र एकमुखी आदि उनको स्वरूप

---

१. शु. य. १६।१७, २. श्रीमद्भागवत ३।१२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि प्राचीनकालदेखि प्रसिद्धिमा आएको छ तापनि मुख्यरूपमा शिवको उपासना लिङ्गमूर्तिमा नै भएको पाइन्छ । अनादि ऋषिपरम्परामा लिङ्गोपासाना नै श्रुति-स्मृति पुराणमा प्रतिपादित छ । पञ्चदेवोपासनामा शङ्करको यसै रूपमा महारुद्री आदिद्वारा अर्चना गरिन्छ ।

लिङ्गपूजा शक्ति र शक्तिमान्‌को प्रतीक हो । लिङ्गविग्रह शिवको शक्ति समन्वित स्वरूपको प्रतीक हो । त्यसैले लिङ्गपूजा गर्दा शिव, शक्ति दुवैको पूजा र आराधाना हुन्छ । यस स्वरूपले साधकलाई परमपुरुषमा एकाग्र गराउँछ । भगवान् शङ्कर सम्पूर्ण विद्या र कलाका आचार्य हुन् । व्याकरण माहेश्वरसूत्तबाट निस्केको हो । सङ्गीत उनको डमरुको नादको देन हो, तथा ताण्डव र लास्य शिवजीका नृत्यका विधा हुन् । आयुर्वेद, धनुर्वेद आदि समस्त ज्ञान उनीद्वारा नै देवताले र मानवले पाएका हुन् । शास्त्रका दुइ विधामध्ये निगम (श्रुति) भगवान् विष्णुको निःश्वासस्वरूप हो, निगमको समानान्तर नै आगम (तन्त्र) शास्त्र हो । यसको उपदेष्टा र आराध्यदेव भगवान् शङ्कर नै हुन् । श्रुतिले जत्तिकै तन्त्रले पनि भगवान्‌को समस्तरूपको आराधनाको स्वीकृति प्रदान गरेको छ । भगवान् शङ्करका कयौं सिद्ध शावर मन्त्र छन् । जसलाई धेरैजसो अपठित ग्रामीणहरू पनि कर्ममा उपयोग गर्दछन् । झारफुक गर्नेहरू अद्यापि "शिव गौराकी वाचा" भनेर फुकफाक गर्दछन् ।

भगवान् विष्णु परम शैव र शिवाचार्य छन् भने, भगवान् शङ्कर परम वैष्णव र वैष्णवाचार्य मानिन्छन् । यी दुइमा परस्परमा सेव्य सेवक भाव छ । एउटा सम्पूर्ण समुद्र (जलजगत्) को साम्राज्य लिएर शेषशायी बनेर रहेका छन् भने अर्कोले विशाल हिमालय र सम्पूर्ण स्थलगत भूमिको साम्राज्य लिई शेषको भूषण धारण गरेर रहेका छन् । एक रूपद्वारा परब्रह्म परमेश्वर ब्रह्माजीको सृष्टिको पालना गर्छन् भने अर्को रूपद्वारा यो सृष्टिरूप लीलाको संवरण गर्दछन् ।

हिन्दूसंस्कृति निगम र आगम दुवैलाई प्रमाण मानेर चलेको छ । विष्णु र शिव दुवै देवता दुवै शास्त्रका आराध्य छन् । एक यज्ञस्वरूपमा यज्ञद्वारा आराधना गरिन्छन् भने अर्का तपोमूर्तिको रूपमा तपद्वारा आराधना गरिन्छन् । यज्ञ र तप यी दुइ शब्दमा सम्पूर्ण हिन्दूसंस्कृति रहेको छ ।

वैष्णवादि अरू विभिन्न सम्प्रदाय आउनुभन्दा अघि नेपालमा र सम्पूर्ण भारतमा ब्राह्मभाव पछि शैवभाव नै थियो र शैवधर्म बाहेक अरू धर्म मान्नु अपराध सम्झिन्थ्यो । नेपालमा र भारतमा सर्वत्र शिवलिङ्ग नै अर्चित छन्, जहाँ तहाँ शिवलिङ्गको नै बाहुल्य छ । वेदमा लिङ्गमूर्तिको वर्णन पाइँदैन । धनु र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाण लिएका, दुइ बाहुका, नीलकण्ठ गरेका, जटाजूटयुक्त कैला जगल्टाका रुद्र रूपको वर्णन वेदमा[1] पाइन्छ ।

नेपाल हिमालयको काखमा रहेको शिवको देश मानिन्छ । यहाँ नै सर्वप्रथम शैव सम्प्रदाय चलेर यस सम्प्रदायले सम्पूर्ण भारतवर्ष ढाक्यो । त्यसैले यहाँ सबै भन्दा प्राचीन शिवलिङ्ग पाइन्छन् । तीमध्ये श्रीपशुपतिनाथको ज्योतिर्लिङ्गको सर्वत्र प्रसिद्धि छ । उनका साथै गोकर्णेश्वर, आदिलिङ्ग,— कुशेश्वर, भीमेश्वर, धनेश्वर, चण्डेश्वर आदि चौसट्ठी लिङ्गको वर्णन पुराणहरूमा छ । यी प्रसिद्ध लिङ्ग बाहेक नेपालमा लाखौं शिवलिङ्ग छन् । शिवजीका मूर्ति भने नेपालमा पनि नगण्य मात्रामा छन् । शिवलिङ्गको आधारमा नै नेपाल मन्दिरै मन्दिरको देश मानिएको छ । लिच्छविकालमा आएर नेपालमा मूर्ति निर्माणको बाहुल्य हुन लाग्यो, त्यो भन्दा पनि अघिदेखि नै लिङ्गमा पञ्चमुखको भावना गरेर नेपालमा पञ्चमुखी शिव लिङ्ग बनेका छन् । लिच्छविकालमा लिच्छविहरू वढी वैष्णव भए तापनि जनरुचिको विचार राखेर शिवलिङ्गको पनि स्थापना गर्दथे भन्ने उल्लेख पाइन्छ ।

मूर्तरूप शिवजीको भावनामा मानिसको बढी आसक्ति भएर लिङ्गमाथि पञ्चमुखको निर्माण गराएर सद्योजातादि पञ्चमूर्तिको पूजा प्रथा चल्यो, तदनुसारका मूर्ति पनि नेपालमा धेरै नै पाइन्छन् । तथापि त्यस्ता लिङ्गमूर्तिका अपेक्षा साधा शिवलिङ्ग नै नेपालमा अनन्त छन् । पशुपतिनाथको भने हाल पञ्चमुखकै शिवलिङ्ग छ । अरू जति प्राचीन शिवलिङ्ग छन् ती सबै साधा लिङ्ग नै पाइन्छन् । वर्तमान पशुपतिनाथको ज्योतिर्लिङ्गमा चारदिशापट्टि फर्केका चार मुख र भावित ऊर्ध्व एक मुख समेत गरेर पञ्चमुख मानिएको छ । कतिपय ठाउँमाचाहिं शिवजीको आफ्ना अस्त्र शस्त्र लिएको उभिएको मूर्ति र उमामहेश्वर, अर्धनारीश्वर र हरिहरका मूर्तिहरू छन् । स्मरणीय छ यस्ता मूर्तिहरू लिच्छवि राजाहरूले स्थापना गर्ने चलन चलाएका हुन् । शिवजीको मूर्तरूप र अमूर्तलिङ्गरूप दुवै प्रकारका लक्षण-हरू पुराणमा पाइन्छन् तापनि मूर्तरूपको अपेक्षा लिङ्गरूपको लक्षण नै धेरै पाइन्छ । तदनुसार मूर्तरूपको लक्षण यस प्रकार छ ।

लक्षण–

(क) वृषारूढ, पञ्चमुख गरेको, पञ्चमुखमध्ये दक्षिण मुख विकटस्वरूप,

---

१. शु. य. १६ को नमस्ते आदि १६ मन्त्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपालमाली, भयङ्कर जगत्संहारकारक र अरू पूर्व, पश्चिम र उत्तरमुख जटाजूटमा चन्द्रकला धारण गरेको गराउनू। चार शिरमाथि पाचौं शिर पनि पूर्वोक्त तीन शिर जस्तै गराउनू। पञ्चमुखका दश बाहुमध्ये जपमाला, त्रिशूल, बाण, दण्ड, उत्पल दायाँ बाहुमा र बिमिरो, धनु, ऐना, कमण्डलु र चर्म बायाँ बाहुहरूमा धारण गरेको, वासुकीको जनै धारण गरेको, श्वेतवर्णको महादेवको मूर्तिको उत्तर मुखचाहिं दुइ नेत्र मात्रको र अरू चार शिर तीन नेत्रको गराउनू। अथवा—

(ख) सद्योजात (पृथ्वीतत्त्व), वामदेव (जलतत्त्व), अघोर (तेस्जतत्त्व), तत्पुरुष (वायुतत्त्व) र ईशान (आकाशतत्त्व) नामका पञ्चमुखी महादेवको मूर्ति बनाउनू। ती मुखहरूमध्ये पूर्वमुख महादेव मुख, दक्षिणको भैरवमुख, पश्चिमको नन्दिमुख, उत्तरको उमामुख र माथिको पाचौं सदाशिव मुख हो। उत्तरको वामदेव-स्वरूपको उमामुख मात्र दुइ नेत्रको छ, अरू सबै मुख सोम, सूर्य र अग्निस्वरूप त्रिनेत्र छन्।

दश बाहुमध्ये महादेवका बाहुमा अक्षमाला र कमण्डलु, सदाशिवमुखका बाहुमा धनु र बाण, भैरवमुखका बाहुमा दण्ड र बिमिरो, नन्दिमुखका बाहुमा चर्म र त्रिशूल, उमामुखका बाहुमा दर्पण र इन्दीवर (नीलो कमल) हुःछन्। शिवका सबै शिरमा चन्द्रकला र वासुकी नाग जनै हुन्छन्। बाघको छाला धारण गरेको, वृषमाथि चढेको, शुक्लवर्णको सोह्र वर्षस्वरूप शिवको स्वरूप गराउनू भनी विष्णुधर्मोत्तरमा[1] लेखेको छ।

मत्स्यपुराणमा[2] शुक्लवर्ण तताएको सुन जस्तो तेजस्वी, बाहु र काँध मोटा भएको, सूर्य जस्तो चम्किलो र प्रतापी, जटामा चन्द्रमा धारण गर्ने, जटाकै मुकुट गरेको, बाहुहरूमा नाना भूषण लाउने, सोह्र वर्ष, हात्तीको सूँढ जस्ता बाहु, शरीर सुहाउँदो जङ्घा, विशाल र लामा नयन गरेको, व्याघ्र चर्म, तेवरी, कन्सनी, हार, केयूर र सर्पको भूषण धारण गर्ने, मोटा र ठूला गाला गरेको, कुण्डलधारी, सौम्य, शान्त, सुन्दर मूर्तिको घुंडासम्मका लामा बाहुमध्ये दायाँ बाहुहरूमा खड्ग, शक्ति, दण्ड, त्रिशूल र बायाँ बाहुहरूमा खेटक, कपाल, नाग र खट्वाङ्ग धारण गरेको एउटा बाहु वरमुद्राको र अर्को बाहु रुद्राक्षमाला लिएको, वैशाख[3] स्थानले नृत्यको अभिनय गरी विराजमान, दश बाहुको, हात्तीको छाला ओढ्ने, बाघको छाला बेर्ने शिवको मूर्ति गराउनू भनेको छ।

---

१. वि. ध. ३।१४–२०, २. मत्स्य २५९ अ., ३. नाट्यशास्त्र १०।६१।६२।६३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपुरदाहमा चाहिं शङ्ख, चक्र, गदा, घण्टा, पिनाक धनु र बाण लिने सोह्र बाहुको चतुर्बाहुको वा अष्टबाहुको स्वरूप मानिएको छ।

अग्निपुराणमा[1] सिंहासन गरेको, शुक्लवर्णको, पञ्चमुखी, दशबाहुमध्ये दायाँमा शक्ति, ऋष्टि, शूल, खट्वाङ्ग र वरदमुद्रा, बायाँ बाहुहरूमा डमरु बिमिरो, नीलकमल र कमलको तन्तु लिने, चन्द्रकलाधारी, बत्तीस लक्षणयुक्त मूर्ति बनाउनू भनेको छ।

श्रीपशुपतिनाथ–

पशुपतिनाथको मूर्ति विष्णुधर्मोत्तर पुराणअनुसार पञ्चमुखी छ र सद्योजात, वामदेव, अघोर, ततपुरुष र ईशान मूर्तिका पूर्वमुख महादेव मुख, दक्षिणको भैरवको मुख, पश्चिमको नन्दिमुख, उत्तरको उमामुख र माथिको सदाशिवमुख हो। बाहुहरूमा लक्षणअनुसार अस्त्र शस्त्र र भूषणहरू छन्। पशुपतिनाथको वरिपरि नाना देव देवीका मूर्तिहरू प्रतिष्ठित छन्, त्यहाँ रहेका देव देवी र त्यहाँको शोभा वर्णनातीत छ। प्रायः सबै नै नेपाली तथा समस्त हिन्दूजातिले पवित्र, पुण्यकारक पशुपतिनाथको दर्शन र त्यस तीर्थस्थलको यात्रा गरेका हुन्छन्, त्यसैले सबैले जाने सुनेकाले त्यस क्षेत्रको विस्तार गरिरहनु पर्दैन।

पशुपतिनाथको नै आकार प्रकारका चारतिर चार मुख र माथि सदाशिव मुखको भावना गरी स्थापना गरिएका शिवलिङ्गहरू पशुपति क्षेत्रभित्र मृगस्थली, लाजिम्पाट, महादेव चौर, चौपाटन आदिमा र नगरका विभिन्न भागमा पनि पाइन्छन्। यस्ता सबै मूर्तिहरू लिच्छविकालको उत्तरार्धदेखि मात्र स्थापना गरिएका हुन्। यस्तै पूरा शरीर भएका महादेवका मूर्तिहरू पनि लिच्छविकालको उत्तरार्धदेखि मल्लकालसम्ममा स्थापना गरिएका हुन्। यस्ता मूर्तिहरू पनि पशुपतिनाथको मन्दिरको वरपर चौसट्ठी लिङ्गपट्टि, मृगस्थलीमा र अन्यत्र पनि छन्। ती मूर्तिहरूमा पूर्वोक्त लक्षण मिल्दैन। तसर्थ ती मूर्तिहरू महादेवका अष्टमूर्तिमध्येका हुन्। सो कुरा पछि बताइनेछ। पञ्चमुखी महादेवको दशौं शताब्दीको एक मूर्ति राष्ट्रियसंग्रहालयमा पनि छ। सातौं शताब्दीको पञ्चमुखी शिवलिङ्ग हालै उत्खनन गर्दा भोटाहिटीको चोवाटोमा पाइएको छ। त्यहाँको धारीमा सं. ४५ र अंशुवर्माको उल्लेख छ।

विष्णुधर्मोत्तरमा, मत्स्यपुराणमा र अग्निपुराणमा शिवलिङ्गका विषयमा

---

१. अग्नि ७५।५०–५२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकौं चर्चा र लक्षण गरिएको छ। तदनुसारका प्राचीनकालका शिवलिङ्गहरू कुशेश्वर, बालुकेश्वर, भीमेश्वर, गोकर्णेश्वर, आदेश्वर, कुम्भेश्वर, वाणेश्वर, धनेश्वर, चण्डेश्वर, जलेश्वर, जटेश्वर आदि चौसट्ठी लिङ्ग छन्। तीमध्ये श्रीपशुपतिनाथ र गुह्येश्वरीको वर्णन प्रायः प्राचीन पुराणमा पनि पाइन्छ। पशुपतिनाथ समेतका पूर्वोक्त चौसट्ठी लिङ्गहरू कहिले स्थापना गरिएका हुन्, समयको निर्णय गर्न नसकिने हुनाले अति प्राचीन मानिन्छन्। यी बाहेक लिच्छविकालका अभिलेख समेतका शिवलिङ्गहरू निम्नप्रकार छन्–

(१) लाजिम्पाटको क्षेमसुन्दरीले स्थापना गरेको अभिलेख समेतको शिवलिङ्ग संख्या– ६

(२) विष्णुपादुकाको फेदीको मानदेवको अभिलेख समेतको शिव-लिङ्ग सं.– ७

(३) देउपाटनको रत्नसंघको अभिलेख समेतको शिवलिङ्ग सं.– १०

(४) देउपाटनको मानदेवका पालाको अभिलेख समेतको शिवलिङ्ग सं.–११

(५) पञ्चदेवलको भित्रपट्टि अभिलेख समेतको शिवलिङ्ग सं.–१३

(६) पशुपतिको जयलंभको अभिलेख समेतको शिवलिङ्ग सं.– १४

(७) लाजिम्पाटको मानदेवका पालाको गुणवतीको अभिलेख समेतको शिवलिङ्ग सं.– १५

(८) सूर्यघाटको विजयवतीको अभिलेख समेतको शिवलिङ्ग सं.– २०

(९) पशुपति भस्मेश्वरको अभिलेख समेतको पाँचोटा शिवलिङ्गहरू सं.–३४

(१०) मनुदेवका पालाको बूढानीलकण्ठनेरको अभिलेख समेतको शिवलिङ्ग सं.– ३६

(११) पशुपतिको आगिरी गोभिनीको अभिलेख समेतको शिवलिङ्ग सं.–३८

(१२) मृगस्थली जाने बाटोको रामदेवका पालाको अभिलेख समेतको शिव-लिङ्ग सं.– ३९

(१३) देउपाटनको अंशुवर्माको अभिलेख सं. ८५ मा शूरभोगेश्वर, लडित-महेश्वर र दक्षिणेश्वरको स्थापना गरेको उल्लेख छ।

(१४) हाँडीगाउँको रामेश्वर, मानेश्वर, पर्वतेश्वर, कैलाशेश्वरको नाम परेको अंशुवर्माको अभिलेख सं. ७७

(१५) पशुपतिको छत्रचण्डेश्वरको स्थापना भएको अभिलेख समेतको शिव-लिङ्ग सं.– ११२,११३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१६) ललितपुर गँह्लीधाराको वज्रेश्वरको उल्लेख भएको नरेन्द्रदेवको अभिलेख समेतको शिवलिङ्ग सं.- १२८

(१७) अनन्तलिङ्गेश्वरको नाम परेको अभिलेख समेतको शिवलिङ्ग सं.- १२९

(१८) लगनटोलको शिवदेवेश्वर नाम भएको शिवदेवले स्थापना गरेको अभिलेख समेतको शिवलिङ्ग सं.- १३९

(१९) ललितपुर सुनागूठीको भृङ्गारेश्वरको उल्लेख भएको अभिलेख समेतको शिवलिङ्ग सं.- ११८,१४०

(२०) आदेश्वर तथा नाथेश्वरको उल्लेख भएको अभिलेख सं. १०७ मा छ।

(२१) पाटनको प्रसिद्ध कुम्भेश्वरको उल्लेख भएको अभिलेख सं. १५७ मा छ।

(२२) मृगस्थलीको किरातेश्वर शिवलिङ्ग किरातको समयमा स्थापित हो भनी मान्दछन्।

यी शिवलिङ्गका अतिरिक्त लिच्छविकालदेखि अहिलेसम्ममा विभिन्न व्यक्तिहरूको नामबाट स्थापना गरिएका शिवलिङ्ग र मन्दिर नेपालमा अनन्त छन्। संभवतः ती नै शिवलिङ्गको सम्बन्धले गर्दा नेपाल उपत्यका मन्दिरै मन्दिरको देश मानिएको छ। शिवलिङ्गको अपेक्षा अरू देवदेवीका मूर्ति र मन्दिर थोरै नै छन्।

पुराणहरूमा शिवमूर्तिको लक्षण लिङ्गको लक्षणको अपेक्षा अति संक्षिप्त छ। लिङ्गको लक्षण भने वृहत् रूपले वर्णन गरेको[1] छ। त्यसैले नेपाल, भारत र भारतको संसर्गबाट अरू यवद्वीप, बाली, इरान, वैङ्कक, जापान, जावा, सुमात्रा, कम्बोडिया, आदिमा पनि शिवलिङ्ग पाइन्छन्। यसबाट शिवजीको मूर्तरूपको अपेक्षा लिङ्गरूपको नै महिमा चर्चा, प्रचार, प्रसार बढी भएको कुरा देखाउन लिच्छविकालका र त्यसभन्दा अघिका शिवलिङ्गको अलिकति परिचय दिइएको हो।

महादेवका अरू विभिन्न अवस्थाका स्वरूपहरू—

(क) महादेवका अष्टमूर्ति[2]—

१ शर्व, २ भीम, ३ महादेव, ४ रुद्र, ५ पशुपति, ६ भव, ७ उग्र, ८ ईशान,

---

१. वि. ध. मत्स्य, अग्नि आदिमा, २. हेमाद्रि व्रत ख. १ अ., पृ. १२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी आठ मूर्तिहरू सबै चन्द्रशेखर, जटामण्डलयुक्त, त्रिनेत्र, चतुर्बाहु, वर, खट्वाङ्ग, त्रिशूल र अभयपाणि छन् ।

नेपालमा १ पशुपतिनाथको दक्षिणढोकापट्टि, २ राष्ट्रियनाचघरमा, ३ बलम्बुमा, ४ कीर्तिपुरको सानो गणेशमन्दिरमा, ५ मृगस्थलीमा उक्त अष्टमूर्तिमध्येका शिवलिङ्गहरू उभिएका अवस्थाका छन् । मृगस्थलीमा र पशुपतिको चौसट्ठीपट्टि पनि उभिएका र ऊर्ध्वलिङ्ग शिवमूर्ति पाइन्छन् । बसेका शिवमूर्तिहरू चिकमुंगलटोलमा र राष्ट्रियसंग्रहालय आदिमा पाइन्छन् । स्थापनाकर्ताका इच्छाअनुसार जुन जुन बाहुमा जुन जुन अस्त्र शस्त्र राखे पनि हुने हुनाले सो अनुसार यी शिवमूर्तिहरू बनेका हुन् । यी मूर्ति लिच्छविकालका हुन् ।

(ख) महादेवका[1] पञ्चमूर्ति–

१ ईशान २ तत्पुरुष, ३ अघोर, ४ वामदेव, ५ सद्योजात यी पञ्चमूर्ति क्रमैले श्वेत, पीत, कृष्ण, रक्त वर्णका हुन्छन् र सबै पञ्चवक्त्र दश बाहुका र त्रिनेत्र छन् । यिनीहरूका बाहुहरूमा क्रमैले खड्ग, खेटक, धनु, बाण, कमण्डलु, अक्षसूत्र, वर, अभय, त्रिशूल र पद्म हुन्छन् ।

(ग) विद्येश्वरमूर्ति–

दिग्वर्णका (नाङ्गा), जटा पालेका, त्रिनेत्र त्रिशूलधारी, बाहु जोरेका, एक मुखका १ अनन्त, २ त्रिमूर्ति, ३ सूक्ष्म, ४ श्रीकण्ठ, ५ शिव, ६ शिखण्डी, ७ एकनेत्र, ८ एकरुद्र यी महादेवका विद्येश्वर मूर्ति हुन् ।

(घ) दक्षिणामूर्ति–

दायाँ तल्लो बाहु मुद्रायुक्त, माथिल्लो बाहु स्फटिकको मालाले युक्त, बायाँ तल्लो बाहुमा पुस्तक र माथिल्लो बाहुमा सुधा (अमृतको घडा) धारण गर्ने सेतो कमलमा विराजमान, श्वेतवर्णका, श्वतवस्त्र र श्वेत चन्दन धारण गर्ने मुनिजनलाई ज्ञानोपदेश दिने, महादेवको मूर्ति दक्षिणामूर्ति हो ।

काठमाडौं उपत्यकामा पशुपतिनाथजीको मन्दिरको पश्चिमोत्तर भागमा दक्षिणामूर्तिको मन्दिर छ । त्यसभित्रको मूर्ति पशुपतिनाथको गुरुको हो भन्दछन् । त्यस्तै लक्षणअनुसारका अरू मूर्तिहरू पशुपतिको दक्षिण ढोकामा, चौसट्ठीपट्टि

---

१. हेमाद्रि व्रत ख. १ अ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृगस्थलीमा र अन्यत्र पनि एक शिर र चार बाहुका मुद्रा, स्फटिकको माला, त्रिशूल र अमृतको घडा धारण गरेका छन्। यिनीहरूमा कर्ताको इच्छाअनुसार पुस्तकको सट्टा त्रिशूल धारण गराएको पाइन्छ।

(ङ) एकादश रुद्र–

यी सबै सोह्र बाहुका हुन्छन्, ती यस प्रकार छन्– १ अजैकपाद,२ एकपाद, ३ अहिर्बुध्न्य, ४ विरूपाक्ष, ५ रेवत, ६ हर, ७ बहुरूप, ८ त्र्यम्बक, ९ सुरेश्वर, १० जयन्त, ११ अपराजित। तीमध्ये —

(१) अजैकपाद — शूल, अङ्कुश, कपाल, डमरु, सर्प, मुद्गर, सुदर्शन, अक्षसूत्र माथिदेखि तलसम्म दायाँ बाहुहरूमा र तर्जनी, खट्वाङ्ग, गदा, पट्टिश, घण्टा, शक्ति, परशु कमण्डलु बायाँ बाहुहरूमा क्रमैले धारण गराउनू।

(२) एकपाद– यिनका बाहुहरूमा माथिको क्रमले शर, चक्र, डमरु, त्रिशूल, मुद्गर, वरमुद्रा, अक्षसूत्र र बायाँ बाहुहरूमा खट्वाङ्ग, धनु, घण्टा, कपाल, कौमुदी तर्जनी, घट, परशु धारण गर्ने गराउनू। यिनको पूजाले भोगैश्वर्य प्राप्ति हुन्छ।

(३) अहिर्बुध्न्य– यिनको मूर्ति गदा, चक्र, डमरु, मुद्गर, शूल, अङ्कुश, अक्षमाला दायाँ बाहुमा र तोमर, पट्टिश, चर्म, कपाल, तर्जनी, घट, शक्ति, परशु बायाँ बाहुमा धारण गर्ने गराउनू।

(४) विरूपाक्ष– माथिकै क्रमले खड्ग, शूल, अङ्कुश, डमरु, सर्प, चक्र, गदा, अक्षसूत्र दायाँ बाहुमा र खेटक, खट्वाङ्ग, शक्ति, परशु, तर्जनी, घट, घण्टा, कपाल बायाँ बाहुमा धारण गर्ने यिनको मूर्ति बनाउनू।

(५) रेवत– यिनका दायाँ करमा पूर्वोक्त क्रमले चाप, खड्ग, शूल, गदा, मही (पृथ्वी), चक्र, अङ्कुश, अक्षमाला र बायाँ बाहुमा धनु, खेटक, खट्वाङ्ग, घण्टा, तर्जनी, परशु, पट्टिश पात्र धारण गराउनू। यिनको पूजाले सबैथरी सम्पत्ति प्राप्ति हुन्छ।

(६) हर– मुद्गर, डमरु, शूल, अङ्कुश, गदा, सर्प, अक्षसूत्र दायाँ बाहुमा र पट्टिश, तोमर, शक्ति, परशु, तर्जनी, घट, खट्वाङ्ग, पात्र बायाँ बाहुमा धारण गर्ने गराउनू।

(७) बहुरूप– माथिकै क्रमले डमरु, सुदर्शन, सर्प, शूल, अङ्कुश, कौमुदी, जपमाला दायाँ बाहुमा र घण्टा, कपाल, खट्वाङ्ग, तर्जनी कमण्डलु, धनु, परशु, पट्टिश बायाँ बाहुमा लिएको बहुरूपको वर्णन छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(८) त्र्यम्बक– यिनको लक्षणमा चक्र, डमरु, मुद्‌गर, शर, शूल, अंकुश, सर्प, जपमाला दायाँ बाहुमा र गदा, खट्वाङ्ग, पात्र, कार्मुक, तर्जनी, घट्टी, परशु, पट्टिश बायाँ बाहुमा छन् ।

(९) सुरेश्वर– यिनका दायाँ बाहुहरूमा डमरु, चक्र, शूल, अंकुश, शर मुद्‌गर, चाप र पङ्कज तथा बायाँ बाहुहरूमा पङ्कज, परशु, घण्टा, पट्टिश, तर्जनी, धनु, खट्वाङ्ग र पात्र गराउनू । दायाँ एक बाहु अभयमुद्राले युक्त बनोस् ।

(१०) जयन्त– यस मूर्तिका दायाँ बाहुहरूमा अंकुश, चक्र, मुद्‌गर, शूल, सर्प, डमरु, बाण, अक्षसूत्र यम र बायाँ बाहुहरूमा गदा, खट्वाङ्ग, परशु, कपाल, शक्ति, तर्जनी, धनु, कमण्डलु र सुरो हुन्छन् ।

(११) अपराजित- दायाँ बाहुहरूमा तोमर, खड्ग, अंकुश, त्रिशूल, सर्प, चक्र, डमरु, अक्षमाला र बायाँ बाहुहरूमा शक्ति, खेटक, गदा, पात्र, तर्जनी, पट्टिश, पद्म, घण्टा धारण गर्ने यिनको लक्षण छ ।

स्मरणीय छ एकादश रुद्रमध्येका विरूपाक्षदेखि भिन्न अर्को महादेवको विरूपाक्ष स्वरूपको वर्णन पनि छ । जस्तै—

(१) विरूपाक्ष– आँखा फर्काएको, लामू दण्ड लिएको, उज्वल मुख, ठाडो केश, हरियो दाह्री गरेको, दुइ बाहुको, भीषण अनुहार र रक्तकृष्ण वर्णको सबै भूषणले युक्त दण्ड र रश्मि बाहुमा लिने विरूपाक्षको वर्णन छ ।

(२) निनृति– यी विरूपाक्ष मूर्तिकी भार्या निनृति हुन्, उनी कृष्णवर्ण कृष्णमुख र बाहुमा पाश धारण गरी विरूपाक्षको बायाँपट्टि रहन्छिन् ।

(च) महादेवका शक्तिहरू

महादेवकी अर्धाङ्गिनी पार्वतीको गौरीस्वरूप दुइ किसिमको पाइन्छ । जस्तै—

(१) कुमारी गौरी– कुमारी रूपकी गौरी महेश्वरले आराधाना गरिएकी दुइ बाहुकी वर र अभयमुद्रा गरेकी र चतुर्बाहुकी, अक्षसूत्र, अभय, पद्म र कमण्डलु धारण गर्ने कमलासना गराउनू भन्ने हेमाद्रिको मत छ ।

(२) गौरी– दुइ बाहुकी[1], त्रिनेत्रा, त्रिशूल र दर्पण धारण गर्ने वा चतुर्बाहु,

---

१. अग्नि पु. ५२।१४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिशूल, झारी, कमण्डलु र अभयमुद्रायुक्त सुन्दर गौरीको मूर्ति गराउनू । पुनः गौरीका ललिता र चण्डिका दुइ भेद छन् । जस्तै–

(क) ललिता– कमलमाथि विराजमान ऐना र गाजल लिने दुइ बाहुकी र

(ख) चण्डिका– दश भुजा, दायाँ बाहुहरूमा खड्ग, शूल, चक्र, शक्ति र बायाँ बाहुहरूमा नाग, पाश, चर्म, अंकुश र धनु धारण गर्ने, सिंहमा चढेकी महिषासुरलाई त्रिशूलले घोचेर मार्ने चण्डिकाको लक्षण छ । यिनी महिषासुरमर्दिनी हुन् ।

पार्वतीका[1] अरू भेद पनि छन्, ती हुन्– १ पार्वती, २ उमा, ३ कृष्णा ।

(१) पार्वती– अक्षसूत्र शिब, गणेश, कमण्डलु र अग्निकुण्ड अगल बगलमा धारण गर्ने पार्वती गराउनू ।

(२) उमा- अक्षसूत्र, कमल, दर्पण र कमण्डलु धारण गर्ने चतुर्बाहु उमा गराउनू ।

(३) कृष्णा– अक्षसूत्र, कुण्डी र छातीमा पुटाञ्जलि गरेकी चतुर्बाहु कृष्णा छिन् ।

वेदमा अम्बिकाको वर्णन छ । तर ती अम्बिका[2] रुद्रकी बहिनी मानिएकी छिन् । ऋग्वेदमा देवीसूक्त छ तथा देवीका विषयमा चारै वेदमा मन्त्र पाइन्छन् । तर विशेष अस्त्र शस्त्र लिएको उल्लेख पाइँदैन । पुराणका कथाअनुसारका मूर्ति नेपालमा पाइन्छन् ।

नेपालमा पार्वतीका मूर्तिहरू–

(क) अपर्णाको रूपमा पार्वतीको तपस्या, ५, ६ शताब्दी (नघलटोल) राष्ट्रिय संग्रहालय ।

(ख) पार्वतीका साथ ब्रह्मचारी शिव ५, ६ शताब्दी (नघलटोल) राष्ट्रिय संग्रहालय ।

(ग) अन्यत्र पनि यस्ता मूर्ति पाइन्छन् । कथाको आधारमा यी रूप बनेका हुन् ।

---

१. हेमाद्रि व्र. १ अ., २. एष ते रुद्र भागः यस मन्त्रमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) अन्नपूर्णा- संपूर्ण सौन्दर्य र लक्षणले युक्त, चतुर्बाहु, माला, पुस्तक, पाश, अंकुश, धारण गर्ने यिनको[१] स्वरूप छ।

नेपालमा काठमाडौं असन चोकमा मन्दिरभित्र अन्नपूर्णाको यन्त्र छ, मूर्ति भने छैन। भित्री चाँदीको तोरणद्वारमा र बाहिरको तोरणद्वारमा अन्नपूर्णाको मूर्ति छ। तर त्यो धेरै पछिको हो। अन्यत्र नेपालमा मूर्ति भएको थाहा छैन।

(छ) शिवको युगलस्वरूप–

(१) उमामहेश्वर– यो युगलस्वरूपको वर्णन श्रुतिमा पाइँदैन, पुराणमा भने यस स्वरूपको प्रशस्त वर्णन छ। यसमा सिङ्गो स्वरूप टपक्क टाँसिएर रहेको हुन्छ।

लक्षण– दिव्यस्वरूप, त्रिनेत्र, जटा र चन्द्रकला धारण गर्ने महेश्वरका दुइ बाहुमध्ये बायाँ बाहु उमाको काँधमा रहेको, दायाँ बाहुमा कमल धारण गरेको र र उमाका दुइ बाहुमध्ये दायाँ बाहु शिवजीको काँधमा र बायाँ बाहुमा सफा ऐना रहेको गराउनू भन्ने हेमाद्रिको[२] उक्ति छ।

मत्स्यपुराणमा[३] दुइ बाहुका वा चार बाहुका जटा र चन्द्रकला धारण गर्ने, त्रिनेत्र, शिवजीको बायाँ बाहु उमाको काँधमा दायाँ बाहुमा कमल र त्रिशूल धारण गरेको अर्को बायाँ बाहु उमाको छातीमा रहेको व्याघ्रचर्मधारी नाना रत्नका भूषण-युक्त सुन्दर रूपको शिवजीको मूर्ति र उनको बायाँपट्टि शिवको ऊरु(तिघ्रो)मा बाहु राखेकी, हार, केयूर आदि भूषण लाएकी, शिवको मुहार हेरिरहेकी बायाँपट्टि शिवजीको शरीरमा टपक्क टाँसिएकी, पछाडिपट्टिबाट महादेवको काँधमा वा पेटमा दायाँ बाहुका औंलाले छोएकी, बायाँ बाहुमा ऐना वा कमल लिएकी, तेवरी कटि-सूत्रले नितम्ब कसेकी, उमा र उनको अगल बगलमा जया, विजया, कार्तिकेय, विनायकहरू रहेको गराउनू। तोरणमा मालाधारी, गुह्यक, विद्याधर गण र बीणा लिएका अप्सरागण गराउनू भनेको छ।

विष्णुधर्मोत्तरमा[४] चतुर्भुजी शिवपार्वतीको मूर्तिमा दायाँ बाहुमा अक्षमाला र त्रिशूल र बायाँ बाहुमा दर्पण र नीलो कमल गराउनू भनी अरू लक्षण माथिकै जस्तो गरेको छ।

---

१. हेमाद्रि व्र. ख. अ. १, २. त्यहीं, ३. मत्स्य १६०।१८-२०, ४. वि. ध. ३।५५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल अधिराज्यमा उमामहेश्वरका मूर्तिहरू प्रशस्त पाइन्छन् ।

(१) १५३ संख्याको लिच्छविकालका अभिलेखअनुसार पशुपतिको आर्य-घाट पारीको रामचन्द्रको मन्दिरपछाडि पूर्वपट्टि मन्दिरमा मानदेवका पालाको उमामहेश्वरको मूर्ति छ ।

(२) त्यसैको माथि मुख ताछिएको लिच्छविकालकोउमामहेश्वरको मूर्ति ।

(३) मृगस्थलीमा गोरखनाथनेर उमामहेश्वरको मूर्ति ।

(४) पशुपति राजेश्वरी घाटको नवदुर्गाअगाडि कलात्मक सपरिवार उमा-महेश्वरको मूर्ति ।

(५) पशुपतिको अमरकान्तेश्वर प्राङ्गणमा सपरिवार सुन्दर उमामहेश्वरको मूर्ति ।

(६) पाटन कुम्भेश्वर धारामा सपरिवार सुन्दर उमामहेश्वरको मूर्ति ।

(७) राष्ट्रिय संग्रहालयमा ८, ९ शताब्दीको सपरिवार सुन्दर उमामहेश्वरको मूर्ति ।

(८) राष्ट्रिय संग्रहालयमा ५, ६ शताब्दीको शिवपार्वतीको श्रृङ्गारको मूर्ति (कंकेश्वरी) ।

(९) राष्ट्रिय संग्रहालयमा ५, ६ शताब्दीको कुमारसहित शिवपार्वतीको मूर्ति (काठेशिम्बु) ।

(१०) राष्ट्रिय संग्रहालयमा ५, ६ शताब्दीको नाचिरहेका शिवपार्वतीको मूर्ति (नघलटोल) ।

(११) राष्ट्रिय संग्रहालयमा ५, ६ शताब्दीको पार्वतीका साथमा ब्रह्मचारी भेषमा शिवको मूर्ति (नघलटोल) ।

(१२) राष्ट्रिय संग्रहालयमा सत्रौं शताब्दीको शिवगौरीको मूर्ति ।

(१३) राष्ट्रिय संग्रहालयमा आठरौं शताब्दीको शिवगौरीको मूर्ति ।

(१४) पशुपतिमा वासुकीको मन्दिरनेर ३, ४ ओटा उमामहेश्वरका मूर्ति ।

(१५) कीर्तिपुरको सानो गणेशको मन्दिरमा चारौं शताब्दीको शिव-पार्वतीको मूर्ति ।

(१६) पाटनको चामुण्डा मन्दिरमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१७) चाँगुनारायणको प्राङ्गणमा ।

(१८) पाटन कुम्भेश्वरमा ।

(१९) पुरातत्त्व बगैंचामा ।

(२०) पाटन कुम्भेश्वरमा फेरि अर्को ।

(२१) पाटन छ्यावुटोलमा (ने. सं. १०७) ।

(२२) हाँडी गाउँमा ।

(२३) पाटन सिकुवहीमा (शक सं. ४९४) ।

(२४) बालकृष्ण समको संग्रहालयमा शिवपार्वतीको मूर्ति ।

(२५) पाटनको सुन्दरी चोकमा ।

स्मरणीय छ यी मूर्तिहरू पहिलो शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्मका हुन् ।

(ज) अर्धनारीश्वर–

यो मूर्तिको वर्णन श्रुतिमा पाइँदैन । पुराणहरूमा भने प्रशस्त वर्णन पाइन्छ । यो मूर्ति शक्ति विशिष्ट शक्तिमान्को वा प्रकृतिविशिष्ट पुरुषको द्योतक हो ।

लक्षण–

यसमा आधा भाग[1] शिवको र आधा भाग उमाको संयुक्त मूर्तिमध्ये आधामा जटाजूट र चन्द्रभूषण, आधामा सीमन्तमा सिन्दूर, निधारमा टीका र अलक, आधा अङ्ग खरानी घसेको र आधा अङ्ग कुंकुम घसेको, एक आधामा जनै र अर्को आधामा मोतीको माला, एक आधामा पुष्ट गोल स्तन, सुन्दर शरीर, सप्को हालेको र हीरा, मोती, पन्ना आदि रत्न जडित मेखला र अर्को आधामा ऊर्ध्वलिङ्ग, सर्पको मेखला र कमलमाथि पाउ गराउनू । उमाको पाउ माहुर लाएको, नयन गाजल लाएको, दुइ बायाँ बाहुमा ऐना, कमल र शिवका दायाँ बाहुमा त्रिशूल र जपमाला गराउनू भनेको छ ।

अग्निपुराणमा[2] दायाँपट्टि महादेवको आधा भाग बालचन्द्रयुक्त जटा, दायाँ कानमा वासुकी जटामाथि बालिका स्वरूपकी गङ्गा, दायाँ दुइ बाहुमा कपाल र र त्रिशूल, काँधमा मणिमुक्तामय, यज्ञोपवीत, ऊर्ध्वलिङ्ग, सर्पको कम्मरपेटी र मृगचर्मधारी, सर्पले बेरिएको र कमलमाथि पाउ गराउनू । पार्वतीको आधा बायाँ

---

१. वि. ध. ३ ख., हेमाद्रि व्र. ख. १ अ., २. अग्नि पु. २६०।१–१० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग सीमन्तमा सिन्दूर, कानमा कुण्डल, बाहुमा दर्पण र कमल तथा केयूर र बाला लाएको, पीन स्तन र काञ्चीयुक्त जघन भएको, तेवरी, कटिसूत्र (काञ्ची) युक्त लामो सारी र नाना भूषण लाएको तथा पाउजेव र माहुरयुक्त पाउ, नाना रत्न-जडित औंठी लाएका औंला गराउनू भनेको छ। मत्स्यपुराणमा लक्षण गरेको छैन।

विष्णुधर्मोत्तरको[1] अर्को ठाउँमा शिवपार्वती भन्ने नाम दिएर अर्धनारीश्वरको नै स्वरूप यसरी देखाएको छ–

शिवको दायाँ आधा भागका दुइ बाहुमा अक्षमाला र त्रिशूल लिएको, उमाको बायाँ आधा भाग, बाहुमा ऐना र नीलो कमल र दुइ नेत्रको, सर्वभूषणयुक्त गराउनू भनी अरू सबै पहिलो वि. ध. अनुसारकै लक्षण बताएको छ।

नेपालमा अर्धनारीश्वरका मूर्ति यस प्रकार छन्। जस्तै–

(१) गुह्येश्वरीबाट मृगस्थलीतिर उक्लँदा बायाँ भित्तामा अर्धनारीश्वरको सानो मूर्ति।

(२) साँखुको इपाटोलमा शिव र विष्णुका बीचमा अर्धनारीश्वर।

(३) पशुपतिनाथको मन्दिरभित्र।

(४) पाटनको ठूलो डबलीमा।

(५) विष्णुमतिको इन्द्राणी अगाडि।

(६) महाबौद्धको गणेशस्थान अगाडि।

(७) पाटनको सुन्दरीचोकमा।

(८) धरानको डाँडामाथि पिण्डेश्वरमा।

(९) दोलखा भीमेश्वर मन्दिरमा।

(१०) दुम्जा कुशेश्वर मन्दिरबाहिर।

(११) बालुकेश्वर (मूलकोट) मा।

(१२) धनेश्वर महादेवको मन्दिरमा।

(१३) हालै उत्खननबाट प्राप्त भोटाहिटीको चौबाटोमा।

तथा अन्त्र पनि शिवलिङ्गको नजीकमा अर्धनारीश्वर पाइन्छन्।

---

१. वि. ध. ३।५५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) भैरव–

पञ्चमुखी महादेवको दक्षिण मुख भैरव मुख हो भन्ने कुरा माथि बताइसकिएको । तन्त्रमा भैरवका नाना भेद मानेको पाइए तापनि पुराणमा एक भेद मात्र मानेको छ । तदनुसार–

लक्षण–

लामो पेट, गोलाकार र पिङ्गल नेत्र, दाह्रा निस्केको, कराल मुख, फुलेको ठूलो नाक, मुण्डमालाधारी, भीषण, सर्पका भूषण लाएको, सर्प देखाएर पार्वतीलाई तर्साउने, कालो वर्णको, हात्तीको छाला ओढेको, धेरै बाहु गरेको, नाना शस्त्रास्त्र धारण गर्ने अग्लो, साल वृक्ष जस्ता लामा र तीखा नङ गरेको, छड्के गरी हेर्ने भैरवको वर्णन वि. ध.[1] मा छ ।

अग्निपुराणमा[2] अर्कहस्त, कूर्परास्य, जटामा चन्द्रमा धारण गर्ने, खड्ग, अंकुश, कुठार, बाण र अभय एकापट्टि र चाप, त्रिशुल, खट्वाङ्ग पाश र वरमुद्रा, अर्कापट्टि बाहुमा धारण गर्ने, दश वा पाँच मुखका भैरव मानिएका छन् ।

नेपालमा भैरवका मूर्ति, पुराण र तन्त्र दुवैको आधारमा बनेका पाइन्छन् तापनि प्रायः तन्त्रअनुसारका मूर्तिको बाहुल्य छ । जस्तै–

(१) आकाश भैरव (इन्द्रचोक) ।
(२) कालभैरव (काठमाडौं) ।
(३) श्वेत भैरव ।
(४) टीका भैरव (लेले) ।
(५) हनूमान् ढोकाको भैरव ।
(६) भक्तपुरका भैरव ।
(७) ललितपुरका भैरव ।
(८) उन्मत्त भैरव (पशुपति) ।
(९) कीर्तिमुख भैरव ।
(१०) आनन्द भैरव (ज्ञानेश्वर) ।

---

१. वि. ध. ३।५९, २. अग्नि पु. ५० अ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(११) पचली भैरव ।

(१२) कीर्तिपुरका भैरव ।

(१३) बाग्भैरव ।

(१४) वटुक भैरव ।

(१५) चौतारा भैरव ।

(१६) पाल्पा भैरव ।

(१७) वज्रभैरव, १४१ सं. लि. अ. मा गोर्खाका वज्र भैरवको उल्लेख छ ।

(१८) महाभैरव, लि. अ. सं. १८५ मा यिनको उल्लेख छ ।

(ञ) महाकाल

भैरव र महाकाल महादेवकै अवस्था विशेषका मूर्तिहरू हुन् । महाकालको लक्षण यस प्रकारको छ ।

लक्षण–

महाकालको मूर्ति पनि भैरवको जस्तो गराउनू । यिनको बायाँपट्टि पार्वती रहुन् । अगाडिपट्टि पार्वती गराउनु हुँदैन, अगल बगलमा मात्र गराउनुपर्छ । यहाँ पार्वतीको रूप शुक्ल र रक्त पनि गराउनु हुँदैन । समीपमा मातृगण रहुन् । नाना रूपका अरू गण पनि गराउनू भन्ने वि. ध.[1] को मत छ ।

नेपाल उपत्यकामा चावेलबाट बौद्ध जाने बाटोको उत्तरपट्टि महाकाल भन्ने प्रसिद्ध स्थान छ । संभवतः त्यहाँ महाकालको मूर्ति भएर नै त्यो स्थानको नाम महाकाल रहन गएको होला । तर त्यहाँ पुराणमा बताए अनुसारको मूर्ति भने पाइँदैन । त्यस्तै टुँडिखेल (काठमाडौं) मा प्रसिद्ध मन्दिरभित्र महाकालको मूर्ति छ । त्यो मूर्ति पनि पुराणअनुसारको नभई तन्त्रअनुसारको बनेको छ ।

(ट) गणेश–

गणका स्वामीको रूपमा गणेशका नाममा वैदिक मन्त्रको प्रयोग गर्ने गरिएको पाइए तापनि खास गणेशलाई बुझाउने अर्थ भएका मन्त्र वेदमा पाइँदैन । पौराणिक कथानकअनुसार पनि गणेशजीको उद्भव पछि भएको देखिन्छ । पुराणमा

---

१. वि. ध. ३ ख. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गणेशजीको ठूलो महत्त्व छ र गणेशजीको पूजा नगरी अरू कुनै देवताको पूजा गर्नै नहुने गरी गणेशजीलाई अग्रपूजाको अधिकार प्रदान गरेको छ। भारतवर्ष र भरत खण्डभरि नै वैष्णव सम्प्रदायको प्रवेश हुनुभन्दा अघि शैव सम्प्रदायले ढाकेको र गणेशजीलाई शिवजीकै पुत्रको मान्यता प्रदान गरेकोबाट शैवहरूले पनि गाणपत सम्प्रदायलाई मान्यता दिएका थिए, त्यसैले गणेशले अग्रपूजा पाएका हुन् भन्ने देखिन्छ। भारतमा विशेष गरेर दक्षिण भारतमा गणेश पूजाको ठूलो महत्त्व छ।

लक्षण–

हात्तीको मुख मानिसको शरीरका, चतुर्बाहु, दायाँ बाहुहरूमा त्रिशूल र अक्षमाला बायाँ बाहुहरूमा मोदक पूर्णपात्र र परशु धारण गर्ने, बायाँ दाँत नभएको एकदन्त, पलेंटी कसेका, एक पाउ आसनमा र एक पाउ भूमिमा राखेका, सूँढको अगाडि लड्डुको पात्र रहेको, लामो पेट, ठाडा कान गरेका, बाघको छाला र सर्पको जनै लाएका, गणेशको वर्णन वि. ध.[1] मा छ।

अग्निपुराणमा[2] मानव शरीर, गजमुख, ठूलो पेट, लामो सूँढको, जनै लाएका, आफ्नो दाँत र बञ्चरो बायाँ बाहुमा र लड्डु र कमल दायाँ बाहुमा लिएका, सुमुखी र विडालाक्षी नामका नारीलाई अगल बगलमा लिने गणेश मानिएका छन्।

मत्स्यपुराणमा[3] गजवक्त्र, त्रिनेत्र, लम्बोदर, चतुर्बाहु, सर्पको जनै लाएका, ठाडो कान, ठूलो पेट, लामो सूँढ, एकदन्त, दायाँ बाहुमा आफ्नो दाँत र कमल, बायाँ बाहुमा लड्डु र बञ्चरो लिने, ठूलो शिर हल्लाइरहने, मोटा काँध बाहु र पाउ गरेका, ऋद्धि र बुद्धियुक्त, तल मूसो भएका, गणेशको लक्षण छ।

पशुपतिनाथजीको मन्दिरदेखि उत्तरपट्टिका गणेश अशोककी छोरी चारुमतीले स्थापना गरिएका हुन् भनी डा. राङ्गेय राघवले लेखेका[4] छन्। यो चावेल गणेशलाई सङ्केत गरेको हो। चावेल पनि चारुमतीको नामबाट चारुबहाल, चावहाल भन्दाभन्दै अपभ्रंश भएर चावेल हुन गएको हो। नेपालमा गणेशका मूर्तिहरू यस प्रकार छन्।

(१) चन्द्रविनायक (चावेल)।

---

१. वि. ध. ३।७१।१३–१६, २. अग्नि ५०।२३–२६, ३. मत्स्य २६०। ५२–५४, ४. महायात्रा १ भाग।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) सूर्यविनायक (भक्तपुर) ।
(३) अशोकविनायक (काठमाडौं) ।
(४) जलविनायक (चोभार) ।
(५) कार्यविनायक[१] (ल. पु. सैंबु) ।
(६) सिद्धिविनायक (पकनाजोल) ।
(७) कमलाक्षी गणेश (कमलादी) ।
(८) गोभा गणेश (गैह्रीधारा) ।
(९) रक्तविनायक ।
(१०) यटखाका गणेश ।
(११) शक्ति गणेश (रानीपोखरी) ।
(१२) त्रिपुरेश्वरका गणेश ।
(१३) टुपेकका गणेश ।
(१४) श्वेत गणेश (वटुटोल) ।
(१५) जोर गणेश (ओमबहाल) ।
(१६) नारायणहिटी नारायणस्थानका गणेश आदि ।

नेपाल अधिराज्यभरि नै अनेकौं गणेशका मूर्ति पाइन्छन् । तीमध्ये कुनै पौराणिक र धेरैंजसो तान्त्रिक मूर्ति छन् ।

(ठ) कुमार–

गणेश र कुमार पार्वतीका पुत्र मानिन्छन् । यी दुइमध्ये गणेशले अग्रपूजा र कुमारले द्वितीय पूजा ग्रहण गर्दछन् । शिवजीका गणमा यी दुइको ठूलो स्थान छ । कथानकअनुसार शिवजीको वीर्य कपोतभेषका अग्निले पान गर्दा डाहा भई शरवण (निगालाको वन) मा उकेले । त्यो वीर्यबाट तेजोमय बालक उब्ज्यो । त्यहाँ षट्कृत्तिका आएर त्यस बालकलाई आफ्नो पुत्र मानी छओटीले नै आफ्नो दुग्ध पान गराए । पछि ती बालक षड्मुख, शरजन्मा, कार्तिकेय आदि नामले प्रसिद्ध भए । तिनलाई देवताहरूले सेनापति बनाएर उनद्वारा तारकासुरलाई मराए । यिनको पूजा गर्नाले युद्धमा विजय मिल्छ भन्ने उक्ति छ । कुमारका– १. कुमार, २. स्कन्द, ३. विशाख र ४. गुरु चार भेद छन् ।

---

१. सं. ४४३८ ने. सं. ५०१ का कवि धर्मगुप्तको रामाङ्कनाटिकामा ललितपुरका गणेशको वर्णन छ । ती यी नै कार्यविनायक हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमशः लक्षण–

(१) छ मुख, चार बाहुका[1], शिरमा मुकुट लाएका, रक्ताम्बरधारी, मयूर वाहन, सर्वभूषणभूषित कुमार गराउनू । यिनका दायाँ बाहुमा कुक्कुट र घण्टा, बायाँ बाहुमा वैजयन्ती र शक्ति गराउनू ।

(२) स्कन्द, (३) विशाख र (४) गुरुचाहिँ कुमार जस्ता षड्मुख र मयूर-वाहन नगराउनू , एक मुखका र सामान्य आसनका गराउनू । कुमारका चारभेद वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्धका मूर्ति हुन् । कुमारचाहिँ साक्षात् वासुदेव मूर्ति हुन् भनी बताएको छ ।

मत्स्यपुराणमा कार्तिकेयको लक्षणमा छ–

तरुण, सूर्य जस्ता तेजस्वी, रक्तवर्ण, दण्ड र चीवरक (पताका) धारी मयूर-वाहन कार्तिकेय गराउनू । खर्वमाचाहिँ[2] चतुर्बाहुको, वनमा र ग्राममा दुइ बाहुको, नगरमा बाह्र बाहुको मूर्ति गराउनू । बाह्र बाहुहरूमा शक्ति, पाश, खड्ग, चर्म, शर, शूल, अभय वा वरदमुद्रा दायाँ बाहुहरूमा र धनु, पताका, मुष्टि प्रसारित–तर्जनी, खेटक, ताम्रचूड (कुक्कुट) बायाँ बाहुहरूमा गराउनू र दायाँ बाहुहरू केयूर, कटक आदि भूषणले भूषित पनि गराउनू ।

दुइ बाहुको पक्षमा बाहुमा शक्ति र कुक्कुट होउन् ।

चतुर्बाहुको पक्षमा शक्ति, पाश बायाँ बाहुमा र खड्ग र वरद वा अभय दायाँ बाहुमा हुनुपर्छ ।

अग्निपुराणअनुसार[3] कुमारका स्कन्द, स्वामी, शाख र विशाख चारभेद छन् । स्कन्द मयूरवाहन छन्, अरू मयूरवाहन छैनन् र एक मुखका र दुइ बाहुका छन् । दुइ बाहुहरूको बाहुमा दायाँमा शक्ति र बायाँमा कुक्कुट हुन्छन् ।

स्कन्द एक मुखका र छ मुखका छन् । एक मुखको मूर्तिका छ बाहु र छ मुखको मूर्तिका बाह्र बाहु हुन्छन् । ग्राममा र वनमा स्थापना गर्दा दुइ बाहुको मूर्ति गराउनू । बाह्र बाहुको मूर्तिका दायाँ बाहुहरूमा शक्ति, बाण, पाश, खड्ग, घुयत्रो र तर्जनीमुद्रा तथा बायाँ बाहुहरूमा मयूरको प्वाँख, धनु, खेटक, पताका, अभयमुद्रा

---

१. वि. ध. ३।२१।३–७, २. नगर र ग्रामको बीचको नदीपर्वतयुक्त भाग (अमरकोश–लिङ्गादि) ३३ । ३. अग्नि पु. ५०।२७-३० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र कुक्कुट हुन्छन् । छ बाहुको मूर्तिका कपाल, कर्तरी, शूल, पाश, शक्ति र कुक्कुट हुन्छन् ।

नेपाल अधिराज्यमा कुमार र उनका भेदहरूको समेत छुट्टै मन्दिर र मूर्ति देखिएको छैन । देवदेवीका मन्दिरहरूमा, शिवमन्दिरहरूमा, उमामहेश्वरका साथमा अङ्गदेवताको रूपमा र भवनहरूका ढोकामा गणेश र कुमारका मूर्ति तथा देवमन्दिरमा तोरणद्वारमा पनि गणेश र कुमारका मूर्ति देखिन्छन् । तिनी-हरूमा प्रायः एक मुख र छ बाहुका कुमार देखिन्छन् ।

(ड) वीरभद्र–

महादेवका गणमा वीरभद्रको ठूलो स्थान छ । शैवहरूले ब्राह्म संप्रदायको विद्वेषमा दक्ष जस्ता वैदिक प्रजापति ब्रह्मालाई पनि शिवको निन्दा गरेबापत बेइज्जती गर्न यज्ञविध्वंस र दक्षप्रजापतिको शिर समेत काटी बोकाको मुख जोरी जियाउने काल्पनिक कथा जोडी वीरभद्रलाई खडा गराएका छन् । वीरभद्र साक्षात् रुद्रमूर्ति मानिन्छन् । यिनको चर्चा श्रुतिमा कहीं पनि छैन । वैदिक यज्ञकर्ममाथि शैव सम्प्रदायबाट शुरुदेखि नै आक्रमण भएको कुरा यस कथाले संकेत गर्दछ । संभवतः बौद्ध सम्प्रदायभन्दा अघि हिमवत्प्रदेशवासी अनार्यहरू सबै शैव थिए र यिनीहरूबाट वैदिक सम्प्रदायमाथि बारंबार आक्रमण भई नै रहन्थ्यो ।

लक्षण–

विष्णुधर्मोत्तरमा[1] यिनको मूर्ति नन्दीको जस्तो चतुर्बाहु, त्रिनेत्र, अरुणवर्ण, व्याघ्रचर्मधारी, त्रिशूल र भिन्दीपाल तलका दुइ बाहुमा र माथिको एक बाहु शिरमा र अर्को बाहु तर्साउने मुद्रा गरेको, टाढाबाट आएकोलाई हेरिरहेको जस्तो गराउनू भनेको छ ।

अग्निपुराणमा[2] वृषारूढ मातृकाका अगाडि रहेको चतुर्मुख वीरभद्र छन् ।

मत्स्यपुराणमा[3] यिनलाई वीरेश्वर मानेको छ र भनेको छ–

वृषारूढ, नराकार, वीणाहस्त र त्रिशूलधारी गराई मातृकाका अगाडि राख्नू भनेको छ ।

नेपालमा पशुपतिको दक्षिणपट्टि मातृकाका साथमा, विशालबजार अगाडि

---

१. वि. ध. ३।७३।१७, २. अग्नि ५२।१४, ३. मत्स्य २६१।३९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिषमर्दिनी नेरका मातृकाका साथमा र अन्यत्र पनि शिवमन्दिरमा वीरभद्रका मूर्ति पाइन्छन् तर कहीं चतुर्मुख भएकाले ब्रह्मा र कहीं व्याघ्रचर्म, त्रिशूल आदि धारण गरेकाले शिव हुन् भन्ने भ्रम पर्न जाने हुनाले साधारणले चिन्न नसक्ने अवस्था पर्ने देखिन्छ। राम्रोसँग लक्षण मिलाई चिन्नुपर्दछ।

(ढ) नन्दी–

नन्दी शिवका[1] मुख्य गणनायक हुन् र शिवका द्वारपाल पनि हुन्। यिनी चतुर्बाहु, त्रिनेत्र, अरुणवर्ण, व्याघ्रचर्मधारी, त्रिशूल र भिन्दीपाल तलका बाहुमा र माथिको एक बाहु शिरमा र अर्को बाहु तर्साउने मुद्राको र टाढाबाट आएकोलाई हेरिरहेको जस्तो गराउनू।

यिनको मूर्ति पशुपति आदि शिवका मन्दिरमा पाइन्छ। यिनलाई पनि साधारणले चिन्न नसक्ने जस्तो देखिन्छ। लक्षण मिलाएर मात्र चिन्न सकिन्छ।

(ण) गङ्गा–

पितृहरूको उद्धारका निम्ति भगीरथले प्रवाहित गराइएकी गङ्गाजीको कथा पुराणहरूमा पाइन्छ। गङ्गाजीको नाम वेदमा पनि छ। पुराणमा साकार स्वरूपको वर्णन छ भने वेदमा नदी रूपको उल्लेख छ। यमुनाको वर्णन पनि त्यस्तै छ।

लक्षण–

मकरमा चढेकी, चमर र पद्म धारण गर्ने, श्वेतवर्णकी गङ्गाको मूर्ति गराउनू।[2]

(त) यमुना–

कूर्ममा चढेकी, चमर र नीलो कमल धारण गर्ने नीलो कमल जस्तो वर्णकी यमुना गराउनू।[3]

४. श्रीसूर्य–

सूर्यको वर्णन वेद, ब्राह्मण आरण्यकसंहिता, उपनिषद् यी सम्पूर्ण श्रुतिमा पाइन्छ। चारै वेदमा इन्द्र र अग्निपछि अत्यधिक मन्त्र सूर्यको वर्णनमा छन्। वैदिक धर्मावलम्बीका मुख्य उपास्यदेव सूर्य नै हुन्। उनैको उपासनामा ब्रह्म

---

१. मत्स्य २६१।३९, २. वि. ध. ३।७३।१६, ३. वि. ध. ३।७३।१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गायत्रीको अनुष्ठान गरिन्छ, उनैको उपासनामा सूर्योपस्थान र अग्निहोत्रादि कर्महरू गरिन्छन् । प्राकृतिक सूर्यको व्यापक उपयोगितालाई लिएर वैदिक ऋषिहरूले नित्य नैमित्तिक आदि कर्महरू चलाएर उनको स्मृतिमा सगुणोपासनापद्धति चलाई ब्रह्म गायत्रीको उपास्यदेवसमेत सूर्यलाई नै माने । यसबाट वेदमा सूर्यको कति महत्त्व मानिएको रहेछ भन्ने कुराको बोध हुन्छ । यो मात्र हैन सम्पूर्ण सौरजगत्का स्वामी हुनाले उनी ग्रहराज समेत मानिएका छन् । चारै वेदमा इन्द्र र अग्निपछि अत्यधिक मन्त्र सूर्यको वर्णनमा पाइन्छन् तापनि मानव जातिको सर्वप्रथम परिचय सूर्यसँग नै भएको छ । उसले सर्वप्रथम सूर्यलाई नै देख्यो, त्यसैले उसले पहिलो देवता पनि मान्यो । अनि अग्नि, भूमि, पर्जन्यको स्वामी इन्द्र, चन्द्रलाई देवता मान्यो होला । यसैले वेदमा प्रकृतिलाई देवता मानेर उनीहरूको वर्णनमा अत्यधिक मन्त्र पाइन्छन् ।

अदितिका पुत्र मानेर सूर्यलाई आदित्य भनिएको छ। ऋग्वेदको[१] एक ठाउँमा मित्र, अर्यमा, भग, वरुण, दक्ष र अंश यी छ आदित्यको र त्यहीं अर्को ठाउँमा[२] मार्तण्ड बाहेक सात सूर्यको वर्णन छ। नीरोगी हुनका लागि सूर्यको उपासना गर्नू भन्ने कुरा पनि ऋग्वेदको[३] उक्तिबाट थाहा हुन्छ । त्यस्तै अनेकौं अरू उपयोगितावारे पनि वेदमा उल्लेख पाइन्छ । हिन्दी ऋग्वेदको भूमिकाका र रामगोविन्दका अनुसार अदितिले आफ्ना मित्र, वरुण, धाता, अर्यमा, अंश, भग, विवस्वान् र आदित्य यी आठ पुत्रमध्ये सात पुत्रलाई आफ्ना साथमा लगिन्, एउटा आदित्य पुत्रलाई मात्र आकाशमा छोडिन् । तैत्तिरीय ब्राह्मणमा आदित्यको स्थानमा इन्द्रको नाम दिएको छ । शतपथ[४] ब्राह्मणमा बाह्र आदित्यको उल्लेख छ । ती हुन्– धाता, अर्यमा, मित्र, वरुण, अंश, भग, इन्द्र, विवस्वान्, पूषा, त्वष्टा, सविता र विष्णु । यी चैत्रदेखि फाल्गुनसम्मका एक एक महीनाका सूर्य मानिन्छन् ।

ऋग्वेदमा[५] सूर्यको अन्तरिक्षमा भ्रमण उदयास्त, राशि विवरण, प्रकाश आदिको वर्णन छ । त्यसै गरी अर्को ठाउँमा[६] विशेष रूपमा हरित नामका सात घोडा किरण)को रथद्वारा सूर्यको यात्रा हुन्छ भन्ने मानेको छ । शुक्लयजुर्वेदमा[७]

---

१. ऋग् म. २ सू. २७ मं. १, २. ऋग् ९।११४।३, ३. ऋग् १०।३७ ४. श. ब्रा. हि. ऋ. रामगोविन्द त्रिवेदी पृ. ४०, ५. ऋग् १।३५, ६. ऋग् १।५०।८,९ ७. शु. य. १७।५८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किरणलाई सूर्यका केश मानेको उल्लेख छ । ऋग्वेदमा[१] सूर्यका रथमा सात घोडो छन्, सूर्यको उपासनाले हृदयरोग, मानसरोग, चर्मरोग आदि नाश हुने उल्लेख छ । त्यहीं[२] सूर्य एक चक्रको सात घोडे रथबाट यात्रा गर्छन् भनेकोमा सात घोडाको अर्थ सातथरी किरण गरिएको छ । यसबाट वैदिक ऋषिलाई सूर्यका सातथरी किरणको र सूर्यको एकत्वको पनि ज्ञान थियो तापनि रूपक व्यवहारद्वारा वा त्यस भन्दा अघिका किंवदन्ती (लोककथा) का आधारमा यस्ता विभिन्न वर्णन भएका होलान् । सूर्यको विषयमा वेदमा र पुराणहरूमा नाना कथानकहरू पाइन्छन् ।

ऋग्वेदमा[३] नै उषादेवी सूर्यदेखि तीसयोजन अगाडि छिन् भनेको छ । सायणका अनुसार सूर्य प्रतिदिन ५०५९ योजन भ्रमण गर्छन्, सूर्योदयभन्दा आधा घण्टाअघि उषाको उदय हुन्छ । उषालाई सूर्यकी भगिनी मानेको छ । वेदमा[४] सूर्यका बाह्र अर (राशि) युक्त चक्र स्वर्गको चारैतिर बारंबार भ्रमण गर्दछ र पनि कहिल्यै पुरानो बन्दैन । अग्नि यस चक्रमा पुत्ररूपले दिन रात गरी सात शय बीस समय[५] निवास गर्छन् भनी बताएको छ । अर्को मन्त्रमा[६] बाह्र राशि एक वर्ष र तीन शय साठी दिन हुन्छन् भन्ने र उत्तरायण र दक्षिणायनको पनि उल्लेख छ ।

ऋग्वेदका मन्त्रहरूबाट सूर्यसम्बन्धी अनेकौं कुराको ज्ञान हुन्छ । ऋग्वेदमै[७] कालका ९४ अंशमा सम्वत्सर, दुइ अयन, पाँच ऋतु (हेमन्त र शिशिरलाई एउटै मानेर), बाह्र महीना, चौबीस पक्ष, तीस अहोरात्र, आठ प्रहर, बाह्र राशि हुन्छन् भनी बताएको छ । यी सबै सूर्यकै आधारबाट गनिन्छन् । खगोलशास्त्र सूर्यको आधारबाट चलेको छ । ज्योतिःशास्त्रमा जति पनि खगोलवर्ती सप्तर्षि, ग्रह, तारा आदिको वर्णन र कालको गणना गरिएको छ, त्यो सबै सूर्यकै गतिसँग सम्बद्ध छ । सम्पूर्ण सौर्यजगत्का स्वामी हुनाले उनलाई ग्रहराज मानेको छ । यसबाट वेदमा सूर्यको कति महत्त्व मानेको छ भन्ने कुरा ज्ञान हुन्छ । पुराणमा खगोलसम्बन्धी वर्णनका साथै सगुणोपासना र त्यससम्बन्धी नाना कथानक पनि पाइन्छन् । यद्यपि सूर्योपासना भारतवर्ष र भरतखण्डमा अनादिकालदेखि चलि-आएको भए तापनि सूर्यको मूर्तिपूजा भने श्रीकृष्णका पालामा साम्बले श्वेतद्वीप (हालको इरान) बाट मग जातिका ब्राह्मण झिकाई ताम्रपर्णीको तिरमा साम्ब-

---

१. ऋग् १।५०।९,११,१२,१३, २. ऋग् १।६४।५।३, ३. ऋग् १।१२३।८, ४. ऋग् १।६४।११,१२, ५. तीन शय साठी दिन र तीन शय साठी रात, ६. ऋग् १।६४।४८, ७. ऋग् १।१५५।६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरको[1] स्थापना गरी त्यहीं कोणार्कका सूर्यको स्थापना समेत गरेर चलाएका हुन् । पुराणकाअनुसार–

लक्षण–

ऋग्वेदमा[2] बोकामाथि चढेका, दाह्री पालेका, दुइ बाहुका सूर्यको उल्लेख छ ।

विष्णुधर्मोत्तरमा[3] दाह्री पालेका, लाल रङ्गका, प्रकाशमान, सर्वभूषणयुक्त, चतुर्वाहु, कवच र रशनाधारी, दायाँ बाहुमा रश्मि (किरण) धारण गरेका, फूलका माला लाएका सूर्य र उनको बायाँपट्टि चर्म र त्रिशूल लिने दण्डी र दायाँपट्टि कलम र कागत लिएका पिङ्गल दुइ पार्श्ववर्तीको शिरमा सूर्यले एक एक बाहु राखेका सिंहध्वज सूर्यको वर्णन छ ।

अथवा–

ग्रहहरूको माझमा एक चक्र, सात अश्व र अरुण सारथी भएको, रथमा विराजमान, असह्य तेजोयुक्त गूढस्वरूपका सूर्यका साथमा रक्तवर्णका १ राज्ञी, २ भू, ३ इक्षुभा, ४ द्यौ, ५ छाया, ६ प्रभा, ७ सुवर्चला यी सात पत्नी गराउनू भनेको छ ।

मत्स्यपुराणमा[4] पद्महस्त, सुलोचन, सप्ताश्वको एक चक्रको रथमा विराजमान, विचित्र मुकुटधारी, रक्त वर्ण, नाना भूषणयुक्त, दुइ बाहुमा कमल लिएका, पार्श्वमा खड्गहस्त पार्श्ववर्ती दण्डी र पिङ्गल रहेका, कलम र कागत लिने ब्रह्मा र नाना देवगणयुक्त सूर्य र रक्त वर्णका अरुण सारथी र पार्श्वमा सुन्दर माला गरेका, सर्पको डोरीले बाँधिएका रश्मियुक्त सात घोडा गराउनू वा पद्ममा विराजमान गराउनू भनेको छ ।

अग्निपुराणमा[5] सप्ताश्व, एक चक्र रथमा विराजमान, दुइ बाहुका, दुवै बाहुमा कमल लिएका, सूर्य र मसीदानी र कलम लिएका दण्डी दायाँपट्टि र दण्डधारी पिङ्गल बायाँपट्टि पार्श्ववर्ती रहुन्, सूर्यको पार्श्वमा चमर लिएको राज्ञी र निस्प्रभा दुइ

---

१. साम्बपुराण ३२ अ., भविष्य पु. ब्र. प. ७२–१७२ नारद पु. आदि । २. ऋग् १०।२६।७–८, ३. वि. ध. ३।३७, ४. मत्स्य १६१।१–८, ५. अग्नि ५१।१–९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्नी रहुन् । अथवा घोडा चढेका सूर्य र आफ्ना अस्त्र लिएका दिक्पालहरू रहेको द्वादशदल कमलमा मेषादि राशिको र मार्ग आदि कार्तिकान्तका नाना वर्णका द्वादश सूर्यको पनि स्थापना गर्नू, तथा द्वादशदल कमलको केसरको अग्रभागमा ईडा, सुषुम्णा आदि द्वादश शक्तिको पनि स्थापना गर्नू भनी विशेष उल्लेख गरको छ ।

यसै गरी भविष्य स्कन्द, पद्म, साम्ब, आदि पुराणमा पनि सूर्यको विषयमा विभिन्न लक्षण र वर्णन छ । जति प्राचीन सम्प्रदाय छ त्यति त्यसको धेरै लक्षण र विवेचन हुन्छ । सौर्यसम्प्रदाय प्रायः विश्वभरि नै छ र विश्वको धेरै भागमा सूर्यको उपासना हुन्छ । यो सबैभन्दा प्राचीन सम्प्रदाय हो ।

यो सम्प्रदाय धेरै प्राचीन हुनाले सूर्यका मूर्तिहरू देश विदेशमा सर्वत्र पाइन्छन् । नेपालमा पनि धेरै प्राचीन कालदेखि सूर्यका मूर्तिको निर्माण र पूजा हुन्थ्यो भन्ने कुरा यहाँका प्राचीन सूर्यमूर्तिहरूबाट ज्ञान हुन्छ । तदनुसार नेपालमा सूर्यमूर्तिहरू यस प्रकार पाइन्छन्–

(१) काठमाडौं टेवहालमा अभिलेख समेतको सूर्यमूर्ति लक्षणअनुसारको छ । यसमा इन्द्र नामका दिवाकरको उल्लेख छ । यसमा सूर्य रथमा विराजमान छन् ।

(२) टेवहालमै अभिलेख नभएको अर्को सूर्यमूर्ति पनि छ ।

(३) पाटन गैह्लीधाराको चतुष्कोण आकारमा कुँदिएको, उभिएको, दुवै बाहुमा कमल लिएको, सूर्यमूर्तिका पछाडि अक्षमाला र त्रिशूल लिएका शिव, दायाँपट्टि र बायाँपट्टि ब्रह्मा र विष्णु, पार्श्वमा राज्ञी, इक्षुभा, भू, द्यौ, छाया, प्रभा, सूवर्चसा सात पत्नीमध्ये कतिपय देखिन्छन् । कागत र कलश लिएका पिङ्गल, चर्म र त्रिशूल लिएका दण्डी, पार्श्ववर्ती पनि छन् । सूर्यका रेवन्त, यम, मनु र द्वितय यी चार पुत्र पनि यहाँ छन् । सर्पको डोरीले बाँधिएका सात घोडाहरूले रथ तानिरहेका छन् र अरुणले हाँकेका छन् । यथासंभव दिक्पाल र देवदेवी पनि छन् । यो मूर्ति विष्णुधर्मोत्तर, मत्स्य र अग्निपुराण तीनौटैको लक्षण मिलाई बनेको छ ।

(४) पशुपतिको वरिपरि शीतलानेर चौसट्ठीपट्टि पनि सूर्यमूर्ति छन् । यी मध्ये पाँचओटा अति प्राचीन मानिन्छन् । वासुकीपट्टिको सूर्यमूर्ति र पशुपति मन्दिरको बायाँपट्टिका दुइ मूर्ति लिच्छविकालका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यीमध्ये दुइ मूर्ति पद्मासनमा खडा भएका सूर्य तथा दोचा र बूठ लाएका दण्डी र पिङ्गल छन् । अर्को एक मूर्ति ज्यादै कलात्मक छ, त्यो मूर्ति लैनसिंह बाङदेलका अनुसार ८,९ शताब्दीतिरको हो । अरू उपत्यकाका सूर्यमूर्ति १०,१२ शताब्दीतिरका हुन् ।

(५) राष्ट्रिय संग्रहालयमा १०,१२ शताब्दीका दुइ सूर्यमूर्ति छन् । तीमध्ये यौटा मूर्तिको पादपीठमा ने. सं. २७९(ई.११५९) अङ्कित छ । यसमा दण्डी र पिङ्गल छैनन्, हात जोरेका दुइ देवता छन् ।

(६) पशुपतिको दक्षिणपट्टि अर्को आठौं शताब्दीको सूर्यमूर्ति छ ।

(७) सङ्कटावहालमा सूर्यका दुइ मूर्ति छन् । ती मूर्तिमा अरुणले रथ तानेका र अगल बगलमा दण्डी र पिङ्गल छन् ।

(८) हाँडीगाउँ सत्यनारायणनेर पनि सूर्यका मूर्ति छन् ।

(९) पशुपतिको दक्षिणपट्टि सप्तमातृकासँगै आठौं शताब्दीको सूर्यमूर्ति छ ।

अरू सूर्यमूर्तिहरू-

(१०) द्यौपाटनको चौबाटोनेर धारामा ।

(११) पाटन गुइटोलमा ।

(१२) बृटिश राजदूतावासको प्राङ्गणमा ।

(१३) जयवागेश्वरीको धारानेर ।

(१४) यङ्गलहिटीको जलहरिमाथि उभ्याइएको ।

(१५) बुम्जा कुशेश्वर परिवारमा ।

(१६) पशुपतिको विरूपाक्षनेर ।

(१७) कुम्भेश्वरमा ।

(१८) पशुपतिको सूर्यघाटमा ।

(१९) ओमबहाल टोलमा ।

(२०) थापाहिटीमा ने. सं. १५० को ।

(२१) पाटन सौगलटोलको ने. सं. २३० ई. सं. १०८३ को ।

(२२) पाटन आलुकोहिटीको ।

(२३) धुलिखेलमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२४) मृगस्थलीमा ।

(२५) आर्यघाटमा ।

(२६) उपत्यकाका र अन्त देवदेवी मन्दिरमा ।

(२७) पश्चिमी तिब्बत (किन्नर देश) मा धेरै प्राचीन सूर्यमूर्ति छन्, ती मूर्ति दोचा र बूठ लाएका र दुइ हातमा सूर्यमुखीको फूल लिएका छन् भनी राहुल सांकृत्यायनले आफ्नो 'किन्नर देश' भन्ने पुस्तकमा लेखेका छन् । स्मरणीय छ, ती दुवै हातका सूर्यमुखीका फूल हैनन् । लक्षणअनुसार फुलेको कमल नै हातमा लिएको हो ।

माथि नै बताइसकिएको छ– ऋग्वेदमा कुनै मन्त्रमा छ, कुनै मन्त्रमा सात, कुनै मन्त्रमा आठसम्म सूर्यको वर्णन छ । विष्णु नामका सूर्यको उल्लेख पनि धेरै ठाउँमा छ । यी समेत सङ्कलन गर्दा ऋग्वेदमै पनि बाह्र आदित्य पाइन्छन् । तर एकै ठाउँमा सङ्कलन भने गरिएका छैनन् । त्यसो त पुराण तन्त्रशास्त्र र विश्वकर्मशास्त्रमा द्वादशादित्यको वर्णन छ । तीमध्ये भविष्योत्तरपुराण र बृहत्पुरश्चर्यार्णव तन्त्रमा बाह्र महीनाका बाह्र सूर्यको उल्लेख पाइन्छ, तर विश्वकर्मशास्त्रमा बाह्र महीनाका बाह्र सूर्यका नाम भिन्नै छन् ।

आदित्यहृदय र तन्त्रअनुसार पनि नाममा भिन्नता पाइन्छ । आदित्यहृदयमा माघदेखि पौषसम्मका सूर्यको नाम क्रमैले १ अरुण, २ सूर्य, ३ वेदाङ्ग, ४ भानु, ५ इन्द्र, ६ रवि, ७ गभस्ति, ८ यम, ९ स्वर्णरेखा (सुवर्णरेता), १० दिवाकर, ११ मित्र, १२ विष्णु र (अधिकमासका १३ पुरुष) छन् । बृहत्पुरश्चर्यार्णवमा माघका सूर्यको नाम वरुण छ र आदित्यहृदयमा अरुण छ । अरू सबै नाम दुवैमा मिल्दछ । तर हेमाद्रिको व्रतखण्डमा उद्धृत गरिएको विश्वकर्मशास्त्रअनुसार चाहिं १ धाता २ मित्र, ३ अर्यमा, ४ रुद्र, ५ वरुण, ६ सूर्य, ७ भग, ८ विवस्वान्, ९ पूषा, १० सविता, ११ त्वष्टा, १२ विष्णु यसरी बाह्र सूर्य मानिएका छन् । महाभारत आदिपर्वको १२१ अध्यायमा १ धाता, २ अर्यमा, ३ मित्र, ४ वरुण, ५ अंश, ६ भग, ७ इन्द्र, ८ विवस्वान्, ९ पूषा, १० त्वष्टा, ११ सविता, १२ विष्णु, यसरी बाह्र नाम दिएको छ । वेदकै ब्राह्मणभाग शतपथ र तैत्तिरीय ब्राह्मणमा पनि द्वादशादित्यको वर्णन छ, तर नाममा भने त्यहाँ पनि अलि अलि भिन्नता छ । त्यसैको आधारमा पुराण तन्त्रशास्त्र आदिमा पनि नाममा भिन्नता आएको हो । आदित्यहृदयमा र बृहत्पुरश्चर्यार्णवमा माघदेखि पौषसम्मका सूर्यको नाम अरुण वा वरुण आदि भए पनि चैत्रादि फाल्गुनान्तका सूर्यको बहुसंमत द्वादश नाम धात्रादिद्वादशादित्य नै छन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो वैदिक कर्मकाण्ड गर्दा गराउँदा पनि धात्रादिद्वादशादित्यकै प्राधान्य छ। त्यसैमा पनि विश्वकर्मशास्त्रमा र महाभारतमा केही भिन्नता छ। त्यसैले विश्वकर्मशास्त्र अनुसार द्वादशादित्यको लक्षण यहाँ गरिएको छ। चैत्रदेखि फागुनसंमका धाता आदि बाह्र सूर्य यस प्रकार छन्-

(१) धाता–माथिल्लो दायाँ बाहुमा कमलको माला, माथिल्लो बायाँ बाहुमा कमण्डलु र अरू दुइ बाहुमा कमल धारण गर्ने सूर्यको नाम धाता हो।

(२) मित्र- बायाँ बाहुमा त्रिशूल, दायाँ बाहुमा सोम र अरू तलका दुइ बाहुमा कमल धारण गर्ने त्रिनयन गरेका सूर्यको नाम मित्र हो ।

(३) अर्यमा– माथिका दायाँ बायाँ दुइ बाहुमा चक्र वा वज्र र गदा तथा अरू दुइ बाहुमा कमल लिने सूर्य अर्यमा मानिन्छन्। यी मणिमय मूर्ति छन्।

(४) रुद्र– दायाँ बायाँ माथिका बाहुमा अक्षमाला र चक्र, तलका बाहुमा कमल धारण गर्ने सूर्य रुद्र हुन्।

(५) वरुण- दायाँ बायाँ बाहुमा चक्र र पाश अरू तलका दुइ बाहुमा कमल लिने सूर्यको नाम वरुण हो।

(६) सूर्य- माथिका दायाँ बायाँ बाहुमा कमण्डलु र अक्षमाला अरू बाहुमा कमल धारण गर्ने आदित्य नामका सूर्य हुन्।

(७) भग- माथिका दुइ बाहुमा त्रिशूल र सुदर्शन चक्र र अरू बाहुमा पद्म लिने भग नामका सूर्य हुन्।

(८) विवस्वान्– माथिका बाहुमा त्रिशूल र माला, अरू बाहुमा पद्म धारण गर्ने विवस्वान् हुन्।

(९) पूषा– यी सूर्यले दुवै बाहुमा पद्म लिएका र दुइभुजी छन्।

(१०) सविता– माथि गदा र सुदर्शन चक्र, तल दुवै बाहुमा पद्म लिने सूर्य सविता मानिन्छन्।

(११) त्वष्टा– माथिका बाहुमा सुरो र मौलो (होमजकिलकम्), तल कमल लिने त्वष्टा हुन्।

(१२) विष्णु– माथिका बाहुमा सुदर्शन चक्र र गदा, तल दुवै बाहुमा कमल लिने विष्णु हुन्।

स्मरणीय छ, पूषा नामका सूर्यदेखि बाहेक अरू एघारै सूर्य चतुर्बाहु छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
नेपालमा पाइएका दुइभुजी र दुवै बाहुमा फुलेको कमल लिने यी नै पूषा नामका सूर्य हुन् ।

भगवान् सूर्यको उपासना बाह्र महीनामा बाह्लोटै भिन्नाभिन्नै नामबाट हुन्छ। त्यस बेला सूर्यका पार्षदहरूको पनि परिवर्तन हुन्छ। सूर्यका पार्षदहरूमा ऋषि, अप्सरा, गन्धर्व, राक्षस, भल्ल र नाग पनि पर्दछन् । सूर्यका रथको अगाडि ऋषिहरू स्तुति गरिरहेका हुन्छन्, गन्धर्व गाना गर्छन्, अप्सरा नाच्तछन्, राक्षस पछाडिबाट रथ ठेल्दछन्, भल्ल रथ योजना गर्छन्, नाग रथ तान्दछन् ।

भगवान् सूर्य साक्षात् नारायण हुन् । तिनले बाजि (अश्व) को रूप लिएर महर्षि याज्ञवल्क्यलाई शुक्लयजुर्वेदको उपदेश दिएका छन् । हनूमान्का विद्या गुरु पनि उनै मानिन्छन् । यो आर्य देशमा रविवारको वृत बसेर सूर्यपूजा गर्ने प्राचीन परम्परा अद्यापि छँदै छ । अनेकौं रोगीहरू रोगमुक्तिका निम्ति सूर्यको वृत र पूजा गर्छन् । सूर्यको उपासना विधि अनेकौं छन् ।

जुनसुकै विषयको प्राचीनताको विचार गर्दा हामी वेदमा नै पुग्दछौं; त्यहाँ भन्दा माथि जाने कुनै साधन र शक्ति छैन । वेदमा ऋषिहरूले जुन प्राकृत शक्तिको स्तुति र वर्णन गरेका छन्, त्यो सूर्यको स्थूल रूपको स्तुति हैन, त्यो ता त्यस स्थूल जडरूप सूर्यलोकको शासिका वा अधिष्ठात्री चेतन शक्तिको स्तुति र वर्णन हो । त्यही चेतन शक्तिलाई ऋषिहरू परमात्मस्वरूप मान्दथे, त्यसै गरी अग्नि, चन्द्र, पृथ्वी, वायु, जल आदि सबै जड पदार्थहरूमा त्यही परमात्मशक्ति गूढ रूपमा रहेको छ भन्ने मान्दथे र स्तुति (प्रशंसापरक वर्णनहरू) गर्दथे ।

विशेष गरेर देवता वा दिव्य शक्ति बाहिर, भित्र वरपर र दशै दिशामा सर्वत्र सदा व्याप्त भएको र सबैतिरबाट आफूलाई त्यस दिव्य शक्तिले घेरेको अनुभव गर्दथे। आर्यसंस्कृतिमूलक सबै ग्रन्थ अध्यात्मवाद प्रधान छन्, यस वादमा चेतन-वादको प्राधान्य हुन्छ। वेद र वेदानुकूल ग्रन्थमा रमण गर्ने ऋषिहरू चेतनमा नै रमण गर्दथे, यस्ता पुरुषहरू सबै पदार्थ चेतनमय देख्तथे । त्यसैले ता पृथिवीलाई माता र आकाशलाई पिता (माता च पृथिवी पिता द्यौः) मानेको हो ।

उनीहरू देहाभिमानी बनी साढे तीन हातको यस शरीरमा आफूलाई सीमित राख्तैनथे । उनीहरूको भाव विशाल थियो, वचन उदार र कर्म विश्वहितकारी थियो। उनीहरू आफूमा विश्व र विश्वमा आफूलाई देख्तथे । यस्ता पुरुषहरूले सर्वत्र चेतन र देवमय देख्नु स्वाभाविक नै हो। तदनुसार वेदमा सूर्यको उपासना मुख्य मानिएको छ। सूर्यलाई सम्पूर्ण स्थावर जङ्गमात्मक जगत्को आत्मा मानिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। (सूर्य आत्मा जगतस्तस्थुषश्च) जुन ब्रह्मगायत्री वेदको मूल मन्त्र हो, त्यसका उपास्यदेव सूर्य नै हुन्। ब्रह्मगायत्रीका उपासकहरू नाभिमा विष्णुरूप, छातीमा ब्रह्मरूप र निधारका शिवरूपमा श्री सूर्यको ध्यान गरी प्राणायाम गर्दछन्। (यौटै सूर्यलाई ब्रह्मा, विष्णु र शिवको समुच्चयस्वरूप मान्दछन्।) सूर्यमण्डल जड छ, तेजै तेजको पुञ्ज (गोला) हो, यो यौटा लोक मात्र हो भन्ने ज्ञान भएर पनि त्यसभित्र रहेको दिव्यशक्तिको परमात्मरूपमा उपासना गर्दथे। त्यसैले वेदमा सूर्यवर्णनमा प्रशस्त मन्त्र पाइन्छन्। ती मन्त्रहरूको उद्धरण माथि नै दिइसकिएको छ।

पूर्वोक्त उद्धरणहरूबाट सूर्यले आफ्नो आकर्षण शक्तिद्वारा पृथ्वी, ग्रह, उपग्रहका साथ सम्पूर्ण आकाश वा सम्पूर्ण सौरमण्डल सम्बद्ध गरी नियमित गरेर राखेको छ भन्ने बुझिन्छ। यसबाट आर्यहरूलाई सूर्यको आकर्षण शक्तिको र खगोलको यथार्थ ज्ञान थियो भन्ने पनि बोध हुन्छ। ऋग्वेदको एक ठाउँमा[1] गतिशील चन्द्रमण्डलमा जुन अन्तर्निहित तेज छ त्यो आदित्यकै किरण हो भनेको छ। यसमा सायणले लेखेका छन्– सूर्यको एक किरणले चन्द्रमालाई[2] प्रदीप्त बनाएको छ।

सूर्यउपासनामा[3] भनिन्छ– "सूर्य उदाएर उन्नत आकाशमा चढेपछि हाम्रो मानसिक रोग, पीतवर्णरोग, शरीररोग नाश गर। अर्थात् हाम्रा शारीरिक र मानसिक सबै रोग नाश गर, म आफ्ना अस्मिता रोग वा शारीरिक रोग शुक सारिका आदि पक्षीमा स्थापित गर्दछु। आदित्य मेरा अनिष्टकारी रोगहरूको विनाशका निमित्त पूर्णतेज भएर उदाए।" यी मन्त्रबाट सूर्योपासनाले सम्पूर्ण शारीरिक र मानसिक रोग नाश हुन्छन् भन्ने स्पष्ट हुन्छ। आर्षशास्त्रहरूमा आरोग्य चाहनेले सूर्यको उपासना गर्नू भनी बताएको छ। (आरोग्यं भास्करादिच्छेत् इत्यादि) प्रत्येक सूर्योपासक आफ्नो आधि–व्याधिको शान्तिका निमित्त यी मन्त्र जप्तछन्। सूर्यनमस्कारका साथमा पनि यी मन्त्रको जप गर्दछन्। सायणका अनुसार यी नै मन्त्रको जप गरेर प्रस्कण्व ऋषिको चर्मरोग नाश भयो। सूर्यशतककर्ता कुष्ठरोगपीडित थिए, सूर्यशतक बनाएर स्तुति गरेपछि कुष्ठरोगबाट मुक्त भए भनी उनको जीवनीमा लेखेको छ। वेदमा र वेदानुकूल शास्त्रमा सूर्यका विषयमा जति लेखिएका छन्। त्यसको उद्धरण दिएर साध्य छैन। त्यसैले आर्यहरू र उनीहरूका अनुयायीहरू सबै सूर्यको उपासना गर्छन्। वेदमा अग्निको र सूर्यको ठूलो स्थान छ।

---

१. हिन्दी ऋग्वेद भूमिका रामगोविन्द त्रिवेदी, ऋग् १।८४।१५, २. निरुक्त २।६ ३. ऋग् १।५०।६–१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले सम्पूर्ण विश्व आर्यको प्रभावमा परेको थियो, त्यसैले आज पनि विश्वका धेरै भागमा अग्निको र सूर्यको उपासना गरेको पाइन्छ । त्यसैले यो सूर्योपासना आर्यहरूको अति प्राचीन परंपरा हो । त्यही परंपरा भारतदेखि बाहिर गएका आर्यहरूले विशेष रूपमा विकास गरेर सौर्य सम्प्रदाय चलाए । पछि त्यही सम्प्रदाय श्रीकृष्णका पालामा भारतमा पनि चलाउन साम्बले मग ब्राह्मण झिकाएका हुन् र भारतमा चलेको हो भन्ने कुरा माथि बताइसकिएको छ ।

सूर्यलाई आँखाका स्वामी मानिएको छ । उपासकहरू आफ्नो मनःकामना पुऱ्याउन सम्पूर्ण रोग र ग्रह पीडा आदि दोष हटाउन उनको उपासना गर्दछन् । उनी सम्पूर्ण ग्रहका राजा हुनाले उनको उपासना गरेपछि अरू ग्रहबाट हुने भयको समेत निवृत्ति हुन्छ । अनादिकालदेखि आर्यधर्मानुयायी द्विजाति प्रतिदिन उनलाई अर्घ्याञ्जलि समर्पण गर्दै आएका छन् । सूर्य जगत्का जीवनदाता पनि हुन् । दृश्य सूर्यमण्डल उनको एक स्थूल निवास हो । विश्वमा करोडौं सूर्यमण्डल छन् । आकाश गङ्गाका प्रत्येक तारा सूर्य मानिन्छन् । आकाश गङ्गामा जति निहारकणिका छन्, ती सबै सूर्य हुन् । धेरै टाढा हुनाले गुजमुज परेका जस्ता र मलिन जस्ता देखिन्छन् । ती कति छन्, कसैलाई थाहा छैन । थाहा भएदेखि तिनीहरूको पनि संख्या परिगणित हुँदो हो । आर्यहरूले बाह्रोटा सूर्य मोटामोटी तवर मापत्ता लगाएर तिनीहरूका विषयको मात्र चर्चा गरेका हुन् । तीमध्ये पनि बाह्रौं विष्णु नामका सूर्यको बढी प्रभाव परेको छ । ती नै विष्णु नामका सूर्यको विकास भएर चतुर्भुजी विष्णु सूर्य नै वैष्णव सम्प्रदायका चतुर्भुजी विष्णु बन्न पुगे । ती नै विष्णु नामका सूर्यका सुदर्शन चक्र र गदा तथा दुइ पद्ममा एक पद्म कायमै रहन गयो र अर्को एक पद्मका स्थानमा पञ्चजन नामको दैत्यलाई मारेको कथानकको आधारमा पछि पाञ्चजन्य शङ्ख रहन गयो । वस्तुतः चतुर्भुजी र शङ्ख, चक्र, गदा, पद्मधारी विष्णुको मूर्तिको कल्पना विष्णुनामका सूर्यकै विकास हो । वेदका विष्णुचाहिं दुइ बाहुका छन् र वसुपूर्णबाहु गरेका छन् भन्ने कुरा माथि विष्णुको प्रकरणमा नै परिसकेको छ ।

यसै विषयमा विशेष कुराहरू प्रज्ञा वर्ष १० अङ्क २ मा प्रकाशित छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीसूर्यका माससम्बद्ध नामहरू यस प्रकार छन् ।

सूर्यका मास–सम्बद्ध नामहरू

महीना	नाम	ऋषि	अप्सरा	गन्धर्व	राक्षस	भल्ल	नाग
मधु (चैत्र)	धाता	पुलस्त्य	कृतस्थली	तुम्बुरु	हेति	रथकृत्	वासुकि
माधव (वैशाख)	अर्यमा	पुलह	पुञ्जिकस्थली	नारद	प्रहेति	ओजः	कच्छनीर
शुक्र (ज्येष्ठ)	मित्र	अत्रि	मेनका	हाहा	पौरुषेय	रथस्वन	तक्षक
शुचि (आषाढ)	वरुण	वशिष्ठ	रम्भा	हूहू	शुक्र	चित्रस्वन	सहजन्य
नभ (श्रावण)	इन्द्र	अङ्गिरा	प्रम्लोचा	विश्वावसु	वर्य	श्रोता	एलापत्र
नभस्य (भाद्र)	विवस्वान्	भृगु	अनुम्लोचा	उग्रसेन	व्याघ्र	आसारण	शङ्खपाल
तप (आश्विन)	पूषा	गौतम	घृताची	धनञ्जय	वात	सुरुचि	सुषेण
तपस्य (कार्तिक)	ऋतु	भरद्वाज	वर्चा	पर्जन्य	सेनजित्	विश्व	ऐरावत
सह (मार्ग)	अंशु	कश्यप	उर्वशी	ऋतसेन	विद्युच्छत्र	तार्क्ष्य	महाशङ्ख
पुष्टा (पौष)	भग	आयु	पूर्वचित्ति	स्फूर्ज	अरिष्टनेमी	ऊर्ण	कर्कोटक
इष (माघ)	त्वष्टा	जमदग्नी (ऋषिकतनय)	तिलोत्तमा	शतजित्	ब्रह्मापेत	धृतराष्ट्र	कम्बल
ऊर्ज (फाल्गुन)	विष्णु	विश्वामित्र	रम्भा	सूर्यवर्चा	मखापेत	सत्यजित्	अश्वत्तर

पूर्वोक्त कोष्ठक हिन्दूसंस्कृतिको विशेषाङ्क ७९३ पृष्ठबाट उद्धरण गरिएको हो । यसमा कार्तिक महीनाका स्वामी ऋतु नामका सूर्य दिइएको छ । त्यो पूर्वापर विचार गर्दा भ्रम भए जस्तो लाग्दछ । सातौं नाममा कहीं गभस्ति, कहीं भग र कहीं इन्द्र भन्ने नाम पाइन्छ । त्यसैले यहाँ ऋतुको ठाउँमा गभस्ति हुनुपर्छ भन्ने मेरो धारणा छ । ऋतु भन्ने सूर्यको नाम मैले पाएको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(क) सौर्यजगत्का अरू ग्रहहरू

(१) सोम (चन्द्रमा)

ऋग्वेदमा इन्द्र र अग्नि पछि सबै भन्दा बढी मन्त्रहरू सोमका सम्बन्धमा पाइन्छन् । सोमको अर्थ सोमलता, सोमयाग र सोम (चन्द्र) हो । ऋग्वेदको पुरुष-सूक्तमा चन्द्रमा परमेश्वरको मनबाट[1] उत्पन्न भएका हुन् भनी स्पष्ट शब्दमा भनेकोबाट चन्द्रमाले सोमका साथ अभेद देवताको रूपमा मान्यता पाएको छ । चन्द्रमा शब्दले सोमलतालाई पनि बुझाएको उक्ति वेदमा[2] छ । सोमलाई देवताको र ब्राह्मणको[3] राजा पनि मानिएको छ । पुराणमा चन्द्रमाको विस्तृत कथा पाइन्छ । चन्द्रलोक सबैका साम्‌ छ, त्यस लोकको अधिष्ठाता (स्वामी) लाई चन्द्र वा सोम भनेको हो । ती पनि आधिदैविक देवता मानिन्छन् । शुक्ल-यजुर्वेदमा[4] देवता र असुरको युद्ध हुन गएमा कदाचित् असुरबाट पराजयको शङ्का गरी यज्ञ गर्नका निम्ति पृथिवीको पवित्र भाग देवयजनस्थल चन्द्रलोकमा देवताहरूले लगेर स्थापित गरे भनेर स्पष्ट शब्दमा भनेको र यज्ञ गर्ने वैदिक ऋषिहरू पनि चन्द्रलोकमा गएर यज्ञ गर्दथे भनेको छ । ज्योतिःशास्त्रमा पनि सोमलाई ग्रह मानी त्यस ग्रहको आधारमा मानव जातिको शुभाशुभको निर्णय गरेको छ । ऋग्वेदमा[5] नै पनि स्वरूपधारी देवताको रूपमा सोमको वर्णन छ । पुराणमा चन्द्रमाको नाना कथाका साथै विभिन्न लक्षण पनि गरेको छ ।

लक्षण–

श्वेतवर्ण श्वेतवस्त्रधारी चतुर्बाहु कान्तिमान् सर्वाभरणभूषित चन्द्रमाका दुइ बाहुमा सेतो कमल, दायाँपट्टि सुन्दरी मूर्तिमती कान्ति र बायाँपट्टि सज त्रिमना आदि दश घोडा गराउनू । अथवा अट्ठाईस ओटी अति सुन्दरी अश्विनी आदि नक्षत्र पत्नी गराउनू, अथवा बयासी ताराहरू चन्द्रमाका पत्नीको रूपमा साथमा अङ्कित गर्नु भन्ने वि. ध. मा[6] लेखेको छ ।

अग्निपुराणमा[7] कमण्डलु र जपमाला लिएका चन्द्रमा छन् ।

(२) भौम— भौमको ऋषिको[8] रूपमा ऋग्वेदमा उल्लेख छ ।

---

१. ऋग् शु. य. ३११२, २. शु. य. ३३।९०, ३. शु. य. ९।४० ४. शु. य. ११२८, ५. ऋग् १०।२५, ६. वि. ध. ३।६८ ७. अग्नि ५११११, ८. ऋग् ५।४१,४२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणमा चाहिं ग्रहको रूपमा र भूमिसुतको रूपमा वर्णन छ। ज्योतिःशास्त्रमा मङ्गललाई पापग्रह र शास्त्रहरूमा मङ्गल लोकको पनि उल्लेख छ।

लक्षण– अग्नि जस्ता तेजस्वी, आठ घोडे सुवर्णको रथमा विराजमान भौम विष्णुधर्मोत्तरमा[1] छन्, अग्नि पुराणमा[2] शक्ति र जपमाला लिएका भौमको उल्लेख छ।

(३) बुध – ऋग्वेदमा अत्रि ऋषिका पुत्रको रूपमा र पुराणमा उत्पत्तिका विषयका नाना आख्यानकका साथै ज्योतिःशास्त्रमा ग्रहको रूपमा बुधको वर्णन पाइन्छ।

लक्षण– विष्णु जस्ता सुन्दर, आठ घोडे सुवर्णको रथमा विराजमान बुध वि. ध. मा छन्। चाप र अक्षमाला लिएका बुधको उल्लेख अग्निपुराणमा छ।

(४) बृहस्पति– बृहस्पतिको वर्णन चारै वेद ब्राह्मण आदिमा छ र उनका विषयमा ऋग्वेद[3] आदिमा प्रशस्त सूक्त पनि छन्। उनी वेदमा देवताको रूपमा पुराणमा देवताका गुरुको रूपमा र ज्योतिःशास्त्रमा ग्रहको रूपमा छन्

लक्षण– तताएको सुन जस्तो वर्णका, दुइ बाहुका, पुस्तक र जपमाला लिएका सर्वाभिरणभूषित, पीताम्वरधारी आठघोडे रथमा विराजमान बृहस्पति गराउनु भन्ने वि.ध. मा[4] र कमण्डलु र अक्षमालाधारी बृहस्पति अग्निपुराणमा[5] छन्।

(५) शुक्र– ऋग्वेदमा शुक्रलाई कवि वा उशना[6] भनेको छ। पुराणमा यिनीलाई असुरका गुरु र ज्योतिःशास्त्रमा ग्रह मानिएको छ। पुराणमा यिनका विषयमा नाना कथा पाइन्छन्।

लक्षण– श्वेतवर्ण, श्वेतवस्त्र निधि र पुस्तक दुइबाहुमा धारण गर्ने दश घोडे रथमा विराजमान दुइ बाहुका शुक्र वि. ध. मा[7] र कमण्डलु र अक्षमालाधारी अग्निपुराणमा[8] छन्।

(६) शनि– शनिका विषयमा वेदमा स्पष्ट उल्लेख छैन, साङ्केतिक मन्त्रमात्र

---

१. वि. ध. ३।६९।२, २. अग्नि ५१। ३. ऋग् २।२८, १।११९०, ३।६२, ४।६, ४।४९, ४।५०, ५।४२, ८।९, ६।७१, ४. वि. ध. ३।६९ ५. अग्नि ५१, ६. ऋग् ५।२९।९, ७. वि. ध. ३।६९, ८. अग्नि ५१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । पुराण, तन्त्र, ज्योतिःशस्त्रहरूमा यिनीको वर्णन छ । यिनलाई क्रूर पापग्रह मानेको छ ।

शनिको लक्षण– कृष्णवर्ण, कृष्णवस्त्रधारी, दण्ड र अक्षमाला धारण गरेका, दुइ बाहुका, आठओटा सर्पयुक्त फलामको रथमा विराजमान शनिको मूर्तिको उल्लेख वि. ध. मा[१] छ । अग्निपुराणमा[२] किङ्किणीसूत्र धारण गरेको उल्लेख छ ।

(७) राहु– उपग्रह मानिएको राहुको उल्लेख वेदमा सांकेतिक रूपमा मात्र छ । पुराण र ज्योतिःशास्त्रमा राहु असुर जाति र पापग्रह मानिन्छन् ।

लक्षण– आठ घोडे चाँदीको रथमा विराजमान, एक बाहु र केवल शिर मात्रको राहु वि. ध. मा[३] छ । अग्निपुराणमा[४] अर्धचन्द्रधारी राहु गराउनू भन्ने छ ।

(८) केतु– यिनको पनि सांकेतिक मन्त्र मात्र वेदमा छ । पुराणमा शिर भाग राहु र मूढ भाग केतु मानेको छ । यी पनि पापग्रह र उपग्रह हुन् ।

लक्षण– केतुको रूप भौमकैं जस्तो र दश घोडाचाहिं नभएको गराउनू भन्ने वि. ध. मा[५] छ । अग्निपुराणमा खड्ग र दीप धारण गर्ने केतु गराउनू भनेको छ ।

यी नवै ग्रहका प्रतीकात्मक मन्त्रहरू वेदमा छन् भनी मानेर यिनीहरूको वैदिक अनुष्ठान विधि बताएको छ । यी नवग्रहमध्ये सूर्य, चन्द्रका मूर्ति नेपालमा पाइन्छन् र राष्ट्रिय झण्डामा पनि यी दुइको मूर्ति अङ्कित छ । नवग्रहको गोलाकार चक्का पशुपतिनाथको चोकमा छ ।

(ख) दशदिक्पाल

(१) इन्द्र–

वेदता सर्वाधिक मन्त्र इन्द्रका विषयमा छन् । सबै मिलाउँदा यिनका सम्बन्धमा मन्त्रहरू साढे तीन हजार पाइन्छन् । यी नै मन्त्रहरूबाट इन्द्रको यथार्थ स्वरूपको ज्ञान हुन्छ । इन्द्र वेदका मुख्य देवताका रूपमा छन् । ब्रह्मकर्म, यज्ञ यागादिमा यिनको ठूलो संमान छ । तर दुर्भाग्यवश शैव र वैष्णव सम्प्रदाय

---

१. वि. ध. ३।६९, २. अग्नि ५१, ३. वि. ध. ३।६९, ४. अग्नि ५१, ५. वि. ध. ३।६९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलेपछि ब्राह्मणको र यज्ञयागादिमा ठूलो प्रहार पऱ्यो। पहिले वैदिक यज्ञयागादिमा शैवबाट आक्रमण भयो र पछि वैष्णव सम्प्रदायले ता एक किसिमले खतमै गरायो र नाम मात्रको वैदिक संस्कृति रहन गयो। यसमा शैव र वैष्णव राजाहरूको आश्रम मुख्य कारण छ। किन भने शैव सम्प्रदायमा तपको र वैष्णव सम्प्रदायमा ज्ञानको ढोंग प्राधान्य मानिन लाग्यो र सजिलो उपायबाट प्रतिष्ठा बढाउन चाहने सम्प्रदायीहरूले बहुव्ययसाध्य र कष्टसाध्य वैदिक यज्ञयागादिलाई पटक्कै रुचाएनन्। धेरै धनको र अन्नको व्यय हुने यी महान् कर्मकाण्डमा आक्रमण भए पछि इन्द्र जस्ता प्रतापी वैदिक मुख्य देवतामा नाना खोट लगाए र अपूज्य पनि गराए तापनि वैदिक कर्मकाण्डमा उनको प्राधान्य छँदैछ। इन्द्र भनेका साक्षात् परब्रह्म परमेश्वर नै हुन्।

इन्द्रदेव[1] वैदिक आर्यसाहित्य र आर्यदेशमा मात्र प्रसिद्ध छैनन्, अन्य साहित्य र अन्य देशमा पनि प्रसिद्ध छन्। रमानाथ सरस्वतीका अनुसार वेद–पुराण आदिमा वर्णित वृत्रासुर असीरिया, सीरिया वा श्यामको दलपति थिए, पारसीहरूको 'अवेस्ता' अनुसार बेबीलोन नगरमा आर्यजाति शून्य गराउन वृत्रले अद्विसूर देवीको उपासना गरे, परन्तु प्रयत्न असफल भयो। अन्तमा आर्य इन्द्रले वृत्रलाई मारिछाडे, वृत्र आर्यको घोर शत्रु थियो, यो अति प्राचीन कथा हो। पछि अनार्यहरूले यसै कथाको आधारमा इन्द्रमाथि लाञ्छना लगाउन लागे। त्यही कुरा पछि इन्द्रको कथामा पनि जोडिन लाग्यो र नाना अपवाद चल्यो।

इन्द्र–वृत्र युद्ध ऋग्वेदमा अनेकौं ठाउँमा वर्णित छ। संस्कृत साहित्यमा अनेकौं ग्रन्थमा पनि यस कुराको चर्चा छ। साथै यिनका विषयमा अनेकौं कथा पनि ऋग्वेदमा पाइन्छन्। पुराणमा पनि राम्रा नराम्रा गरी अनगिन्ती कथा इन्द्रका विषयमा छन्। यसबाट स्पष्ट हुन्छ– वैदिक देवतामा सर्वाधिक महत्त्वपूर्ण देवता इन्द्र हुन्। यिनलाई पूर्व दिशाका स्वामी मानेको छ।

लक्षण–

चतुर्दन्त गजमा विराजमान, श्वेतवर्ण, चतुर्बाहु, दायाँ बाहुमा पद्म र अंकुश, बायाँ एक बाहु शचीको पिठ्यूँमा र अर्को बाहुमा वज्र धारण गर्ने, नीलवस्त्रधारी, सुवर्णवर्ण, सर्वाभरणभूषित, छड्के नजर गरी हेर्ने, तीन नेत्रका देवराज इन्द्र र

---

१. हिन्दीऋग्वेद–रामगोविन्द त्रिवेदी भूमिका पृ. २५–२६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनको बायाँ काखमा रहेकी, बायाँ बाहुमा कल्पवृक्षको मञ्जरी र दायाँ बाहु इन्द्रको पिठ्यूँमा राख्ने, दुइ बाहुकी शची गराउनू भन्ने वि. ध. मा[1] छ ।

मत्स्यपुराणमा[2] सहस्रनयन, मत्ताहात्तीमा वा सिंहासनमा विराजमान, छाती, ऊरु र वदन विशाल गरेका, सिंहको जस्तो स्कन्ध, लम्बबाहु, किरीटकुण्डलधारी, वज्र र पद्म बाहुमा लिने, नाना भूषणभूषित, देवादिपूज्य, अप्सरोगणसेवित देवराज इन्द्र र पार्श्वमा छत्र, चामरधारी अन्य स्त्री र कमल लिएकी इन्द्राणी बायाँपट्टि गराउनू भनेको छ ।

मत्स्यपुराण अनुसारकै लक्षण अग्निपुराणमा पनि छ । स्मरणीय छ वेदमा पनि देवराज इन्द्र वज्र धारण गरेका, दाह्री पालेका र दुइ बाहुका छन् ।

(२) अग्नि–

वेदमा इन्द्रपछि अग्निको अत्यधिक मन्त्र छन्, सम्पूर्ण वैदिक संहितामा अग्निका विषयमा अढाई हजार मन्त्र छन् । ऋग्वेदको प्रथम मन्त्रमा नै अग्निको स्तुति छ र शुक्लयजुर्वेदको प्रथम मन्त्रमा अग्निका निम्ति समिधा ग्रहण गर्ने मन्त्र छ । अग्निको उपासना (यज्ञयागादि) वैदिक साहित्यको प्राण हो । त्यसैले सम्पूर्ण आर्यहरू अग्निपूजा गर्दथे, ऐतिहासिकहरूको मत छ– हिन्दू, ग्रीक (यूनानी), रोमन, पारसी आदि जातिहरू आर्य जातिकै शाखा हुन् र यी सबै अग्निको पूजा गर्दथे । कतिपयमा अझै पनि अग्निपूजा प्रचलित छ । निरुक्तको मत छ– पृथिवीका मुख्य देवता अग्नि, अन्तरिक्षका मुख्य देवता इन्द्र र वायु तथा द्यौ(स्वर्ग वा आकाश) का मुख्य देवता सूर्य हुन् । वैदिक धर्मावलम्बीहरूको यज्ञेश्वरको अनुष्ठान नै अग्निको उपासनापूर्वकको छ । त्यसैले वैदिक आर्यहरूको उपास्यदेवको रूपमा अग्निको प्रथम स्थान छ । अग्निका विषयमा पुराणहरूमा पनि अनेकौं कथा पाइन्छन् । ऋग्वेदको पहिलो मन्त्र मै अग्निको स्तुति गरिएको छ । त्यस्तै यजुर्वेदमा पनि छ ।

लक्षण–

ज्वालामालायुक्त[3], रक्तवर्ण, सौम्य, त्रिनेत्र, श्मश्रु र जटाधारी, धूम्रवस्त्र, चतुर्बाहु, चारोटा दाह्रा गरेका, वातमाथि चारोटा शुकयुक्त धूमचिह्न रथमा विराजमान अग्निदेव र रत्नपात्र धारण गरेकी स्वाहादेवी अग्निको काखमा

---

१. वि. ध. ३।५०, २. मत्स्य २६०।६७–७०, ३. वि. ध. ३।५६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विराजमान गराउनू। अग्निको दायाँ बाहुमा ज्वाला र त्रिशूल, बायाँ बाहुमा अक्षमाला होओस् भन्ने वि. ध. को मत छ।

अग्निपुराणमा[1] बोकामाथि विराजमान, शक्ति, अस्त्रधारी अग्निको वर्णन छ। मत्स्यपुराणमाचाहिं[2] दीप्त सुवर्ण वर्ण, अर्धचन्द्रासनमा अवस्थित बालसूर्य जस्ता, यज्ञोपवीत धारण गर्ने, लामो दाह्री गरेका, बायाँ बाहुमा कमण्डलु र दायाँ बाहुमा अक्षसूत्र धारण गर्ने, ज्वालामालायुक्त, अजवाहन, उज्वलवर्ण, सप्तशिखा-युक्त अग्नि पाइन्छन्।

(३) क. यमराज–

ऋग्वेदमा[3] विवस्वान् (सूर्य) द्वारा शरण्युका गर्भबाट यमराजको उत्पत्ति बताएको छ। इरानी धर्मपुस्तक अवस्तामा यमराजलाई मित्र मानेको छ। वेदमा यमका पिताको नाम विवस्वान् छ, अवस्तामा विवन्वत् नाम छ। ऋग्वेदको यमपुरीमा पुण्यात्माको वास भए जस्तै अवस्ताको यमपुरीमा पनि पुण्यात्माको वास छ। यमका समीपमा सबै मानव समुदाय जान्छन्। जुन पथबाट हाम्रा पूर्वजहरू गए, उही पथबाट सम्पूर्ण मानव समुदाय आफ्ना कर्मअनुसार जान्छन्। जहाँ हाम्रा पितामह आदि गए, उही प्राचीन मार्गबाट हे मृत पिता! तिमी जाऊ। स्वधाले प्रसन्न यमराजलाई देख। उत्तम स्वर्गलोकमा आफ्ना पितृका साथमा आफ्ना धर्मानुष्ठानको फलको प्रभावले जाऊ र मिल।[4] यस्तै अनेकौं ऋग्वेदका सूक्तहरू पुराणमा वर्णित यमलोकको वर्णनसँग एकदमै मिल्दाजुल्दा छन्। पुराणमा यम यमदूत, पितृ पितृयान आदिको जसरी उल्लेख गरेको छ, त्यसै गरी ऋग्वेदमा पनि वर्णन छ। मृतकलाई जलाउने नजलाउने आदि कुराको पनि उल्लेख[5] छ। पुराणमा विश्वकर्माकी पुत्री संज्ञाबाट भगवान् सूर्यका पुत्र यमराजको, श्राद्धदेव मनुको र यमुनाको उत्पत्ति बताएको छ। यमराज जीवको शुभाशुभ कर्मको निर्णायक र दक्षिण दिशाका स्वामी मानिन्छन्। पापीहरूका निम्ति यी अति भयङ्कर कालस्वरूप र पुण्यात्माहरूका निम्ति धर्मराजस्वरूपले पाप पुण्यको फल दिन्छन्। यिनका यम, धर्मराज, मृत्यु, अन्तक, वैवस्वत, काल, सर्वभूतक्षय, औदुम्बर, दध्न, नील, परमेष्ठी, वृकोदर, चित्र, चित्रगुप्त यी प्रसिद्ध चौध नाम छन्। यमपुरीका चार ढोकामध्ये दक्षिण ढोकादेखि बाहेक अरू ढोकाबाट

---

१. अग्नि ५१।१५, २. मत्स्य १६१।९–११, ३. ऋग्वेद १०।१०, ऋग् १०–१४।१–२, ४. ऋग् १०।१०।१४,१५,१६। ५. त्यहीं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्यात्माको प्रवेश र दक्षिण ढोकाबाट अपुण्यात्माको प्रवेश हुन्छ र आ–आफ्नो कर्मानुसारको फल भोग्दछन् भनी शास्त्रहरूमा बताएको छ । यम दक्षिण दिशाका स्वामी हुन् ।

लक्षण–

मेघजस्तो श्याम वर्ण, तप्त सुवर्ण जस्तो पीताम्बरधारी, महिषवाहन, सर्व भूषणयुक्त, नीलो कमल जस्तो कान्ति गरेका, चार बाहुमध्ये दायाँबाहुमा दराड र खड्ग लिएका, ज्वालामालायुक्त मुख भएका, दराड लिएका, बायाँ एक बाहु पत्नी धूमोर्णाको पिठ्युमा रहेको र अर्को बायाँ बाहुले चर्म (ढाल) धारण गरेका यमको स्वरूप र नीलो कमलको जस्तो वर्णकी धूमोर्णा यमको काखमा गराउनू भन्ने वि· ध. को मत[1] छ । मत्स्य र अग्निपुराणमा पनि यस्तै लक्षण छ ।

पशुपतिमा उठेको शेषशायामीको नजीकको पुल निरको सानो आट जस्तो देवलमा यमराजको मूर्ति छ ।

(३) ख. चित्रगुप्त–

यद्यपि चित्रगुप्त पनि यमराजको नै स्वरूप विशेष हो तापनि यस स्वरूपले जीवात्माहरूको पापपुण्यको लेखा जोखा गरी स्याहा स्रेस्ता ठीक राख्ने अभिभारा लिएकाले यस स्वरूपको शास्त्रमा भिन्नै लक्षण बताएको छ ।

लक्षण–

विष्णुधर्मोत्तरमा[2] – यमराजको दायाँपट्टि सुन्दर दुइभुजी शान्त भएर पनि तेजले गर्दा दुर्दर्श, दायाँ बाहुमा कलम र बायाँ बाहुमा कागत लिने चित्रगुप्त गराउनू । यमराजको बायाँपट्टि डरलाग्दो पाशधारी कालको मूर्ति पनि गराउनू भनेको छ । मत्स्यपुराणमा[3] चाँहि महिष चित्रगुप्त कराल किङ्कर र सौम्य असौम्य सुर असुर आदि यमराजका वरिपरि गराउनू भन्ने विशेष वर्णन छ ।

(४) निऋति–

यो नैऋत्य दिशाका स्वामी हुन् । दिक्स्वामिनी निऋतिको वर्णन पनि पुराणमा छ । निऋतिलोकमा पुण्यात्मा अपुण्यात्मा दुवैथरी प्राणी रहन्छन् जो राक्षस योनिमा जन्मेर पनि हिंसा गर्दैनन्, म्लेच्छ चाण्डालादि भएर पनि हिंसा

१. वि. ध. ३।५१, २. त्यहीं ३. मत्स्य २५१।१२—१४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चोरि जुवा परपीडन आदि कर्मबाट आफूलाई अलग राख्तछन्, तिनीहरू यस लोकमा पुण्यात्माको भोगको उपभोग गर्दछन् । यस विपरीतका पापकर्मीहरू त्यही पापको कठोर फल पनि पाउँछन् । निऋतिको वर्णनको संकेत वेदमा पनि पाइन्छ ।

लक्षण–

अग्निपुराणमा[1] खड्गधारी र मत्स्यपुराणमा[2] माया धेरै जान्ने राक्षसका साथ रहने, खड्गहस्त कृष्णवर्ण, पीत भूषणधारी निऋति छन ।

(५) वरुण–

यिनीको[3] वर्णन संपूर्ण वेदमा पाइन्छ । ऋग्वेदमा मित्रावरुण सूक्त अनेकौं छन्, वेदमा वरुण समुद्रदेव मानिन्छन् । यी अत्यन्त प्रसिद्ध देवता हुन् । इरानीहरू वरण नामले वरुणको पूजा गर्छन् । ग्रीकहरू यिनीलाई सबै देवताका पिता मान्दछन् । अलेक्जेण्डर वोनको मतमा वरुण पहिले आकाशदेव थिए, पछि समुद्रदेव बने, राथको मतमा वरुण समुद्रदेव नै हुन् । वेष्ट गार्डको पनि यही मत छ । वैदिक साहित्यमा वरुण समुद्र (जल) देव नैं मानिन्छन् र कर्मकाण्डमा जलपूर्ण घडामा यिनीको पूजा हुन्छ ।

पुराणमा[4] वरुण पश्चिमदिशाका स्वामी र सम्पूर्ण सम्राट्का पनि सम्राट् हुन् । यी समुद्रका अधिपति हुन् । पश्चिम समुद्रको गर्भमा यिनीको रत्नपुरी विभावरी नामको नगरी छ । अनावृष्टिको समयमा यिनीको उपासना प्राचीन कालदेखि नै प्रचलितहुँदै आएको छ ।

लक्षण–

सात हाँसको रथमा विराजमान, पन्नाजस्तो वर्णका, श्वेतवस्त्रधारी, केही लामो पेटका, मुक्ताहार आदि सर्वभूषणधारी, चतुर्बाहु, दीप्तिमान्, दायाँ बाहुमा पद्म र पाश, बायाँ बाहुमा शङ्ख र रत्नपात्र लिने बायाँपट्टि मकरकेतु र शिरमाथि श्वेतछत्रधारी वरुण गराउनु । बायाँ बाहुमा कमल र दायाँ बाहु वरुणको पिठ्यूमा राख्ने गौरी नामकी बायाँ काखमा रहेकी पत्नी र दायाँपट्टि मकर वाहना चमर र पद्म धारण गरेकी गौरवर्णकी गङ्गाजी तथा बायाँपट्टि मकर

---

१. अग्नि ५१।१४, २. मत्स्य २६१।१५–१६, ३. हिन्दी ऋग्वेद भूमिका रामगोविन्द त्रिवेदी पृ. ३६, ४. कल्याण हिन्दू संस्कृति विशेषाङ्क पृ. ७८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहना चमर र नील कमलधारिणी नीलवर्णा यमुना गराउनू भन्ने वि. ध. को[1] मत छ।

मत्स्यपुराणमा[2] पाशधारी महाबली शङ्ख वा स्फटिकको जस्तो वर्णको हार र श्वेतवस्त्रधारण गर्ने मत्स्यवाहन शान्तमूर्ति किरीट केयूरधारी वरुणको वर्णन छ। अग्निपुराणमा पनि यस्तै लक्षण छ।

(६) वायु–

यास्कको[3] मतअनुसार वायु आर्यहरूको अति प्राचीन देवता हुन्। इरानीहरूमा पनि वायु पूजा प्रचलित छ। ग्रीक र रोमनहरू पान (Pan) नामले वायु पूजा गर्दथे। पानको संस्कृत पवनको अपभ्रंशरूप हो[4]। ऋग्वेदमा अनेकौं वायु वा मरुत्सूक्त छन्। मरुत्को प्रभावले द्यावापृथिवी चक्रझैं घुम्दछन्। वायु नै जलवृष्टिको कारण, मेघमालाको संचालक तथा जलराशि समुद्रमा गिराउने गर्दछ। भनी वर्णन गरेको पाइन्छ। पुराणमा उनन्चास मरुत्गणको उत्पत्ति दितिबाट भएको छ र तिनीहरूको वर्णन छ। वायुप्रोक्त पुराण वायुपुराण नामले प्रसिद्ध छ। वायुको महात्मा श्रुति स्मृति पुराण आदि सबै संस्कृत वाङ्मयमा पाइन्छ। विश्वकर्म शास्त्रको उद्धरण दिएर हेमाद्रि व्रतखण्ड १ अध्यायको १६४,१६५ पृष्ठमा उनन्चास नै वायुको लक्षण दिएको छ। ती सबै लक्षण लामो हुनाले ग्रन्थको आकार बढ्ने हुनाले र अनावश्यक पनि देखिन गएकाले यहाँ स्थान दिन सकिएन र सामान्य लक्षण मात्र प्रस्तुत छ।

लक्षण–

आकाशवर्णका, आकाशको आकारको वस्त्र धारण गर्ने, दुइभुजी, सुन्दर वायु र बायाँपट्टि परम सुन्दरी, शिवा नामकी, केश फिजाएर मुख बाएकी वायुकी भार्या गराउनू। बायुले आफ्ना दुवै बाहुले भार्या शिवाको मुख उठाएको पनि गराउनू भनी वि. ध. मा[5] लेखेको छ।

(७) कुबेर–

स्पष्ट रूपमा कुबेरको नाम वेदहरूमा न पाइए पनि यक्षु[6] नामको जनपदले इन्द्रलाई घोडाको शिर उपहारमा चढाएको उल्लेख भएबाट यक्षुदेशका स्वामी

---

१. वि. ध. ३।५२, २. मत्स्य २६१।१७,१८, ३. निरुक्त ७।५
४. ऋग् ५।३०।८, १।१९, ३।७, १।६४, ५।५२ आदि। ५. वि. ध. ३ ख.,
६. ऋग् ५।७, १८।१९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुवेरलाई नै संकेत गरेको बुझिन्छ। विश्वावसु गन्धर्वको र अन्य गन्धर्वको पनि ऋग्वेदमा[1] उल्लेख छ। शु. य. मा[2] पनि विश्वावसु गन्धर्वको उल्लेख पाइन्छ। विश्वको अर्थ सर्वत्र वसुको अर्थ धन भन्ने हुनाले सर्वत्र अनन्त धन भएको भन्ने विश्वावसुको समष्टिगत अर्थ हुन जान्छ। यक्षुदेशको स्वामी पनि ती नै विश्वावसु हुन् र संपूर्ण यक्ष गन्धर्व किन्नर आदिका स्वामी पनि ती हुन्। यी सबै कुराबाट पूर्वोक्त उक्तिले कुवेरलाई नै संकेत गरेको हो र यी वैदिक देवता नै हुन् भन्ने देखिन्छ।

पुराणमा उत्तर दिशाका स्वामी र संपूर्ण धन धान्यादि ऐश्वर्यशाली कुवेर छन् भनी मानिएको छ। पृथिवीमा जति निधि छन् ती सबैका स्वामी कुवेर मानिन्छन्। यिनीको कृपाले मात्र मानव जाति भूगर्भस्थित निधि प्राप्त गर्न सक्तछ। महर्षि पुलस्त्यका पुत्र विश्रवाकी भरद्वाजकी पुत्री इलबिलाबाट कुवेरजीको उत्पत्ति भएको र ठूलो तप गरेर ब्रह्माजीबाट संपूर्ण संपत्तिको स्वामी र उत्तरदिशाको दिक्पाल समेत भएको कथा पुराणमा छ।

लक्षण–

पद्मपत्र जस्तो वर्णका, नरवाहन तताएको सुन जस्ता, तेजस्वी, सर्वाभरणभूषित, लम्बोदर, चतुर्बाहु, पिङ्गलनयन, सुन्दर भेष कवचधारी, हार–मणि–माणिक्य आदि रत्नका माला लाएका, दाह्री पालेका, दुइ ओटा दाह्रा निस्केका, कुवेर र उनीका दायाँ बाहुमा गदा र शक्ति बायाँ बाहुमा रत्नपात्र गराउनू। बायाँ काखमा द्विभुजा ऋद्धिदेवीले कुवेरको पिठ्युँमा बाहुराखेको र शङ्ख, पद्म, निधि कुवेरका समीपमा गराउनू भन्ने वि. ध. को[3] मत छ। अग्निपुराणमा[4] गदा धारी, मेषवाहन कुवेर छन्। मत्स्यपुराणमा[5] विष्णुधर्मोत्तरकै लक्षणमा गदा र वरद बाहु हुनु विशेष लक्षण छ। हाँडीगाउँको यक्षको भनी मानिएको[6] मूर्ति कुवेरको हो। त्यहीं सत्यनारण मन्दिरको प्राङ्गणमा पनि कुवेरको मूर्ति छ। राष्ट्रिय संग्रहालयको पहिलो शताब्दी भनी मानिएको यक्षको मूर्ति पनि कुवेरकै हो। मत्स्यपुराणअनुसार कुवेर दुइ बाहुका छन्।

(८) ईशान–

ईशानको अर्थ महादेव हो। इष्टे तच्छीलः यहाँ ताच्छिल्य० ३।२।१२९ ले

---

१. ऋग् ८।१०।१३९।४–६, २. शु. य. २४।२८, ३. वि. ध. ३।५३, ४. अग्नि ५१।१५, ५. मत्स्य २६१।२०–२५, ६. रमझम पत्रिका वर्ष ६।३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शानच् प्रत्यय भएर ईशान बन्दछ । सर्वकर्मसमर्थ जुन ईश्वर तत्त्व छ, त्यसलाई ईशान मानिएको छ । ईशान स्वरूप महादेवले आश्रय गरिएको दिशा हुनाले त्यस दिशाको नाम पनि ईशान रहेको हो । शुक्लयजुर्वेदमा[1] ईशान नामका देवताका निमित्त मृगहरू भाग छुट्ट्याइएका छन् । अरू वेदमा पनि ईशान नामका देवताको उल्लेख छ ।

लक्षण–

श्वेतवर्ण, श्वेतदृष्टि, त्रिशूलपाणि, त्रिनेत्र, वृषारूढ ईशान मूर्तिको उल्लेख मत्स्य, विष्णुधर्मोत्तर र अग्निपुराणमा पनि छ ।

(९) ब्रह्माजी–

आठ दिशाका अष्ट दिक्पालपछि ऊर्ध्व दिशाका स्वामी ब्रह्माजी मानिन्छन्, तिनको प्रसङ्ग माथि नै परिसकेको छ ।

(१०) अनन्त–

अधोदिशाका स्वामी अनन्त हुन् । अब प्रसङ्गवश अनन्त आदि अष्टनागको क्रमैले वर्णन गरिन्छ । अनन्त भनेका शेषनाग हुन् । यिनको वर्णन सर्वत्र छ । अनन्तले तल्लो भागमा रहेर पृथिवीको धारण गरेको वर्णन पुराणमा हुनाले उनलाई अधोदिशाका स्वामी मानेको हो ।

अष्टनाग–

(१) अष्टनागमध्ये अनन्तको उल्लेख माथि दश दिक्पालमध्ये पनि भएको छ ।

लक्षण– रक्तवर्ण, श्वेतकमलको माला लाउने, हजार शिरका, शिरमा कमल धारण गर्ने अनन्तको मूर्तिको उल्लेख छ ।[2]

अनन्त (शेष) का मूर्ति शेषशायी विष्णुका शैय्याको रूपमा नेपालमा प्रशस्त पाइन्छन् । तर हजार शिर बनाउन गौरव पर्ने हुनाले ५ शिरदेखि १३ शिरसम्मका शेष मात्र पाइन्छन् ।

---

१. शु. य. २४।२८ (७८), २. विश्वकर्मशास्त्र, हेमाद्रि व्. १ अ. पृ. १३९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) वासुकि– वासुकि आदि सात नाग अनन्तका परिवार हुन् । तीमध्ये वासुकिको महत्त्व पुराणमा धेरै नै छ ।

लक्षण– चन्द्र जस्तो श्वेतवर्ण, रत्न जस्तो उज्वल, फणाधारी, नीलवस्त्र, चतुर्बाहु, सर्वाभरणयुक्त, धेरै फणाको वासुकिको माझको फणामा स्वरूपधारिणी पृथिवी, वासुकिको दायाँ बाहुमा पद्म र मुसल, बायाँ बाहुमा हलो र शङ्ख तथा सुरासमुद्र गराउनू भन्ने वि. ध. को[1] मत छ । विशेष नाभिभन्दा तल नागको शरीर नाभिभन्दा माथि मानिसको शरीर गरेका, शिरमा फणा र दुइ जिभ्रा, दुइ बाहुमा खड्ग र खेटक धारण गरेका नागका मूर्तिको विधान छ ।

१) पशुपतिको पूर्वोत्तरकोणमा वासुकिको प्रसिद्ध मन्दिरमा सुन्दर र भव्य मूर्ति छ । त्यस्तै–

२) पाटन कुम्भेश्वरको प्राङ्गणमा ।

३) पुरातत्त्व बगैंचामा र

४) टुँडिखेलमा पनि वासुकि मूर्ति छन् ।

(३) तक्षक- श्वेतवर्ण, मोतीझैं चम्किलो, रक्ताङ्ग, स्वस्तिक चिह्नको, तेजस्वी तक्षक[2] गराउनू ।

(४) कर्कोटक- गलामा तीनोटा सेतो रेखा गरेको कर्कोटक छन् । अरू माथिको विशेष लक्षण हुन्छन् । पूर्वोक्त विशेष कुरा अर्थात् नाभिभन्दा माथि मानिसको र तल नागको शरीर, दुइ जिभ्रा, शिरमा फणा र दुइ बाहुमा खड्ग र खेटक सबै नागमा हुन्छन् भन्ने संझनू ।

(५) पद्म– शिरमा पद्म धारण गर्ने, रक्त वर्णको पद्म गराउनू ।

(६) महापद्म– शङ्ख जस्तो श्वेतवर्ण, शिरमा कालो त्रिशूल धारण गर्ने महापद्म गराउनू ।

(७) शङ्खपाल- सुनको जस्तो कान्ति, गलामा सेतो रेखा गरेको शङ्खपाल गराउनू ।

(८) कुलिक– रक्तदेहको शिरमा अर्धचन्द्र धारण गर्ने कुलिक मानिन्छन् ।

---

१. वि. ध. ३।६१, २. वि. शा. हैमाद्रि व्रत ख. १ अ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी सबै नागहरू दुइ जिभ्रा, सात बाहु, फणामा मणि भएका, अक्षमालाधारी कुण्डलाकार पुच्छर भएका हुन्छन्। यीमध्ये कुनै एक, कुनै तीन फणा गरेका र यिनीहरूका स्त्रीपुत्र आदि पनि आ–आपना मूल पुरुष जस्तै गराउनू भनेको छ।

अश्विनीकुमार–

यी दुइ भाइ छन्। यी दुवै वैदिक देवता हुन्। यिनको वर्णन चारै वेद, ब्राह्मण आरण्यक संहितामा र पुराणमा पनि छ। च्यवन ऋषिलाई दृष्टिदान दिएको कुरा ऋग्वेदमा पनि छ। अरू कैयौं अश्विनीसूक्त ऋग्वेदमा पाइन्छन्। सूर्या सोमको विवाहको प्रवन्धक अश्विनीपुत्र नै छन्। पुराणमा यिनीहरूको विशेष कथाको वर्णन छ। यिनीहरू वेद पुराणहरूमा सुर वैद्य र आयुर्वेदशास्त्रका प्रवर्तक मानिन्छन्।

लक्षण–

पद्मपत्र जस्तो वर्णका, रक्तवस्त्रधारी, दुइ बाहुका सर्वभूषणभूषित, उज्वल मुख, सुन्दर नेत्र गरेका, अश्विनीकुमारका दायाँ बाहुमा दिव्य औषधी र बायाँ बाहुमा पुस्तक गराउनू। एउटाको दायाँपट्टि र अर्काको बायाँपट्टि सुन्दरी मधूक पुष्प जस्तो वर्णकी, १ रूपसंवत् र शरको डाँठको जस्तो वर्णकी, २ आकृति नामकी बाहुमा केही नलिएकी पत्नी गराउनू।

नेपालमा लक्षणअनुसारको मूर्तिको खोजी गर्दै गए अश्विनीकुमारका मूर्ति पाइएलान्।

शक्तिहरू–

प्रसिद्धिमा आएका देवताका प्रसिद्ध शक्तिहरूको उल्लेख पुराणहरूमा पाइन्छ। भनेको छ —

यस्य[1] देवस्य यद्रूपं यथा भूषणवाहनम्।
तद्वदेव हि तच्छक्तिरसुरान्योद्धुमाययौ ॥

अर्थात् जुन देव विशेषको जस्तो रूप जस्ता, भूषण जस्ता वाहन आदि छन्, त्यस्तै रूप, भूषण, वाहन आदि भएका ती देव शक्तिहरूको स्वरूप गराउनू। त्यस्तै लक्षण विष्णुधर्मोत्तर[2] आदिमा पनि छ। ती शक्तिहरूलाई मातृका भन्छन्, ती यस प्रकार छन्।

---

१. सप्तशती ८।१४, २. वि. ध. ३।६८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) ब्राह्मी (२) माहेश्वरी
(३) कौमारी (४) वैष्णवी
(५) वाराही (६) इन्द्राणी
(७) चामुण्डा

यी पूर्वोक्त देवीहरूलाई सप्तमातृका भन्दछन् । तिनीहरूको लक्षण यस प्रकार छ ।

(१) ब्राह्मी– ब्रह्माजीकी शक्ति ब्राह्मी वा ब्रह्माणी हुन् । ती ब्रह्माजी जस्तै चतुर्मुख छन्, तर बाहुहरू छओटा छन् । हंसवाहन, पिङ्गल वर्ण, नाना भूषणयुक्त, मृगचर्मको पछ्यौरा र दायाँ तीन बाहुहरूमा वर, सूत्र र स्रुव, बायाँ तीन बाहुहरूमा पुस्तक कमण्डलु र अभय धारण गरेकी गराउनू भन्ने हेमाद्रिमा छ ।[1]

हंसयुक्तविमानमा विराजमान, जपमाला र कमण्डलु लिएकी, ब्रह्माणी बनाउनू भन्ने सप्तशतीमा[2] र अग्निपुराण[3], मत्स्यपुराणमा[4] चतुर्मुख, चतुर्भुज, हंसारूढ, अक्षसूत्र र कमण्डलु धारण गरेकी गराउनू भनेको छ ।

(२) माहेश्वरी– महेश्वरकी शक्ति माहेश्वरी हुन् । यिनी त्रिशूल र वरमुद्राकी वृषवाहना, सर्पभूषण र चन्द्रकला शिरमा धारण गरेकी छन् भनी सप्तशतीमा[5] र अग्निपुराणमा[6] शर, चाप दायाँ बाहुमा र चक्र र धनु बायाँ बाहुमा लिएकी, श्वेतवर्णा वृषारूढा छिन् । मत्स्यपुराणमा[7] जटामुकुटयुक्त, वृषभस्था, चन्द्रशेखरा, कपाल, शूल, त्रिभङ्गी, र वरद बाहुकी चतुर्भुजा छिन् ।

हेमाद्रिअनुसार[8] वृषारूढा, पञ्चवक्त्रा, त्रिनेत्रा, शुक्ला, चन्द्रकलाधारिणी जटाजूटयुक्ता षड्भुजा दायाँ बाहुहरूमा वरद, सूत्र र डमरु, बायाँ बाहुहरूमा शूल, घण्टा र अभय धारण गरेकी छिन् ।

(३) कौमारी– दुइ बाहुकी, शक्तिहस्ता, मयूरवाहना, गुहस्वरूपकी, कौमारी, सप्तशतीमा र अग्निपुराणमा, शूल र शक्तिहस्ता, मत्स्यपुराणमा[9], रक्तवर्णा, षड्मुखा,

---

१. हेमाद्रि व्रत ख. १ अ. पृ. ८३ (विश्वकर्मशास्त्र), २. सप्तशती ११।१३, ३. अग्नि ५०।१८, ४. मत्स्य २६१।२४, ५. स. श. ८।१६,११।१४, ६. अग्नि ५०।१८,१९, ७. मत्स्य २६१।२६, ८. हे. व्र. (विश्वकर्मशास्त्र) १ अ., ९. मत्स्य २६१।२७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्र बाहुकी, मयूरस्था, दायाँ बाहुमा वरद, शक्ति, पताका, दण्ड, चाप र बाण, बायाँ बाहुमा चाप घण्टा, कमल, कुक्कुट र परशु र सबैभन्दा तल्लो बाहुमा अभय मुद्रा धारण गरेकी, कौमारी हेमाद्रिमा[1] छिन् ।

स्मरणीय छ तीनै शहर उपत्यकामा कौमारीलाई कुमारी मानी खाली साधारण पत्थरमा पूजा गर्ने प्रथा छ ।

(४) वैष्णवी हेमाद्रिमा[2] गरुडवाहना, श्यामवर्णा, षड्भुजा, वनमालिनी, दायाँ बाहुहरूमा वरदमुद्रा, गदा र कमलको माला, बायाँ बाहुहरूमा शङ्ख, चक्र र अभयमुद्रा गरेकी र अग्निपुराणमा[3] चतुर्भुजा, दायाँ बाहुमा चक्र र शङ्ख, बायाँ बाहुमा गदा र पद्म धारण गरेकी र अरू सबै विष्णुकै लक्षण गरेकी, सप्तशतीमा पनि यस्तै र मत्स्यपुराणमा[4] गरुडवाहना, चतुर्बाहु, वरद, शङ्ख, चक्र, गदा धारण गरेकी वा सिंहासनस्थिता, बालक साथमा लिएकी वैष्णवी छिन् ।

(५) वाराही- मत्स्यपुराणमा[5] महिषारूढा, वराह जस्ती, चतुर्बाहु, शिर, चामर, गदा, चक्र लिएकी, दानवनाशिनी, सप्तशतीमा उग्रमहाचक्रधारिणी, दाँतले पृथिवी उठाउने, अग्निपुराणमा महिषवाहिनी चतुर्बाहु, दण्ड, शङ्ख, खड्ग, गदा धारण गर्ने तथा हेमाद्रिमा कृष्णवर्णा, शूकरमुखी, मनुष्यशरीरकी, लम्बोदरा, दायाँ बाहुमा वरद, दण्ड र खड्ग, बायाँ बाहुमा खेटक पाश र अभय धारण गरेकी, षड्भुजा वाराही छिन् ।

वाराहीका मूर्ति नेपाल अधिराज्यभरि नै पाइन्छन् । तीमध्ये–

(१) चापागाउँमा वज्रवाराही ।

(२) महाबौद्ध गणेशस्थानमा (लि. का.) ।

(३) बोडे सरस्वतीखेलमा ।

(४) बलखुमा घतले वाराही ।

(५) पोखरा फेवातालमा ।

(६) सप्तमातृकाका साथमा सर्वत्र ।

(७) पुरानो गुह्येश्वरीमा ।

---

१. हेमाद्रि १ अ., २. त्यहीं, ३. अग्नि ५०।२, ४. मत्स्य २६१। २८,२९, ५. त्यहीं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(८) वराह क्षेत्रमा ।

(९) भक्तपुरमा नीलवाराही (लि. का,) ।

तथा अन्यत्र पनि वाराहीका मूर्ति पाइन्छन् । खोजी गर्दै जानुपर्छ ।

(६) ऐन्द्री– हेमाद्रिमा[1] सहस्रनयना, सौम्यमूर्ति, सुवर्णवर्णा, गजारुढा, दायाँ बाहुमा वरदसूत्र र वज्र, बायाँ बाहुमा कलश पात्र र अभय दक्षिणाधःकर क्रमले धारण गरेकी, अग्निपुराणमा, मत्स्यमा र सप्तशतीमा पनि त्यस्तै लक्षण ऐन्द्रीको छ ।

(७) चामुण्डा– सप्तशतीमा दाह्रा निस्केकी, डरलाग्दी, मुण्डमाला लाएकी, अग्निपुराणमा टोड्को जस्तो नेत्र गरेकी, हड्डी मात्रकी कङ्कालमूर्ति त्रिलोचना, ठाडा जंगल्टा, सानो पेटकी र बाघको छाला लाएकी, बायाँ बाहुमा कपाल र पट्टिश, दायाँ बाहुमा त्रिशूल लिएकी, चतुर्बाहु, शवारूढा, खप्परको माला लाएकी, मत्स्यपुराणमा खड्गबाहु, दीर्घजिह्वा, ऊर्ध्वकेशा, मुण्डमालिनी, दाह्रा निस्केकी, सानो दुब्लो पेट गरेकी, मासु र रगतपूर्ण कपाल बायाँ बाहुमा र शक्ति दायाँ बाहुमा लिएकी, गिद्धमा वा कागमा चढेकी, कङ्कालमूर्ति पेट भित्र पसेकी, करालमुखा, त्रिलोचना, घण्टा बाँधेकी, व्याघ्रचर्म धारण गर्ने, हेमाद्रिमा प्रेतमाथि चढेकी, रक्त-वर्णा, विकरालमुखी सर्पभूषणा, दाह्रा निस्केकी, दुब्लो शरीरकी, खाल्टो जस्तो गहिरो आँखा गरेकी, भयङ्कर, दश बाहुकी, पेटभित्र पसेकी, मुसल, कवच, शर, अंकुश र खड्ग दायाँ बाहुमा र खेटक, पाश, धनु, दण्ड, कुठार बायाँ बाहुमा धारण गर्ने चामुण्डाको वर्णन छ । सप्तशतीमा यी चामुण्डा सप्तमातृकादेखि भिन्नै शक्ति मानिएको र सप्तमातृकामा नारसिंही पर्छिन् । तदनुसार–

(८) नारसिंही– नृसिंहकै जस्तो स्वरूपकी, जगर धारण गरेकी, नङले दैत्यको नाश गरेर खाने, चतुर्बाहु नारसिंहीको वर्णन सप्तशतीमा छ ।

ब्राह्मीदेखि चामुण्डासम्मका सप्तमातृकाका मूर्तिहरू—

(१) पशुपतिनाथ देखि दक्षिणपट्टिको पाटीमुनि लस्करै स्थापित छन्, यी मूर्तिहरू मत्स्य र अग्नि पुराण अनुसार बनेकाले हेमाद्रिको लक्षण ती मूर्ति निर्माण गर्दा प्रसिद्धिमा नआएको देखिन्छ ।

(२) विशाल बजार अगाडि महिषासुरमर्दिनी नेर नारसिंही समेत अष्ट-मातृकाका मूर्ति छन् ।

---

१. हेमाद्रि १ अ. ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) गुह्येश्वरीभित्र भित्तामा र ढोकामाथि पनि सप्तमातृका छन् । त्यस्तै -

(४) टुडाल देवीको मन्दिरभित्र ।

(५) पाटन शङ्खमूल सिकुवहीको बाटोमा मातृकादेवीको पादपीठमा अभिलेख समेतको मातृकाको ढुङ्गे मूर्ति छ भनी लि. अ. सं ५३ मा लेखेको छ । त्यसमा संवत् ४९५ छ ।

(६) पाटन कुम्भेश्वरको घेराभित्र बगलामुखीको मन्दिरमा ।

(७) शुभाभगवती मन्दिरको घेराभित्र ।

(८) दक्षिणकालीको नजीकमा ।

(९) चाँगुनारायणको मन्दिरको घेराभित्र ।

(१०) कीर्तिपुरको गणेश मन्दिरमा ।

(११) बल्खुमा ।

(१२) जयबागेश्वरीमा ।

र अन्यत्र पनि खोजी गर्दै गए पाइन्छन् ।

पूर्वोक्त स्थानहरूमा कहीं सात कहीं छ देखि तीन सम्म मातृकाका मूर्ति छन् । यी बाहेक यी शक्तिहरूका छुट्टाछुट्टै मूर्ति पनि पाइन्छन् जस्तै–

(१) नारसिंहीको मूर्ति बालाज्यू पारी पुरानो गुह्येश्वरीको नजीकमा ।

(२) ब्रह्माणी मन्दिर र मूर्ति भक्तपुरमा ।

(३) वाराहीका मूर्तिको उल्लेख माथि गरिसकिएको ।

(४) इन्द्राणीको मन्दिर मूर्ति शुभाभगवती वारी विष्णुमतीको तीरमा

(५) कुमारीको मूर्ति हनुमान्ढोका दरबारभित्र, पाटन दरबारभित्र र भक्तपुर दरबारभित्र छन् ।

(६) माहेश्वरीको पनि छुट्टै पनि मूर्ति होला याद गरिएको छैन त्यस्तै–

(७) वैष्णवीको र ।

(८) चामुण्डाको पनि छुट्टै मन्दिर र मूर्ति हुनुपर्छ तर खोज गरिएको छैन ।

तल लेखिएका विभिन्न देवीका मूर्तिहरू उपत्यकामा र बाहिर अधिराज्यभरि नै हुनुपर्छ । लक्षण मिलाई खोजी गर्दै गए पाइन सक्तछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) चण्डिका (चण्डेश्वरी)

श्वेतवर्णा[१], शवरूढा, षड्भुजा, जटायुक्ता, गोलाकार नेत्रकी, वरद, शूल, कमलगट्टा दायाँ बाहुमा र पानपात्र र अभयमुद्रा बायाँ बाहुमा गरेकी चण्डिका छिन् ।

(२) दशभुजा दुर्गा–

शक्ति, बाण, त्रिशूल, खड्ग र चक्र दायाँ बाहुमा[२] र चन्द्रबिम्ब खेटक, कपाल, शूल र चक्र बायाँ बाहुमा लिएकी, सिंहवाहिनी यी दुर्गा छिन् ।[३]

(३) नवदुर्गा (अष्टादशभुजा)

केश, खेटक, घण्टा, ऐना, तर्जनी, मुद्रा, धनु, ध्वज, डमरु र पाश बायाँ बाहुमा र शक्ति, मुद्गर, शूल, वज्र, शङ्ख, अंकुश, शलाका, बाण र चक्र दायाँ बाहुमा लिने नवदुर्गा[४] छिन् ।

(४) षोडशभुजा दुर्गा

शलाका र बाण बाहेक अरू अष्टादशभुजा दुर्गाकै अस्त्र शस्त्र धारण गर्ने, षोडशभुजा नवदुर्गाको वर्णन[५] छ। यी दुवैथरी नवदुर्गाका मूर्ति हनूमान्ढोका दरवारभित्र, पाटन दरवारभित्र, भक्तपुर दरवारभित्र र अन्यत्र पनि पाइन्छन् । शैलपुत्री आदि नवदुर्गाका मूर्तिहरूचाहिं हनुमान्ढोका दरवारभित्र, टेकुमा, पशुपति राजेश्वरी घाटमा, चाँगुनारायणको घेराभित्र, भक्तपुरमा, पाटनमा, गुह्येश्वरीको ढोकामा पनि छन् ।

(५) महाकाली–

कालो वर्ण. विशाल लोचनकी, सुन्दरी, दाह्रा निस्केकी, कृशाङ्गी, खड्ग, पात्र, शिर र खेटक चार बाहुमा लिएकी, कवन्ध (गिंड) को हार र मुण्ड (शिर) माला धारण गरेकी महाकाली[६] छिन् । महाकालीको मन्दिर र मूर्ति गोरखामा छ । त्यहाँ गोरखकाली छिन् ।

(६) कात्यायनी, महिषासुरमर्दिनी (दशभुजा)

जटाजूटयुक्ता[७], अर्धचन्द्रशेखर गरेकी, त्रिनेत्रा, पूर्णचन्द्रमुखी, आलसको फूलको

---

१. हेमाद्रि व्र. १ अ. पृ. ८४, २. दक्षिणाधःकरक्रम सम्झनू, ३. त्यहीं पृ. ८७, ४. त्यहीं, ५. त्यहीं, ६. त्यहीं, ७. मत्स्य २६१।५५–६५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णकी, सुलोचना, नवयौवना सर्वभूषणयुक्ता, सुन्दर दाँत, पुष्ट गाला पुष्ट र कठिन उन्नत स्तनकी. दक्षिणोर्ध्व क्रमले दायाँ बाहुमा त्रिशूल, खड्ग, चक्र, बाण र शक्ति बायाँ बाहुमा खेटक पूर्णपात्र, पाश, अंकुश, घण्टा, परशु र चामर लिएकी, महिषासुर र बायाँपट्टि तल विनाशिरको, खड्गबाहु, छातीमा त्रिशूल गढेको, आन्द्रो निस्केको, रगतले मुछिएको, बायाँ बाहुमा पाशले लिएको गिंड र रक्तनेत्र, नाग पाशले बाँधिएको भ्रूकुटी तरेको डरलाग्दो, दुर्गाले जगल्टा पक्रिएको महिषासुर गराउनू। धेरै रगत पिएर उकेलिरहेको, सिंहमाथि देवीको पाउ टम्म रहेको र बायाँ पाउको केही उठेको, बूढी औंलोले महिषमाथि टेकेकी र देवताहरूले स्तुति गरिएकी महिषमर्दिनीको वर्णन छ।

(७) योगेश्वरी दुर्गा

दशभुजा, त्रिनेत्रको यही मूर्ति शस्त्र, शक्ति, असि, डमरु दायाँ बाहुमा र घण्टा, खेटक, खट्वाङ्ग र त्रिशूल बायाँ बाहुमा धारण गर्ने भएमा अस्त्रको फरकले योगेश्वरीको मूर्ति बन्दछ।

(८) त्यही पूर्वोक्त मूर्ति बाह्र बाहुको गराई पाश, अंकुश बढी धारण गर्ने अरुणवर्ण गराएमा भैरवी मूर्ति बन्दछ।

(९) अष्टादशभुजा महालक्ष्मी (महिषासुरमर्दिनी)

दक्षिणाधःकर क्रमले जपमाला, कमल, बाण, कुलिश, गदा, चक्र, त्रिशूल, परशु, शङ्ख, घण्टा, पाश, शक्ति, दण्ड, चर्म, चाप, पानपात्र, कमण्डलु धारण गर्ने, कमलासना महालक्ष्मी (महिषासुरमर्दिनी) को वर्णन वैकृतिरहस्यमा छ।

(१०) चण्डी वा महिषासुरमर्दिनी

(क) अग्निपुराणअनुसार[१] बीस बाहुकी, दायाँ बाहुहरूमा शूल, खड्ग, शक्ति, चक्र, पाश, खेटक, आयुध, अभय, डमरु, शक्ति र बायाँ बाहुहरूमा नाग, पाश, खेटक, कुठार, अंकुश, पाश, घण्टा, ध्वज, गदा, आदर्श, मुद्गर धारण गरेकी वा दश बाहुकी मात्र पनि गराउनू। तल शिर काटिएको, शस्त्र उठाइरहेको, घाँटीबाट रगत निस्केर रँगिएको, गलामा पाशोले बाँधिएको महिषलाई सिंहले खान लागेको र दायाँ पाउ पलेंटी कसेकी, बायाँ पाउले असुरलाई टेकेकी, त्रिनेत्रा, चण्डी (महिषासुरमर्दिनी) गराउनू।

---

१. अग्नि ५०।१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) अथवा अष्टादशभुजा, दायाँ बाहुहरूमा मुण्डक, खेटक, आदर्श, तर्जनी, चाप, ध्वज, डमरु, पाश बायाँ बाहुहरूमा शक्ति, मुद्‌गर, शूल, वज्र, खड्‌ग, अंकुश, शर, चक्र र शलाका धारण गरेकी ।

(ग) अथवा षोडभुजा, डमरु र तर्जनी बाहेक अरू पूर्वोक्त नै अस्त्रअस्त्र लिएकी, चण्डी वा महिषमर्दिनी गराउनू । यस मूर्तिलाई रुद्रचामुण्डा र नवदुर्गा भन्ने नाम समेत दिएको छ ।

विभिन्न बाहुका र विभिन्न अस्त्रशस्त्र लिएका महिषासुरमर्दिनीका मूर्तिहरू यस प्रकार छन् ।

१) महिषासुरमर्दिनीको प्रसिद्ध मन्दिर र मूर्ति पलाञ्चोकमा छ । विजयस्वामिनीले स्थापित उक्त मूर्ति विजयेश्वरी नामले प्रसिद्ध छ । त्यसको उल्लेख लिच्छविकालका अभिलेख सं. १६ मा छ ।

२) विशालबजार अगाडि ।

३) हनुमान्‌ढोका दरवारभित्र ।

४) नारायणहिटीको नारायणस्थानमा ।

५) ललितपुरमा ।

६) भक्तपुरमा ।

७) हाँडीगाउँको धनगणेश मन्दिरमा ।

८) बनेपामा (चण्डेश्वरी नामले प्रसिद्ध) ।

९) सल्यानकोटमा ।

१०) पोखरामा (विन्ध्यवासिनी नामले प्रसिद्ध) मूर्ति ।

र अरू पनि अधिराज्यमा पाइन्छन् ।

(११) भद्रकाली अष्टादशभुजा[१] सुन्दरी, आलीढस्थानमा चारोटा सिंहको रथमा रहेकी, अक्षमाला, त्रिशूल, खड्‌ग, चन्द्र, बाण, चाप, शङ्ख, पद्म, स्रुक्, स्रुव, जलपात्र, कमण्डलु, दण्ड, शक्ति, कृष्णमृगचर्म हुताशन, कान्तिप्रदकर र रत्नपात्र धारण गरेकी भद्रकालीको लक्षण छ ।

(१२) शीतला–

रासभमा[२] रहेकी, दिगम्बरा, मार्जनी (कुचो) र कलश धारण गरेकी,

---

१. हेमाद्रि व्रत ख. १ अ. पृ. ७९, २. गधामा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिरमाथि नाङ्लो ओढेकी शीतलाको वर्णन[1] छ । शीतलाका मूर्तिहरू-

१) पशुपतिको आग्नेय कुनामा ।

२) बालाज्यू शेषशायीको आग्नेय कुनामा ।

३) भक्तपुरको हनुमन्तेघाटमा ।

४) मङ्गलतीर्थ भक्तपुरमा ।

५) पाटन हौगलबहालमा ।

६) हाँडीगाउँ कोटालटोलमा ।

७) स्वयम्भूमा ।

८) पाटन चापाटोलमा ।

९) कुम्भेश्वरमा ।

१०) इन्द्रचोक र असनको बीचमा अजिमा ।

यस मूर्तिलाई कहीं हारिती र कहीं अजिमा पनि भन्दछन् । यस मूर्तिमा छाला जस्तो गरी नाङ्लो ओढेको र कुचो र कलश धारण गरेको छ । कुचोलाई नचिनेर माछो धारण गरेको भनी लेख्नेहरू भ्रान्तिमा छन्, त्यो माछो हैन कुचो हो । लक्षणमा माछो धारण गरेको भनेको छैन ।

(१३) अन्नपूर्णा-

सम्पूर्ण सौन्दर्य र भूषणले युक्त, माला, पुस्तक, पाश, अंकुश लिने, चतुर्बाहु, अन्नपूर्णा छिन् । लक्षणअनुसारको मूर्ति नेपालमा छैन, असन डवलीमा अन्नपूर्णाको यन्त्र छ; मन्दिरको तोरणद्वारमा भित्र बाहिर नै मूर्ति देखिन्छन् ।

(१४) अर्को महाकालीको मूर्ति -

दश मुख, दश बाहु, दश पाउकी, गाजल जस्तो वर्णकी, तीस नेत्रकी, दाह्रा निस्केकी, डरलाग्दी, खड्ग, बाण, गदा, शूल, शङ्ख, चक्र, भुशुण्डी, परिघ, धनु र रगत बगिरहेको शिर लिएकी महाकाली सप्तशतीको वैकृति रहस्यमा छिन् ।

---

१. शीतलाष्टक (स्कन्दपुराण) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१५) महासरस्वती अष्टभुजा–

बाण, मुसल, शूल, चक्र, शङ्ख, घण्टा, लाङ्गल, धनु लिएकी, सरस्वतीको वर्णन त्यहीं छ ।

(१६) अष्टभुजा दुर्गा–

सिंहवाहिनी, चक्र, गदा, खड्ग, खेटक, बाण, धनु, ताँदो, तर्जनी लिएकी, जयदुर्गा सप्तशतीको ध्यानमा पाइन्छिन् ।

(१७) चतुर्भुजा दुर्गा–

शङ्ख, चक्र, धनु, शर लिने चतुर्बाहु, शशिशेखरा, त्रिनेत्रा, सिंहबाहिनी, नाना भूषणयुक्त यी दुर्गाको वर्णन ध्यानमा छ ।

अरू देवदेवीको लक्षण ग्रन्थगौरवको भयले गरिएन ।

शुभम्

२०३६।१० माघशुक्ल पञ्चमी (श्रीपञ्चमी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

नेपालमा प्रसिद्ध चार भगवतीहरू छन्– १, गुह्यकाली २, दक्षिणकाली ३. वज्रयोगिनी र ४, गुमाभगवती । यिनीहरूको प्रसिद्धि प्राचीनकालदेखि नेपालमा भएको उल्लेख छ ।

(१) गुह्यकाली–

पुराणकालमा गुह्यकालीको स्पष्ट शब्दमा–

"गुह्यकाल्या महास्थानं नेपाले यत्प्रतिष्ठितम्"

यो उल्लेख देवीभागवतमा पाइन्छ । गुह्यकालीको मन्दिर पशुपतिनाथको पूर्वपट्टि मृगस्थलीको तल्लो भाग वागमतीको किनारामा छ । पुराणमा गुह्यकालीको लक्षण पाइदँन खाली सतिदेवीको गुह्यस्थानको पतन भई त्यसबाट पीठ बनेको वर्णन छ । त्यस पीठमा गुह्यस्थानमा नै संभवतः प्राचीनकालमा पूजा हुँदो हो । मूर्तिकलाको उत्पत्तिकालमा गुह्यकालीको मूर्तिनिर्माणपट्टि पनि ध्यान गयो होला, तर पुराणमा मूर्तिको लक्षण नभएको र तन्त्रशास्त्रमा उल्लेख भएको गुह्यकालीको मूर्तिको निर्माणमा अति गौरव पर्न जाने भएर होला त्यस गुह्य पीठस्थानमा मिल्दो कलश बनाई त्यस कलशमा यन्त्र निर्माण गरी त्यही यन्त्रमा पूजा गर्ने परम्परा चलेर आएको देखिन्छ । त्यसैले गुह्यकालीको पूजा प्रक्रिया तन्त्रशास्त्रको विधिअनुसार पीठ र यन्त्रमा हुन्छ । गुह्यकालीको स्वरूपको वर्णन तन्त्रमा यसरी गरेको छ ।

(१) रगतको समुद्रमा रगत मासुले बनेको रातो बालुवा भएको नवकोटी चामुण्डा र भैरवले घेरिएको द्वीपमा दशहजार योजन विशाल मण्डलको वरिपरि एककोटी भैरवीहरूले घेरिएको प्राकार भित्र एक सय योजन ठूलो मशानमा बलिरहेको आगोको ज्वालाले नक्षत्रमण्डलसम्म व्याप्त गरेको कोटियोगिनीहरूले ताली बजाइएको मनुष्यका आन्द्रामा उनिएका मुण्डमालाले तोरणको माला बनाइएको मशानमा निर्मित दिव्यसिंहासनको चारै कुना चार वेदले धारण गरेको र त्यस-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथि उपवेदले धारण गरेको अर्को सिंहासनमाथि आ-आफ्ना बाहन र अस्त्र शस्त्रले युक्त दश दिक्पाल र ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिव यी पञ्चप्रेतले अर्को ठूलो सिंहासन धारण गरेको त्यो सिंहासनमाथि षोडशदल कमलमा शिवासन र त्यस-माथि अष्टदल कमलमा विराजमान नीलो कमल जस्तो श्याम र इन्द्रनीलमणिको जस्तो तेज भएकी मेघको जस्तो शरीर र हरियो दूबो जस्तो कान्ती भएकी दश शिर गरेकी र सात शिरमा तीन तीन आँखा र तीनशिरमा दुइ दुइ आँखा गरेकी माथिल्लो एक मुख दीपक दोस्रो मुख सिंह, तेस्रो मुख कालो श्याम चौथो मुख रातो बानर, पाँचौं मुख छिर्बिरे मानिसको छैंटौं मुख फुस्रो भालु, सातौं पहेलो गरुड, आठौं दायाँपट्टि हरियो माछाको मुख, नवौं बायाँपट्टि सेतो हात्तीको मुख अगाडिको दशौं मुख श्यामवर्ण दंष्ट्राकराल तरुण शब्दयुक्त र अट्टहास गरि-रहेको जिब्रो चलाइरहेको र रगत् बगिरहेको गराउनू; शत्रुको आन्द्रामा उनेका बालक मूर्दाका शिरको किङ्किणी धारण गरेकी ५४ बाहुहरूमा रत्नमाला कपाल मादि धारण गरेकी जपापुष्प जस्ता सर्पको नूपुर, सेता सर्पको बाजू, फुस्रा सर्पको कटिसूत्र सेता सर्पको जन्तर र सेतैं सर्पले जटा बाधेकी बाघको छाला लगाएकी चितुवाको छाला ओडेकी महाप्रलयकालको कोटि सूर्य र अर्बुद बिजुली जस्तो तेज गरेकी देवताहरुले पनि हेर्न नसकिने गुह्यकालीको ध्यान छ ।

(२) मनुष्यको जस्तै एक मुख गरेकी दुइ बाहुमा खड्ग र चर्म (ढाल) धारण गरेकी अरू सम्पूर्ण स्वरूप अगाडि वर्णन गरे जस्तै गुह्यकाली गराउनू ।

(३) मनुष्य हात्ती र स्यालको जस्तो तीन मुख गरेकी चतुर्बाहुमध्ये दायाँ दुइ बाहुमा खड्ग र त्रिशूल, बायाँमा पाश र मुष्ठि धारण गरेकी कालो स्वरूपकी अरू पहिलो जस्तै विचित्र वेषभूषा हुनुपर्छ ।

(४) त्रिमुखी हात्ती, घोडा र नरको आकारमा तीन मुख गरेकी चार बाहु-मध्ये दायाँपट्टि बाण र अङ्कुश बायाँपट्टि धनु र श्यालको बच्चा लिएकी रक्त वर्णको अरू पहिलेकै जस्तो आकार प्रकारकी–

(५) नर, द्वीप, श्याल, सिंह र हात्तीका पाँच मुख गरेकी अष्ट बाहुकी दायाँ चार बाहुमा खड्ग बाण चक्र अक्ष (जपमाला) र बायाँ बाहुमा चर्म पाश अङ्कुश र माला धारण गरेकी रक्त वर्णकी अरू पहिले जस्तै स्वरूपकी–

(६) गरुड, भालु, मानिस, घोडा र हात्तीका जस्ता ५ शिर गरेकी अष्ट बाहुमध्ये दायाँमा खड्ग बाण चक्र अक्षर बायाँमा चर्म पाश अङ्कुशमाला ने धारण गरेकी आदित्योपासिता अरू पहिले जस्तै स्वरूपकी–

(७) छ मुख दश बाहुकी हात्ती, घोडा, गरुड, माछा, बानर र श्यालको शिर गरेकी दायाँ बाहुमा शूल चक्र गदा शक्ति र बीजपूर, बायाँ बाहुमा गिद्ध, श्याल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को बच्चा अङ्कुश रत्नमाला र नृमुण्ड धारण गरेकी पहेंलो वर्णकी अरू पहिले जस्तै रूप र चेष्टाकी–

(८) आठ मुख १६ बाहुकी कृष्णलोहित वर्णकी हात्ती, भालु, गरुड, सिंह, बानर, ग्राह, घोडा र श्यालको मुख गरेकी दायाँ बाहुमा त्रिशूल, चक्र, खड्ग, बाण गदा, पाश, ऋष्टि र कर्तरी बायाँ बाहुमा पाश, चर्म, सर्प, वाण, परशु, घण्टा माला, कपाल धारण गरेकी घोर रूपकी दानवोपासिता अरू पहिलेकै जस्ती।

(९) मनुष्यको मुख बाहेक अरू दशमुखीकै जस्तो नौमुख गरेकी अठार बाहुकी दायाँपट्टि खड्ग, अंङ्कुश, रत्नमाला, त्रिशूल, परशु पाशुपत, पञ्चवाण, गदा, मुष्टि, कर्तरी र बायाँपट्टि पाश, खट्वाङ्ग, भुशुण्डी, चक्र, धनु, घण्टा, उन्मादवंशी, कपाल धारण गरेकी घोर रूपकी मृत्यु र कालले पहिले उपासना गरिएकी अरू पहिलेकै जस्ती।

(१०) एघार मुखी— दशमुखीको मुखमा भालुको मुख बढी भै एघारमुख गरेकी अरू सबै पूर्वोक्त लक्षणकी।

(११) त्रयोदशमुखी— दशमुखीको भन्दा बढी गाई, बाघ, भैंसीका तीन मुख बढी गरेकी।

(१२) पञ्चदशमुखी–दशमुखीको भन्दा गाई, भैंसी, बाघ, हात्ती, गदाका बढी मुख गरेकी।

(१३) षोडशमुखी— दशमुखीको भन्दा गाई भैंसी, बाघ, हात्ती, गदाहा र ऊटको बढी मुख गरेकी।

(१४) शतमुखी— हजारबाहु गरेकी सिंह, हात्ती, घोडा, शरभ, बानर, श्याल, गरुड, भालु, ऊट गदाहाका मुखको क्रमैले प्रस्तार गर्नू। अरू विभिन्न विकट विरूप माथिको भन्दा पनि विचित्र रूपकी।

(२) दक्षिणकाली–

दक्षिणकालीको प्रसिद्ध मूर्ति काठमाडौंदेखि ४ कोश दक्षिणपट्टि फर्पिङको तल्लो भागमा खोलाको तीरमा छ। यो मूर्ति कहिले कसले स्थापना गरेको हो निश्चयपूर्वक भन्न गाह्रो छ। धेरै प्राचीन कालदेखि यिनीको प्रसिद्धि छ र पूजा आजा चलेको छ। तर पुराणहरूमा यिनीको उल्लेख पाइदैन। यो मूर्ति तन्त्रशास्त्रको आधारमा निर्माण गरिएको हो। तन्त्रशास्त्रमा दक्षिणकालीको मूर्तिको उल्लेख यसरी गरेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणकाली— कराल मुख गरेकी देखतैमा डरलाग्दो जगल्टा फिजाएकी चतुर्बाहु, खड्ग अभय (मुद्रा) वरद (मुद्रा) र छिन्न शिर चार बाहुमा लिएकी कालो मेघ जस्तो काली दिगम्बर गलामा मुण्डमाला लगाएकी तातो बगिरहेको रगतले शरीर भिजेकी दुवै तिर कानमा एक एक मुर्दा झुण्ड्याएकी डरलाग्दो दाँत भएकी मुख बाएकी पीन उन्नत स्तन गरेकी मुर्दाका हातहरूको काञ्ची लगाएकी हाँसी रहेकी गीजाबाट बगेका रगत्का धाराले युक्त घोर रूपकी दाँत उच्छिट्टिएकी दायाँ पट्टि जगल्टा फिजाएकी शवरूप महादेवको छातिमाथि बसेकी घोर शब्द गर्ने श्यालहरूले चारैतिर घेरिएकी शवमाथि महाकालका साथमा रत गर्न लागेकी सुखले प्रसन्न मुख गरेकी केही हँसिलो मुख गरेकी श्मशानमा बस्ने दक्षिणकालीको वर्णन छ । (बृहत्पुरश्चर्यार्णव भाग ३ पृ. ६, कालीतन्त्र अनुसार) ।

(३) योगिनी–

योगिनी देवीको उपासना गरेर उनीबाट वरदान पाई नेमुनिले नेपालको स्थापना र शासन गरेका हुन् भनी हिमवत्खण्डमा वर्णन गरेको छ । यहाँ अरू योगिनीको प्रसिद्ध मूर्ति र मन्दिर नभएकाले नेमुनीले उपासना गरिएकी योगिनी वज्रयोगिनी नै हुनुपर्छ । यिनीको प्रसिद्ध मूर्ति र मन्दिर काठमाडौंदेखि ४ कोश पूर्व साँखुमा छ । यिनीको लक्षण पनि पुराणमा पाइदैन । भूत डामर तन्त्रको उद्धार बृहत्पुरश्चर्यार्णव भाग ४ पृ. ३४१–३४५ मा यिनीका नाना भेद र नाना थरी ध्यान छन् । ती मध्ये केही सामान्य छन् र केही मूर्तिहरूका बाहुमा विभिन्न चीज लिएको वर्णन छ । जस्तै—

(१) योगिनी— पूर्णचन्द्र जस्तो मुख गरेकी विचित्र रङ्गीचङ्गी झिरविरे वस्त्र धारण गरेकी पीनोन्नत स्तन गरेकी अति सुन्दरी आदि मूर्ति योगिनीको ध्यानको वर्णन छ ।

(२) मृगको जस्तो आँखा चन्द्रमा जस्तो मुख गोलकाँक्री जस्ता ओठ चन्दन लेपन गरेकी नाना रङ्गीचङ्गी वस्त्र धारण गर्ने षोडश वर्षकी जस्ती सुन्दरी योगिनी० ।

(३) अरू स्वरूप पूर्वोक्त सुनको प्राकार भएको कल्पवृक्षमुनि रत्नको सिंहासनमा विराजमान, हातको कमल घुमाइरहेकी रक्त वस्त्र रक्त चन्दन धारण गरेकी० ।

(४) त्रिशूल हातमा लिएर घुमाइरहेकी त्रिनेत्र क्रुद्धमूर्ति विरूपकी गुन्जाफलको माला लिएकी० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५) एक हातमा कैंची र एक हातमा नरमुण्ड लिएकी अग्ली डरलाग्दी दाँतको अन्तरमा मासु रगत र बोसो लिएकी ।

(६) सामान्य (७) सामान्य (८) सामान्य (९) सामान्य

(१०) मितभाषिणी चण्डमुखी, पछ्यौरा आधा लतार्दै हिंडिरहेकी कलश र दुइ कमल धारण गरेकी धर्ममुद्रा गरेकी ।

(११) दुइ बाहुले दुइ कमल घुमाइरहेकी सुनको प्राकारभित्र कल्पवृक्षमा बसेकी ।

(४) शुभाभगवती (बगला)

शुभाभगवतीको मन्दिर र मूर्ति काठमाडौंको पश्चिमपट्टि विष्णुमतीको पारीपट्टि तिरमा छ । यो मूर्तिको पनि प्राचीनकालदेखि प्रसिद्धि छ, तर यसको उल्लेख पुराणहरूमा पाइदैन । यो मूर्ति पनि तन्त्रशास्त्रको आधारमा बनेको हो । तन्त्रशास्त्रमा यिनीलाई बगला मानेको छ । नेपालमा शुभकारिणी भगवती भनी मानेर शुभाभगवती भन्ने गरेको हुनुपर्छ । यिनीको लक्षण तीन किसिमको छ जस्तै–

(१) तातो सुनको जस्तो वर्णकी चतुर्बाहु त्रिनेत्र कमलमाथि बसेकी दायाँ बाहुमा मुद्गर र पास बायाँ बाहुमा जिब्रो र वज्र लिएकी पीताम्बरा हेमकुण्डला अर्धचन्द्रशेखरा पीत भूषणा स्वर्णसिंहासनस्थिता वृत्त पीनघनस्तनी बगलाको ध्यान गर्नु भनेको छ ।

(२) दुइ बाहुकी बायाँ हातमा शत्रुको जिब्रो र दायाँ बाहुमा मुद्गर लिएकी पीताम्बरा क्षीरसमुद्रको माझको मणिमण्डपको रत्नसिंहासनमा विराजमान बगलाको दोस्रो भेद छ ।

(३) सुवर्णासना त्रिनेत्रा पीताम्बरा सुवर्णवर्णा चन्द्रार्धमुकुटा चाँपको फूलको माला लाएकी चतुर्बाहुमा मुद्गर, पाश, बन्धन र रशना धारण गरेकी बगला पनि छन् ।

(५) मनः कामना–

मन:कामना माईको नेपाल अधिराज्यमा ठूलो प्रसिद्धि छ, यिनीको मन्दिर गोर्खा बजारको दक्षिण पश्चिम कुनामा छ यिनीको मूर्ति गोर्खाका शाहवंशी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले निर्माण गराएका हुन् । यिनीको गोर्खाकी रानीका साथमा सम्बन्ध छ भन्ने किंवदन्ती छ ।

(६.) कालिञ्चोक देवी—

यिनीको पनि ठूलो प्रसिद्धि छ । 'कालिकेति समाख्याता हिमाचलकृताश्रया' भनी सप्तशतीमा वर्णन गरिएकी कालिका यिनी नै हुन् भनी हाम्रा गुरुजनहरू भन्नुहुन्थ्यो । तिनीको लक्षण पाउन सकेको छैन ।

(७) मुकुटेश्वरी—

सतीदेवीको मुकुट पतन भएको स्थान म्याग्दीको मूलकोट हो त्यहाँ 'माकोटे मुकुटेश्वरी' भन्ने यो देवी भागवतको उक्ति अनुसार मुकुटेश्वरी पीठ छ । त्यस पीठमा साधा पत्थरमा देवी मानी पूजा हुन्छ ।

(८) सल्यानकोटकी देवी—

दिव्योपदेशमा सल्यानकोटकी देवीको वर्णन छ । यस्तै अनेकौं देवीका मूर्ति नेपाल अधिराज्यमा छन् ।

—इति—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्य, लक्षण नमिलेको (भक्तपुर चारौं शताब्दी) पृ. ९६



महिषमर्दिनी (पलान्चोक पाचौं शताब्दी) पृ. १२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उमामहेश्वर (पशुपति सातौं शताब्दी) पृ. ८४



अर्धनारीश्वर (ध्याखेल पाचौं शताब्दी) पृ. ८६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धूम वराह (धूम वाराही छैंटौं शताब्दी) पृ. ३७



हरिहर (पशुपति दक्षिणढोकापट्टि सातौं शताब्दी) पृ. ६८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



विश्वरूप (चाँगु आठौं शताब्दी) पृ. ७०



पशुपति (पाचौं शताब्दी) पृ._७६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ब्रह्मा (पशुपति चारौं शताब्दी) पृ. ९



चाँगुनारायण लक्ष्मीगरुडसहित (उत्तरपट्टि नवौं शताब्दी) पृ. १५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिविक्रम (लाजिम्पाट हाल राष्ट्रिय संग्रहालय इ.४६७), ४२ पृ.



शेषशायी (हनुमान्‌ढोका ७ शताब्दी), ३१ पृ.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
३	१७	ती नै	तीनै
८	३	दिशे नमः	दिशे नमः ब्रह्मणे नमः ।
११	२	सृष्टि	सृष्ट
११	१७	पद्म चतुर्भुज	पद्मधारी चतुर्भुज
११	१९	पद्मकल्पता	पद्मकल्पमा
१२	२	भगब्राह्मण	मगब्राह्मण
१७	१	मध्य	मध्ये
२७	१५	चतुर्व्यूह	चतुर्विशति व्यूह
२८	१९	अङ्कु	अङ्ग
२९	१०	शेषमा	शेषका
४०	६	५ वामन	५ (क) वामन
५५	५	अलक	अलर्क
६४	१२	नौलो	नीलो
६५	२२	आफ	आफू
७०	६	सर्वमय	सर्वदेवमय
७३	७	आराधाना	आराधना
७९	२२	श्वतवस्त्र	श्वेतवस्त्र
८०	१२	वदमुद्रा	वरदमुद्रा
८४	२४	आठरौं	अठारौं
९१	११	खर्वमा	खर्वटमा
९३	२९	वद	वेद
९५	१	ऋग्वद	ऋग्वेद
९९	८	सूर्य भक्तपुर हुनुपर्नेमा छुट भएको ।	
१०४	११	पुष्टा	पुष्य
१०४	१२	जमदग्नो	जमदग्नि
१०७	१	ज्योतिः शस्त्र	ज्योतिः शास्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१०७	२२	वेदता	वेदमा
१०८	४	आश्रम	आश्रय
११२	८	मिनी	यिनी
११२	१६	ससुद्र	समुद्र
११४	२४	शताब्दी	शताब्दीको
१२१	१९	वारही	वाराही
१२२	१	चण्डश्वरी	चण्डेश्वरी
१२३	४	महिषासुर	महिषासुरमर्दिनी
१२५	१३	छाला	छाता
१२८	३	शिवासन	सिंहासन
१२८	५	कान्ती	कान्ति
१२८	७	श्याम	स्याल

पुनश्चः — १०४–९ पृ. मा लेखिएको तपः शब्दले माघलाई तपस्य शब्दले फागुनलाई र ईष शब्दले आश्विनलाई ऊर्ज शब्दले कार्तिकलाई नै बुझाउँछ। तर हिन्दुसंस्कृति विशेषाङ्कअनुसार यसमा कोष्ठक बन्न गएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकका अन्य प्रकाशित कृतिहरू

- पृथिवीमहेन्द्र–महाकाव्य
- भावना–महाकाव्य
- पञ्चायत–व्यवस्था (पृष्ठभूमि र आधार)
- पूर्वीय काव्यसिद्धान्त
- रामाङ्कनाटिका (अनुवाद)
- वृत्तकल्पलतिका (अनुवाद)
- कवि जगन्नाथ भट्टराईको जीवनी
- सत्यसंकल्प (उपन्यास)
- नेपाल र नेपाली
- महामुनि भरतको नाट्यशास्त्र (सम्पूर्ण अनुवाद)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal